**भूमिका**

# एक सम्मानित तथा प्रशंसनीय कार्य

हालै घाइते योद्धा प्रतिष्ठानद्वारा '**नमेटिने घाऊ**' शीर्षकमा महान जनयुद्धका घाइते योद्धाहरूको सङ्घर्षका गाथा भाग–१ प्रकाशित हुन गइरहेको छ । यसमा जनयुद्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने १ नं. प्रदेशका ३५ जना घाइते योद्धाहरूको सङ्घर्षशील गाथा समेटिएको छ । यो कृति तात्कालिक नेपाल कम्युनिस्ट पार्टी (माओवादी) द्वारा सञ्चालित १० वर्षको महान् जनयुद्धमा घाइते तथा अपाङ्ग भएका १ नं. प्रदेशका योद्धाहरूको वीरतापूर्ण जीवनगाथाको संस्मरणमा आधारित छ ।

प्रस्तुत पुस्तकमा विभिन्न प्रस्तुतीकर्ताहरूद्वारा १ नं. प्रदेशका योद्धाहरूका बारेमा लेखिएका निकै सजीव र ओजपूर्ण लेखहरू समावेश गरिएका छन् । दमन राईद्वारा लिखित "गोलीले गलाउन नसकेको योद्धा" शीर्षक लेख मिलिसिया कमाण्डरदेखि ब्रिगेड कमाण्डरसम्म जिम्मेवारी सम्हालेका साहसी योद्धा कमरेड धिरण ध्रुव बुढाथोकीको जीवन–गाथामा आधारित छ । २०५८ मंसिर १० मा सोलु सल्लेरीको ऐतिहासिक मोर्चामा सेनामाथि आक्रमण गर्ने कारबाहिमा उनी ल्पाटुन कमाण्डर थिए । उनी २०६० मा खोटाङको ऐसेलुखर्कमा सेनाको गस्ती टोलीसँग भएको ठूलो भिडन्तमा बटालियन कमाण्डरका रूपमा मोर्चा सम्हाल्दा पछाडिबाट गोली लागेर गम्भीर घाइते भएका थिए ।

लीलाराज झापालीद्वारा लिखित "आफ्नै रगत पिएर बाँच्दा..." शीर्षक लेख- २०५८ मंसिर १० को सोलुसल्लेरीको मोर्चामा सेनामाथि आक्रमण गर्दा ल्याटुन भीसीको भूमिका निर्वाह गरेका कमरेड विजय मणिकुमार साम्पाङको वीरतापूर्ण गाथामा आधारित छ ।

त्यस्तै रवीन्द्र काफ्लेद्वारा प्रस्तुत "खोल्सामा फालिएकी योद्धा" नामक लेख- २०५९ बैशाख २४ गते सङ्खुवासभाको चैनपुर क्याम्पमा धावा बोल्ने अत्यन्तै साहसी वीराङ्गाना अनुपाको सौर्य र कीर्तिमानसँग सम्बन्धित छ । युद्वमोर्चामा मरिसकेकी भनेर सहयोद्धा कमरेडहरूले खोल्सामा लगि सलामी ठोकेर फर्किए पनि ४ दिन पछि होस् खुलेर बस्तिमा पुगेकी अनुपाको आश्चर्यजनक गाथा विशेष उल्लेखनीय रहेको छ । यस पुस्तकमा पूर्वका विभिन्न मोर्चाहरूमा लडेका यस्तै ३५ घाइते योद्धाहरूका वीरतापूर्ण गाथाहरू समेटिएका छन् । खुशीको कुरा, गोलीले गम्भीर रूपमा आहत भई मृत्युको मुखमा पुगेर पनि यी योद्वाहरू बाँच्न तथा बाँचेर केही गर्न सफल हुनु भएको छ । यो महान जनयुद्धको अनुकरणीय पक्ष हो ।

यो पुस्तक पढ्दा मलाई जनयुद्वकालीन पूर्वको सम्झना भइरहेको छ । यस पुस्तकमा लेखिएका पूर्वका गाउँबस्तीहरूमा लडिएका विभिन्न युद्धमोर्चाहरू र ती सित जोडिएका जनमुक्ति सेनाका वीर योद्धाहरूका साहस, वीरता र कीर्तिमानहरूमा आधारित जीवनगाथा-सबैसित वैचारिक, राजनीतिक, साङ्गाठनिक र भावनात्मक रूपमा जोडिएको छ । त्यसैले यो पुस्तक पढ्दा म असाध्यै भावुक, आश्चर्य, आनन्द र कौतुहलताका मिश्रित अनुभूतिहरूले उद्देलित बन्न पुगेको छु ।

यद्यपि यो पुस्तक सामान्यतः जनयुद्धका घाइते तथा अपाङ्ग योद्वाहरूको संस्मरणात्मक जीवन गाथा हो । परन्तु यो त्यति मात्र होइन । यो जनयुद्धको एउटा जीवन्त इतिहास हो । अर्कोतिर यो सैन्य विज्ञान र कला पनि हो । यो वर्गयुद्धले भरिएको एउटा राजनीतिक शास्त्र पनि हो । अन्ततः यो महान् जनयुद्धमा ऐतिहासिक भूमिका निर्वाह गर्ने जनमुक्ति सेना, नेपालका घाइते

तथा अपाङ्ग योद्वाहरूको यथार्थमूलक सङ्घर्षशील जीवनलाई सजीव आवेग र बिम्बमा अभिव्यक्त भएको एक सुन्दर साहित्यिक कृति पनि हो ।

महान् जनयुद्धको अवधिमा अमर सहिद, बेपत्ता, घाइते तथा अपाङ्ग योद्वाहरूद्वारा त्याग र बलिदानका अद्भूत कीर्तिमान प्रस्तुत गरिए । तिनै कीर्तिमानको बलमा गणतान्त्रिक सरकार बन्यो । तर सहिद एवम् बेपत्ता योद्वाहरूका परिवारजन र घाइते अपाङ्ग योद्वाहरूले भने, कुनै आधारभूत परिवर्तन भएको र राज्यले आफ्नो अभिभावकत्व ग्रहण गरेको अनुभूति गर्न पाएका छैनन् । अनि सहजै प्रश्न उठ्ने गर्छ– खोई त त्याग, वीरता र बलिदानको मूल्यवोध ? यस प्रश्नको सरल र सकारात्मक जवाफ दिन सकिने स्थिति छैन । तर पनि हामी असली अर्थमा के भन्न सक्तछौं भने जनयुद्वका सहिद, बेपत्ता, घाइते, अपाङ्ग योद्वाहरूद्वारा प्रस्तुत तथा विकसित गरिएका त्याग, वीरता र बलिदानका उदात्त मूल्यहरूले भावी क्रान्तिका निम्ति भरपर्दो आधार ऊर्जा र उत्प्रेरणा प्रदान गर्ने छन् । यो ईतिहास सिद्ध तथ्य हो कि, रगत र त्यागको मूल्य कहिल्यै खेर जाँदैन ।

अन्त्यमा, म यस पुस्तकमा प्रकाशित विभिन्न लेखका प्रस्तुती कर्ता र जीवन–गाथा प्रस्तुत गरिएका सबै घाइते तथा अपाङ्ग योद्धा कमरेडहरू प्रति हार्दिक धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु । यति ठूलो परिश्रम गरी यस प्रकारका योद्धाहरूको हक, अधिकार स्थापित गर्न समेत आवश्यक ध्यान दिदै महत्वपूर्ण जीवनी प्रकाशित गर्ने सम्मानित तथा प्रशंसनीय कार्य आरम्भ गरेकोमा घाइते योद्धा प्रतिष्ठानप्रति विशेष धन्यवाद तथा शुभकामना दिन चाहन्छु ।

२०७६ असार १

किरण
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

# प्रकाशकीय

तात्कालिन नेपाल कम्युनिट पार्टी (माओवादी) ले वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय उत्पीडन र सबैखाले विभेदहरू विरूद्ध १० वर्षे महानजनयुद्ध सञ्चालन गरेको जगजाहेरै छ । जनयुद्धको राजनैतिक प्रक्रियाकै राप, ताप र चापमा आज मुलुकमा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशीताजस्ता अग्रगामी राजनैतिक मुद्धाहरू स्थापित भएको छ ।

यही महान जनयुद्धको प्रक्रियामा घाइते हुनुभएका वीरवीरङ्गनाहरूको त्याग, वीरता र योगदानलाई संस्थागत गर्न, उनीहरूको हकहित र अधिकारलाई स्थापित गर्न, साथै दिनानुदिन बिग्रंदै गइरहेको उनीहरूको स्वस्थ्य अवस्था अनि अभाव र गरिवीले भ्केली रहेका पारिवारिक स्थिति सुधार गर्न तीन तहकै सरकार तथा सम्बन्धित क्षेत्रमा पहल गर्ने । यही सन्दर्भमा बहस पैरवी गर्न साथै महानजनयुद्धको गौरवपूर्ण इतिहासलाई संस्थागत र संरक्षण गर्ने उद्देश्य लिएर यो **घाइते योद्धा प्रतिष्ठान** २०७५ साल जेष्ठ १४ गते स्थापना भएको हो ।

यस प्रतिष्ठानले जनयुद्धको राजनैतिक प्रक्रियामा भएका भिषण मोर्चाहरूमा घाइते हुनुभएका वीरवीरङ्गनाहरूको जीवन भोगाइका गौरवपूर्ण इतिहास **'नमेटिने घाऊ' महान जनयुद्धका घाइते योद्धाहरूको सङ्घर्षका गाथा भाग – १** प्रकाशन गरेकोछ । यस भित्र ३५ जना घाइते योद्धा कमरेडहरूको सङ्घर्षशील गाथाहरू समावेश गरिएकोछ ।

यस संस्करणमा प्रकाशन गर्न नसकिएका घाइते योद्धा कमरेडहरूको सङ्घर्षको गाथा दोस्रो भागमा समावेश गरिनेछ । यस प्रतिष्ठानले उनीहरूको गौरव र बलिदानिपूर्ण इतिहासलाई न्याय र समानता चाहने जनसमुदायको बीचमा पुऱ्याउने कोशिस गरेकोछ ।

यस पुस्तकको निम्ति महत्वपूर्ण समय प्रदान गरेर नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य कमरेड किरणले भूमिका लेखी हाम्रो अभिभावकत्व ग्रहण गरिदिनुभएकोमा वहाँ प्रति घाइते योद्धा प्रतिष्ठान हार्दिक आभार व्यक्त गर्दछ ।

**'नमेटिने घाऊ'** भाग १ प्रकाशनलाई शुभकामना व्यक्त गर्नुहुने सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुन 'पासङ', सम्माननीय प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष केपी ओली र पूर्वप्रधानमन्त्री तथा नेकपाका अध्यक्ष पुष्पकमल दाहल कमरेड प्रचण्ड प्रति विशेष आभार व्यक्त गर्दछौं । प्रकाशन सफलताको शुभकामनाकै लागि १ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राई, आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्की, आर्थिक मामिला तथा योजना मन्त्री ईन्द्र आङ्वो, सामाजिक विकास मन्त्री जीवन घिमिरे र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री जगदिश कुशियत प्रति आभार व्यक्त गर्दछौं ।

यस पुस्तक प्रकाशनमा सम्पादकको भूमिका निर्वाह गर्नुहुने कमरेड राजेन्द्र किराती प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

साथै सम्पादन सहयोगीहरू गणेश लम्साल र अर्जुन आचर्य प्रति पनि धन्यवाद व्यक्त गर्दछौं । यता सामग्री सङ्कलन् तथा प्रस्तुतिको लागि विवेक गौतम र राजन केडीलगायत सबैलाई धन्यवाद व्यक्त गर्दछौं ।


यसैगरी पुस्तकको आवरण कला, भित्री साजसज्जा र भाषा सम्पादनका साथै प्रेस तथा प्राविधिक गणुस्तरलगायत छपाईसम्बन्धी सम्पूर्ण कार्य हेरिदिनुहुने क्रिएटिभवर्क नेपालका अध्यक्ष शङ्करकुमार राई प्रति धन्यवाद व्यक्त गर्दछौं ।

शुद्धाशुद्धीको लागि तिर्थ निरौला, कभर स्केच, कम्प्युटर लेआउटलगायतका कार्यका लागि नगेन्द्र लामा, लिना खड्गी लामा, ज्ञानेन्द्र लामा र कृष्ण अधिकारी अक्रिनप्रति पनि धन्यवाद व्यक्त गर्दछौं ।

यो प्रकाशित पुस्तक 'नमेटिने घाऊ' भाग १ घाइते योद्धा प्रतिष्ठानको पहिलो प्रकाशकीय पाइला हो । हाम्रा हरप्रयासहरूका बावजुद यसमा त्रृटी कम्जोरीहरू रहेको भएमा विद्वान पाठक मित्रहरूबाट सुझाव, सल्लाह र सृजनात्मक प्रतिक्रियाको अपेक्षा राखेका छौं ।



सचिव
रामबुहादुर कार्की क. विमल



अध्यक्ष
मणिकुमार साम्पाङ क. विजय

# विषय सूची


- शुभकामना
- भूमिका
- प्रकाशकीय

१ ध्रुब बुढाथोकी कमरेड धिरेन *-प्रस्तुती दमन राई* १

२ किरणकुमार राई कमरेड निशान *-प्रस्तुती गणेश लम्साल* ११

३ सुशिला कन्दङ्वा कमरेड वर्षा *-प्रस्तुती सन्तोष शर्मा* १९

४ मणिकुमार साम्पाङ कमरेड विजय *-प्रस्तुती लीलाराज भापाली* २७

५ हर्कबहादुर नेम्बाङ कमरेड मिक्सो *-प्रस्तुती रवीन्द्र काफ्ले* ३९

६ देवान किराती कमरेड पृथ्वी *-प्रस्तुती रामधन राई* ४९

७ हेमकुमार राई कमरेड सुरवीर *-प्रस्तुती खिलानाथ ढकाल* ५७

८ रामबहादुर कार्की कमरेड विमल *-प्रस्तुती हरि अधिकारी* ६६

९ खड्गबहादुर कन्दङ्वा कमरेड रोशन *-प्रस्तुती विमल लामिछाने* ८१

१० बाबुराम किराती कमरेड विवश *-प्रस्तुती राजन केडी* ८९

११ चम्पादेवी कार्की कमरेड आशा *-प्रस्तुती चिरञ्जीवी घिमिरे* ९६

१२ पासाङ शेर्पा कमरेड कर्मा *-प्रस्तुती गोकुल पराजुली* १०३

१३ श्यामबहादुर बस्तेन कमरेड जमर्को *-प्रस्तुती अच्युत भट्टराई* १०९

१४ ओमबहादुर गुरूङ कमरेड सौरभ *-प्रस्तुती सुजन तिमल्सिना* ११६

१५ कमला शर्मा कमरेड कञ्चन *-प्रस्तुती कमला शर्मा* १२४

१६ श्यामवीर लिम्बू कमरेड सौभाग्य *-प्रस्तुती नवराज कट्टेल* १२९

१७ सविना राई कमरेड वन्दना *-प्रस्तुती भोजराज श्रेष्ठ* १३३

१८ अमरकुमार चेम्जोङ कमरेड सिक्सम *-प्रस्तुती टीकाराम उप्रेती* १३९

१९ दिनेश भण्डारी कमरेड योगेश *-प्रस्तुती तीर्थ कार्की* १४५

२० अनुपा राई कमरेड अनुपा *-प्रस्तुती रवीन्द्र काफ्ले* १५३

२१ खगेन्द्र अधिकारी कमरेड भूमि *-प्रस्तुती भविन कार्की* १६१

२२ श्रवण ऋषिदेव कमरेड अर्जुन *-प्रस्तुती गोकुल पराजुली* १६९

२३ फणिन्द्र रसाइली कमरेड पर्वत *-प्रस्तुती अनिल श्रेष्ठ* १७७

२४ गंगामाया वन कमरेड सुजाता *-प्रस्तुती राजन केडी* १८३

२५ कुलबहादुर कार्की कमरेड आनन्द *-प्रस्तुती गोकुल पराजुली* १९०

२६ गणेश खड्का कमरेड मिलन *-प्रस्तुती तुलसीप्रसाद कोइराला* १९७

२७ सोममाया जिमी कमरेड रेखा *-प्रस्तुती ईश्वर थापा* २०३

२८ फर्सबहादुर मगर कमरेड फेमस *-प्रस्तुती विदुर कटुवाल* २०९

२९ रामकुमार जिमी कमरेड गणेश *-प्रस्तुती ईश्वर थापा* २१९

३० कल्पना घिमिरे कमरेड सञ्जु *-प्रस्तुती दीपक कट्टेल* २२५

३१ बिपिन राई कमरेड विपिन *-प्रस्तुती गणेशकुमार राई* २३५

३२ पेम्बा शेर्पा कमरेड सुरेश *-प्रस्तुती चन्द्र पन्दाक* २४७

३३ डील्लीप्रसाद मुखिया कमरेड रवीन *-प्रस्तुती रवीन्द्र काफ्ले* २५१

३४ तेजशम्सेर भट्टराई कमरेड काजी *-प्रस्तुती चन्द्र पन्दाक* २६१

३५ प्रदीप राई कमरेड सञ्जय *-प्रस्तुती लक्ष्मी काफ्ले* २६५

# गोलीले गलाउन नसकेको योद्धा

*'क्रान्तिकारी विचारबाट ओतप्रोत भएपछि मान्छेले अन्याय र विभेद सहन सक्दो रहेनछ । इन्डियाको लाहुरे त भए पनि त्यहाँ हुने असमान व्यवहार र अन्याय सहन सकिनँ र विद्रोह गरें । त्यसको कही समय पछि नेपाल फर्किएर जनयुद्धमा लामबद्ध भएँ ।'*

*–कमरेड धिरण*



*ध्रुब बुढाथोकी*
*कमरेड धिरण*

२०६० साल फागुन ५ गते खोटाङको ऐसेलुखर्कको धुलेडाँडामा सेनाको गस्तीसँग दोहोरो भिडन्तको क्रममा जनमुक्ति सेनालाई कमान्डिङ गर्दै युद्धमोर्चा सम्हाल्ने क्रममा उनलाई पछाडिबाट गोली लागेको थियो । साइडबाट लागेको गोलीले दायाँतर्फको करङ छेडेर दायाँ कुहिनासम्म वारपार बनाएको थियो । उनको अवस्था देखेर मोर्चाका सहकर्मिहरूले 'बाँच्छ, फर्केर आउँछ र फेरि पनि लडाइँ लड्न सक्छु भन्ने आशा पनि गरेका थिएनन् । तर, तीन/चार महिनापछि चोट निको भएर उनी पुनः आफ्नो युद्धमोर्चाको जिम्मेवारी सम्हाल्न आइपुगे । तत्कालीन जनमुक्ति सेनाले ऐसेलुखर्कमा

गरेको दोस्रो आक्रर्मणमा कमरेड धिरणले छैटौं बटालियन कमाण्डरका रूपमा मोर्चा सम्हालेका थिए ।

भारतको दरभंगा हुँदै पटनासम्म पुगेर उपचार गर्दा पनि शरीरको गोली निकाल्न नसकिएको उनले बताए । 'शल्यक्रिया गरेर कुहिनाको गोली निकाल्न खोज्दा एक ठाउँबाट अर्को ठाउँमा सर्दो रहेछ,' उनले भने, 'एक्सरे गर्दा एक ठाउँमा देखिन्छ, चिर्दा अर्को ठाउँमा सर्दो रहेछ । त्यही भएर निकाल्न नसकिएको हो ।' दिउँसोदेखि भोलिपल्ट बिहानसम्म सरकारी सुरक्षाकर्मीसँग दोहोरो भिडन्त भएकाले सो लडाइँ पूर्वको जनयुद्धको इतिहासमा एक ऐतिहासिक मोर्चा थियो ।

जनयुद्धको इतिहासमा पूर्वमा २०५८ साल मंसिर १० गते जनमुक्ति सेनाले सोलुखुम्बुको सल्लेरीमा नेपाली सेना माथि पहिलो पटक आक्रमण गरेको थियो । उसबेला धिरण खोटाङ र भोजपुरको जनमुक्ति सेना मिलाएर बनाइएको प्लाटुन कमाण्डर थिए । उनका भाइस कमाण्डर थिए मणिकुमार राई कमरेड विजय । पूर्वमा नेपाली सेना माथि आक्रमण गर्ने पहिलो प्लाटुन उनकै नेत्रृत्वमा परिचालित थियो । उनको प्लाटुनसँगै पश्चिमबाट आएको अर्को प्लाटुनले पनि सँगै मोर्चा लडेको थियो । तर, सेनाको क्याम्प कब्जा गर्न सफल नहुँदा उनीहरू पुनः आक्रमण गर्ने योजनामा मैदान छाडेर फर्किएका थिए ।

'सो भिडन्तमा म घाइते भएँ, भाइस कमाण्डर विजय पनि गम्भीर घाइते भए,' बुढाथोकीले विगत सम्झिए, 'हाम्रो प्लाटुनबाट भोजपुरका कमरेड सागर, कमरेड ज्योति तथा खोटाङका कमरेड किसानले साहदत प्राप्त गरको थियो ।' सो भिडन्तमा धिरणको एउटा गोली हत्केलाबाट छिरेर अर्कोतिर निस्किएको थियो । सोही मोर्चामा बमको छर्राले लाग्दा दायाँ करङमा छिरेको छर्रा अहिले पनि अड्किएर बसेको छ । एक्सरे गरेर हेर्दा करङमा अड्किएको छर्रा अहिले पनि देखिन्छ, पूरै मासुले बेरेको अवस्था छ, उनले भने । असर

गरेको छैन भने ननिकाल्नु भन्ने सल्लाह डाक्टरले दिएको छ । 'छर्रा निकाल्दा हड्डी खुर्कनु पर्ने हुन्छ । त्यो हड्डी पलाउन समय लाग्ने भएकाले छर्रा ननिकाल्नु' भन्ने सुझाव छ ।

बाहिरबाट हेर्दा चोट नदेखिए पनि, सहज हिँड्डुल गरेको देखिए पनि नेकपा नेता धिरणले शरीरमा बमका छर्रा र गोली बोकेर हिँडी रहेको पाटो कमैलाई जानकारी छ । भूमिगत भएर राज्यबाट जोगिँदै जनयुद्धको विभिन्न जिम्मेवारी सम्हालेका धिरण शरीरमा द्वन्द्वकालीन चोट बोकेका एउटा जीवित इतिहास हुन् ।

## १३ वर्षमै विद्यार्थी सङ्गठनमा

धिरण २०३० साल असोज १९ गते बाबु टंकबहादुर बुढाथोकी र आमा धनकुमारी बुढाथोकीको पहिलो सन्तानका रूपमा दित्तेल रूपाकोट मझुवागढी नगरपालिका- ७ दोर्पा चिउरी डाँडामा जन्मिएका हुन् । उनी सामान्य पारिवारिक अवस्थामा हुर्किएका हुन् । उसबेला पञ्चायती व्यवस्था थियो । उनी जन्मेको साविकको दोर्पा चिउरी डाँडा- २ मा भने वामपन्थीको वर्चस्व थियो । २०४९ सालको स्थानीय निकायको निर्वाचनमा काङ्ग्रेसले अन्य आठै वडाहरूमा जित्दा पनि साविकको दोर्पा चिउरी डाँडा- २ मा भने वामपन्थी (एमाले)ले जित्नुबाट पनि यसको वर्चश्व प्रष्ट हुन्छ ।

धिरण कलिलो उमेरदेखि नै वामपन्थी निकट विद्यार्थी सङ्गठनमा आबद्ध भए । प्रारम्भमा पञ्चायत भनेको राजतन्त्र र कम्युनिस्ट भनेको जनतालाई समान अधिकार दिने शासन हो' भन्ने उनको बुझाइ थियो । त्यही बुझाइले धिरण दोर्पाको विद्योदय माविमा अध्ययन गर्ने क्रममा तत्कालीन नेकपा मशाल निकट अनेरास्ववियु छैटौंको प्राकमा सङ्गठित भएका थिए । २०४३ सालमा १३ वर्षकै उमेरमा उनले एकाई कमिटीको सचिव बनेर राजनीतिक यात्रा सुरू गरेका थिए ।

गाउँमा वामपन्थीको वर्चस्व भए पनि सङ्ख्यात्मकरूपमा छैठौंको अवस्था भने कम्जोर थियो । छैठौंमा उनीसहित केही विद्यार्थी मात्र सङ्गठित थिए । उनीहरूलाई सोही ठाउँका नेता ठुलकुमार श्रेष्ठ (जनयुद्धको क्रममा वि.सं. २०५५ मा हत्या गरिएको)ले नेतृत्व गरेका थिए । 'पहिलो कम्युनिष्टलाई परिवर्तनको संवाहकका अर्थमा बुझियो, दोस्रो कुरा वरतिर–परतिरका धेरैजसो छरछिमेकीहरु पनि वामपन्थी थिए,' उनले भने, 'यस हिसाबले पनि वामपन्थी प्रति नै अभिरूचि भयो र यसैप्रति प्रेरित हुने वातावरण बन्यो ।'

अध्ययनका क्रममा धिरण दोर्पाबाट २०४३ सालपछि सरस्वती मावि दित्तेलमा पुगे । सदरमुकामको विद्यालय प्रहरी प्रशासनसँग नजिक भएकाले उनको सङ्गठनात्मक गतिविधि सहजढङ्गले अघि बढ्न सकेन । परिणामतः नेतृत्वसँग सम्पर्क टुट्यो । यस्तै परिवेशमा उनले एसएलसी दिए । यद्यपि क्रमशः उनले राजनीतिक सुझबुझ भने बढाउदै लगे । उनमा २०४६ सालको जनआन्दोलनको समेत केही प्रभाव परेको थियो ।

राजनैतिक निकटताका नाताले २०४८ सालको संसदीय निर्वाचनमा उनीहरूले तत्कालीन एमालेलाई सघाए । एमालेका उम्मेदवारले जिल्लाको तीन वटै सिटमा जित्यो पनि । तर, जितपछिको केही घटना उनका लागि अविस्मरणीय छन् । 'निर्वाचनको परिणाम आइसके पछिका घटनाहरूले तितो अनूभूति गरायो र अझ क्रान्तिकारी राजनीतिमा लाग्न उत्प्रेरित गऱ्यो, उत्साह पैदा गरायो,' धिरणले भने, काङ्ग्रेसले हारेपछि बन्दुक उठाएर खेदाखेद गर्ने अवस्था बन्यो । हारेको निराशामा काङ्ग्रेसले मेरा काका र दाजुहरूमाथि एक्सन गर्न पछि परेन । तर, हामीले निडरताका साथ सामना गऱ्यौं । त्यस घटनाले वामपन्थी जुझारू हुनुपर्छ, सङ्घर्षशील हुनुपर्छ र परिवर्तन प्रति हलचल हुनु हुँदैन भन्ने कुरामा अभिप्रेरित गरायो ।'

## भारतीय सेनाबाट विद्रोह

धिरण उमेरले र विचारले परिपक्व बन्दै थिए । गाउँघरमा लाहुरे हुने लहर र लहड चलेको थियो । सामान्य परिवारमा जन्मेका कारण उनमा पनि परिवारका

लागि केही गर्नुपर्छ भन्ने जिम्मेवारी बोध हुन थालेको थियो । त्यही कारण उनी लाहुरे भिड्न दार्जिलिङसम्म पुगे । २०४८ सालको निर्वाचनपछि लाहुरेकै चक्करमा पुनः गोरखपुर पुगे । २०५० सालमा लाहुरे भिडेर भर्ती पनि भए । तर, उनको लाहुरे जीवन लामो समय टिकेन । ६ महिनामै विद्रोह गरेर लाहुरे जीवनबाट घर फर्किए । उनी भन्छन्, 'क्रान्तिकारी विचारबाट ओतप्रोत भएपछि मान्छेले अन्याय र विभेद सहन सक्दो रहेनछ । इन्डियाको लाहुरे भए पनि त्यहाँ हुने असमान व्यवहार र अन्याय सहन सकिनँ र विद्रोह गरें । त्यसको कही समय पछि नेपाल फर्किएर जनयुद्धमा लामबद्ध भएँ ।'

भारतीय सेनाको जागीरबाट विद्रोह गरेपछि उनी राजधानी नयाँदिल्ली पुगे । उनको क्रियाशील राजनीति त्यहींबाट सुरू भएको हो । वि.सं. २०४८ सालमा नेकपा मशाल, नेकपा मसाल, नेकपा चौम र सर्बहारा श्रमिक सङ्गठनको पार्टी एकतापछि नेकपा एकता केन्द्र बनेको थियो । यही पार्टीअन्तरगत भारतमा नेपाल भारत एकता समाज क्रियाशील थियो । उनले २०५० सालमा त्यही समाजमा सङ्गठित भएर काम सुरू गरे । २०५१ सालमा सो पार्टीमा विभाजन आयो । एउटा पार्टी नेकपा माओवादी बन्यो र एउटा एकता केन्द्र नै रह्यो । विभाजन पछि धिरणले नेकपा माओवादी निकट प्रवास सङ्गठनमा बसेर काम सुरू गरे । नेपालमा २०५२ साल फागुन १ गतेबाट सामन्तवादी, केन्द्रीकृत एकात्मक राज्य व्यवस्थाका विरूद्ध माओवादीले जनयुद्धको शङ्खघोष गर्‍यो । यसको तरङ्ग प्रवासमा पनि पुग्यो । त्यसपछि २०५३ सालमा नेपाल फर्किए । यद्यपि नेपाल फर्केपछि पार्टीको सम्पर्कमा पुग्न निकै समय लागेको उनी बताउँछन् ।

खोटाङमा तत्कालीन नेकपा माओवादीको सम्पर्कमा पुग्ने माध्यम ठुलकुमार श्रेष्ठ, दिलकाजी कार्की र देवी आचार्य थिए । उनीहरू सबै भूमिगत थिए । यता दिलकुमार खड्का, धनप्रसाद सुवेदी पनि अर्धभूमिगत रूपमा सक्रिय हुनुहुन्थ्यो । ठीक यही बेला केही सूत्रमार्फत ठुलकुमारलाई भेटें । 'मैले खुला तरिकाले नै पार्टीको काम गर्ने सल्लाहअनुसार छुट्यौं ।'

भारतमै रहेका अवस्थामा माओवादी राजनीति सुरू गरेका धिरण '२०५३ साल अन्तिममा तत्कालीन नेकपा माओवादीमा सङ्गठित भए । उसबेला जनमुक्ति सेना जन्मिएकै थिएन । सुरक्षा दल थियो । तिनै सुरक्षा दलको खोटाङ जिल्ला कमाण्डर र पार्टीको एरिया कमिटीमा आबद्ध भएर काम सुरू गरेका थिए । त्यो जिम्मेवारीले राजनीतिक यात्रा तय गर्न मद्दत गर्‍यो । आत्मबल प्रदान र उत्साह प्रदान गर्‍यो,' उनले भने, 'त्यो पद नै मेरो राजनैतिक आधारशीला हो । यही विन्दुबाटनै राजनैतिक जीवनको कडी जोडिएको उनी स्विकार गर्छन् ।'

## २०५६ सालमा भूमिगत

तत्कालीन अवस्थामा माओवादी सबैका लागि हाउगुजी थियो । उनका परिवार पनि त्यसबाट अछुत रहने कुरै भएन । 'माओवादीमा हिँड्नु भनेको एक किसिमले मर्न हिँड्नु हो भन्ने आम बुझाई थियो । यो सत्य हो कि, कुनै पनि परिवारले आफ्नो सदस्य मर्न जाओस्' भन्ने चाहदैनन् । त्यस हिसाबले परिवारलाई कन्भिन्स गर्न धिरणलाई निकै सकस पर्‍यो । आमा कन्भिन्स भए पनि बाबु कन्भिन्स भएन । शुरूमा उनी पार्टीको खुला गतिविधिमा क्रियाशिल हुँदाहुँदै परिस्थितिको जटिलतासँगै अन्ततः २०५६ सालमा उनी भूमिगत भए । बाबुआमालाई सम्झाउन सहकर्मी मोहनप्रसाद गौतम कमरेड कुमार, पुण्यबहादुर मगर कमरेड हिरण्य र दिलकाजी कार्की कमरेड अर्जुनको पनि महत्वपूर्ण योगदान थियो ।

उनलाई तत्काल भूमिगत हुनुपर्ने धेरै कारणहरू थिए । मुलतः सुरक्षाका कारण सबैभन्दा जोखिमपूर्ण थियो । एउटा ब्यानर लेख्न पनि ठूलै सुरक्षा चुनौती थियो । दिक्तेलको रत्नपार्कको घरको माथिल्लो कोठाभित्र डम्बर हम्ब्रुङ (पत्रकार) ब्यानर लेख्थे, राप्रपा नेपालका नेता जीवन श्रेष्ठ ढोकामा ड्युटी बसिरहन्थे । बारम्बार सुतिरहेका बेला प्रहरीले घर घेरा हाल्ने र खेतबारीमा काम गरिरहेका बेला प्रहरीले सोधपुछ गर्न थालेपछि उनी भूमिगत भएको बताउँछन् । कहिले खाँदाखाँदै कहिले खेत जोती

रहेकै ठाउँबाट भाग्नु पर्दथ्यो । कति पटक त सुतेको ठाउँबाट घेरा तोडेर भाग्नुपऱ्यो,' उनले भने । प्रशासनको चरम धरपकड र निगरानीमा परेपछि भूमिगत भइयो ।'

## मिलिसियादेखि बिग्रेड कमाण्डर

भूमिगत भएपछि कमरेड धिरण खोटाङको मिलिसिया भाइस कमाण्डर भए । पार्टी तर्फ भने एरिया कमिटीमा सङ्गठित थिए । तर, २०५७ सालमा उनको जिम्मेवारी परिवर्तन गरियो । उनलाई जनमुक्ति सेनातर्फ लगियो । तात्कालिन अवस्थामा खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु मिलाएर ३३ जनाको प्लाटुन बनाइएको थियो । उक्त सैन्य संरचनामा खोटाङको प्रतिनिधित्व गर्दै धिरण २०५७ साल चैत २२ गते जनमुक्ति सेनाको फर्मेसनमा सोलुखुम्बुतर्फ लागे । उनी सम्वद्ध प्लाटुनले २०५८ मा दोलखाको मैनापोखरीमा सशस्त्र प्रहरीमाथि आक्रमण गरेको थियो । त्यहाँबाट फर्केपछि सेनाको नयाँ फर्मेसन तयार हुँदा धिरण २०५८ सालमा जनमुक्ति सेनाको सेक्सन कमाण्डर भए । त्यसपछि रामेछापको धोबी, ओखलढुङ्गाको खानी भञ्ज्याङलगायतका युद्धमोर्चामा सहभागी भए ।

सरकारसँगको पहिलो चरणको वार्ताका क्रममा खोटाङ र भोजपुरको जनमुक्ति सेनाको छुट्टै प्लाटुन तयार पारियो । जसको कमाण्डरको जिम्मा धिरणले पाए । भाइस कमाण्डर मणिकुमार राई कमरेड विजय थिए । त्यही प्लाटुनले २०५८ साल मङ्सिर १० गते सोलुखुम्बुको सल्लेरीमा ऐतिहासिक मोर्चा लडेको थियो । पूर्वमा सेनामाथि पहिलो मोर्चावद्ध आक्रमण गर्ने उनकै प्लाटुन थियो । यसमा पश्चिमबाट आएको अर्को प्लाटुन पनि सहभागी थियो । सोलु मोर्चामा सापेक्षित सफलता भए पनि नेपाली सेनाको क्याम्प पूर्णरूपमा कब्जा भएन । त्यस लगतै जनमुक्ति सेनाको संरचना बिस्तार गरी तीन कम्पनी बनाइयो । यसमा उनी एउटा कम्पनीको भाइस कमाण्डर बने । १०५ जना जनमुक्तिसेना समावेश सो कम्पनीको कमाण्डर सिन्धुपाल्चोकका कमरेड मुक्ती थिए ।

सोलुसल्लेरी मोर्चा पछि २०५९ साल बैशाख २४ गते सङ्खुवासभाको चैनपुर आक्रमण गरियो । चैनपुरपछि पार्टीले पुनः बटालियन स्तरको सैन्य फर्मेसन गठन गऱ्यो । पूर्वमा दुई वटा बटालियन बनाइएकोमा २०५९ साल बैशाखमा धिरण छैटौं बटालियनको कम्पनी कमाण्डर भए र विभिन्न सैन्य मोर्चा सम्हाल्ने जिम्मा लिए । 'त्यसबेला म कम्पनी कमाण्डर थिएँ भने भाइस कमाण्डर किरणकुमार राई कमरेड निसान थिए,' उनले भने । त्यसपछि पूर्वमा थुप्रै लडाइँ लड्यौं । यसमध्य सिन्धुलीको भिमान र ओखलढुङ्गाको रूम्जटार निकै महत्वपूर्ण रहेकोछ ।'

वि.सं. २०५९ सालमा माओवादी शैन्य संरचनालाई ब्रिगेडस्तरमा बिस्तार गरियो । यसमा धिरण बटालियन कमाण्डर भए । उनका भाइस कमाण्डर निसान नै बने । उनी बटालियन कमाण्डर छँदानै २०६० साल फागुनमा खोटाङको ऐसेलुखर्कमा दोस्रो पटक आक्रमण गरियो । त्यो आक्रमण पूर्वकै ऐतिहासिक लडाइँ थियो । सो भिडन्तमा उनी गम्भीर घाइते भए । बायाँ मेरूदण्डबाट लागेको गोलीले दायाँ करङ भाँच्दै दाहिने कुहिना छेडेर बाहिरिएको थियो ।

आन्दोलनको रापतापसँगै जनमुक्ति सेनाको संरचना बिस्तार र सुदृढ गर्ने क्रम तिव्र गतिमा बढी रहेको थियो । सेनाको फर्मेसन अपग्रेड गर्ने सिलसिलामा ब्रिगेडलाई डिभिजन बनाउने तयारी भयो । त्यसपछि २०६० सालमा धिरण भाइस ब्रिगेडियर भए । जुनबेला उनका कमाण्डर बासुदेव घिमिरे कमरेड पावेल (समायोजन पछि हाल नेपाली सेनामा कार्यरत) थिए । बिग्रेडको संरचना विकास भएपछि राज्य विरूद्ध केन्द्रीकृत सैन्य आक्रर्मण तिव्रतामा हुनथाल्यो । यसैबेला सिराहको बन्दीपुरमा भिषण लडाइँ भयो ।

बन्दीपुरबाट फर्कने क्रममा सिन्धुलीको मझुवा र जरायोटारलगायतका स्थानहरूमा उनको फरमेशनले आक्रर्मणको सामना गर्नुपऱ्यो । यता २०६१ को सुरूमा उनी बिग्रेड कमाण्डरमा बढुवा भए । विप्लव सिर्जन स्मृति ब्रिगेडको कमाण्डर

भएलगत्तै धिरणले भोजपुरको जरायोटार भिडन्तको मोर्चा सम्हाले । उनी भन्छन्, 'त्यसपछि धनकुटा सदरमुकाम आक्रमण गऱ्यौं । धनकुटा एक्सन पछि ईलाम सदरमुकाम आक्रमण गऱ्यौं । ईलाम सदरमुकाम आक्रमण पछि धरान भानुचोकको वडा प्रहरी कार्यालय, बिर्तामोड स्थित इलाका प्रहरी कार्यालय, काँकडभिट्टा र उर्लाबारीमा आक्रमण गऱ्यौं,' धिरणले भने । उर्लाबारी मोर्चामा खोटाङ च्यास्मिटारको जीवन राई कमरेड विधानले सहादत प्राप्त गरे । यसैबीच जनयुद्धको उर्लदो प्रभाव र समर्थनसँगै २०६२/०६३ को १९ दिने जनआन्दोलन पनि निर्णायक दिशातर्फ अघि बढी रहेको थियो ।'

## संविधानसभाको निर्वाचनपछि जिल्ला इन्चार्ज

जनआन्दोलन र शान्ति प्रक्रियापछि जनमुक्ति सेनालाई क्यान्टोनमेन्टमा लैजाने तयारी भइरहेको थियो । राजनैतिक र साङ्गठनिक कामका लागि पार्टीले धिरणलाई २०६३ सालमा युवा फर्मेसन (वाइसिएल) को जिम्मेवारी दियो । उनी त्यसबेला वाइसिएलको केन्द्रीय सचिवालय सदस्य र जनकपुर सगरमाथा ब्यूरोको अध्यक्ष भए । २०६४ सालमा वाइसिएलको कोचिला राज्य अध्यक्ष पनि बने । त्यसबेला उनको पार्टी तर्फको जिम्मेवारी पनि क्षेत्रीय ब्यूरो सचिवालय सदस्य थियो । २०६४ सालको संविधानसभाको निर्वाचनमा रामकुमार राई कमरेड पासाङ र समिता कार्की कमरेड अस्मिता निर्वाचित भएपछि २०६५ साल बैशाख १ गतेबाट कमरेड धिरणले खोटाङ जिल्ला इन्चार्जको भूमिका निर्वाह गरे ।

वि.सं. २०६९ सालमा पार्टी नेत्रृत्व जनयुद्धको मर्म र भावना अनुरूप अगाडी नबढेको भन्दै मोहन वैद्य कमरेड किरणको नेत्रृत्वमा पार्टी विभाजन भयो । यसमा उनी पनि कमरेड किरण नेत्रृत्वको नेकपा-माओवादीमा आवद्ध भए । यता २०७२ सालमा कमरेड वादलको नेत्रृत्वमा नेकपा क्रान्तिकारी माओवादीको ठूलो हिस्सा कमरेड प्रचण्ड नेत्रृत्वको संस्थापनसँग एकता गर्दै माओवादी केन्द्र गठन गरियो । यसमा कमरेड धिरण पनि सामेल भए ।

एकता पछि उनी जिल्ला इन्चार्जकै जिम्मेवारीमा फर्किए । उनी माओवादी केन्द्रको पोलिटब्यूरो सदस्य र भौगोलिक हिसाबले जिल्ला इन्चार्ज नै बने । देवान किराती कमरेड पृथ्वी सह-इन्चार्ज भए । शुरूमा केही समय कमरेड पासाङ इन्चार्ज भए। त्यसपछि इन्चार्जको जिम्मेवारी मैंले सम्हाले । हाल एमाले र माओवादीको एकता पछि बनेको नेकपाको भने उनी प्रदेश कमिटी सदस्य छन् ।

जीवनको अधिकांश समय जनयुद्धमा होमेका धिरणले भूमिगत कालमै २०५९ सालमा कमरेड वविता घिमिरेसँग विवाह गरे । बबिता पनि जनमुक्ति सेना, वाइसिएल, पार्टीको जिल्ला हुँदै राज्य कमिटी सदस्य थिइन् । हाल उनीहरूका दुई छोरी साधना बुढाथोकी र प्रशंसा बुढाथोकी छिन् । माओवादीको साधारण सदस्यदेखि जनमुक्ति सेनामा बिग्रेड कमाण्डर र पार्टीमा पोलिटब्यूरो सदस्यसम्मको जिम्मेवारी सम्हालिसकेका कमरेड धिरण स्पष्ट, इमानदार, निडर, निःस्वार्थ र स्वच्छ छवीका नेताका रूपमा चिनिन्छन् । अन्त्यमा, उनी भन्छन्, 'जनयुद्धको रणनैतिक उद्देश्य अनि त्यसमा अभिव्यक्त आमजनताका त्याग, तपस्या, बलीदान र लगानी खेर नजाओस ।'

●●●

*- प्रस्तुती दमन राई*

# परिवारभन्दा युद्धमोर्चा ठूलो

*"छोरा जन्मिएको खबर सुनेको ४ घण्टापछि म आफैँ घाइते भएँ । मोर्चा पछि घाइते ज्यानको उपचार भइरहेको बेला मैंले अर्को पीडा भ्mेल्नु प¥यो । मेरो दशदिनको सुत्केरी श्रीमती निशा र छोरालाई धरानस्थित घरैबाट सेनाले समातेर लग्यो । त्यो खबर सुनेर घाइते ज्यानमा भ्mन् पिडा भयो । म आफैँ घाइते केही गर्न सक्ने स्थिति पनि थिएन ।'*

*–कमरेड निशान*



*किरणकुमार राई*
*कमरेड निशान*

किरणकुमार राई कमरेड निशान हाल धरान– १५ का स्थायी बासिन्दा हुन् । उनी २०६४ को संविधानसभा निर्वाचनमा नेकपा माओवादीको सुनसरी १ नम्बर क्षेत्रबाट प्रत्यक्ष निर्वाचित संविधानसभा सदस्य पनि हुन् । चुनावमा उनले धरानको पूर्व मेयर मनोजकुमार मेन्याङ्बोलाई पराजित गरेका थिए । सितेरियो करातेका 'थ्री डाँन' उपाधी प्राप्त खेलाडी किरण पहिलो संविधानसभा असफल भए पछि नेकपा माओवादीबाट मोहन वैध कमरेड किरण हुँदै पछि नेकपा माओवादी विप्लव समूहमा आवद्ध हुन पुगे । देशमा जनवादी राज्य

सत्ता स्थापना गरेर पूर्ण समाजवाद ल्याउने सपना बोकेर सक्रिय राजनैतिक गतिविधिमा लागेका युवा नेता किरण राई जनयुद्धकालमा जनमुक्ति सेनाका बिग्रेडियर कमाण्डरसम्मको जिम्मेवारी सम्हालेका थिए । दजनौं युद्धमोर्चाहरू लडेका उनी, भोजपुर र इलामको आक्रमणमा भने बमको छर्रा लाग्दा घाइते भएका थिए । पार्टीमा उनी कमरेड निशान भनेर चर्चित छन् । आफ्नो राजनैतिक जीवनको सङ्घर्ष, जनयुद्धको अनुभव अनि जनयुद्धका घाइतेहरूको अवस्था र अधिकारबारे संक्षिप्त रूपमा कमरेड निशान यसरी बताउँछन् ।

## जनआन्दोलनबाट राजनीतिक यात्रा

भारतीय पल्टनमा भर्ती भएका बुवा धर्मध्वज राईका छोरा किरणको थातथलो पूर्वको पहाडी जिल्ला भोजपुर बोया हो । उनको प्रारम्भिक शिक्षा बोया बाक्सिलाबाट प्रारम्भ भयो । माध्यमिक शिक्षा अध्ययन् गर्न उनी सदरमुकाम भोजपुर आए । त्यहाँस्थित बिद्योद्धय माविबाट एसएलसी पास गरे । त्यो बेला पहिलो जनआन्दोलनको समय थियो । प्रगतिशिल विचारले ओतप्रेत उनलाई आन्दोलनको रापतापले छाड्न सकेन । आन्दोलनमा उनले पनि सक्रिय सहभागिता जनाए । बहुदल घोषणा भएपछि उनी अनेरास्वियु छैठौं (मशाल) को मावि ईकाई कमिटी अध्यक्ष बने । त्यसपछि लगत्तै जिल्ला समिति सदस्य बने ।

## विद्यार्थी नेतादेखि सांसदसम्म

विद्यालय स्तरीय अध्ययन् सकेपछि कमरेड किरण उच्च शिक्षा पढन धरान झरे । महेन्द्र क्याम्पसमा भर्ना भए । राजनीतिको नशाले उनलाई छोइसकेको थियो । केही समय पछि उनी ईकाई कमिटीको अध्यक्ष बने । त्यसपछि दोस्रो जिल्ला सम्मेलनबाट अध्यक्ष बने । २०५३ मा उनको विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीमा परिणत भैसकेको थियो । उनी सङ्गठनमा सक्रिय रूपले लागे । त्यत्तिखेरसम्म किरण करातेका गुरू भैसकेका थिए । करातेमा

पनि उनले ब्ल्याकबेल्ट हुँदै थ्री डाँनसम्मको उपाधी प्राप्त गरे । जीविकोपार्जनका लागि उनी स्कुलमा कराते प्रशिक्षक समेत भए । सँगसँगै पार्टीको राजनीतिमा पनि सक्रिय थिए ।

३ भदौ २०५४ मा उनलाई सदन स्कुल गेटबाट पक्राउ गरियो । राज्य बिद्रोहको आरोप लगाएर उनलाई मोरङ र भोजपुर कारगारमा थुनियो । उनी ४० महिना जेलमा बसे । २०५७ पुसमा बल्ल छुटे । जेलबाट छुटेपछि उनी तुरून्तै पार्टी सम्पर्कमा गए । त्यसबेला जनयुद्धले एकपछि अर्को उचाई प्राप्त गरिरहेको थियो । उनी जनयुद्धमा अझ सक्रिय भएर लागे । जनयुद्धको आधारभूत उद्देश्य सामन्तवादको अन्त्य गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्नु थियो ।

## भोजपुर र इलाममा घाइते

२०५८ बैशाखमा उनी जनमुक्ति सेनाको भोजपुर स्वायड कमाण्डर बनाइए । त्यसपछि ०५८ कै असोजमा उनी भोजपुर-खोटाङ भूगोलअन्तरगत गठित प्लाटुनको कमाण्डर भए । त्यसैगरी कम्पनी भिसी, कमाण्डर, बटालीयन भिसी, कमाण्डर हुँदै उनले जनमुक्ति सेनाको बिग्रेड कमाण्डरसम्मको जिम्मेवारी सम्हाले ।

कमरेड निशान, 'पश्चिम काभ्रेको भकुण्डे बेंसीदेखि पूर्वको इलामसम्म भएका विभिन्न ३ दर्जन बढी युद्धमोर्चाहरूमा सहभागी भए । २०६० फागुन १९ गते भएको भोजपुर मोर्चामा बमको छर्रा लागेर उनी गम्भीर घाइते भए । घाइते भएर पनि उनले मोर्चा सम्हाल्न छाडेनन् । उनलाई जनस्वाथ्यकर्मीहरूले जङ्गल-जङ्गल सार्दै उपचार गरेका थिए ।

भोजपुर मोर्चा भन्नु बित्तिकै उनको सहभागिता र घाइते भएको घटनासँग मात्र जोडिदैन । यसमा संयोग भन्ने कि दुरघटना उनको पारिवारिक समस्या पनि गाँसिएको छ ।

जुनबेला उनी भोजपुर आक्रमणमा जाँदै थिए ठीक त्यही बेला उनको पत्नी निशाले आफ्नो पहिलो छोरालाई जन्म दिएको खबर सुने । तर उनले छोराभन्दा आफ्नो युद्धमोर्चालाई जोड दिए । टोलीसँगै आक्रमणमा जुटे । उनी सम्झन्छन्, 'छोरा जन्मिएको खबर सुनेको ४ घण्टापछि म आफैँ घाइते भएँ । मोर्चा पछि घाइते ज्यानको उपचार भइरहेको बेला मैंले अर्को पीडा झेल्नु पऱ्यो । मेरो दशदिनको सुत्केरी श्रीमती निशा र छोरालाई धरानस्थित घरैबाट सेनाले समातेर लग्यो । त्यो खबर सुनेर घाइते ज्यानमा झन् पिडा भयो । म आफैँ घाइते केही गर्न सक्ने स्थिति पनि थिएन ।' यद्यपि क्रान्तिकारी योद्धा कमरेड निशान कर्तव्यबाट कति पनि बिचलित भएनन् । परिस्थितिलाई नियन्त्रण गर्दै सबै पिडालाई पचाउने प्रयास गरें ।

त्यसपछि इलाम सदरमुकाम आक्रमणमा पनि उनी घाइते भए । जनमुक्ति सेनाको स्वस्थ्य शाखामा उनको हप्तौंसम्म उपचार गरियो । उनले पूर्वका धेरै युद्धमोर्चाहरू लडेका थिए । कमरेड निशान साहसका प्रतिमूर्ति थिए । यसैले उनी युद्ध मोर्चाबाट कहिल्यै पछि हटेनन् बरू प्रतिकुलताहरू बीचमा पनि निरन्तर डटी रहे । शरीरभरि बमका छर्राहरू बोकेर भए पनि उनी दुश्मनसँग कहिल्यै डगेनन् । टाइफाइडले ग्रस्त भएको बेला पनि उनले औषधी खादै युद्धमोर्चा सम्हालेका थिए ।

शङ्खुवासभाको चैनपुरमा सुरक्षा वेशक्याम्पमा कार्वाही गर्दाको अनुभव उनी बिर्सन सक्दैनन् । त्यो बेला लेकका खर्कहरूमा पानीको समस्या थियो । रूखका टोड्कामा जम्मा भएका पानी खान्थे उनीहरू । चाउचाउको खोललाई थालको रूपमा प्रयोग गरेर जाउलो थापेर खान्थे । त्यो पनि अन्न अभावले गर्दा एक गिलास जति मात्र पुग्थ्यो खानलाई ।

छब्बिस-सत्ताइस बर्षका खारिएका जवान किरण भन्छन्, 'यसरी खानेकुरा अभाव हुँदा आफूलाई भन्दा पनि अठार-बीस बर्ष उमेरका भाइबहिनी कमरेडहरूलाई प्राथमिकता दिने गरिन्थ्यो । किनभने उनीहरू खाउँ-खाउँ र लाउँ-लाउँको उमेरमा उत्पिडनबाट मुक्ति पाउन युद्धमा होमिएका थिए ।'

जनयुद्धको क्रममा कतिपय अवस्थामा उनीहरू यसरी एक गिलास जाउलोमा दिन काट्नु पर्थ्यो । युद्धका दिनहरूमा कमरेड र सहयोद्धा कमरेडहरूले असिना पगालेर पनि पानीको प्यास मेटाएका थिए । एकपटक चौंरीखर्कमा जमेको पानी पनि माइन बनाइएको कुकरमा सङ्कलन गरेर पिएको उनी सम्झिन्छन् ।

शरीरभित्र बमका छर्राहरू भएकोले अहिले उनको शरीरले चाहेअनुसार काम गर्दैन । आज पनि घरिघरि खुट्टाहरू अर्धचेत हुन्छन् । चिसो महिनामा त कट्कटी खाएर सहनै गाह्रो हुन्छ । उनको निधार भित्र बमका छर्राहरू भएकोले मष्तिस्कमा पनि समस्या छ ।

उनले भने, 'बाहिर हेर्दा तन्दुरून्तजस्तै देखिन्छन् तर शरिर भित्रको हालत भने एकदमै कमजोर छ ।' यसबारे उनी कसैलाई पनि सुनाएर हिँडदैनन् । कमरेड निशान भन्छन्, 'सुनाउनुको कुनै औचित्य छजस्तो पनि मलाई लाग्दैन ।' हुन त कमरेड निशान संविधानसभा सदस्य पनि भए तर पनि राम्रोसँग उपचार गर्ने अवसर पाएनन् ।

### दशदिने सुत्केरी आर्मी हिरासतमा

भोजपुर युद्धमोर्चाकै दिन उनको श्रीमती निशा सुत्केरी भइन् । यही मोर्चामा कमरेड निशान घाइते पनि भए । तर सुत्केरी भएको १० दिनमा सेनाले आमाछोरालाई नियन्त्रणमा लियो । उनको सुत्केरी श्रीमती कमरेड निशाले काखको शिशुसँगै दुई बर्ष जेलजीवन बिताइन् । कमरेड निशानले नाबालक छोरालाई दुइवर्ष पछि मात्र भेटे ।

यसैबीच २०६८ कार्तिक २३ गते उनका पत्नी गीता थेबे राईको काठमाडौं बानेश्वरमा भएको सवारी दुर्घटनामा परी मृत्यु भयो । बाटो काट्ने क्रममा मोटरसाइकलको ठक्करबाट उनलाई ब्रेन हेमरेज भई उनको निधन भयो । संयोगवश आमासँगै घाइते भएका उनका ८ बर्षिय छोरा किसन भने बाँच्न सफल भए ।

## कमाण्डरदेखि संविधानसभा सदस्यसम्म

पार्टी शान्ति प्रक्रियामा आएपछि कमरेड निशान वाइसिएल कोशी ईन्र्चाज र खेलकुद विभागको प्रमखु भए । पार्टी कै योजनामा उनलाई खुला साङ्गठानिक जिम्मेवारीमा राखियो । उनीहरूजस्ता जुझारू युवाहरूलाई जनमुक्तिसेनाको अस्थायी शिविरमा लगिएन । जनयुद्ध र शान्ति प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गरेकै कारण २०६४ को पहिलो संविधानसभा निर्वाचनमा माओवादी पार्टीले उनलाई सुनसरी क्षेत्र नम्बर १ बाट प्रत्यक्ष तर्फको उम्मेदवार बनायो । उनले तात्कालिन एमालेका उम्मेदवार पूर्व मेयर प्रदिपकुमार मेन्याङबोलाई पराजित गरी संविधान सभा सदस्य बने ।

## संबिधानसभा विघटनसँगै पार्टी विभाजन

पहिलो संविधान सभाको विघटनसँगै पार्टीमा राजनैतिक लाइन सङ्घर्ष चर्कियो । समग्र शान्ति प्रक्रियाअन्तरगतको राजनीतिलाई सङ्क्रर्मणकालिन कार्यनीतिको रूपमा ग्रहण गर्ने कि रणनीति मान्ने भन्ने सवालमा बहस भयो । कार्यनीतिक कार्यक्रम मान्नु पर्दछ भन्ने लाइनको नेत्रृत्व मोहन वैद्य कमरेड किरणले गरेका थिए ।

कमरेड निशानले मोहन वैधको राजनैतिक लाइनको समर्थन गरे । दोस्रो संविधानसभा निर्वाचन माओवादी आन्दोलनलाई साइजमा ल्याउने योजनामा भएको भन्दै पुनः नयाँ ढङ्गले जानुपर्छ भन्ने वैधको लाइन थियो । लाइन सङ्घर्ष उत्कर्षमा पुग्यो । यसैबीच २०६७ असारमा काठमाडौंको बौद्धमा भएको भेलाबाट एकीकृत नेकपा माओवादी औपचारिक रूपमा फुटेर नेकपा–माओवादी गठन भयो ।

तर पछि वैद्यबाट अलग्गिएर कमरेड विप्लवको नेत्रृत्वमा नेकपा–माओवादी हुँदै नेकपा गठन भयो । कमरेड निशान बिप्लव नेकपामा आवद्ध भए । नेकपाको पहिलो महाधिवेशनबाट उनी कोशी व्युरो ईन्र्चाज भए । त्यसपछि उनी अर्ध–भूमिगत गतिविधिमा सक्रिय भए । उनी भन्छन्, 'जनयुद्ध जायज राजनीतिक

आन्दोलन हो । आज यसैको बलमा राजतन्त्रको अन्त्य भएको छ । गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशी पद्धतीहरू संस्थागत भइरहेको छ । साधरण जनता सचेत भएका छन् ।'

यति उपलब्धी हुँदा-हुँदै पनि अझै जनताले चाहेअनुसारको राजनैतिक परिवर्तन नभएको उनको तर्कछ । उनी भन्छन्, 'गणतन्त्र आए पनि पद्धती, प्रवृत्ती, कार्यशैली, जीवनशैल र परम्परा पुरानै छ । यसको लागि अझै योजनावद्ध रूपमा रूपान्तरणको राजनैतिक प्रक्रियाबाट गुज्रनु अनिवार्य हुन्छ । जनयुद्धको मर्म र उद्देश्य यति मात्र होइन ।' विगतमा आफूले गरेको विद्रोह व्यक्तिगत स्वार्थको लागि हुँदैहोइन । यो त सिङ्गो समाज रूपान्तरणको लागि थियो । समानता र न्यायको लागि हो । यसकारण नेत्रृत्वले परिवर्तनकारी आन्दोलनहरूको मर्म र जनताका चाहनालाई आत्मसात गर्दै अघि बढ्न जरूरी देखिन्छ ।

### झुठो आरोपमा ७ पटक पत्राउ

२०७४ चैतमा उनी विप्लव नेकपामा सहभागी भएको आरोपमा धनकुटाको हिले बजारबाट गिरफ्तार भए । उनलाई सार्वजनिक मुद्दा लगाइयो । २५ दिनपछि धरौटीमा छाडिए । उनलाई पुनः पत्राउ गरियो र उदयपुर लगियो । उनलाई गाइघाटमा बम बिस्फोट गराएको आरोप थियो । २८औं दिनमा उनी अदालतबाट रिहा भए, तर पुनः फत्राउ गरी उनलाई मोरङको उर्लाबारीमा राखियो ।

उच्च अदालत बिराटनगरले बन्दी प्रत्यक्षिकरण रिटमा थुनामुक्त गर्न आदेश दिएपछि उनी छाडिए । तर फेरि पत्राउ गरेर सुनसरीको धरान लगि सार्वजनिक मुद्दा लगाइयो । उच्च अदालतले बन्दी प्रत्यक्षिकरण रिटमा फेरि छाडन आदेश दियो । उनी सादा तारेखमा छाडिए । कमरेड निशानलाई पुनः पत्राउ गरी झापा चन्द्रगढी लगेर सार्वजनिक मुद्दा लगाइयो । २५ दिन पछि धरौटीमा छाडिए, तर फेरि पत्राउ गरी इलाम लगियो र दुई हप्ता राखियो ।

गैरकानुनी थुनामा राखेको भन्दै सर्वोच्चले बन्दी झिकाउन आदेश गरेपछि उनी ५ हजार धरौटीमा छाडिए । जेलको लामो यातनाले गर्दा उनको घाइते शरिरको स्वास्थ्य झन् जटिल बन्दै गएकोछ । शारीरिक अस्वस्थ्यताकै कारण प्रत्यक्ष राजनीतिमा पूर्णरूपमा क्रियाशील छैनन् । यद्यपि उनी सही राजनीतिक कार्यदिशा कसरी तय गर्ने भन्ने सन्दर्भमा चिन्तित छन्, जसले वर्तमान राजनैतिक गाँठोहरू फुकाल्ने हैसियत राखोस् ।

## घाइते योद्धाको जिउँदो इतिहास

जनयुद्धको योद्धा कमरेड निशान परिवर्तन, न्याय र समानताको लागि लडेका घाइते योद्धाहरूलाई ज्युँदो इतिहास मान्छन् । यसकारण उनीहरूलाई राज्यले आजीवन स्वास्थ्य उपचार र जिवीकोपार्जनको व्यवस्था गर्नुपर्दछ । हामीले उनीहरूलाई बेवास्ता गरियो भने नयाँ पुस्ता जिम्मेवार हुँदैन । वस्तुतः राज्यसत्ता अपराधिक र गैरन्यायिक हुनुहुँदैन । उनी भन्छन, 'राज्यसत्ता हाँक्नेहरूले इतिहासलाई पछाडि फर्केर मूल्याङकन् गर्नैपर्दछ । जनताका परिवर्तन, न्याय र समानता प्रतिको चाहनालाई सम्वोधन गर्नै पर्दछ । अन्यथा मुलुक पुनः अर्को दलदलमा नफस्ला भन्न सकिन्न ।'

●●●

*-प्रस्तुती गणेश लम्साल*

# जनयुद्धको अथक योद्धा

*'हड्डी पूरै चुरचुर भएकोले हात नशाले मात्रै थामेको थियो । हप्ता दिनसम्म कुनै उपचारको सुविधा नपाएकोले हात पूरै कुहिसकेको थियो । त्यस्को तीन महिनापछि मात्र विपी हस्पिटल धरानमा अपरेशन गरी देव्रे हात काटियो ।'*

*–कमरेड वर्षा*



*सुशिला कन्दङ्वा*
*कमरेड वर्षा*

निम्न–मध्यम परिवार । बुबाआमाको अभिभावकत्वबाट बञ्चितप्रायः । दाजुको स्नेह र अभिभावकत्व प्राप्त । यो उनको बाल्यकालीन अवस्थामाको यथार्थता हो, जनयुद्धका विरांगना तेह्रथुम जिल्ला छातेढुङ्गा– ६ हाल झापा कनकाई नगरपालिका– ७, दुर्गापुरकी **सुशिला कन्दङ्वा, कमरेड वर्षा**को ।

किताब, कलम र कापी च्यापेर विद्यालय जानुपर्ने बेला उनले आफ्नो नभई सम्पूर्ण नेपालीको सुनौलो बिहानीका लागि क्रान्तिको बाटो रोजिन् । व्यक्तिगत आकांक्षामा रमाउने र आफ्नो मात्र स्वार्थ हेर्नेहरूको भीड छ, हाम्रो समाज । तर, सुशीला उनीहरूका लागि एउटा सबक अनि प्रेरणा हुन् ।

सुशिलालाई गणतन्त्रकी सेनानी भन्दा फरक पर्दैन । किनकि, उनी जनयुद्धमा होमिएकी अथक योद्धा हुन् । एउटा महिलाले शिशुलाई जन्म दिन जति धेरै प्रसव वेदना सहनु पर्छ, त्योभन्दा बढी दुःख सहेर उनले गणतन्त्र स्थापनामा योगदान दिएकी छिन् ।

वि.सं. २०३८ माघ १० गते तेह्रथुम आठराई– ५, छातेढुङ्गा (तात्कालीन छातेढुङ्गा गाउँ विकास समिति– ६) मा आमा धनमाया लिम्बू र बुबा जयबहादुर लिम्बूको माइली छोरीको रूपमा सुशिलाको जन्म भएको हो । बुबा जयबहादुर भारतीय सेना हुन् भने आमा धनमाया गृहणी हुन् ।

बुबा जयबहादुर सेना भएकाले भारतमै रहने र आमा पनि बिरामी भएकाले उतै उपचारका लागि लामो समय बस्नु परेको थियो । यस कारण उनले बाल्यअवस्थादेखि नै बाबुको न्यायो स्नेह पाउनबाट बञ्चित भइन् । आफ्ना दाजुको स्नेह र अभिभावकत्वमा सुशिलाको बाल्यकाल बित्यो ।

सानैदेखि हक्की र निडर स्वाभावकी थिइन्, सुशिला । अन्याय र थिचोमिचो नसहने क्रान्तिकारी स्वभाव उनको विशेषता नै हो । त्यसमा पनि तेह्रथुमको आठराई कम्युनिष्टहरूको जग भएको ठाउँ । 'गाउँमा साना–ठूला कार्यक्रमहरू भइरहन्थे', सुशिलाले विगत सम्झिइन्, 'आठराईमा कम्युनिष्टहरूको प्रभाव धेरै थियो, कम्युनिष्टहरूको गतिविधि धेरै हुन्थ्यो ।'

उनी आठ वर्षको हुँदा जनवादी गीतहरूमा नाच्ने, गाउने गर्थिन् । २०४६ को आन्दोलन सफल भएपछि र्‍यालिमा सहभागी भएको स्मरण ताजै छ । 'मलाई दाजु–दिदीहरूले र्‍यालिमा लानु भएको थियो', उनले भनिन्, 'त्यतिबेला एक घण्टाको बाटो सकिनसकी हिँडेकी थिएँ, त्यसपछि हरेक गतिविधिमा सहभागी भएर अनेरास्ववियुमा संलग्न हुँदै राजनीतिक गतिविधिलाई अघि बढाएँ ।'

## कम्युनिष्ट बन्नुको कारण

सुशिलाका बुबा वामपन्थी समर्थक हुन् । भारतीय सेना भए पनि निर्वाचनताका जसरी भए पनि भोट हाल्न घर आइपुग्ने गर्थे । यसरी पारिवारिक पृष्ठभूमि

वामपन्थी भएकाले पनि उनलाई कम्युनिष्ट आन्दोलनमा लाग्न प्रेरणा मिल्यो । 'बुबाले ठूलो भएपछि छोराछोरीलाई पनि कम्युनिष्ट नेता बनाउनुपर्छ भन्नुहुन्थ्यो', उनले कम्युनिष्ट पारिवारिक पृष्ठभूमि खुलाइन्, 'त्यतिबेला हाम्रो परिवारको झुकाव एमालेप्रति थियो ।'

सानै भए पनि कम्युनिष्ट राजनीति बुझेकाले उनको मन बिस्तारै त्यता तानियो । पत्रपत्रिका पढ्न रूची राख्ने सुशिलाले विद्यालयको पुस्तकालमा 'नारी बन्धन र मुक्ति' भन्ने पुस्तक पढिन् । त्यसले उनलाई उत्पीडनहरू विरूद्ध क्रान्तिमा होमिन थप मलजल गऱ्यो । 'हाम्रो परिवारमा महिलालाई त्यस्तो छेकबार थिएन, प्रायः आदिवासी जनजातिमा महिलालाई त्यस्तो बन्धनमा राखिँदैन', यही धरातलमा उत्पीडित वर्गीय, जातीय, क्षेत्रीय र महिला मुक्तिका लागि म पनि जनयुद्धमा लामवद्ध भएकी हुँ ।'

प्रारम्भमा माओवादी धनीलाई लुट्ने, ठग्ने, मार्ने, महिला केटाकेटीलाई देख्ने बित्तिकै लाने पार्टी हो भनेर उनले सुनेकी थिइन् । दाजु र दिदीसँग बुझ्दै जाँदा दुःखी गरीबको पार्टी भन्ने थाहा पाएपछि माओवादीमा लाग्न प्रेरणा मिलेको उनको भनाई छ । 'दाजु-दिदी पार्टीको सम्पर्कमा आइसक्नु भएको रहेछ', उनले भनिन्, 'त्यसपछि उहाँहरूबाटै सबै कुरा बुझियो ।'

## मुक्तिका लागि उठेको मुट्ठी

विद्रोह नगरी परिवर्तन नहुने र परिवर्तन बिना आमउत्पीडत जनताको समस्या समाधान नहुने उनको बुझाई थियो । 'सामन्ती राज्य व्यवस्थाले महिला दिदी–बहिनीलाई राजनीतिलगायत सामाजिक क्षेत्रमा कहिल्यै सहभागी गराएनन् । यसको प्रभाव गाउँ–गाउँमा नपर्ने कुरै थिएन । उनले त्यतिबेलाको असमानता सम्झँदै भनिन्, 'महिलाहरूको सहभागित असाध्यै न्यून थियो । उनीहरूको भूमिकालाई सङ्कुचित पारिएको थियो ।' महिला प्रतिको साँघुरो घेरा हटाउन, नारी मुक्ति र गरीब धनीको विभेदको खाडल अन्त्य गर्न मूल जरो नै सामन्तवादी राज्य सत्ता थियो । यस्तो राज्यसत्तालाई नहटाई नहुने बुझेपछि १८ वर्षको किशोरावस्थामै उनी नेकपा माओवादीको पूर्णकालीन सदस्य बनिन् ।

वि.सं. २०५६ मा पूर्णकालीन भएकी उनी २०५७ साल जेठदेखि हतियारबद्ध भएर हिंड्न थालेकी हुन् । युद्धमा होमिंदा उनी कक्षा– ९ मा पढ्दै थिइन् । २०६२/०६३ को खुला राजनीतिक परिवेशपछि उनले एसएलसी पास गरिन् । उनी युद्धमा होमिदा भोजपुर, सङ्खुवासभा, तेह्रथुम र धनकुटा चार जिल्लाको एउटा जिल्ला थियो । जसमा जम्माजम्मी १२/१३ जना कार्यकर्ता थिए । त्यसको सेक्रेटरी दोलखाका गंगा कार्की, कमरेड विश्व रहेका उनले बताइन् ।

पूर्णकालीन भएपछि तीन महिनासम्म अली सहजै यात्रा र गतिविधिहरू गरेको उनले बताइन् । 'त्यतिखेर प्रचार–प्रसार गर्ने, जनतासँग सम्पर्क सम्बन्ध बिस्तार गर्ने, जनतालाई प्रशिक्षित गराउनेलगायतका काम गरिन्थ्यो,' उनले भनिन् । भूमिगत भएपछि चार जिल्लाले एउटा 'squade' गठन गरेको उनले बताइन् । 'त्यतिबेला कतिपयसँग भएका हतियार आग्रह गरेर मागियो, कतिसँग खोसियो', उनले भनिन्, 'त्यतिबेला म पनि स्क्वायड मेम्बर थिएँ ।' केही समय काम गरेपछि उनको कार्यक्षेत्र धनकुटा पर्‍यो । त्यहाँ पुग्दा माओवादीमा लाग्ने पार्टी कार्यकर्ता र शुभचिन्तकहरूको लहर बिस्तार भएको उनले बताइन् ।

धनकुटामा आएपछि सुशिलाले फौजी टोलीको नेतृत्व गरिन् । त्यसपछि सङ्खुवासभा गइन् र पार्टीले मेची–कोशी प्लाटुन बनायो । त्यसमा उनी सेक्शन कमाण्डर बनिन् । उनको कार्यक्षेत्र विशेष गरेर चार जिल्लामै रहेको थियो ।

### हात गुम्दाको क्षण

२०५८ सालमा युद्ध बिराम भएपछि उनी पार्टीको तेह्रथुम जिल्ला कमिटी सदस्य बनिन् । उनी भन्छिन्, 'पार्टीले जिल्ला कमिटीको बैठकमा हामीलाई बोलायो, जुन समय म छथर एरियामा थिएँ । जिल्लाको बैठक इवा गाउँ विकास समितिमा थियो । त्यतिबेला (वि.सं. २०५८ माघ १० गते) गोपेटार इलाका प्रहरी कार्यालय माथि आक्रर्मण गर्ने योजना थियो । युद्ध मोर्चामा घाइते भएका ९ जना कमरेडहरूलाई सुरक्षा तथा व्यवस्थापनको हाम्रो जिल्ला पार्टीलाई जिम्मा दियो ।

त्यसबेला घाइते कमरेडहरूलाई ह्वाकुको बगाले गाउँमा राखिएको थियो । यसैबीच माघ १४ गते साँझपख सेनाले घेरा हाली हामी माथि अन्धाधुन्द आक्रमण गऱ्यो । घाइते भएका ९ जना कमरेडहरू मध्ये कमरेड रोशन बाहेक सबैजनाको निर्ममता पूर्वक हत्या गरियो । यस हत्याकाण्डमा घाइते ८, पूर्णकालिन कार्यकर्ता ९ जना र ३ जना सर्वसाधारण निर्दोष जनतासहित २० जनाको नरसंहार गऱ्यो ।

म घाइते भएँ । दुवै हात र एउटा खुट्टामा गोली लाग्यो । देब्रे हात छियाछिया भयो । त्यहाँबाट भागेर ओडारमा गएर लुकियो । चारैतिरबाट सेनाले घेरा हालेको थियो । खाना त के पानीसम्म खानसक्ने अवस्था पनि थिएन । दुष्मनले कही कतैबाट निस्किन दिएको थिएन । चारैतिर सेनाको घेराबन्दी थियो । नजिकैको हेल्थ पोस्ट पनि जान सक्ने अवस्था थिएन । अन्य सर्वसाधारण जनतालाई पनि कतै जान–आउन दिएनन् ।

जसोतसो गरेर आफ्नो घर आइपुगियो । उनलाई करिव एक साता पछि मात्र उपचारका लागि पाँचथर पुऱ्याए । 'हड्डी पूरै चुरचुर भएकोले हात नशाले मात्रै थामेको थियो । हप्ता दिनसम्म कुनै उपचारको सुविधा नपाएकोले हात पूरै कुहिसकेको थियो । पाँचथरमा प्राथमिक उपचार मात्रै सम्भव भयो । त्यस्को ३ महिना पछि मात्र विपी हस्पिटल धरानमा अपरेशन गरी देब्रे हात काटियो ।' सेनाको गोली लागेर घाइते हुँदा पानी पनि खान नसकेको त्यो समय उनको जीनवको सबैभन्दा कठिन समय थियो । 'भोक–प्याससँगैको घाउको दुखाई यतिबेला सोच्दा पनि आङ सिरिङ हुन्छ', उनले भनिन्, 'त्यो मेरो युद्धकालको सबैभन्दा पीडादायी समय थियो ।'

## पश्चताप बिनाको कष्टपूर्ण यात्रा

उनको जीवन भोगाइमा जनयुद्ध कुनै ख्यालठट्टा थिएन । यो धेरै नै सङ्घर्षपूर्ण र कष्टदायी आन्दोलन थियो । उनले जनयुद्धमा धेरै पीडा र हन्डरहरू खेप्नु परेको थियो । 'कति दिन त भोकभोकै बस्नुपऱ्यो । वर्षायामको झरी, चुक घोप्ट्याझैँ अध्याँरो रातहरूको यात्रा, जुकाको टोकाई अनि

दुश्मनसँगको अचानक हुने भिडन्तहरू कम चुनौतिपूर्ण थिएन । पार्टीको सम्पर्कमा पुग्दा गरिवीको कारण अधिकांश सेल्टरहरूमा खानबस्नको लागि साधारण व्यवस्थापन पनि हुन्थेन । कतिपय सेल्टरमा जनताले छरछिमेकबाट ल्याएर खुवाउने गर्थे । यो जनयुद्धकालिन यथार्थ थियो ।

जीवनलाई धारमा राखेर हिँड्नु पर्ने अवस्था रहेको सुनाउँदै उनले भनिन्, 'दुस्मनले सके हामीलाई सिध्याउने र हामीले सके दुश्मनलाई सिध्याउने अवस्था थियो ।' सामन्यतया घरमा धेरै दुःख कष्ट नव्यहोरेको उनले जनयुद्धमा भने धेरै कष्टपूर्ण यात्रा पार गरेको बताइन् । तर पनि उनलाई जनयुद्धमा लागेकोमा कत्ति पनि पछुतो छैन । जनयुद्धले आजको राजनैतिक परिवर्तन ल्याउन सफल भएकोमा उनलाई गर्व लागेको छ ।

## पार्टी जिम्मेवारी

वि.सं. २०५४ सालमा अनेरास्ववियुबाट विद्यार्थी राजनीतिमा उनले पहिलो पाइला चालेकी हुन् । २०५५ सालमा नेकपा माओवादी गाउँ कमिटी सदस्य बनिन् । नेकपा माओवादीको पूर्णकालीन सदस्यको रूपमा २०५६ सालमा उनको राजनीतिक यात्रा अघि बढ्यो भने २०५७ सालमा माओवादीको जनमुक्ति सेना स्क्वायड सदस्य बनिन् । २०५७ सालमै उनी जनमुक्ति सेनोका स्क्वायड कमाण्डर बनिन् । सोही वर्ष मेची-कोशी प्लाटुनको सेक्सन कमाण्डरको जिम्मेवारी सम्हालिन् । ०५८ सालमा उनको जनमुक्ति सेनाबाट पार्टी भूगोल सङ्गठनमा प्रवेश भयो । उनी तेह्रथुम जिल्ला कमिटी सदस्य बनिन् । ०५९ सालमा सङ्खुवासभाको सङ्युक्त एरिया इञ्चार्ज र सङ्खुवासभा, तेह्रथुम, धनकुटाको सङ्युक्त जनसाँस्कृतिक सङ्गठनको अध्यक्षको जिम्मेवारी पनि बहन गरिन् । ०६० सालमा सङ्खुवासभाको जनसरकार सदस्य, ०६१ सालमा ब्युरो सदस्य, सिलिचोङ आधार जिल्ला सेक्रेटरी, ०६२ मा सङ्खुवासभा सेक्रेटरी, ०६३ मा तेह्रथुम सह-इञ्चार्ज बनिन् ।

यता २०६४ सालमा संविधानसभा सदस्य तथा संविधानसभाको अर्थ समिति सभापतिको जिम्मेवारी पनि सम्हालिन् । त्यस्तै उनी ०६९ मा केही समय

लिम्बूवान राज्यको सेक्रेटरी र त्यसपछि सह-इञ्चार्जको जिम्मेवारी सम्हालिन् । ०७१ मा महिला फ्याक्सन इञ्चार्ज र पाटीको पोलिटब्युरो सदस्यको जिम्मेवारी पनि लिइन् ।

## जनयुद्धको उपलब्धी

'महान जनयुद्धको नेपाली राष्ट्रिय राजनीतिमा युगान्तकारी महत्व रहेको छ । यसले अढाइसय वर्षदेखि जरो गाडेर बसेको राजतन्त्र उखलेर फाल्न सफल भयो' उनले भनिन् । 'आज गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी र समानुपातिकलगायतका अग्रगामी राजनैतिक एजेण्डाहरू स्थापित भएका छन् ।' जनयुद्धको बलमा नै वर्ग, जाती, क्षेत्र, महिला, दलित, अल्पसङ्ख्यक, सिमान्तकृत तथा पिछडा वर्गले अधिकार प्राप्त गर्न सकेको उनले बताइन् । अहिले सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा उत्पीडितहरूको पनि पहुँच स्थापित भएकोमा उनलाई खुसी लागेको छ । उनले जनयुद्धमा गरेको बलिदानिपूर्ण योगदान आज सार्थक भएको छ । यसलाई उनले जनयुद्धबाट प्राप्त भएको उपलब्धीलाई एउटा सुखद पाटोका रूपमा लिएकी छिन् ।

## संविधानसभामा पाइला टेकेको दिन

जनयुद्धको कष्टपूर्ण यात्रा शान्ति प्रक्रियामा आएर टुंगिए पनि उनको माग पूरा भएको थिएन । मुलुकको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा उत्पीडित जनताका अधिकार सुनिश्चित नभएसम्म त्यो पूरा हुने कुरा थिएन । यद्यपि संविधानसभा मार्फत् जनताका अधिकार सुनिश्चित गर्न २०६४ मा संविधानसभा सदस्य बनेकी उनको पहिलो मुद्दा जनपक्षीय संविधान लेख्नु थियो । तर जनताले चाहेजस्तो अन्तरवस्तु भएको संविधान जारी गर्न नदिन ठूलो षडयन्त्र भयो । यसकारण पहिलो संविधानसभाले संविधन जारी गर्न सकेन । अन्ततगत्वा संविधानसभानै विघटन भयो । यसमा उनको जनपक्षीय संविधान जारी गर्न सकरात्मक पहल र प्रयत्न रहेको थियो ।

## पारिवारिक अवस्था

सुशीलाको जनयुद्धकै सहयोद्धा मणिकुमार साम्पाङ, कमरेड विजयसँग २०६० साउनमा जनवादी विवाह भएको हो । जनयुद्धमा सहभागी हुँदैगरेकै बेला दुवैजना एउटै जिल्ला कमिटीमा थिए । मुलुक परिवर्तनको एउटै सपना बोकेर हिँडेका उनीहरूको विचार त मिलेकै थियो भने मन पनि मिल्यो । उनको वैवाहिक जीवनले १५ वर्षको यात्रापार गरिसकेको छ । उनको हाल एउटा ८ वर्षीय छोरा जोयल छन्, जो दुई कक्षामा पढ्छन् ।

उनको जीवनसाथी मणिकुमार पूर्व एमाले र माओवादी केन्द्र एकीकरण पश्चात बनेको पार्टी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को झापा जिल्ला कमिटी सचिव छन् । उनीहरू जसोतसो जीवन निर्वाह गरिरहेका छन् ।

## उनको सुझाव

हाल उनको घाइते जीवन सहज छैन । 'न आम्दानीको स्रोत छ न आफैँले गरिखान सक्ने शारीरिक अवस्था । एउटा हात नभएपछि भौतिक श्रम गर्नसक्ने स्थिति छैन । सरकारले घाइतेहरूको लागि उपयुक्त व्यवस्थापनको वातावरण बनाउनु पर्दछ' भन्ने युद्धमा जीवन समर्पण गरेकी सुशिलाको भनाई रहेकोछ । पढ्दा पढ्दै वर्गमुक्तिका लागि कलम छाडेर बन्दुक समाएकी उनले फेरि न बन्दुक समाउने अवस्था छ न कलम नै । नेपाली समाजको आमूल रूपान्तरण गर्न लामवद्ध भएकी घाइते कमरेड वर्षा, अब पनि विभेद, बेथिति र अन्यायकै कारण हाम्रा सन्ततीले पुनः युद्ध झेल्न नपरोस् । यसको लागि मुलुकलाई नेत्रृत्व गर्नेहरूले इमानदार भएर न्याय र समानता सहितको राष्ट्रिय समृद्धीमा दृढतापूर्वक काम गर्नु पर्ने उनको सुझाव छ ।

●●●

*-प्रस्तुती सन्तोष शर्मा*

# आफ्नै रगत पिएर बाँच्दा...

*'अनुहारको घाउबाट रगत थामिएको थिएन । त्यतिबेला डाक्टर भन्दै थियो 'विजय बाँच्दैन उपचारका लागि प्रयास नगरौँ ।' उपचार गर्ने या नगर्ने भनेर डाक्टर र कमरेडहरूबीच विवाद चल्यो । त्यो आवाज विजयको कानमा पऱ्यो, उनले तत्काल प्रतिवाद गरे, 'उसलाई हटाउनुहोस् र अर्को डाक्टरलाई बोलाउनुहोस् ।' शारीरिक अवस्था असाध्यै कम्जोर भइसक्दा पनि उनको मनोबल भने हारेको थिएन ।'*



*मणिकुमार साम्पाङ*
*कमरेड विजय*

*–कमरेड विजय*

दाँत बाँधिएकाले केही पनि खान नसक्ने अवस्था थियो । अनुहारमा ठूलो र गहिरो घाउ सहित नाक छियाछिया भएकोले त्यहीबाट सबै रगत घाँटीमा पुग्थ्यो । उसले त्यो रगत निली दिन्थ्यो । त्यही रगतले कमरेड विजयलाई खानाको काम गऱ्यो । त्यसैले उनलाई बाँच्ने तागत मिलेको थियो ।

### विद्यार्थी जीवनमा राजनीतिक प्रभाव

बोया ८ बेखम्छामा बुवा मानबहादुर राई र आमा कमला राईको कोखबाट २०३९ साल कार्तिक १७ गते जन्मिएका थिए मणिकुमार साम्पाङ । उनका दाजु भारतीय लाहुरे हुन् । उनको बाबा आमाले विजय पनि लाहुरे भएको हेर्न चाहन्थे । त्यसबेला लाहुरे बन्नका लागि कम्तीमा १८ बर्ष उमेर पुगेकै हुनुपर्थ्यो ।

तर, उनले लाहुरेको राइफल समात्ने उमेर नपुग्दै २०५७ साल बैशाख ९ गते जनयुद्धको उद्घोष गर्दै जनताको पक्षमा बन्दुक समाउन पुगे । फरक यति थियो कि, लाहुरे हुँदा अर्कोकै देशको सुरक्षा र पारिवारिक ऐयाशी जीवन प्राप्त हुने थियो जनताको पक्षमा बन्दुक उठाउँदा सामन्ती राज्यसत्ताको अन्त्य गरी नयाँ जनवादी व्यवस्थाको स्थापना गर्न उनीहरूजस्ता योद्धाहरू जनयुद्धमा सामेल भए ।

२०४७ सालतिरै मणिकुमारको गाउँमा नेकपा मशालको प्रभाव परिसेको थियो । गाउँमा पदमबहादुर साम्पाङ नेकपा मशालका नेता थिए । वहाँको कुरा सुन्नु र उनलाई आदर्श मान्नु मणिकुमारजस्ता किशोर विद्यार्थीका लागि रूचीको विषय हुन्थ्यो । उनै पदमबहादुर साम्पाङको स्कुलिङमा हुर्किए मणिकुमार साम्पाङ । त्यसबेला गाउँमा जनवादी गीतहरुमा नाच्ने गाउँने गरिन्थ्यो । यसमा मणिकुमारको पनि सक्रिय सहभागिता रहन्थ्यो ।

त्यसबेला गाउँमा जनवादी गीत गाउँदा पुलिसले पक्रन्छ भन्ने डर हुन्थ्यो । तर पनि उनलाई यस्तै गीतहरु मात्रै जनताका गीत हुन् भन्ने लाग्थ्यो । पुलिसको त्राश भन्दा पनि जनताको गीतलाई ज्यादा माया गर्ने मणिकुमार बढी नै जनवादी गीत सङ्गितमा रम्न थालिसकेका थिए ।

मणिकुमार महेन्द्र माध्यमिक विद्यालयमा ८ कक्षामा पढ्दै गर्दा गठन भएको विद्यार्थी इकाई सङ्गठनमा सामेल भइसकेका थिए भने गाउँमै प्रगतिशिल सँस्कृति स्थापित गर्नको लागि बनेको 'झरना साँस्कृतिक टोली'मा समेत

उनको विशेष भूमिका थियो । यसरी एक स्कुले किशोरलाई अभिभावकले पछि ठूलो भएर के बन्छौँ भन्ने प्रश्नमा डाक्टर, इञ्जिनियर, लाहुरेलगायतका उत्तर दिनुपर्ने बेलामा यी स्कुले किशोरले भविष्यको गन्तव्यको यात्रा त्यही उमेरमै कोरिसकेका थिए । जब उनी महेन्द्र माध्यमिक विद्यालयमा कक्षा- १० को टेष्ट परीक्षा दिइसकेका थिए । उनलाई पार्टीले तत्कालीन अखिल क्रान्तिकारीको भोजपुर जिल्ला संयोजकको जिम्मेवारी दिएका थिए । त्यसबेला उनी विद्यार्थीको गोरखपुर राष्ट्रिय भेला सम्पन्न गरेर गाउँ फर्किंदा ऊ प्रहरीको निगरानिमा परिसकेको थियो । त्यसबेला उनी पढ्ने विद्यालय र प्रहरी चौकीको दुरी कम थियो । यसकारण उनले चाहेर पनि एसएलसीको परीक्षा दिन पाएनन् ।

### जनयुद्धको सुरूआत

२०५०/०५१ सालतिर गाउँमा माओवादी नेताहरूको बाक्लो आवगमन हुनथालेको थियो । २०५२ फागुन १ गते जनयुद्धको घोषणा भएपछि त त्यो क्रम झनै बढेर गयो । भित्ते लेखन, पम्प्लेटिङ र गाउँ-गाउँमा राती भेटघाट र अन्तरक्रियाहरू प्रसस्तै हुन थाल्यो । मणिकुमार पार्टीले दिएको जिम्मेवारीहरु इमानदारीतापूर्वक पूरा गर्थे । त्यस बेलासम्म मणिकुमारको परिचय बदलिएर एक माओवादी स्थानीय कार्यकर्ता बनिसकेको थियो । मणिकुमार साम्पाङ, २०५४ सालमा १५ बर्षका मात्रै थिए । स्थानीय निर्वाचन बिथोल्न गाउँको बिहीबारे बजारमा रहेको बुथमा बम बिष्फोट गर्ने पहिलो फौजी कारबाहीमा सहभागी भए ।

### जनयुद्धमै हुर्किए मणिकुमार अनि बने विजय

माओवादी जनयुद्धको घोषणा हुँदा मणिकुमार १३ वर्षका मात्रै थिए । त्यतिबेलै उनी पार्टीले दिएका जिम्मेवारी पूरा गर्दै गए । ५४ सालको स्थानीय निर्वाचन बिथोल्न बम हान्दै हिँड्दासमेत उनी किशोर अवस्थाकै थिए । कक्षा- १० सम्म जसोतसो विद्यालयमा अध्ययन गर्न पाएका मणिकुमार विद्यालयमा गएर अध्ययन गर्न अनुकुल नभएपछि उनको विद्यालय नै जनयुद्ध बन्नपुग्यो ।

त्यसबेला प्रहरीको रोमियोलगायतका ठूलाठूला अपरेसनहरु भए । मणिकुमारको त्यो गाउँ माओवादीको राम्रो आधार क्षेत्र भएकाले प्रहरी प्रशासनको बाक्लो उपस्थिति हुन्थ्यो । किशोर अवस्थादेखिनै जनयुद्धमा सामेल बनेका मणिकुमार २०५७ बैशाख ९ गतेबाट माओवादी पार्टीको पूर्णकालिन सदस्य बनेर जनयुद्धको बाटो लागे । अनि मणिकुमार बने कमरेड विजय ।

२०५७ सालदेखि पूर्णकालिन सदस्य भएर जनयुद्धमा होमिएका विजयलाई २०५७ साल सबैभन्दा बढी व्यस्तताको वर्ष बन्यो । फौजी तालिम साथसाथै Sabotage गर्ने र जिल्ला प्रशासन कार्यालयमा बम हान्ने टिमको नेतृत्व कामरेड विजयले पाउन थाले ।

उनको फौजी दक्षताबाट प्रभावित भएर छोटै अवधिमा Squade टिमको जिम्मा दियो । त्यसबेला सामन्तको हतियार खोस्ने, जाली तमसुक कव्जा गर्ने, प्रहरी चौकी विस्थापित गर्नेजस्ता दर्जनौं कारवाहिहरूको नेत्रृत्व गरे ।

२०५७ चैत्रमा जनमुक्तिसेनाको पूर्व क्षेत्रमा एक अस्थायी कम्पनी गठन गरियो । त्यसबेला मैनापोखरी मोर्चाका लागि सुदूरपूर्व उपक्षेत्रीय व्यूरोबाट कमरेड विजय, कमरेड रेखा र कमरेड सन्देश छनौट भई कम्पनीमा सामेल भएका थिए । आफ्नो अस्थायी प्लाटुनबाट कमरेड विजयसहित कमरेड रेखा र कमरेड सन्देश गरी ३ जना फौजी कारबाहिका लागि छनोट भएका थिए ।

दोलखाको मैनापोखरी मोर्चाबाट ६ थान राइफल, २ थान सटगनलगायतका युद्ध सामग्रीहरू कव्जा गर्न सफल भए पनि उक्त मोर्चा पूर्णरूपमा सफल भने हुनसकेन । त्यसपछि दोलखा आधार क्षेत्रअन्तरगत सैलुङमा १२ दिनको सैन्य तालिम लिएपछि उनीहरू आफ्नै कार्यक्षेत्र फर्किए । २०५८ साउन ६ गते तेह्रथुमको पोक्लाबुङ (औशीडाँडा) युद्धमोर्चामा निर्णायक भूमिका निर्वाह गरे ।

सो मोर्चाले पूर्णरूपमा सफलता पाएको थियो । यसमा १९ थान हतियार सहितका युद्धसामग्रीहरू कब्जा भएको थियो भने १ जना प्रहरी मारिए ।

यसमा बाँकी सबै प्रहरीले आत्मसमर्पण गरेका थिए । यसरी २०५७ साल कमरेड विजयको पूर्ण व्यस्तताको वर्ष बनेको थियो ।

### बाँच्दैन, उपचारको प्रयास नगरौं भनेपछि...

त्यतिबेलासम्म कमरेड विजय निकै व्यस्त कमाण्डर बनी सकेका थिए । जनमुक्तिसेनालाई तालिम दिनुपर्ने र तुरून्त भिडन्तको मोर्चा सम्हाल्नुपर्ने, उनको दैनिकी बनी सकेको थियो । यसैबीच २०५८ सालको मङ्सिर ८ गते पार्टीले एकसाथ दाङको घोराही, स्याङ्जाको पुतलीबजार र सोलुखुम्बुको सदरमुकाम सल्लेरीमा हमला गर्ने योजना बनायो । सल्लेरी आक्रर्मणको निम्ती पूर्वमा कमरेड परवानाको कमाण्डमा अस्थायी बटालीयन निर्माण गरिएको थियो । त्यसअन्तरगत विजय ३ नम्बर कम्पनीको ३ नम्बर प्लाटुन सहायक कमाण्डर थिए भने कमरेड धिरण कमाण्डर थिए ।

उक्त मोर्चामा कमरेड विजयलाई तात्कालिन शाही सेनाको ब्यारेकमा आक्रर्मण गर्नुपर्ने जिम्मा दिइयो । तर, दुर्घटनावश जनसेनाले बोकेको बम त्यस रात सोलुखोला वारिपट्टि बाटोमै पड्किएपछि जनमुक्ति सेनाको गतिविधि दुश्मनले थाहा पाए । त्यसपछि सोही स्थानमा आकस्मिक बैठक बसी त्यो रात मोर्चा नलड्ने निर्णय गरियो । कमाण्डरहरू ९ देखि १० गते बिहानसम्म आक्रर्मणको लागि संभावित अन्य क्याम्पहरू रेकी गर्न लाग्यो । पूर्वयोजनाअनुसार ८ गते रातीनै घोराही र साँफेवगरमा आक्रर्मण भइसकेको हुदा स्वभावैले दुश्मन हाई अलर्टमा नरहने कुरा भएन । यही बेला रेकी टोलीले पुनः सदरमुकाम सल्लेरीनै आक्रर्मण गर्ने निश्कर्ष निकाल्यो ।

रेकी टिमले पुनः १० गते राती १२ बजे नै आक्रर्मण (fire open) गर्ने निर्णय गऱ्यो । शाही सेना, सशस्त्र, जनपथ, जिल्ला प्रशासन कार्यालय, बैंकलगायत सबै कार्यालयमा एकसाथ हमलाको योजना बनाएर सोलुको गोराखानी गाउँबाट जमुक्तिसेनाको टोली अघि बढ्यो । मङ्सिरको महिना टहटह जुन लागेको थियो । जुनेली रात हुनाले टाढासम्मको गतिविधि नियाल्न सकिन्थ्यो, जसले गर्दा दुश्मनको नजिक पुग्न निकै कठिन थियो । तोकिएको समय

भन्दा ठीक ५ मिनेट पहिले नै जनमुक्तिसेना र सशस्त्रको गस्ती टोली बीच जम्काभेट भएपछि फायरिङ खोलियो ।

सबैले आ–आफ्नो योजनाअनुसार युद्ध मोर्चा सम्हाले । कमरेड विजयको नेतृत्वमा एउटा एसल्ट थियो भने अर्को एसल्ट समेत परिचालन गर्नुपर्ने जिम्मा थियो । ११:४५ मा सुरू भएको भिडन्त लगातार ४ घण्टासम्म चल्यो । करिव १ घण्टा नबित्दै कमरेड विजयको एसल्ट तारबार पुगी सकेको थियो । त्यही तारबार बाहिरको कान्लामा कभर लिएर केही समय आक्रमण गरिसकेपछि तारबार तोडेर अघि बढ्नुपर्ने योजना थियो ।

त्यसको निम्ती उनीहरूलाई ट्याम्पिङ माइन आवश्यक थियो । तर उनीहरूसँग त्यस्तो माइन चाँही थिएन । आवश्यकताअनुसार मगाउँने गरी रिजर्भ ग्रुपसँग हुन्थ्यो । कमरेड विजयले रनरलाई उक्त माइन ल्याउन निर्देशन गऱ्यो । त्यसबीचमा तारबार भित्रको टनेल र बायाँ पट्टीको बंकरमा क्रमशः ग्रिनेड चार्ज गरी क्लियर गऱ्यो । निकै समय बितिसकेपछि रनर रित्तै फर्कियो । उसले रिजर्भ ग्रुपसँग सम्पर्क गर्न जानकारी गरायो ।

अब के गर्ने ? 'युद्धमोर्चामा सेकेण्डको महत्व भारी हुन्छ ।' अकर्मण्यतामा फस्ने कुरै थिएन । तोकिएको समयमा कामतमाम गर्नुपर्ने हुन्थ्यो । त्यस्को निम्ती कमरेड विजयको एसल्टले जसरी पनि तारबार उडाउनै पर्दथ्यो । कमरेड विजयले तुरून्तै निर्णय लिए । कमरेड ज्योती र कमरेड सागरलाई आर्कको जिम्मा लगाएर माइन लिन आफैँ दौडिए । अन्ततः उनले धेरै कसरत गर्दा पनि माइन ल्याउन सकेन ।

उनी हस्याङ–फस्याङ गर्दै आफ्नो मोर्चा सम्हाल्न फर्किए । ऊ त्यहाँ पुग्दा कमरेड सागर र कमरेड ज्योती ढली सकेको थियो । त्यहाँ एसल्टका अन्य सदस्य कोही पनि थिएन । उसले सागर र ज्योती दुवैलाई घच्घच्याए तर उनीहरूको प्राणपखेरू उडी सकेको रहेछ । त्यस्तो अवस्थामा कमरेड विजय पछि हट्न पनि सक्थे । तर सहयोद्धाको शवलाई नाघेर पिठ्युँ फर्काएर पछि हट्न उसको मनले मान्दै मानेन ।

कमरेड विजय भन्छन्, 'एकाएक मेरो मनमा आक्रोशको ज्वाला दन्कियो । म आवेगमा कमरेड ज्योतीको शव माथि रहेको राइफल लिएर कान्ला माथिको कभरमा पुग्दा नपुग्दै दायाँ पट्टी करीव पचास साठी मिटर पर बंकरबाट शाही सेनाले उठीउठी फायरिङ गरिरहेको देखेँ । मलाई लाग्यो कमरेड सागर र ज्योतीलाई त्यसैले ढाल्यो । त्यतिबेला मेरो निम्ती दुश्मन कमिला झैँ लाग्न थाल्यो । त्यो बंकरको दुश्मन माथि मैले राइफल चार्ज गरें ।'

उनी थप्छन्, 'एक, दुई, तीन राउण्ड फायर गरिसेक पछि दुश्मन उठेन । मलाई लाग्यो, अब त्यो दुश्मन ढल्यो । यद्यपि कतै फेरि उठिहाल्छ कि, भनेर त्यसलाई नियाल्दै बुलेट लोड गर्दै मात्र थिएँ । एक्कासी मेरो अनुहारमा ठूलो झड्का महशुस भयो । आँखाबाट फिलुङ्गो उड्यो । वश मलाई त्यति मात्र थाहाछ ।'

'खै कति समय पछि हो, सपना झैँ लाग्थ्यो, ड्याङ–ड्याङ माइन र गोलीहरू पड्की रहेको थियो । त्यसपछि मात्र म बल्ल होसमा आएछु । म कान्लाबाट तल झरेछु अनि कमरेड सागर र कमरेड ज्योतीको शव माथि रगताम्य भएर लडेछु । टाउको भारी भएको थियो, मैलै अनुहार छामे । आधा भाग पूरै छियाछिया भएको रहेछ ।'

उनी सुनाउँछन्, 'म धर्मराउदै उठेँ अनि दुइटा राइफल कोखामा च्यापेर त्यहाँबाट निस्किएँ । मुस्किलले अलि तलसम्म पुगेको थिएँ । कमरेड धिरण, रवीन र प्रसान्तसँग भेट भयो । मेरो गम्भीर अवस्था देखेपछि उनीहरूले मलाई पिठ्युँमा बोकेर उपचार कक्ष (एच.पी.) तिर लैजाँदै गर्दा फेरि बेहोस भएछु । त्यहाँ करिब ४ सय मिटर तल घाइतेहरूका लागि उपचार कक्ष बनाइएको थियो । मलाई त्यही लगिएको रहेछ तर त्यतिबेलासम्म मेरो स्थिति निकै गम्भीर बनिसकेको थियो ।'

कमरेड विजय सुनाउछन्, 'अनुहारको घाउबाट रगत थामिएको थिएन । त्यतिबेला डाक्टर भन्दै थियो 'विजय बाँच्दैन उपचारका लागि प्रयास नगरौँ ।' उपचार गर्ने या नगर्ने भनेर डाक्टर र कमरेडहरूबीच विवाद चल्यो ।

त्यो आवाज विजयको कानमा पऱ्यो, उनले तत्काल प्रतिवाद गरे, 'उसलाई हटाउनुहोस् र अर्को डाक्टरलाई बोलाउनुहोस् ।' शारीरिक अवस्था असाध्यै कम्जोर भइसक्दा पनि उनको मनोबल भने हारेको थिएन ।'

कमरेड विजयलाई थाहा थियो, त्यसबेला 'एयरपोर्ट आक्रमणबाट फर्किएको टोलीसँग राम्रो डक्टरको टिम थियो । उसले सो टोलीमा भएको चिकित्सकलाई बोलाउन भने ।' त्यतिबेलै ऊ फेरि बेहोस भएछ । यस बीचमा उनी होसमा आउने जानेक्रम निरन्तर चउिलरहेको थियो । त्यतिबेला विजयलाई धीरणसँग भेट भएको, प्रशान्त र रविनले बोकेको र उपचारका लागि डाक्टरले पट्टी बाँधिदिएकोसम्म थाहा छ । त्यसपछि के भयो विजयलाई थाहा भएन । खै कति समय पछि ऊ होसमा आएछ ।

त्यसबेला उनको आँखा पूरै पट्टीले ढाकिएको थियो । देख्न सक्नु केही थिएन । टाउको दुखिरहेको थियो । यस्तै अवस्थामा उनले सोधे, 'को हुनुहुन्छ ?' त्यहाँ महिला बोलिन् । दाइ म रक्षा । अरू कमरेडहरु सबैले विजयलाई त्यँही छाडेर हिंडेछन् । सायद अब बाँच्दैन भन्ने कमेडहरुको निष्कर्षअनुसार नै विजयलाई कमरेड रक्षाको जिम्मा लगाएर छाडेको रहेछ । कमरेड विजयले सोधे खोई अरू कमरेडहरू ? रक्षाले भनिन्, 'दाजु अरू सबै फर्किसके ।' विजयले भने, 'वरपर हेर त कोही छन् कि ?' रक्षाले मेनुका भर्दै गरेको बताइन् । उनले मेनुकालाई बोलाउन भने । त्यसपछि दुई बहिनीहरूले सकिनसकी पिठ्युँमा बोकेर तल सोलुखोलासम्म पुऱ्याए । त्यहाँ कमरेड राजेन्द्रको टिमसँग भेट भएपछि तामाखानी हुँदै सुरक्षित स्थानतर्फ लगे ।

तामाखानी पुग्दा आकाशबाट सेनाको हेलिकप्टरले सर्च गर्न शुरू गरिसकेको थियो । त्यहाँ संयोगवश प्लाटुन कमाण्डर कमरेड धिरण र आफ्नै प्लाटुनसँग भेट भयो । विजयलाई पोथ्रामुनी लुकाउथे अनि हेली साइड लागेपछि जसमाने भञ्ज्याङ हुँदै पिके पहाड कटाएर ङवर गुम्वामा पुऱ्याए । यसबीचमा हेलीबाट ठाउँठाउँमा सेना झारेर रूट बन्द गरिसकेको थियो । त्यतिबेलासम्म विजयको स्थिति गम्भीर बनिसकेको थियो ।

दाँत बाँधिएकाले केही पनि खान नसक्ने अवस्था थियो । अनुहारमा ठूलो र गहिरो घाउ सहित नाक छियाछिया भएकोले त्यहीबाट सबै रगत घाँटीमा पुग्थ्यो । उसले त्यो रगत निली दिन्थ्यो । त्यही रगतले कमरेड विजयलाई खानाको काम गर्‍यो । त्यसैले उनलाई बाँच्ने तागत मिलेको थियो । एक्कासी विजयको शरिरले स्लाइन पानी पनि लिन सकेन । हातखुट्टामा नशा जहाँजहाँ देखिन्छ, त्यहीत्यही घोचेर धेरै प्रयत्न गरेपछि डाक्टर सुनिलले स्लाइन चढाउन सफल हुनुभयो । जब स्लाइन चढ्यो तब सबै कमरेडहरू खुशी भए । विजयलाई पनि अब चाहिँ बाँच्छु भन्ने लाग्यो ।

विजयको सुरक्षार्थ १ सेक्शन जनमुक्तिसेनाको टोली र उपचारको लागि डक्टर सुनीललाई जिम्मा दिएको थियो । साँझपख त्यस टोलीले कहिले स्टेचरमा कहिले डोकोमा बोक्दै विजयलाई पिके पहाडतिर लग्यो । बाटोमा विजयलाई पानी खान मन लाग्यो । डाक्टर सुनीलले बोकेको तुम्लेटको पानी विजयलाई पिलाउन खोजे । तर विजयको मुखमा पानी झरेन । सबै जना छक्क परे । पछि थाहा भयो, तुम्लेटको पानी बरफ भइसकेको रहेछ । हिउँ पग्लिएर चिप्लो बनेको बाटो, भोकप्यास र अनिदो अनि युद्धमोर्चाको थकाइको बावजुत विजयलाई रातभरिको कष्टकर यात्रा पश्चात उक्त टोलीले चौंरी गोठमा पुर्‍याएको थियो ।

त्यस दिनदेखि विजयको बेहोस हुने क्रम रोकियो । ३ दिनसम्म अनुहारमा बाँधिएको पट्टी नखोलेको कारण घाउबाट रगत बग्न छाडी सकेको थियो । बिस्तारै उसले पानी र केही चम्चा भातको माड पिउन थालिसकेका थिए । पट्टी खोलेर पहिलो पटक ड्रेसिङ गरियो । घाउ पाक्न थालिसकेको हुँदा चाँडो अप्रेसन गर्नुपर्ने आवश्यकता थियो । तर सोल्लेरी आक्रमणकै भोलिपल्ट २०५८ मङ्सीर ११ गते तात्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा सरकारले सङ्कटकाल लागू गरी शाही सेना परिचालन गरिसकेका थिए ।

सुरक्षा चुनौतीका बावजुत रातको मौका छोपी उनलाई रामेछापको भुजी भन्ने गाउँमा पुर्‍याए । त्यहाँ विजयलगायत अन्य घाइतेहरूलाई १०/१२ दिन

सुरक्षित किसिमले राखियो । उनलाई उपचारको निम्ती भारत लैजान रूट र सम्पर्कस्रोत तयार गर्न निकै हम्मेहम्मे परेको थियो । सङ्कटकालमा घाइतेहरूलाई मधेश कटाएर उपचारको लागि भारत लैजाने विषय सजिलो थिएन । यही जटिलताको कारण मङ्सिरमा घाइते बनेका विजय माघसम्म पनि नेपालमै विभिन्न ठाउँहरूमा सेल्टरलिँदै घुमिरहे । माघको अत्यतिर बल्ल उपचारका लागि विजय र पश्चिम रूकुम मैकोटका कमरेड शक्तिलाई वीरगञ्ज रक्सौल हुँदै भारतको मोतीहारी पुऱ्याए । तर त्यहाँ कमरेड शक्तिको उपचार भए पनि विजयको भने सम्भव भएन । त्यसपछि उनलाई उपचारका लागि पार्टीको प्रवास कमिटीले लखनउ पुऱ्यायो । त्यहाँ डाक्टरले उपचार गर्न सक्ने बताएपछि माघ २४ गतेबाट विजयको उपचार त्यही सुरू भयो ।

तीन महिनाको अन्तरालमा दुई पटकको अपरेशन पछि पुनः ६ महिनामा तेस्रो अपरेशनको लागि आउने गरी विजयलाई डाक्टरले डिस्चार्ज थियो । त्यतिबेला उनको नाक सहित आधा भाग भत्किएको अनुहार बाह्य शुन्दरताको दृष्टिले अनौठो देखिन्थ्यो । दुश्मनले अनुमान लगाउन गारो थिएन कि यो माओवादीको घाइते लडाकु हो भनेर ।

त्यस्तो अवस्थामा नेपाल फर्कनका लागि प्रवास पार्टीले खडा गरेको सम्पर्क पोष्टमा गई बस्यो । उनको साथमा उपचार सहयोगीको रूपमा रूकुमका कमरेड नवीन थिए । त्यो पोष्टबाट उनीहरू अपरान्ह ४:३० बजे रेल चढ्न निस्किए । करिव ५:३० तिर पोष्टमा छापा मारी पहिलो पटक नेपालको सात–आठ जना माओवादीलाई भारतीय सुरक्षाकर्मीले गिरफ्तार गरे । संयोगवश विजय र नवीन त्यहाँबाट बचे ।

त्यसपछि उनीहरू त्यहाँको पार्टीसँग पूरै सम्पर्क विहीन बने । अलमल्लमा परेका उनीहरू विजयलाई रक्सौलसम्म ल्याइदिने र त्यसपछि नवीन लखनौ–दिल्ली हुँदै रूकुम फर्किने सल्लाह गरे । उनीहरू रेल चढेर रक्सौल आए । त्यही एक रात बसे । विहान खर्चबर्च मिलाएर लामो समयसाथै बसेका

कमरेड मध्य एकजना रूकुम र अर्को भोजपुर पुग्छन् पुग्दैनन् कुनै ठेगान थिएन । त्यसैले जो नेपाल पुगे पनि एक अर्काको बारेमा पार्टीलाई जानकारी गराउने निधो गरे । त्यसपछि विजयलाई रिक्सा चढाएर वीरगञ्ज पठाए अनि नवीन फर्किए ।

ठाउँठाउँमा सेना प्रहरीको चेकपोष्ट भएकोले उनीहरूले सोधखोज गरे भने मेरो बुवा लाहुरे हो । मलाई भर्ती लाग्न बोलाउनु भएको थियो । त्यही सिलसिलामा म बाइक दुरघटनामा परेँ अनि उपचार गरेर फर्किएको भन्छु भन्ने उनले योजना बनाएको थियो । संयोगनै भनौं, विजयले कुनै चेकपोष्टमा पनि त्यो काल्पनिक कथा भन्नै परेन ।

दुई दिन पछि जब विजय घर पुगे । उसले पिंढी टेकी सक्दा पनि उसको बुवा आमाले एकटकले हेरी रहे । यता विजयलाई पनि बावा आमाको सामुन्ने निशव्द भए । अनायसै सबैको आखाँ रसाएर आँशु बगेछ, जुन सायद हर्षको आशु थियो । विजय केही दिन बावा आमासँग घरमै बसी सकेपछि पार्टीका कमरेडहरू उसलाई लिन आएछन् । त्यसपछि कमरेडहरूको साथ लागेर उनी फेरि जनयुद्धमा फर्किए ।

## पुनः फौजी मोर्चाको कमाण्ड

शारीरिक रूपमा कमजोर भएपनि विजयको आत्मबल घटेको थिएन । फौजी कौशलता त उनसँग छँदैथियो । हत्या, दमन, यातना र आफू घाइते भएको बदला लिने अठोट लिएर विजय आफैँले नेत्रृत्व गरी २०६० साल फागुन ६ गते भोजपुर सदरमुकामबाट गस्ती गर्न निस्किएको सेना प्रहरीको युनिफाइड सुरक्षा टोलीलाई हेलौंछाको बेतेनी भन्ने जङ्गलमा एम्वुश कारवाहीमा सान्दार सफलता प्राप्त गरे । त्यस कारवाहीमा २ जना सुरक्षाकर्मीहरूको घटनास्थलमै मृत्यु भयो ३ जना गम्भीर घाइते भएको थियो । यो सफलता विजयको सङ्घर्षमय जीवनमा सबैभन्दा ठूलो खुशीको क्षण बन्यो साथै आफू साँच्चैको विजय भएको महशुस गरें ।

### सांगितीक मोर्चादेखि खुल्ला राजनीतिसम्म

सानैदेखि सङ्गित क्षेत्रमा रूची राख्ने भएकोले २०६० बाट शिलीचुङ साँस्कृतिक परिवार, चोमोलुङ्मा साँस्कृतिक परिवार र सुखानी साँस्कृतिक परिवार हुँदै केन्द्रीय टोली सामना साँस्कृतिक परिवारको उनले नेत्रृत्व गरे । माओवादी साँस्कृतिक आन्दोलनमा पनि उनले महत्वपूर्ण योगदान गरेका छन् । कमरेड विजयले २०६० साउनमा तेहरूथुमकी सुशीला कन्दङ्वा कमरेड वर्षासँग जनवादी विवाह पद्धतिबाट वैबाहिक जीवनमा बाँधिनएका छन् । कमरेड सुशीला पनि बगाले हत्याकाण्डमा घाइते भएकी थिइन् । वहाँहरूको एक छोरा जोयल साम्पाङ रहेका छन् ।

माओवादी पार्टी विभाजन र एकताको भयावह परिस्थिति व्यहोर्दै आएका उनी क्रान्तिकारी माओवादी पार्टीका पोलिट ब्युरो सदस्य, नेकपा माओवादी केन्द्रको पनि सोही जिम्मेवारी हुँदै यतिबेला कमरेड विजय दुई ठूला कम्युनिष्ट पार्टीहरूको एकता पश्चात नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को १ नम्बर प्रदेश कमिटी सदस्य, झापा जिल्ला कमिटीका सचिव तथा घाइते योद्धा प्रतिष्ठान १ नम्बर प्रदेशको अध्यक्ष रहेका छन् ।

नेपाली कम्युनिष्ट आन्दोलनका एक सङ्घर्षशील योद्धा कमरेड विजय भन्छन्, 'अबको कम्युनिष्ट पार्टी र सरकारले महान सहिदहरूको सार्थक तुल्याउन विभेद र अन्यायलाई अन्त्य गर्दै समानता र सामाजिक न्याय सहितको विकास र समृद्धी मार्फत समाजवादको यात्रा तया गर्नु पर्दछ । ताकी जहाँ अब उत्पीडन र असमानता विरूद्ध विगतमा जसरी हतियार उठाउन नपरोस् !'

●●●

*-प्रस्तुती लीलाराज झापाली*

# जनसेवामा तल्लीन घाइते

*'शारीरिक अवस्था साह्रै कमजोर थियो । तैपनि पार्टीको जिम्मेवारीलाई मैंले ग्रहण गर्नुको विकल्प थिएन् । आफैँले सङ्गठित गरेका कमरेडहरूलाई नेता मानेर क्रान्तिमा निरन्तर लागैँ ।'*

*–कमरेड मिक्सो*



*हर्कबहादुर नेम्बाङ*
*कमरेड मिक्सो*

पाँचथर सदरमुकाम फिदिम रहुन् वा बाहिर, हर्कबहादुर नेम्बाङलाई दैनिक सयौँ फोन आउँछन् । अहिले नेम्बाङलाई विशेषत दुई उद्देश्यले कार्यकर्ताका फोन आइरन्छन् । पहिलो, पार्टी कमिटी र दोस्रो, जिल्लाको विकास निर्माणको बारे । विभिन्न कमिटीहरूमा राखिदिन आग्रह गर्ने, पार्टी सञ्चालन र एकता प्रक्रिया अनि विकास निर्माणको अवस्थाबारे चासो राख्नेदेखि, स्थानीय तह, प्रदेश र सङ्घीय सरकारबाट योजना पारिदिन आग्रह गर्ने हजारौँ कार्यकर्ताहरूले उनलाई फोन गर्ने गर्छन् ।

यसबाहेक आफ्नै दैनिकी सञ्चालनमा सहयोगको अपेक्षा गर्ने कार्यकर्ता पनि छन् । यी सबै कामको दायित्व हर्कबहादुर नेम्बाङभन्दा कमरेड मिक्सोको नाममा धेरै हुन्छ । जनयूद्धको भूमिगत कालमा पार्टी नाम मिक्सो राखेका उनलाई अझसम्म धेरै नेकपाका कार्यकर्ताले हर्कबहादुर नेम्बाङ भनेर चिन्दैनन् । तर कमरेड मिक्सो चाँही सबैको मनमै बसेको नाम हो ।

अरूका लागि दिलोज्यान दिने हर्कबहादुर नेम्बाङ अर्थात कमरेड मिक्सो स्वयम् चाँही खुट्टामा गम्भीर समस्या लिएर बाँचिरहेका छन् । पहिले मोटरसाइकल कुदाउने उनी खुट्टाको भरोसा नहुँदा अहिले स्कुटी कुदाँउछन् । सकभर लामो बाटो चार पाङ्ग्रे सवारीमै हिँड्न चाहन्छन् । दैनिक एक/दुई घण्टाभन्दा बढी समय हिँडडुल गर्न समस्या हुन्छ । जनयूद्धको समयमा ओखलढुङ्गा आक्रमण गर्दा उनको देब्रे खुट्टामा दुश्मनको गोली लागेको हो ।

कमरेड मिक्सो नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का प्रदेश कमिटी सदस्य हुन् । विगतमा उनी नेकपा (माओवादी केन्द्र) पाँचथरको इन्चार्ज थिए । माओवादी विभाजन हुँदा मोहन वैद्य नेतृत्वको नेकपा-माओवादीको लिम्बुवान राज्य समितिको सचिव भए । उनी पाँचथरको अतिरिक्त जनयुद्ध र शान्ति प्रक्रियाको प्रारम्भ ताका तत्कालीन माओवादीको तेह्रथुम र धनकुटा जिल्लाको इन्चार्ज भए ।

पाँचथरका अतिरिक्त ती जिल्लाको नेतृत्व गरेर उनले वैचारिक बहसमा कार्यकर्तालाई एकढिक्का राखेको, सङ्गठन सुदृढ र चलायमान बनाएको, विद्रोहलाई सशक्त बनाएको भनेर नेताहरू धेरै प्रशंसा गर्ने गर्छन् । कार्यकर्ताको माया पनि उत्तिकै छ ।

प्राय: कार्यकर्ताले अझै पनि उनलाई धेरै कुरा सोध्छन् । सुझाव लिनेको सङ्ख्या समेत उल्लेख्य छ । यसैको चाप नेम्बाङमा परेको छ । जनता र पार्टी नेता कार्यकर्ताको साथ पाए पनि नेम्बाङलाई स्वास्थ्यले भने साथ दिएको छैन् । खुट्टाको समस्याका कारण उनले जति

सकिन्छ सक्रियता घटाउनु पर्ने हुन्छ । तर उल्टो उनको सक्रियता बढ्नुपर्ने कार्यकर्ताको माग छ ।

### जहाँ लाग्यो त्यहाँ सफल

फौजी होस् वा राजनीतिक जुनसुकै मोर्चामा नेम्बाङ सधैँ सफल भएको उनले प्राप्त गरेका जिम्मेवारीहरूबाट देखिन्छ । २०५८ साउनमा तत्कालीन विद्रोही माओवादीको पूर्णकालीन सदस्य भएका नेम्बाङले पार्टी एरिया सदस्यको जिम्मेवारी पाए । लगत्तै जनमुक्ति सेनामा खटिए र सेक्सन भीसी भए । त्यसको पाँच महिना पछि उनी सेक्सन कमाण्डर भए ।

२०५८ मा सेक्सन कमाण्डर भएका उनी सोही सालको चैतमा पूर्वी कमाण्ड २ नं. कम्पनीअन्तर्गत प्लाटुन भीसी भए । २०५९ असारमा उनी प्लाटुन कमाण्डर भए भने २०५९ असोजबाट मेची–कोशी ब्युरो कम्पनी भीसी भए । तर, जिम्मेवारी सम्हाल्न नपाउँदै उनी गम्भीर घाइते भए । ओखलढुङ्गाको रूम्जाटार विमानस्थल आक्रमणमा गम्भीर घाइते भएका उनले झण्डै एक वर्ष जीवन/मरणको घाइते जीवन बिताउनुपर्‍यो ।

नेपाल र भारतका विभिन्न स्थानमा डेढ वर्ष उपचार गराएर सामान्य रूपमा स्वस्थ भएका उनी २०६० मा माओवादीको जिल्ला कमिटी सदस्य हुँदै पार्टी जिम्मेवारीमा जोडिए । त्यसअघि हतियार बनाउने समूहमा राखिए पनि उनी पार्टी राजनीतिमै आवश्यक रहेको ठान्दै जिल्ला ल्याइयो । जिल्ला कमिटी सदस्य र एरिया सेक्रेटरी बनेका उनी केही महिनामै एरिया इन्चार्ज, क्षेत्र नं. १ इन्चार्ज, हुँदै जिल्ला सेक्रेटरी भए ।

केही दिन जिल्ला सेक्रेटरी बनेका उनलाई २०६१ बाट जिल्ला इन्चार्ज बनाइयो । त्यसपछि उनी २०७५ सम्म जिल्ला र जिल्लाभन्दा माथिल्ला जिम्मेवारीमा रहे । मोहन वैद्य नेतृत्वको तत्कालीन क्रान्तिकारी माओवादी र माओवादी केन्द्रको पोलिटब्युरो सदस्य बनेका नेम्बाङ पार्टीले दिएका सबै जिम्मेवारीलाई आफूले सधैँ शीरोधार्य गरेर पूरा गर्ने प्रयत्न गरेको सुनाउँछन् ।

## जीवन मरणको सङ्घर्ष

जनयुद्ध उत्कर्षमा पुगेका बेला २०५९ कात्तिक १६ गते माओवादीले ओखलढुङ्गाको रूम्जाटार विमानस्थलमा आक्रमण गर्ने योजना बनायो । आक्रमणका लागि दुई वटा एसल्ट थिए, एउटाको नेतृत्व नेम्बाङले गरेका थिए । दक्षिण तर्फबाट नेम्बाङ नेतृत्वको एसल्ट अघि बढ्यो ।

बाहिरी घेरा पन्साएर सैनिक क्याम्पको मुख्य बङ्करमा आक्रमण गर्दा नेम्बाङको नेतृत्वका चार जना लडाकु घाइते भए । उनीहरूलाई उद्धार गर्ने क्रममा नेम्बाङको देब्रे खुट्टामा गोली लाग्यो । उनी त्यहीँ ढले । उनी सहित अन्य घाइतेहरूलाई तत्कालै सहयोद्धाहरूले उद्धार गरे । भोली पल्ट स्टेचरमा दुर्गम गाँउमा हिँडाउदै गर्दा नेम्बाङको होस् खुल्यो ।

सोहीबेला उनीहरूलाई सैनिक हेलिकप्टरले आक्रमणको प्रयास गरिरहेको थियो । घाइतेहरूको प्राथमिक उपचार गर्दै सेल्टर सार्दै हिँडाउने क्रम जारी थियो । यसैक्रममा एकदिन उनीहरू झण्डै शाही सेनाको कब्जामा पुगे । बिरामी बोकेर हिँडेको टोली सैनिक गस्ती नजिकै पुगेको थियो ।

'यो थाहा पाएपछि सबै जना मर्नुभन्दा हामीलाई छोडिदिनुस्, हामी यसै मर्न लागेकै छौँ, तपाइँहरू भागेर ज्यान बचाउँनुस्, क्रान्तिलाई निरन्तरता दिनुस् भनेर कमरेडहरूलाई अनुरोध गरेँ' नेम्बाङ सम्झन्छन् 'तर स्थानीयवासी समेतको सहयोगमा कमरेडहरूले हामीलाई सुरक्षित गरेर छोड्नुभयो र बाँचियो ।' माओवादीलाई सरण दिएको वा भगाएको आरोपमा सेनाले स्थानीय माथि चरम दमन गरेको सुनिएको नेम्बाङ स्मरण गर्छन् ।

१५ दिनपछि उनी सहित अर्का घाइते कमल माझीलाई उपचारका लागि भारतको सीतामणी पुऱ्याइयो । सीतामणीमा प्राथमिक उपचारपछि दरभङ्गामा क्लिनिकमा राखियो । त्यही बेला भारतीय सुरक्षाकर्मीले नेपाली माओवादी माथि ब्यापक धरपकड तथा दमन गर्ने नीति लियो । 'क्लिनिकमा उपचार गर्न सम्भव भएन् । हाम्रा कमरेडहरूले हामी दुई जना घाइतेहरूलाई एउटा

गेष्टहाउसको कोठा भाडामा लिएर राखेर गए । उनीहरू दुई दिनसम्म फर्किएनन् । गेष्टहाउस मालिकले हाम्रो कोठा भाडामा भएकाले खोलेन' नेम्बाङ सम्झन्छन् । भोकभोकै रहेको, दिसा पिसाब लडेकै ठाँउमा हुने, खुट्टाको हड्डी बाहिर निस्किएको, मासु पाकेको र अत्यधिक गर्मीलगायत कारणले उनीहरूले त्यहाँ ठूलै कष्ट ब्यहोर्नु पऱ्यो । त्यहाँ उनीहरूलाई राखेर हिंड्ने मध्ये एक जना माओवादी कार्यकर्ता भाग्न सफल भए । अरू सबै पक्राउ परे ।

त्यसपछि उनीहरूलाई उपचारका लागि पट्ना पुऱ्याइयो । नेम्बाङ र माझीको दिसा पिसाब गराउनेदेखि उपचारको सम्पूर्ण प्रवन्ध मिलाउने ब्यक्ति थिए सर्लाहीका रामत्रिपाल यादव । नेम्बाङको शरीरमा रगत अत्यन्तै कम भएको पाइएपछि उनलाई २० पाउण्ड रगत लगाइयो । यसका लागि तीन महिना समय लाग्यो । अरू तीन महिनामा खुट्टामा चार ठाँउ शल्यक्रिया गरेर खुट्टा केही सामान्य अवस्थामा ल्याइयो ।

तर त्यहि समयमा पुनः ब्यापक धरपकड भयो । माओवादीका तत्कालीन केन्द्रीय सदस्यद्वय कमरेड सुरेश आलेमगर र कुलप्रसाद केसी कमरेड सोनाम पट्नामै पक्राउ परे । मोहन वैद्य कमरेड किरण सिलिगुढीमा पक्राउ परे । यसपछि उनीहरूलाई क्लिनिकले उपचार गर्न नसक्ने जनाउ दियो र क्लिनिकबाट निकालियो । अन्ततः नेम्बाङ सहित तीन जना नेपाल फर्कने निश्कर्षमा पुगे ।

जतिबेला नेपाल आउन लागेका थिए, उनीहरूसँग पैसा थिएन्, पार्टीसँग सम्पर्क थिएन् । नेम्बाङले महिनौंदेखि पार्टीबाट प्राप्त भारू १ हजार ५ सय लुकाएका थिए । त्यही पैसाले सर्लाहीसम्म आइपुगे । गाडी चढ्न नमिल्ने भएकाले साना गाडी, गोरूगाढा चढेर कष्टपूर्ण रूपमा उनीहरू सर्लाही आए ।

त्यहि बेला नेपालमा दोस्रो चरणको सरकार–माओवादी शान्ति बार्ता चलिरहेको थियो । नेम्बाङको काठमाडौंको जोरपाटी मेडिकल कलेजमा उपचार भयो । यसपछि उनी बैशाखी टेकेर हिंड्न सक्ने भए । सहयोगी यादवकै इशारामा उनी सर्लाहीमा आए र चुरे क्षेत्रमा बसे । 'त्यहाँका जनताको माया र त्यहाँका

कामरेडहरूको माया र श्रद्धा कहिल्यै भुल्न सक्दिन् । मेरो इच्छा छ एक दिन त्यहाँ पुग्नेछु । उहाँहरूलाई भेट्नेछु' नेम्बाङ भन्छन् ।

एक वर्षभन्दा बढी समयसँगै रहेका माझी र यादवलाई छोडेर नेम्बाङ पूर्व आए । युद्धविराम सकिन लाग्दा पाँचथरमा आई उनी सेनामै जोडिए । तन्दुरूस्त थिएनन्, बैशाखी टेकेर हिँड्थे । उनी डेढ वर्षपछि पाँचथर आइपुगेका थिए । युद्धविराम बाँकी नै छँदा पाँचथरको आङसराङको मेहेलबोटेमा सुरक्षाकर्मीद्वारा निहत्था माओवादी कार्यकर्ता र जनमुक्ति सेनाको हत्या गऱ्यो ।

नेम्बाङ नजिकै यासोकको खाल्डेमा थिए । युद्धविराम भङ्ग भएपछि उनलाई हतियार बनाउने टिममा पठाइयो । उनले बैशाखी छाडेका थिएनन् । ताप्लेजुङका विभिन्न गाँउमा केही समय बसे । तर पार्टीले नेम्बाङलाई पाँचथरकै सङ्गठनमा जिम्मेवारी दिनु पर्ने निश्कर्ष निकाल्दै जिल्ला बोलायो ।

## आफैँद्वारा सङ्गठित कमरेडहरू नेता

जब उनी पाँचथर आए, उनैले सङ्गठित गरेका कमरेडहरूलाई नेता मान्नुपऱ्यो । 'शारीरिक अवस्था साह्रै कमजोर थियो । तैपनि पार्टीको जिम्मेवारीलाई मैंले ग्रहण गर्नुको विकल्प थिएन् । आफैँले सङ्गठित गरेका कमरेडहरूलाई नेता मानेर क्रान्तिमा निरन्तर लागेँ' नेम्बाङ भन्छन् 'ब्यक्तिगत हिसाबमा त अप्ठ्यारो हुन्थ्यो नै तर त्यो पार्टीको मूल्याङ्कन र जिम्मेवारी थियो यसैले मैंले पार्टीको निर्णयलाई अन्यथा ठानिंन ।'

सुरूमा नेम्बाङलाई जिल्ला कमिटीको सदस्य र एरिया सेक्रेटरी बनाइयो । तर, उनको सक्रियता र क्षमताले कुनै पनि पदमा लामो समय रहनु परेन । लगत्तै एरिया इन्चार्ज, केही महिनामै जिल्ला सेक्रेटरी र जिल्ला सेक्रेटरी भएको १५ दिनमै जिल्ला इन्चार्ज बनाइयो । 'एक त सङ्गठन उठ्न सकेको थिएन् । अर्को जनमुक्ति सेनाका कमरेडहरूले मलाई जिम्मेवारी दिनुपर्छ भने स्वतस्फुर्त दबाव दिए' नेम्बाङले भने ।

## सहयोगी कमरेड शाहदत हुँदाको पीडा

नेम्बाङ र कमल माझी घाइते रहँदा एक वर्षभन्दा बढी समय नुहाइदिने, कपडा धोइदिने, दिसा पिसाब गराउने अनि खाने बस्ने कुराको प्रवन्ध गर्ने ब्यक्ति थिए सर्लाहीका कमरेड रामत्रिपाल यादव । उनीहरूको उपचारपछि जिल्लामै पार्टीमा जोडिएका उनको मृत्युको खबरले नेम्बाङलाई असाध्यै पीडा दियो । 'हामीलाई निसंकोच त्यतिधरै सहयोग गर्ने मान्छेको शाहदतले म साह्रै मर्माहत भएँ' नेम्बाङ भन्छन् 'उनको मानवीयता, सहयोगी भावना र महानता जीवनभर बिर्सन सक्दिंन ।'

## सङ्गठन निर्माणको जिम्मेवारी

राजनीतिक रूपमा उनी निरन्तर छलाङ मार्दै नेतृत्वमा आइपुगे । सामूहिक नेतृत्वमा विश्वास गरे, अरू नेता कार्यकर्तालाई उत्तिकै जिम्मेवार बनाए । पाँचथरका धेरै स्थान माओवादीका आधार इलाकाको रूपमा तयार हुँदै जाँदा छिमेकी जिल्ला तेह्रथुमको अवस्था निक्कै नाजुक थियो । त्यतिबेला विद्रोही माओवादीमा अध्यक्ष प्रचण्ड र बरिष्ठ नेता बाबुराम भट्टराई पक्षबीच तीब्र दुइलाइन सङ्घर्ष थियो ।

तेह्रथुममा लाइन सङ्घर्ष अत्यन्तै पेचिलो भएपछि एकले अर्को पक्षलाई बहिष्कार र निषेध गर्ने अवस्था आएको थियो । त्यही बेला नेम्बाङलाई पाँचथरबाट तेह्रथुम इन्चार्ज बनाइयो । 'तेह्रथुममा जम्मा छ महिना काम गरेँ । अन्तरसङ्घर्ष शून्यमा झारेँ । बहस भए पनि पार्टी कमिटीमा समस्या देखिएन् । पार्टीले अपेक्षा गरेअनुसार सङ्गठनको सहि ब्यवस्थापन, सङ्गठन निर्माणमा त्यहाँ मैंले ठूलै लगानी गरेँ । सफल पनि भएँ' नेम्बाङले दावी गरे ।

यसपछि उनलाई धनकुटा पुऱ्याइयो । त्यहाँ सङ्गठन अत्यन्तै कमजोर भएको, नेतृत्वको अभाव भएको, जनमुक्ति सेना उत्पादनको अवस्था कमजोर रहेका कारण नेम्बाङलाई जिम्मेवारी दिइयो । 'धनकुटाका कमरेडहरू चाँही साह्रै जागरूक हुनुहुन्थ्यो । मलाई फुल्ली सहयोग गर्नुभयो । त्यहाँ पार्टी

एकदमै राम्रो बनेर गयो' नेम्बाङले सम्झे । शान्ति प्रक्रियाको सुरूआत हुँदा उनी धनकुटा जिल्ला इन्चार्ज नै थिए । शान्ति प्रक्रियापछि उनले सङ्गठनका अतिरिक्त सामाजिक, आर्थिक, वौद्धिक हिसाबले प्रवुद्ध मानिसहरूसँग घनिष्ठ सम्बन्ध बनाए, उनीहरूलाई माओवादीमा जोडे । माओवादीका जनमुखी र अग्रगामी एजेण्डाहरूलाई ब्यापक रूपमा प्रचार-प्रसार गर्न खटिए । 'शान्ति प्रक्रियामा आएपछि साह्रै दरिलो सङ्गठन बनाउने प्रयत्न गरियो र सफल भइयो । त्यसैका आधारमा हामीले पूर्वी पहाडमा अन्यत्र चुनाव नजिते पनि धनकुटामा पहिलो संविधानसभाको निर्वाचनमा विजय हाँसिल गरियो' नेम्बाङ सम्झन्छन् ।

२०६४ मा पाँचथरको जिल्ला इन्चार्जको रूपमा आएपछि नेम्बाङ अविच्छिन्न माओवादीको मुल खम्बाको रूपमा रहे । त्यसको परिणाम माओवादी विभाजनमा समेत देखियो । उनी मोहन वैद्य नेतृत्वको नेकपा–माओवादीमा लाग्दा माओवादीको ठूलो हिस्सा उतैतिर गयो । त्यसले दोस्रो संविधानसभाको निर्वाचनमा असर पार्‍यो । पछि उनी रामबहादुर थापा कमरेड वादलको नेत्रृत्वमा माओवादी एकता पक्षधर भएर माओवादी केन्द्रमा आए । त्यत्तिखेर पनि उनीसँग धेरै कार्यकर्ताहरू फर्किए ।

उनी सहितका नेताहरूको प्रभावस्वरूप पाँचथरबाट नेत्रविक्रम चन्द नेतृत्वको समूहमा जिल्ला तहका कुनै पनि नेता ध्रुविकृत भएनन् । गत स्थानीय तह निर्वाचनमा पनि यसैको प्रभाव पर्‍यो । पाँचथरमा माओवादी केन्द्रले एक स्थानीय तह र आठ वटा वडामा प्रमुख पदमा विजय हाँसिल गर्‍यो । १४ वटा वडामा मुख्य प्रतिस्पर्धी भयो । दुई स्थानीय तहमा झिनो मतान्तरले पराजित भयो ।

## घाइते योद्धामा डिप्रेसन

जिल्लाका दर्जनौं घाइते, अपाङ्ग लडाकु उनको नियमित सम्पर्कमा छन् । तर कयौं पटक कुरा उठाँउदा पनि पार्टीले समस्या हल गर्न चासो नदिएको

उनीहरूको गुनासोले नेम्बाङ समेत खिन्न छन् । 'घाइते योद्धा कमरेडहरूको उपचार, भरणपोषण र दीर्घकालीन व्यवस्थापन गर्ने सरकारी प्रवन्ध हुनुपर्थ्यो । हामीले सधैँ यही कुरा बोकेर हिँडिरहे पनि केन्द्रले चासो दिएको छैन' नेम्बाङले भने 'धेरै कमरेडहरूमा डिप्रेसन नै हुन लागेको छ ।' उनी सरकारले अविलम्ब घाइते तथा अपाङ्का लागि ठोस् कार्यक्रम अघि सार्नुपर्ने माग गरिरहेका छन् । 'यहि ब्यवस्था ल्याउनु हामी लड्यौँ । घाइते भयौँ, अझै सरकारले बेवास्ता गर्ने कुरा त ठीक भएन् नि' नेम्बाङले थपे ।

## विवाहमा प्रतिकात्मक विद्रोह

पाँचथरको साविक लुङरूपा गाविसको फेजुङमा २०३७ मा गंगाप्रसाद नेम्बाङ र पृथिमाया नेम्बाङको कान्छो छोराको रूपमा जन्मेका नेम्बाङ काठमाडौँको आरआर क्याम्पसमा पढ्दैगर्दा माओवादीमा पूर्णकालिन भएका थिए । २०५७ मै उनी माओवादी सम्पर्कमा पुगेर सहयोग पुऱ्याउँदै आएका थिए । नेम्बाङको विवाह विद्रोहको प्रतीकको रूपमा रह्यो ।

नेम्बाङ तेह्रथुम जिल्लाको इन्चार्ज रहेका बेला २०६२ मा जिल्ला कमिटीकै सदस्य एवम् इलाका इन्चार्ज रहेको रमुना लकान्द्री कमरेड प्रगतिसँग उनीहरूको जनवादी विवाह भयो । उनीहरूले आफैँले एक अर्कालाई मन पराएर विवाह गर्ने निधो गरेका थिए । दलित समुदायकी रमुनासँग विवाह गर्ने नेम्बाङको त्यो कदमलाई धेरैले विद्रोहको प्रतीकको रूपमा लिने गर्दछन् । उनीहरूका दुई छोरी र एक छोरा छन् ।

## जनताको सेवा प्रधान

नेम्बाङको देब्रे खुट्टा दायाँ भन्दा तीन इन्च छोटो छ । खुट्टाको नलीहाड पूरै भताभुङ्ग भएका कारण अझै पनि नियमित उपचार र जाँच गराउनु पर्छ । अघि नै भनियो उनी लामो समय हिँड्न, उभिन सक्दैनन् । खुट्टा सुन्निई रहन्छ । आफैँ अरूको समस्या हल गर्ने निकायमा रहेका उनले कैयौँ

कार्यकर्ताहरूको उपचारको प्रवन्ध मिलाए । कतिलाई ब्यवसायमा जोडे, कतिलाई रोजगारीमा । धेरैलाई पार्टीमा सक्रिय हुने वातावरण मिलाइदिए । तर नेम्बाङ आफैँ भने राजनीतिक रूपमा उपेक्षामा परेका छन् ।

उनी गत सङ्घीय निर्वाचनमा प्रदेश सभा सदस्यका उम्मेद्वार बन्न चाहन्थे । पार्टीले टिकट दिए पनि गठबन्धन बनेपछि उनको टिकट खोसियो । पछि पार्टी केन्द्रीय सदस्य वा जिल्ला अध्यक्ष बन्न चाहन्थे । उनीभन्दा जुनियर नेताहरू केन्द्रीय सदस्य भए, साविकको पार्टी संयोजकलाई अध्यक्ष वा सचिव बनाउने पूर्व माओवादी केन्द्रको निर्णयले उनी जिम्मेवारीविहीन बनाइए । तर नेम्बाङप्रति कार्यकर्ताको आशा र भरोसा उत्तिकै छ भन्ने कुरा उनको सक्रियताले स्वतः पुष्टी गर्छ ।

'आफूले सोचेको जिम्मेवारी नपाउँदा निराशा पैदा हुनु सामान्य कुरा हो । तर त्यो क्षणिक हो, सामान्य कुरा हो' नेम्बाङले भने 'मुख्य कुरा आन्दोलन हो, क्रान्ति हो, जनताको सेवा हो, पार्टी कार्यदिशा लागू गराउने सवाल हो ।' जिम्मेवारी पाउनेहरू कमजोर नभए पनि आफूले पाँउदा बढी न्यायोचित हुन्थ्यो कि भन्ने मात्रै आफ्नो तर्क रहेको नेम्बाङ सुनाउँछन् । उनले थपे 'यो निरन्तर प्रक्रिया हो । हामीलाई पार्टी, नेता र जनताले निरन्तर मूल्याङ्कन गरिरहेकै हुन्छ । हामीले पूरा गुर्न पर्ने ऐतिहासिक कार्यभार र निर्वाह गर्नु पर्ने जिम्मेवारीहरू अझै धेरै छन् ।'

•••

*–प्रस्तुती रवीन्द्र काफ्ले*

# जनयुद्धका जीवन्त गाथा

*'राज्यपक्षका सुरक्षाकर्मीहरू केवल जागीर खाइरहेका थिए भने जनमुक्ति सेनाहरू मुक्ति, समानता र न्यायको लागि बलीदानीपूर्ण जीवन-मरणको युद्ध लडी रहेका थिए ।'*

*-कमरेड पृथ्वी*



*देवान किराती*
*कमरेड पृथ्वी*

भूमिगत मूलधारबाट राजनीतिक लाइन लिनु भएका खोटाङ जिल्लाको साबिक चिप्रिङ (हाल खोटेहाङ गाउँपालिका वडा- ५) का देवान चाम्लिङ कमरेड पृथ्वीसँग लडाइँका थुप्रै अनुभव र भोगाइहरू छन् । उनीसँग १० बर्षे शसस्त्र जनयुद्ध ताकाका युद्धमोर्चाका हार-जीतहरू समेटिएका ज्युँदो गाथाहरू धेरै छन् ।

हाल नेकपा खोटाङका अध्यक्ष रहनुभएका चाम्लिङ जनयुद्धका घटनाहरू सुनाउन उति चाख मान्नुहुन्न, 'अहिले युद्धका कुरा गर्दा मंसिरमा बसेर असारको कुरा गरेजस्तो असान्दर्भिक लाग्छ ।' बायाँ पाखुरीको तल्लो भागमा अड्याइएको कृतिम हत्केलो (पन्जा)लाई अर्को हातले मुसार्दै बिस्तारै कुरा

अघि बढाउनुभयो, 'आफैलाई गाड्न आफै गइँती–बेल्चा बोकेर हाँस्दै युद्धमोर्चाहरू लड्यौं । युद्ध कति निमर्म थियो भने, तीनै औजारहरूले साहदात प्राप्त गर्ने कमरेडहरूलाई पुरेर फर्किनु पर्दथ्यो ।' जनयुद्धका क्रममा थुप्रै कमरेडहरूले दुस्मन (राज्यपक्ष)बाट आँखै अगाडि सहिद भएका घटनाहरू उनलाई झलझली यादछ । लडाइको मोर्चामा रहेका सहयोद्धाहरू घाइते हुँदाको पिडाको अनुभूति पनि उनले सुनाए ।

२०३५ मा जन्मेएको चाम्लिङ जनयुद्धमा होमिने क्रममा बम, गोला, बारूदसँग राम्ररी घुलमिल भएको बताउँछन् । २०६१ माघ १९ गत्ते तत्कालिन राजा ज्ञानेन्द्रले गरेको सत्ता 'कु' को देशब्यापी प्रतिरोध कारबाहीको क्रममा उनले भोजपुरमा बायाँ हात गुमाए । कमरेड पृथ्वीको हातमै बम विस्फोट भएको थियो, जसले बायाँ हात गुम्न पुग्यो । यसमा उनी पीडा मिश्रित गर्वानुभूति गर्छन्, 'म अपाङ्ग हुन पुगेँ ! यद्यपि मेरो ५ एसल्टले उक्त सेबोटेज सफल पारेको थियो ।' त्यस समयमा उनी जनकपुर–सगरमाथा क्षेत्रीयब्यूरो भूगोल ब्रिगेडअन्तरगतको कार्य क्षेत्रमा रहेकाथिए । उदयपुरको बासबोटे ईलाकामा रहे पनि तात्कालिन राजाले गरेको 'कु' बिरूद्धमा उत्रन उहाँको टोलीलाई भोजपुर सेबोटेजको जिम्मा दिइएको थियो ।

निधार मुसार्दै बमले हात उडाउँदाको पललाई सम्झिए, 'हात गुम्यो तर होस् गुमाइन । आँखा, टाउको र पेट छेद–बिछेद भएजस्तो लाग्यो ।' उनले ज्यानको भन्दा कर्तव्य बढी ख्याल गरे । 'म मर्नु र बाँच्नुको दोसाँधमा थिएँ । हतार–हतार डम्पिङ गरेको हातहतियार, गोलिगट्ठाहरूको स्थान सहितको विवरण टिपाउन थालेँ । त्यतिबेला धेरै युद्ध सामग्री ड्रमभित्र माटोमा गाडेर सुरक्षित गरिन्थ्यो । त्यसको सबैलाई जानकारी हुँदैनथ्यो । यसकारण अन्य कमरेडहरूलाई यस सम्बन्धी जानकारी गराएँ । किनकि, मेरो लागि गुमेको हात भन्दा हतियार महत्वपूर्ण थियो ।'

उनी सम्झन्छन् 'कमरेडहरूले मलाई सेल्टरसम्म पुऱ्याएको सम्झना छ । मसँगै सेवोटेज कारवाहीमा सहभागी कमरेडहरूले मलाई बचाउन नसकिने

भनिरहेका थिए ।' कमरेड पुथ्वी बेहोस थिए । सहयोद्धा कमरेडहरूले उनको अन्तिम स्वास गएको कसरी हेर्नु होला भन्ने चिन्ता गरिरहेका थिए ।

उनी भन्छन्, 'उक्त घटनापछि सहयोद्धा तथा आफ्नो जीवन सङ्गीनि कमरेड कल्पनाले गरेको आत्मीय साथ र स्याहारलाई श्रद्धाका साथ सम्झना गर्दछु । हामी दुबै २०६७ सम्मसँगै सेनामा काम गऱ्यौं ।' घाइते बनेपछि उनलाई उपचारको लागि भारत लान खोज्दा स्वयम् उनले अस्विकार गरेका थिए । अन्य घाइते कमरेडहरूलाई भारततिर लैजाँदै गर्दा सिराहाबाट सेनाले पक्राउ गरे । यसमध्य भोजपुरकै सुदन किराती कमरेड शीखरलाई गिरफ्तार गरे, जो पछि युद्धबिराम पछि रिहा भए ।

उनले भने, 'सिन्धुली र ओखलढुङगा जिल्लाको विभिन्न स्थानहरूमा दैनिक सेल्टर परिवर्तन गर्दै कमरेडहरूले मलाई सुरक्षित राखे । झण्डै २ महिना पछि मेरो घाउ अलि ठीक भयो ।' बोल्दा बोल्दै एकैछिन रोकिनुहुन्छ अनि लामो सास तानेर भन्नुहुन्छ, 'त्यसपछि अपाङ्ग जीवनको सुरूवात भयो ।' घरमा केही नभनी युद्धमा निस्किएका पृथ्वी धेरैपछि मात्र घर गए । घाइते भएपछि घरपरिवारसँगको पहिलो भेट यसरी सुनाउनुहुन्छ, 'घरबाट सपाङ्ग हिंडेको छोरो ठुटे हात लिएर पुग्दा बाबासँग भेट्न निकै डर लाग्यो ।' उनले भने, 'तर बाबाले पनि राजनैतिक आन्दोलनको मर्म बुझेको हुँदा मैले सोंचे भन्दा उल्टो उनले स्याबास छोरा ! भनेर ढाडस दिए । मेरोजस्तै साहस रहेछ भन्दै देशको लागि रगत बगाएकोमा खुशी भए ।'

त्यस अघि ओखलढुङ्गा रूम्जाटार लडाइमै पनि उनी घाइते भएका थिए । सो मोर्चामा ग्रिनेटले उनको देब्रे तिघ्रा र कम्बरमा चोट लागेको थियो । त्यतिबेला लगाएको तिघ्राको बेरिङ अझै निकालिएको छैन । गोलीको छर्रा दुई आँखाको बीचडाँडी भित्र अझै रहेको उनी सुनाउँ छन् । रूम्जाटार मोर्चामा पनि कमरेड पृथ्वीले महत्वपूर्ण भुमिका निर्वाह गरेका थिए । उक्त मोर्चामा माओवादीतर्फ १९ जना र शाही सेनातर्फ क्याप्टेन सहितको मृत्यु भएको थियो ।

उनले जनमुक्ती शेनामा कार्यरत हुँदा १ दर्जन फौजी मोर्चाको एसल्ट कमाण्डरदेखि बटालियन राजनैतिक कमिशारसम्मको जिम्मेवारी कुशलतापूर्वक निभाए । कमरेड पृथ्वीले सिन्धुलीको भिमान र ओखोलढुङ्गाको रानीवन, भोजपुर सदरमुकाम, उदयपुर गाइघाट बोक्से, दिक्तेल कारागार, भोजपुरको पाँचधारे र बन्दिपुरलगायतका युद्धमोर्चाहरूमा समेत नेत्रृत्वदायी भूमिका निर्वाह गरे ।

युद्धमोर्चाकै कुराकानी गर्ने सिलसिलामा उनले सिन्धुलीको भिमान भिडन्तमा मृत प्रहरी र जनमुक्ति सेनाको पर्शमा श्रीमतीहरूले पठाएको पत्रहरूको विषयमा पनि चर्चा गरे । प्रहरीको श्रीमतीले लेखेको उक्त चिठीमा भनिएको थियो, 'तपाइँ फर्किनुहोस्, बरू म जे गरेर भएपनि पाल्छु, जागिर छोड्नुहोस्, मेरो बिन्ती छ ।' त्यस्तै यता जनमुक्तिसेनाको जीवनसँगिनीले पठाएको पत्रमा यस्तो भाव भएको उनले बताए, 'घरको कुनै चिन्ता नलिनु, तपाइँ काँतर भएको सुन्न नपाऊँ, बरू लड्दा-लड्दै अगाडिबाट गोली लागेर ढल्यो रे ! भनेको सुन्न पाऊँ । तर काँतर भएर भाग्दा पछाडीबाट गोली लाग्यो रे ! भन्ने सुन्न नपरोस् ।'

दुवै चिठ्ठीलाई तुलना गर्दै उनले भने, 'राज्यपक्षका सुरक्षाकर्मीहरू केवल जागिर खाइरहेका थिए भने जनमुक्ति सेनाहरू मुक्ति, समानता र न्यायको लागि वलीदानीपूर्ण जीवन-मरणको युद्ध लडी रहेका थिए ।' उनी थप्छन्, 'आखिर नारी (महिला) सबै एकै हुन् तर सोच्ने तरिका र दृष्टिकोणमा सारभूतरूपमै भिन्न हुन्छन् । उक्त पत्रहरूले मलाई निकै मर्महात बनायो ।'

'त्यो बेला आफू उत्पीडित जातीय मुक्तिका लागि बन्दुक बोकेर हिडेको किराती योद्धा भएकोले पनि यो लडाईं उच्च साहसको साथ लड्नु पर्छ भन्ने मेरो बुझाई थियो ।' २०५८ मा तात्कालिन माओवादी र खम्बुवान राष्ट्रिय मुक्ति मोर्चा बीच पार्टी एकता भयो । माओवादी जनमुक्ति सेना र खम्बुवानको फौजी संरचना किराती राष्ट्रिय मुक्ति मोर्चाअन्तरगतको चोमोलुङमा प्लाटुन समायोजन पछि कमरेड पृथ्वीले लडेको पहिलो मोर्चा थियो । सबभन्दा पहिले उनको एसल्ट टिमले आर्कको सबै पोष्ट कब्जा गरी आगो लगाइदियो ।

## जनयुद्धका समीक्षा

वास्तमा जनयुद्ध मुक्ति र परिवर्तनको लागि छेडिएको सङ्घर्षको निर्मम रूप थियो । उनको समीक्षामा पार्टीको कतिपय निर्णयहरू सम्प्रेषणमा गल्ती हुँदा कहिलेकाँही सर्बसाधारणले सास्ती पनि खेप्नु पर्‍यो । 'पार्टीको निर्णय तल्लो तहसम्म आउँदा यदाकदा अर्को अर्थ लाग्नाले पनि कारवाहीहरू गलत ठाउँमा भए ।

यद्यपि, उनको निश्कर्ष यो छ, 'आज महान जनयुद्धमा बगेको रगत, आँसु र पसिनाले नै गणतन्त्र स्थापना भएकोछ । सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशी मुद्धाहरू स्थापित भएका छन् । आमसर्वसाधरण जनतामा राजनैतिक चेत ह्वात्तै बढेकोछ । अग्रगामी संविधानमार्फत जनताको राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृति अधिकारहरू सुनिश्चित हुने प्रक्रिया प्रारम्भ भएकोछ । यो सुखद कुरा हो । यसैको जगमा टेकेर अझ उन्नत समाजवादी राज्य प्रणालीतर्फ जाने राजनैतिक धरातल बनेकोछ ।'

## सहिद तथा घाइते बारे

सहिदहरूको योगदान बिना आजको अवस्था संभव थिएन । त्यसैले जनयुद्धका सहिदहरूको सपना साकार पार्नेतर्फ पार्टी र सरकार लाग्नु पर्दछ । परिवारहरूको व्यवस्थापनमा ध्यान दिनु पर्दछ । घाइते र अपाङ्गता भएकाहरूले सामान्य ब्यक्ति सरह श्रम गर्न सक्दैनन् ।

यही ब्यवस्था ल्याउन लडेका कम्युनिष्ट पार्टीका सरकारले निसङ्कोच मासिक पेन्सन घोषणा गर्नु पर्ने उनको माग छ । 'सर्वसाधारण जनताको समेत सक्रिय सहभागिता र वीर सहिदहरूको रगतबाट नै आज सामान्तवादको अन्त्य भएकोछ । उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका नागरिकहरूको थुप्रै अधिकारहरू सुनिश्चित हुने प्रक्रियामा छ । यद्यपि अझै पूर्ण सुनिश्चित भने भएको छैन ।'

## राजनीतिक उपलब्धी

कमरेड पृथ्वी १० बर्षे जनयुद्दबाट प्राप्त राजनीतिक उपलब्धी सन्तोषजनक नभएको स्वीकार गर्छन् । मुलतः हिजो जनयुद्ध लडेका योद्धाहरू प्रायः सबैको यही निश्कर्ष रहेको छ । यस्तो लाग्नु स्वभाविक पनि छ किनकि, राज्यसत्ता बन्दुकको नालबाट जन्मिन्छ भन्दै मृत्यु पत्रमा हस्ताक्षर गरी न्याय र समानताको लागि सबै त्याग्न राजी भएका जनमुक्तिसेनाहरू आजसम्म आउँदा व्यवस्थापनमै पिरोल्लिएका छन् । यो दु:खद् पक्ष हो । यसरी निराशा बढ्दै गए युद्धकला र सीप दुरूपयोग हुन सक्ने खतरा भएको उनको बुझाई छ ।

उनी भन्छन्– 'उनीहरूलाई समेत उचित ब्यबस्थापन गर्दै भिन्न प्रकृतिको शान्तिपूर्ण वर्गसङ्घर्षमा राज्यले सबैलाई सहभागी गराउनु आजको आवश्यकता हो ।' राजनीतिक अधिकारको अधिकतम उपलब्धीहरूबारे प्राथमिक तहको शिक्षादेखि नै शिक्षित गराउनु पर्दछ । सामन्तवादको अन्त्य, गणतन्त्र, सङ्घीयता, समानुपातिक र समावेशीता आदिलाई राजनीतिक उपलब्धीको रूपमा शिक्षा दिनुपर्ने उनको तर्क छ ।

## सानैमा कम्युनिष्ट, बुवाबाट प्रभावित

बुवा स्वास्थ्यकर्मी (एच.ए)को जागिरे भएकै कारण देवानको बाल्यकाल एकै ठाउँमा बित्न पाएन । बुवा रामकृष्ण जागिरको सिलसिलामा झापाको चारालीमा रहँदा उनको जन्म भयो । बुवाको सरूवा भएसँगै भोजपुर झ्याउँपोखरीको सरस्वती माविमा १ कक्षासम्म अध्ययन गरे । त्यसपछि उनको मावली खोटाङ बड्कादियालेको दुम्छास्थित देवस्थान प्राविमा ५ कक्षासम्म अध्ययन् गरे ।

देवानको बाजे बृटिस लाहुरे हुन् । उनले गल्लावाला (लाहुरेमा भर्ति गराउने)को जिम्मा पनि पाएका थिए । तर उनले एक मात्र छोरा रामकृष्णलाई भने लाहुरे बनाएनन् । कमरेड पृथ्वीको बुवा स्वस्थ्यकर्मी थिए । मावलीको पढाइपछि

देवानले भगवती उच्च मावि खोटाङबजारबाट प्लस टूसम्मको अध्ययन पूरा गरे । तर उनलाई कम्युनिष्ट राजनीतिक चेत भने मावलीमा बस्दा नै आइसकेको थियो ।

उनी भन्नछन्, 'पञ्चायत विरोधी सेल्टरनै मेरो मावली घर थियो । मामाहरू कम्युनिस्ट पक्षधर भएपछि ०४६/४७ को बहुदलीय ब्यवस्थाको विरूद्धको सभा र क्रान्तिकारी साँस्कृतिक कार्यक्रमहरू जादाँ–जादै मलाई पनि कम्युनिष्ट राजनीतिले प्रभाव पाऱ्यो ।' उनको राजनीतिक प्रेरणाको स्रोत मामा र बाबाको उपन्यासनै थियो । उनको बाबाको साहित्यमा समेत राम्रो दख्खल थियो । कमरेड पृथ्वीको बाबाले 'कालो पर्दा' नामक उपन्याश लेखेका थिए । यसमा माथिल्लो र तल्लो जातको अर्न्तबिरोधलाई उजागार गरिएको छ ।

## राजनीतिक आरोह–अवरोह

हाल नेकपा खोटाङ जिल्ला अध्यक्ष देवान चाम्लिङ कमरेड पृथ्वी विद्यालय तहदेखि नै कम्युनिष्ट निकट विद्यार्थी सङ्गठनमा आवद्ध थिए । भगवती उच्च माविमा अनेरास्ववियु प्रारम्भिक कमिटी हुँदै नेतृत्व समेत गरेका थिए । देवान किराती २०५४ देखि खम्वुवानको आंशीककालिन राजनीतिमा लागे । त्यसबेला उनले व्यापार व्यवसाय पनि गर्दथे । तात्कालिन खम्बुवान राष्ट्रिय मोर्चाले जातीय मुक्तीबारे लिएको नीतिको प्रभाव र कम्युनिस्टहरूमा भइरहेको फुटका कारण उनी खम्बुवानी आन्दोलनतिर लागे ।

उनेले २०५७ देखि पूर्व खम्बुवान राष्ट्रिय मोर्चाको भूमिगत आन्दोलनमा पूर्णकालिन यात्रा सुरू गरे । पृथ्वी भन्छन्, 'त्यसपछि किराती राष्ट्रिय मुक्ति मोर्चाको गठनसँगै मोर्चाको केन्द्रीय सदस्य हुँदै तात्कालिन माओवादी जनमुक्तिसेनासँग किराती राष्ट्रिय मोर्चाअन्तर्गत चोमोलुङ्मा प्लाटुनको समायोजन गरी पूर्वी भूगोलमा कार्यरत सैन्य कम्पनीको एउटा प्लाटुनको सह–कमाण्डर हुँदै प्लाटुन कमाण्डर र तात्कालिन रामवृक्ष ब्रिगेडको बटालियन कमिसारको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेँ ।'

राजनीतिक आन्दोलनमा पृथ्वीले धेरै खालका जिम्मेवारी तथा अनुभवहरू सङ्गालेका छन् । कमरेड देवान भन्छन्, 'यता वैचारिक नेतृत्व गर्ने किरात राष्ट्रिय मुक्ति मोर्चाको बिघटन र किरात वर्कस पार्टीको गठन पश्चात् छोटो समय त्यस पार्टिको केन्द्रीय सदस्य समेत रहेँ ।' गोपाल किराती नेतृत्वको किरात वर्कस पार्टी र नेकपा माओवादीबीच बिराटनगरमा भएको शीर्ष वार्ता टोलिको सदस्य रहेर कमरेड प्रचण्ड, कमरेड किरण मोहन वैद्य, डा. बाबुरामलगायतका टोलीसँग वार्ता सदस्य भई एकताको महत्वपूर्ण भूमिका निर्बाह गरे ।'

उक्त एकता पश्चात कमरेड पृथ्वीले भोजपुर जिल्ला सेक्रेटरीको भूमिकामा पनि काम गरे । त्यसपछि जनमुक्ति सेनाको प्लाटुन कमाण्डर, कम्पनी कमिसार हुँदै बटालियन कमिसारको नेतृत्व गरका थिए । कमरेड पृथ्वी प्रचण्ड नेतृत्वको माओवादी केन्द्रीय अधिवेशन आयोजक सदस्य र खोटाङ जिल्ला सह–इन्चार्ज अनि अध्यक्ष समेत भए । हाल उनी नेपाल कम्युनिस्ट (नेकपा)को खोटाङ जिल्ला अध्यक्ष तथा प्रदेश सदस्य छन् । पार्टीले दिएको जिम्मेवारीलाई आत्मसात गर्दै देश जनताको हितमा काम गर्ने उनले प्रतिबद्धता गरेका छन् ।

●●●

*–प्रस्तुती रामधन राई (वेदना)*

# नदेखिने घाउहरू



*हेमकुमार राई*
*कमरेड सुरवीर*

*'यदि त्यसबेला माओवादीले वर्गसङ्घर्षको मुद्दा उठाएर राज्य सत्ताविरूद्ध विद्रोह नगरेको भए नेपालमा गणतन्त्र र सङ्घीयतालगायतका शासनप्रणाली स्थापना पटक्कै संभव थिएन ।'*

*–कमरेड सुरवीर*

'हिउँदमा टाउको दुख्छ । देब्रे हात राम्रोसँग चल्दैन । हात उठ्दैन । कुमको जोर्नी गोलीले चिरा पारेकोछ । बाहिर देख्दा हेर्दा राम्रैछ । तर भित्री घाउहरूको पिडा छ ।' उनी बाहिरबाट हेर्दा सकुशल देखिए पनि भित्री शरिरमा भने गोली र छर्राको पीडा बोकेर हिडी रहेका छन् ।

२०६० सालमा ओखलढुङ्गाको रूम्जाटार भिडन्तमा गोलीको छर्राले टाउकोमा चोट लागेको थियो । छर्राका केही टुक्रा त निकालियो, तर केहीलाई भने डाक्टरले निकाल्न नमिल्ने भनेपछि त्यत्तिकै छाडिएको छ ।

'हड्डीको बीचैमा छर्रा अड्केको छ, निकाल्दा थप क्षति हुने भएपछि यसलाई ननिकाली राखिएको हो । कमरेड सुरवीर भन्छन्, 'देब्रे कुममा गोलीले नराम्रोसँग छेडेको हुनाले हात चल्दैन ।' खोटाङ ऐसेलुखर्कको भिडन्तमा उनलाई कुममा गोली लागेको थियो, जसले राम्रोसँग नचल्ने भएकोछ । 'जतिबेला टाउको दुख्छ, जनयुद्धलाई झस्काइदिन्छ,' राई भन्छन्, 'बाहिर पो केही छैनजस्तो देखिन्छ, जनयुद्धको भित्री पीडा जो छ, त्यो भोग्नेलाई मात्र थाहा हुने कुरा हो ।'

कलिलै उमेरमा देश र दुनीयाँ बदल्नको लागि भनी युद्धमा होमिएका राई सांसदसँगै नेकपाका केन्द्रीय सदस्य हुन् । पार्टी राजनीति र संसदीय भूमिकाले गर्दा बाहिर धेरै बोल्दैनन्, बोल्न जरूरी पनि ठान्दैनन् । उनले योगदान गरेको पार्टी नेकपा माओवादी, एकीकृत नेकपा माओवादी, नेकपा माओवादी केन्द्र हुँदै नेपाल कम्युनिष्ट पार्टीमा रूपान्तरण भइसकेको छ । यसमा पनि उनी केन्द्रीय सदस्यसँगै सङ्घीय विधायकको भूमिकामा पनि छन् ।

तर उनलाई यस मानेमा चित्त बुझ्दैन कि जनयुद्धका थुप्रै घाउसँग पार्टीले कहाँ कति सम्झौता गर्दै गयो ? कतिलाई सम्बोधन गर्न सक्यो, कतिलाई सकेन । गलत गऱ्यो कि सही ? जनयुद्धको प्रारम्भिक अतित आखिर भरूवा बन्दुकको भरमै लडेको हो । यद्यपि घाइतेहरूको उत्तिखेर लागेको घाउ अझै दुःखी रहेकै छ ।

कमरेड सुरवीरले वर्तमानमा भोगिरहेको पीडा यस्तै हो । 'भविष्यमा कहाँ पुगिएला त्यो समय र परिस्थितिले बताउँदै जाला,' राई भन्छन्, 'वर्तमान जीवन भोगाइको यथार्थ यही हो ।'

२०५४ सालको कुरा हो । नेकपा माओवादीले भर्खरै राज्यसत्ताविरूद्ध युद्ध प्रारम्भ गरेको थियो । सोलुखुम्बु, नेचा, सल्यान गाउँपालिका- ४ (साविक नेचा वेदघारी गाविस- १) का सुरवीर केदार माध्यमिक विद्यालयमा कक्षा ८

मा पढ्दै थिए । गाउँमा कुरीति, विकृति, बिसङ्गती, हेपाइ प्रशस्तै थिए । माओवादीले यदाकदा त्यसमाथि कारबाही चलाउँदा उनी उत्साहित हुन्थे ।

कलिलो बालमस्तिष्कमा 'परिवर्तन त यसरी पो हुने रहेछ भन्ने पर्दैगयो । न्याय भनेको यही रहेछ भन्ने मानसिकता विकास हुँदै गयो । हेपिएका र पिछडिएका वर्गका मान्छेहरूलाई युद्धरत माओवादीले संरक्षण दिन्थ्यो । कम्युनिष्ट राजनीतिसँग उनको केही लेनादेना थिएन । कम्युनिष्ट राजनीतिक पृष्ठभूमि पनि होइन । बाबु-बाजे ब्रिटिश लाहुरे । लाहुरे पृष्ठभूमिका उनलाई पढाई-लेखाई र जीवनयापनमा अप्ठेरो पनि केही थिएन ।

२०५४ मा स्थानीय निकायको चुनाव भयो, तत्कालीन एमालेले जिल्लामा सबै 'क्लिन स्वीप' गऱ्यो । स्थानीय सरकार गठन भयो तर, विभेद र अन्याय यथावत् रह्यो । उनले सोचे- अब यसविरूद्ध लाग्नुको विकल्प छैन ।

उनको आमा-बाबु छोरो ब्रिटिश आर्मी होस् भन्ने चाहन्थे । तर, जातीय र वर्गीय विभेद सहन नसकेर उनी तत्कालीन युद्धरत पार्टीसँग नजिक हुन पुगे । माओवादीसँग नजिक भएर काम गर्थे, गाउँकै भरत राउत कमरेड कुसुमसँग । उनी कम्युनिष्ट कार्यकर्ता थिए । समाजवाद, साम्यवाद, वर्ग सङ्घर्ष र तत्कालीन राजतन्त्र विरोधी अभियान चलाउँथे । राउत गाउँघरमा प्रशिक्षण दिँदै हिँड्थे । कमरेड सुरवीरले दुई वर्षसम्म राउतको विचार पछ्याइरहे । राईलाई राउतको साम्यवादी विचार मन पर्दैगयो । १० कक्षामा पढ्दापढ्दै उनी माओवादीमा हिँड्न तयार भए । उनी २०५६ साल पूर्णकालिन भए । त्यस लगत्तै उनी गुरिल्ला (स्कवाड) मा प्रवेश गरे ।

त्यसबेला गुरिल्लाको काम थियो, साधारण बम पड्काउँदै तर्साउँदै हिँड्ने । राज्यसत्तालाई चुनौती दिने । उनी यो अभियानमा सक्रिय भएर लागे । गुरिल्लाबाट सैन्य संरचनामा राईको जिम्मेवारी पार्टीले क्रमशः बढाउँदै लग्यो । जङ्गल, स्कुल तथा खुला ठाउँमा परेड खेल्ने, सैन्य अभ्यास गर्ने क्रम चलिरहेको थियो । एक वर्षभित्रै उनी सैन्य गतिविधिमा पोख्त भए । २०५७ मा पार्टीले सैन्य संरचनाको जिल्ला प्लाटुन सदस्य बनायो ।

गरिब, निमुखा, विभेदमा परेकाहरूको मुद्दा पार्टीले बोकेको थियो । त्यसकारण पनि माओवादी जनता माझ लोकप्रिय बन्दै गएको थियो । गरिब र पिछडिएकालाई हेप्नेहरु माओवादीको गुरिल्ला दस्तासँग तर्सिन्थे । उनले आफ्नो गाउँसँगै जिल्लाभरि गुरिल्ला दस्ताको कारबाही बढाए । पार्टीलाई जनता समक्ष लोकप्रिय बनाए । उनको भूमिकाको उच्च मूल्याङ्कन हुन थाल्यो । उनको २०५७ कै अन्त्यतिर सेक्सन सह–कमाण्डरमा पदोन्नती भए ।

'कलिलै उमेरमा सैन्य संरचनाको माथिल्लो तहमा पुग्नु चानचुने कुरा थिएन, म पार्टीमा बफादार भएकैले भूमिका पाउँथें,' राई भन्छन्, 'जो कोहीलाई यस्तो अवसर प्राप्त हुन्थेन ।' उनी २०५८ मा प्लाटुन कमाण्डर भइसकेका थिए । प्लाटुन कमाण्डर भनेको सैन्य संरचनाको जिल्ला तहको नेतृत्व थियो ।

यहीबेला सरकारले माओवादी विरूद्ध आक्रामक कारबाही थाल्यो । सेना परिचालन गर्ने निर्णय गऱ्यो । उनी जिल्लामा तत्कालीन सेना, प्रहरीसँग युद्ध गर्ने क्षमता राख्थे । 'गाउँ–गाउँमा प्रहरी चौकी कब्जा गरिन्थ्यो, त्यसमा म नै अग्रपङ्क्तिमा हुन्थैँ, हामीले प्रहरीबाट थ्री नट थ्री राइफल धेरै नै लुट्यौं,' राई भन्छन् ।

माओवादी सेना भरूवा बन्दुक बोक्थे । प्रहरीसँग थ्री नट थ्री राइफल थिए । थ्री नट थ्री आफैँमा शक्तिशाली राइफल थियो । 'भरूवा बन्दुकको सहायताले हामीले थ्री नट थ्री राइफल कब्जा गर्न सफल भयौं,' उनी भन्छन्, 'त्यस्ता राइफल बोकेर सेनासँग भिडन्तमा जानु एकातिर खतरनाक थियो, किनभने सेनाले एसएलआर प्रयोग गर्थे ।'

एकैपटक धेरै राउन्ड फायर गर्न सक्ने एसएलआरसँग कक् गर्दै दाब्नु पर्ने थ्री नट थ्रीले भिड्नु आफैँमा चुनौतीपूर्ण र कठिन थियो ।

२०५८ सालको मध्यतिर पार्टीबाट सर्कुलर भयो, 'सल्लेरी ब्यारेकमा धावा बोल्ने ।' यसका लागि पूर्वका १६ वटै जिल्लाका करिब चार सय माओवादी सेना जुटेका थिए । यो मोर्चामा सोलुखुम्बु जिल्लाको कमाण्ड राईले सम्हालेका

थिए । सबै जिल्लाको कमाण्डर सन्तु दराई 'पारवना' थिए । मङ्सिर १० गते सल्लेरी ब्यारेक हान्ने निर्णय भयो । जसमा माओवादी सेनाका चार कम्पनी तयार भएका थिए ।

आखिरमा माओवादीले सल्लेरी ब्यारेक हानेरै छाड्यो । पूर्णरूपमा सदरमुकाम कब्जा भने भएन । तथापि समग्रमा राजनैतिक तथा फौजी प्रभावको दृष्टिबाट हाम्रो जीत भएको थियो । १३ जना माओवादी सेनाले वीरगति प्राप्त गरे । 'सेनातर्फको क्षतिबारे यकिन जानकारी भएन । तर, त्यहाँबाट थुप्रै एसएलआर माओवादी जनमुक्ति सेनाले सैनिकबाट लुटेको थियो,' उनी भन्छन्, 'हतियार र गोलीगट्ठा लुटेपछि हामी थप शक्तिशाली बन्यौं । त्यसपछि अन्यत्रका प्रहरी एकाइ र सेनाका ब्यारेक हान्ने क्षमता विकास भएको थियो । यो ऐतिहासिक उपलब्धी थियो ।'

त्यसपछि उनकै नेत्रृत्वमा माओवादी सेनाले ओखलढुङ्गाको खानीभञ्ज्याङ, रामेछापको धोबीडाँडा, सोलुखुम्बुको जुनबेंसीलगायतका प्रहरी चौकीमा आक्रमण गऱ्यो । युद्धको कलाकौशलमा पोख्त भइरहेका थिए कमरेड सुरवीर । उनले इलाम, भोजपुर, सिन्धुली, काभ्रे, धनकुटा, सिरहा, सङ्खुवासभा, मकवानपुर, सर्लाही, रामेछाप भिडन्तमा सक्रिय रूपमा सैन्य मोर्चा सम्हाले । ओखलढुङ्गाको रूम्जाटार भिडन्तमा टाउकोमा गोली लाग्यो । खोटाङको ऐसेलुखर्कमा देब्रे छातीमाथिको कुममा गोली लाग्यो । सङ्खुवासभाको चैनपुर भिडन्तमा तिघ्रामा गोली लाग्यो । घाइते भएर पनि उनी विभिन्न युद्धमोर्चामा सहभागी भइनैरहे । तर कुममा गोली लागेपछि भने उनी लामो समय थला परे । यद्यपि सैन्य संरचनामा रहेर निरन्तर काममा लागि रहेँ, राईले भने ।

घाइते हुँदाहुँदै पनि लडाइँमा सक्रिय भूमिका खेलेको हुनाले उनलाई पार्टीले २०६० मा कम्पनी सह-कमाण्डरको भूमिका दियो । एवम् रीतले २०६१ मा उनी बटालियन सह-कमाण्डर बने । युद्धविराम भएका बेला उनी २०६२ सालमा ब्रिगेड सह-कमाण्डर भए । यता शान्ति प्रक्रियामा आएपछि भने उनी ब्रिगेड कमाण्डर भए । उनी सिन्धुलीमा रहेको सोलु-सल्लेरी स्मृति ब्रिगेडको कमाण्डर भए ।

सिन्धुलीमा कमाण्डर हुँदैहुँदै उनले त्यहीँ आफ्नो अपुरो शिक्षालाई औपचारिक रूपमा पूर्णता दिने प्रयास गरे । २०६६ सालमा सिन्धुली जिल्लाबाटै एसएलसी पास गरे । कक्षा ११ पास गरेर १२ पढ्दापढ्दै उनले माओवादी सेनाबाट स्वेच्छिक अवकाश लिए । यो २०६८ सालको कुरा थियो । 'त्यहाँभन्दा माथि पढाइ अघि बढाउन सकिनँ,' राईले भने ।

सैन्य गतिविधिबाट अवकाश लिएपछि उनलाई पार्टीले सोलुखुम्बुमै पठायो । उनी जिल्ला संयोजक भएर पार्टी गतिविधिमा लागे । पार्टीको जिल्ला कमाण्ड सम्हाल्दा थुप्रै चुनौती थिए । एकातिर स्वास्थ्य समस्याले घरिघरि पिरोल्थ्यो । २०७३ सालमा उनले जिल्लाको नेतृत्व छोडेर उपचारमा जुटे । केही समय उपचारमा जुटेपछि फेरि पार्टीको जिम्मेवारीमा फर्के । २०७४ सालमा स्थानीय तहको निर्वाचन भयो । यसबीचमा उनी जिल्लाको राजनीतिमै थिए ।

सङ्घ र प्रदेशको निर्वाचन हुँदा नेकपा एमाले र माओवादी केन्द्रबीच चुनावी तालमेल भयो । सोलुखुम्बुको एउटै मात्र निर्वाचन क्षेत्रमा राई सङ्युक्त उम्मेदवार बने र चुनाव पनि जिते । त्यो जितको आधार जनयुद्ध देखिको सक्रिय राजनीतिको कडी पनि थियो । हाल सुरवीर सङ्घीय संसद्को निर्वाचित सदस्यको हैसियतले काठमाडौं केन्द्रित हुनपुगे । एकातिर संसदीय भूमिका र अर्कोतिर पार्टी राजनीति दुवैलाई सफलतापूर्वक हाँक्न उनी सक्षम भइरहेका छन् ।

जिल्लामा विकास निर्माणलगायत धेरै मुद्दाहरूले उनलाई सताउँने गर्छ । प्रथमतः युद्धका घाइते तथा अपाङ्गहरूको आवाज बुलन्द गराउनु पर्ने चुनौती उनको छ । युद्धमा सोलुखुम्बुबाट ८८ जना माओवादी लडाकुहरू मारिएका थिए । उनले ती सबै सहिद परिवारलाई जनही १० लाख रूपैयाँ राहत दिलाएका छन् । यो मामलामा माओवादी नेतृत्व धेरै आलोचित बन्यो, अपाङ्ग तथा घाइतेहरूले राहत नपाइरहेको गुनासो पार्टीमा चल्दा उनले सोलुखुम्बुका सबै मृतक परिवारलाई राहत दिलाए । 'यसकारण पनि मलाई सोलुखुम्बुका पीडित जनताले साथ दिएका छन्, मैले कम्तीमा मृतक परिवारको

आवाजलाई सम्बोधन गर्न सकेँ,' राई भन्छन्, 'मैले चुनाव जितेको आधार पनि त्यही नै बन्यो ।'

उनी भन्छन्, 'अहिले मुलुकमा गणतन्त्र आइसकेको छ । सङ्घीयता लागू भएको छ । यहाँसम्म आइपुग्नुको मुख्य आधार जनयुद्धनै हो ।' 'यदि त्यसबेला माओवादीले वर्ग सङ्घर्षको मुद्दा उठाएर राज्यसत्ताविरूद्ध विद्रोह नगरेको भए नेपालमा गणतन्त्र र सङ्घीयता लगायतका शासनप्रणाली स्थापना संभव थिएन ।

उनी पार्टी र संसदीय दुवै गतिविधिमा सक्रिय छन् । ज्यानको बाजी थापेर सशस्त्र विद्रोहमा लागेका उनी युद्धको घाउ बोकेर बाँचिरहेका छन् । 'उपचारमा धाएँ, धेरै खर्च भयो, तर घाउ निको भएन,' उनी भन्छन् । तर यो मेरोमात्र समस्या हैन, युद्धमा होमिएका तमाम कार्यकर्ताको आम समस्या हो । त्यसैले यसको हल पनि आमरूपमै गर्नुपर्दछ ।'

जनयुद्धका धेरै मृतकले उपचार पाएका छैनन्, कतिको हात, खुट्टा काटियो, कतिले कोख रित्तो बनाए । तर, नेतृत्वले सबैको आवाज नसुनेकोमा उनी अत्यन्तै दुःखी छन् । भन्छन्, 'म नेता भएँ, सांसद भएँ । तर, युद्धको चोट बोकी रहेको छु । मैले जति पनि अन्य घाइते कमरेडहरूले सुविधा पाएका छैनन् । तिनीहरूको दुःख सम्बोधन कसले गर्ने ?'

उनकाअनुसार माओवादी सैन्य संरचनाको एउटा कम्पनीमा डेढ सय सेना र त्यसमा प्राविधिक सहयोग गर्ने अनि स्वास्थ्यकर्मी हुन्थे । शिक्षा लिँदै गर्दा पार्टीमा स्वास्थ्यकर्मीहरू आबद्ध हुन्थे । उनीहरूलाई लडाइँको बेला माओवादी सेनासँगै खटाइन्थ्यो ।

अधुरो शिक्षा लिएका त्यस्ता स्वास्थ्यकर्मीलाई पार्टीमा आबद्ध विशेषज्ञ चिकित्सकहरूले तालिम दिन्थे । एक-दुई महिनाको तालिम लिएपछि उनीहरू युद्धको बखत जनसेनाको उपचारमा खटिन्थे । उनी भन्छन्, 'सामान्य औषधी

र उपकरण लिएर स्वास्थ्यकर्मी हामीसँगै भिडन्तमा हिँड्थे, गोली लाग्यो भने निकालिदिन्थे, साधारण उपचार पछि सेना फेरि युद्धमा सहभागी हुन्थे ।'

राईकाअनुसार कहालीलाग्दो परिस्थिति हुन्थ्यो युद्धका बखत । एकातिर कमसल प्रविधिद्वारा स्रोत साधन सम्पन्न सत्तापक्षीय सेनासँग लड्नु चानचुने कुरा थिएन । पर्याप्त साधन स्रोत नहुनु, औषधी उपचार नहुनु त आँखैले देखियो । 'सँगै हतियार पड्काइरहेका कमरेडहरू मर्थे, घाइते हुन्थे, उनीहरूलाई सुरक्षित स्थानमा लगेर उपचार गराउन निकै चुनौती थियो ।'

'युद्धमा जाँदा स्टेचर अनिवार्य बोकिन्थ्यो । बेल्चा, गैती अनिवार्य बोक्नु पर्थ्यो । कतिबेला कसको ज्यान जान्छ टुङ्गो हुँदैनथ्यो । स्टेचर त जसोतसो जुटाइन्थ्यो, तर कपडा हुँदैनथ्यो । स्टेचरमा तन्ना वा कुर्ताजस्ता कपडाहरू राखेर घाइतेको उद्धारमा जुट्थ्यौं,' राईले भने ।

माओवादी सेनामा आबद्ध भएर काम गर्न त्यति सजिलो थिएन । सिघ्र सम्पर्क कोहीसँग पनि हुँदैनथ्यो । कोही पूर्व, कोही मध्य, कोही पश्चिमको जनमुक्ति सेनाहरू भिडन्तमा हुन्थे । जहाँ जसको मृत्यु हुन्थ्यो, गैंती तथा बेल्चाको माध्यमबाट खाल्डो खनिन्थ्यो, मृतकलाई त्यहीँ पुरेर पार्टीको झन्डा गाडी हिंड्नु पर्ने वस्तुगत बाध्यता थियो । 'को घाइतेको कहाँ मृत्यु भयो, परिवारलाई खबर गर्ने अवस्था हुँदैनथ्यो,' राईले भने ।

गणतन्त्रसम्म आइपुग्दा पनि युद्धको चोट मेटिएको छैन । नेतामा परिवर्तन आयो, जीवनशैली र आर्थिक रूपमा ठूलै परिवर्तन देखियो । तर, ज्यान फालेर लड्ने भिड्ने कार्यकर्ताको अवस्था आज पनि उस्तै छ ।

यस्तै असन्तुष्टिका कारण पनि फेरि हतियार उठाउने प्रयास भइरहेको उनी बताउँछन् । 'विप्लव नेतृत्वको नेकपा किन युद्ध गर्न खोजिरहेको छ ? यसको कथा पहिलेको युद्धको समुचित व्यवस्थापन र असन्तुष्टी समाधान गर्न नसक्नु नै हो,' राई भन्छन्, 'नेतृत्वले यसतर्फ बेलैमा विचार नपुऱ्याएकाले नै यो भइरहेको छ ।' विप्लव नेकपाले हतियार उठाउन खोजिरहेको छ । सैन्य


संरचना निर्माण गरिसकेको छ । 'उनीहरू अहिलेको राज्यसत्ता विरूद्ध हतियार उठाउन खोजिरहेका छन्, अहिलेको गणतन्त्रको चरित्र राजतन्त्र भन्दा अझ औपचारिक, तडकभडक र रागरवाफमा रूम्मलिएकोछ ।'

आज हाम्रो कम्युनिष्ट पार्टी र यसको नेत्रृत्वमा 'खोलो तऱ्यो, लौरो बिर्सियो' भन्ने उत्ती चरितार्थ भइरहेकोछ । कम्यनिष्ट आन्दोलनअन्तरगतको समाजवाद निर्माणको ऐतिहासिक प्रक्रिया वेवारिसेजस्तो हुनखोज्दैछ । यदि यसो हो भने त्यो आमउत्पीडितहरूको लागि गम्भीर धोखा र बिडम्बनाको विषय सिद्ध हुनेछ ।

●●●

*-प्रस्तुती खिलानाथ ढकाल*

# मृत्युलाई जितेको जिउँदो सहिद



*रामबहादुर कार्की*
*कमरेड विमल*

*'होस खुल्दा शरिर रगताम्य भइसकेको थियो । भाग्न खोजें खुट्टै चलेन शरिर पनि चलेन । जिउ उठाउन खोजें सकिंन । कमरेडहरूलाई बोलाउन खोजें बोली आएन् । घिस्रन खोजें त्यो पनि सकिंन । कमरेडहरू रिट्रीट हुँदै निकै पर पुगिसकेका थिए ।'*

*–कमरेड विमल*

दुवै खुट्टा कमजोर भएर बैशाखिको साहरामा हिडडुल गर्न थालेको करिव १७ वर्ष भैसकेको छ । बुवा कृष्णबहादुर कार्की र आमा विष्णकुमारी कार्कीका कोखबाट २०३५ साल माघ २९ गते जन्मी जनयुद्धमा घाइते भइ अपाङ्गता भएका मोरङ केराबारी– ९ निवासी ४० वर्षीय रामबहादुर कार्की कमरेड विमलले युवा अवस्थामा जनगणतन्त्र स्थापना गर्दै साम्यवादी व्यवस्था ल्याउने सपना बोकेर मुक्तियुद्धमा लामबद्ध भए । उनले व्यक्तिगत सुख सुविधालाइ परपन्छाएर २०५५ सालबाट विद्यार्थी सङ्गठनको जिल्ला कमिटिमा सङ्गठित हुँदै पार्टीको काम प्रारम्भ गरे । उनी २०५६ सालबाट पूर्णकालिन कार्यकर्ता भए । २०५७ सालको अन्त्यतिर

जनमुक्ति सेनाको सेक्सन कमान्डर बने । घाइते हुँदा उनी प्लाटुन कमान्डर तथा मोरङ सुनसरी पार्टीको जिल्ला सदस्य थिए । घाइते विमल शारीरिक रूपमा जति कमजोर छन् तर त्योभन्दा बढी बैचारीक रूपमा शक्तिशाली छन् । उनी आफ्नो शारीरिक अवस्था र पिडामा भन्दा पनि पार्टीको क्रान्तिकारी धार बिग्रिएकोमा चिन्तित छन् । मृत्युलाइ जितेर बाँचेका उनी साँच्चै स्पष्ट, मृदुभाषि र सहनशिल छन् ।

वि.सं. २०५८ साल मंसिर ८ गते माओवादी नेताको टाउकोको मूल्य तोकेर सङ्कटकाल लगाउने सरकार र माओवादी बीच द्वन्द्व चर्किएको थियो । सरकारले माओवादी कार्यकर्तालाई जहाँ भेट्यो त्यही गोली प्रहार गर्थ्यो । राज्य व्यवस्था परिवर्तन गर्न माओवादीले पनि सेना प्रहरीलाई आक्रमण गर्ने नीति लिएको थियो । सरकार र माओवादी बीच एक दशक भिषण द्वन्द्व चर्कियो । अन्ततः १० वर्षको जनयुद्धको बलिदानीपूर्ण सङ्घर्षको जगमा भएको १९ दिने जनआन्दोलनको बलमा नै २०६३ सालमा लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव भयो ।

जनयुद्धको क्रममा माओवादीले पूर्वमा एक पछि अर्को आक्रमणका श्रृङ्खलाहरू बढाउँदै लग्यो । यसैबीच २०५८ मंसिर ८ गते इलामको बन्दुके र मोरङको मझारे चौकी माथि एकै दनि आक्रमण गऱ्यो । यसरी फौजी कारवाहीको सिलसिला तीव्र पार्दै जानेक्रममा पाचथरको गोपेटार ब्यारेक आक्रमणको तयारी गर्‍यो । आग्रमण मिति माघ १ गते तोकिएको थियो । सोहीअनुसार लड्नको लागि माओवादी सेना अग्रिम तयारी गरिरहेका थिए । तर एकाएक केन्द्रबाट माघ १० गते आक्रमण गर्ने निर्देशन आयो । गोपेटार अक्रमणका लागि पूर्वी जिल्लाहरूबाट सेनाको टोली बोलाइयो । मोरङ सुनसरीबाट माओवादी सेनाको नेतृत्व गर्दै गोपेटार पुग्ने कमाण्डर थिए राम कार्की कमरेड विमल । २०५६ सालदेखि माओवादी आन्दोलनमा लागेका उनले गोपेटार आक्रमणका लागि पार्टीका आन्तरिक बढुवामा परे । २०५८ मंसीर ८ गते इलामको बन्दुके मोर्चामा पनि एसल्टमा रहेर लडेका उनको बढुवामा दुईवटा संयोग छ । पहिलो प्लाटुन कमाण्डर सांस्कृतिक विचलनमा परे,

दोस्रो प्लाटुन भिषीले जनसेनाको नेतृत्व गर्दै गोपेटार जान अस्वीकार गरे । पार्टीले उनलाई जिल्ला सदस्यको थप जिम्मेवारी सहित पठायो । २०५८ माघ १ गते राति १२ बजे गोपेटारमा माओवादीले फायरिङ खोल्यो । बंकरमा बसेको प्रहरी मनपरी बोल्दै माओवादीलाई गाली गर्दै जवाफी फायर गर्न थाल्यो । उनीहरूको शब्द सुनिसक्नु थिएन ।

यसले जनमुक्तिसेनालाई थप आक्रोशित बनायो । त्यसैले माओवादीले उसको बंकरमा हेन्ड ग्रिनेट बर्षाउन थाले । युद्ध भिषण चल्यो । चारैतिरबाट बम र गोली बर्षिरहे । आकाश धर्ती कम्पायमान बनाउँदै बमहरू विष्फोट भइरहे । माघको चिसो धेरै थियो २ वटा एसल्टको रिजर्व फोर्सको कमान्ड गर्ने जिम्मेवारी सहित रिजर्ब फोर्समा बसेका थिए विमल । एउटा एसल्टमा ७ जनाको दरले ७ वटा एसल्ट थियो र ६ वटा रिजर्व फोर्स थियो । यता बाँकी घाइते, सहिद तथा कब्जा भएको सामग्री बोक्न ठूलो मात्रामा जनमिलिशिया परिचालन गरिएको थियो । उनको एसल्ट व्यारेकको तल पट्टी थियो । तेसैले अँध्यारो रातमा उकालोमा भएको टिनको छानो भएको बंकरमा आफूले हानेको बम आफैँतिर फर्किएर बिष्फोट हुँदा धेरै कमरेडहरू घाइते भए । उनले नै कमान्ड गरेको अर्को एसल्टमा प्रहरीको राइफल खोस्दा कमरेड राजन (होम ढकाल) लाई गोली लागि साहदात प्राप्त गरे ।

राती २ पनि नबज्दै चार जना एसल्टका सहयोद्धाहरू घाइते भए । उनीहरूको हतियार लिएर रिजर्व फोर्सलाई कमान्ड गर्दै एसल्टमा आफैँ पुगे लड्नका लागि । राती १२ बजेबाट सुरू भएको दोहोरो भिडन्त विहान ४ः३० बजेसम्म चल्यो । करिव ३ बजेतिर बंकरबाट गोली हान्ने पुलिसलाई गोली लाग्यो । ऊ मरें नि आमा भन्दै चिच्यायो र गोली चल्न छोड्यो । माओवादीले युद्ध जितेको अनुभूति कार्कीले गरे । फाट्टफुट्ट गोली चलिरहेको थियो आफ्नो टिमको गोली र बम लगभग सकिसकेको थियो । त्यसैले ढुङ्गाको आड लागेर बंकरको नजिकै वाक्मेनमा क्रान्तिकारी गीत 'यो शरिर ढल्यो साथी हो लालझन्डा ढल्न नदिनु, क्रान्तिका लागि मरेर गयो बाबालाई भन्दिनु' भन्ने बोलको गीत बजाएर लडाकु टिम बसिरहेको थियो । ब्यारेक कब्जा गर्न

कमान्डरको आदेश आएपछि कार्कीले काडेतारबाट बंकर भित्र पस्ने निधो गरे । कमाण्डर भएका कारण उनी आफैँ अगाडी बढे ।

तर अरू एसल्टमा रिट्रिटहुने कासन आएकोले अरू एसल्टका माओवादी सेनाको टोली रिट्रिट (फिर्ता) हुँदैथियो । कारण उज्यालो हुन लागेको र थप सेनाको फोर्स गोपेटारतर्फ बढ्दैथियो । काँडेतार छिचोलेर ब्यारेक छिर्दा सबैभन्दा अगाडी कार्की नै थिए । उनी र उनका एसल्टका सबैजना बंकरमा पुगे । चौकी कब्जा गर्न अगाडि बढे तर त्यही बेला रनरले अरू एसल्ट रिट्रिट हुँदै गरेको र रिट्रिट हुने कासन आएको खबर गरेपछि कमरेड विमलले आफ्नो टिमलाई पनि रिट्रिट गराए । क्रलिङ गर्दै टिम रिट्रिटहुन थाल्यो तर उनी फर्कंदा अन्तिममा परे । पालैपालो तारघेराबाट टोली निस्किएर कान्लामुनी झर्यो । उनी पनि तारघेराबाट बाहिरिएर कान्लामुनी झरे अरू एसल्टका कमरेडहरू धेरै टाढा पुगिसकेको हुँदा प्रहरीले केन्द्रित भएर पुनः उनी भएकै बंकरमा आएर बसेको रहेछ ।

कान्लामुनी झरेका कमरेडहरू अर्को कान्लामुनी झरे । कार्की पनि कान्लामुनी झरे र ठूलो ढुङ्गाको कभर लिएर बसे जहाँ गोलीले केही हुँदैन थियो । तर ठीक त्यही तारघेराको छेउमा बम बिस्फोट भयो । कार्कीले सोचे आफ्नै कमरेडहरूले बम हान्दैछन् । कोर्ड भाषा प्रयोग गरेर उनले 'म यता छु, बम नहान' भने । तर बम बारी रोकिएन । उनले बल्ल बुझे आफ्ना कमरेडले होइन प्रहरीले बमबारी गर्दैछ ।

त्यसपछि उनी अर्को कान्लामा झर्न खुट्टा कान्लामुनी झारे । त्यही बेला बंकरबाट प्रहरीले ग्रिनेट हान्यो उनको पछाडी पट्टी विष्फोट भयो । ग्रिनेट उनकै कम्मर नजिकै पडकिएको थियो । उनी त्यही ढुङ्गामा ढले बिस्तारै हातबाट राइफल खस्यो माथि कतै उडेको भान भयो । बोल्न खोजे सकेनन् । आखाँ पनि धमिलो देखियो । उठ्न सकेनन् बेहोस भए । बम कै आवाजले ४-५ मिनेटपछि मात्रै होस खुल्यो । होस खुल्दा उनको शरिर रगताम्य भइसकेको थियो । भाग्न खोजे खुट्टै चलेन, हात चल्यो तर शरिर चलेन ।

जिउ उठाउन खोजे सकेन । कमरेडहरूलाई बोलाउन खोजे बोली आएन् । घिस्रिएर हिड्न खोजे तर सकेनन् । कमरेडहरू निकै पर पुगिसकेका थिए । बल गरेर चिच्याउन खोजे तर धोद्रो स्वर कमरेडहरूले पहिचान गर्नै कठिन भयो । उनीसँगै घाइते भएको कमरेड अमृतले भने उनी घाइते भएको देखेका थिए । जो पछि बगालेमा सहिद भए । उनले घटना सुनाएपछि थमस मगर कमरेड हरी सहित अन्य कमरेडहरू उनलाई लिन आए । प्रहरीले गोली बर्षाउन शुरू गऱ्यो आत्मीय कमान्डरलाई छोड्न नसकेकोले गोलीको प्रवाह नगरी काँधमा हालेर कमरेड हरि र अरू कमरेडहरूले कान्लामुनी झारे ।

दोस्रो पटक युद्धमा कमाण्डर भएर गएका उनलाई मरिन्छ या मारिन्छ भन्ने स्पष्टै थियो । घाइते हुइन्छ भन्ने सोचेको भए आवश्यक घाइतेलाई बोक्ने सामग्री लिएर जाने थिए । घाइते कार्कीलाई बोक्ने सामग्री थिएन । काल्नामा छेलिदै जादाँ सुनुवार घुम्ती नजिकै नेपाली सेनाको गाडी आयो । 'मैले कमरेडहरूलाई भाग्नु भनु राम सम्झन्छन् 'मृत्युको खबर घर पुऱ्याइदिन भन्दै डायरी जिम्मा दिएँ । भाग्नु अघि कमरेडहरूले काल्नामुनी फालिदिए । सेनाको गाडी कट्यो र फेरि झुण्डाउँदै बोकेर लगे' बजारमा तन्ना मागेर उनलाई बोकियो । उज्यालो हुने बेला भएकाले गोपेटार नजिकैको नागी गा.वि.स.को सुनुवार घुम्ती गाउँको बाटो छेउको घरमा राख्न खोजे । तर मुलबाटो भएकोले घरका मान्छेले मानेनन् र अलिक परको बाटोले नछुने पूर्ण मुखियाको घरमा लान सुझाए ।

विहानपख उज्यालोहुन थालेकोले घाइते शरिर बोकेर धेरै टाढा भाग्न सक्ने अवस्था कमरेडहरूसँग पनि थिएन । त्यसैले राम कार्कीलाई राख्न पूर्ण मुखियाको घर पुगे । पुर्णसँग वृद्धा आमा बस्थिन् । वृद्ध आमाले सुरूमा राख्न मानिनन् । तर साँझ लिन आउने आश्वासन दिएपछि शिलिङमा साँझसम्म आश्रय दिन तयार भइन् । पूर्ण मुखियाको घरको सिलिङमा रामलाई लुकाए । कमरेडहरूले पूर्ण मुखिया र उनकी ७० बर्षिय आमालाई हेरचाहको जिम्मा लगाए । बेलुका लिन आउने बाचासहित मागेको खानदिनु भनि एकहजार रूपैया बुढिआमाको हातमा हालिदिए जुन पैसा रामलाई आफू

मर्छु भन्ने लागेपछि २००० रूपैया सहितको पर्स र वकमेन कमरेडहरूलाई जिम्मा लगाएका थिए ।

विपन्न परिवारका मुखियाको घरमा न जाडोमा लगाउने लुगा थिए न ओड्ने सिरक नै । माघको चिसोमा मुखिया परिवारको दैनिकी कष्टकर रूपमा चल्दैथियो । आमा छोराको कस्टकर दैनिकीलाई घाइते अवस्थामा पुगेका रामको प्रवेशले झनै तनावमा पारेको थियो । घाम झुल्किन नपाउँदै आकाशमा सेनाका हेलिकप्टर घुमिरहेका थिए । माओवादी खोजेर छानामाथि हेलिकप्टर घुम्दा मुखिया आमा छोराको सातो उडेको थियो । उनीहरूलाई डर थियो । माथिबाट दुरबिनले हेर्दा सबैथोक देखिन्छ । तर बिचरा उनीहरूलाई सानो पातले छेक्दा पनि दुरविनले नदेखिने विषय सम्झाउन रामलाई लामै सङ्घर्ष गर्नुपर्‍यो ।

रामले कमब्याट ड्रेस लगाएका थिए तर रगताम्य थियो । आमा छोरा डराएपछि उनले कमब्याट खोलेर गाडीदिन भने । कमब्याट खोलेपछि उनीसँग कट्टुमात्र थियो । सेनाको डरले बारी खनेर कमब्याट पुरियो । माघको चिसो ठिही थियो अध्यारो उज्यालो छुट्याउन नसक्ने गरी अध्यारो कोठा एउटा परालको सुकुलको ओछ्यान, ओड्नको लागि पातलो पुरानो धुसा र तोरीको बोराको सिरानी । घाइते अवस्थाका कार्कीको पीडा व्याख्या गर्न सक्ने शब्द छैन् । दिसा पिसाब गएको थाहा हुन्थ्यो तर रोक्न सक्दैन थिए । औषधी नपाएर तड्पिएका उनी रून समेत पाउदैन थिए जब पिडा थाम्न नसकेर रून थाल्थे । बृद्धआमा आएर भन्नुहुन्थ्यो अरूले थाहापाउँछन् हामीलाई सेनाले मार्छ भनेर मुखमा हाल्न थाङ्नो दिइन् र आवाज ननिकाल्नु भनेर गइन् । पिडामाथि झनै पिडा थपियो । दिउँसोबाट पिसाब पनि रोकियो । पिसाव रोकिएपछि पहिलेनै मरेको भए हुनेथियो भन्ने उनलाई लागिरह्यो ।

विहानको झिसमिसेमा छाडेर गएका कमरेड साँझमा लिन आउँछन् र उपचार हुन्छ भन्ने विश्वासमा थिए, राम । बमको चोटले गर्दा कम्मरमुनीको भाग चल्दैन थियो । पहिलो १२ घण्टा सिलिङमा सुतेर बिताएका कार्कीलाई लिन

कोही माओवादी आएनन् । आज भोली भन्दै दिन बितिरहे, मुर्दा झै सिलिङ्मा लडेको ज्यान उपचार र कमरेडको प्रतिक्षामा थियो । बेला बेलामा बुढिआमा आएर मरिस् भने हामीले छुन हुँदैन । तेरो कमरेडहरू लिन आएनन् भन्दै गनगन सुन्नु पर्दथ्यो । एकातिर दिसा पिसाव रोकीएको असह्य पिडा थियो भने अर्कोतिर औषधी नपाउँदा मरेकै भए राम्रो भन्ने लाग्थ्यो ।

सुरूमा मर्छुजस्तो लागेको रामसमा दिन बित्दैजाँदा औषधी उपचार भए बाँच्छु भन्ने झिनो आशा पलाएको थियो तर लिन भने कोहि आएनन् । पिसाव खोलाइदिन पूर्णलाई डक्टर बोलाइदिन भने तर उनले सेनाको डरले बोलाउन सकेनन् । दुखाई कम गर्ने औषधी पनि किन्न नसकेर चुइगम र भिष चक्लेट ल्याइदिए । गोपेटार घटनामा घाइते भएका अन्य कमरेडहरूलाई बोकेर तेह्रथुमको बगालेमा पुऱ्याएका थिए । उनीहरूको उपचार चलिरहेको थियो । १४ गते सर्चमा निस्केको शाहीसेनाले घेराहालेर सबै घाइते र घाइते बसेको घरका समेत सबैलाई गोली हानी हत्या गर्यो । गोली पड्किएको रामले ओछ्यानबाटै सुनेका थियो । तर कहाँ के भएको थाहा थिएन । बेलुकी पूर्ण मुखियाले सविस्तार सुनाए सेनाले घेरा हालेर कमान्डर सहित २० जनाको हत्या गरेको ।

तिहारको टीका लाउने तयारी अवस्थामा रहेकी चेलीलाई छाडेर भाइ टीकाको अघिल्लो दिन मुक्ती आन्दोलनमा हिडेका कार्की पार्टीका कमरेडले छाडेपछि परिवारको आशामा थिए । घरमा खबर पुगे आएर लैजान्छन् भन्ने थियो । सिलिङ्मा ओछ्यान परेका उनलाई भेट्न आएका गाउँलेलाई घरसम्म पूऱ्याइदिन नभए खबर गरिदिन अनुरोध गरे । तर सङ्कटकालका कारण हिडेका मान्छे बाटोबाटै फर्कीए ।

पिडा सहन नसकेर सेना बोलाएर जिम्मा लगाइदेऊ भन्दा घरबेटीले पाप गर्न चाहेनन् । 'औधी पिडा भएपछि सेना बोलाइदेऊ कित मार्छ कित उपचार गर्छ' कार्कीले आमा छोरालाई भने । जवाफमा उनीहरूले 'जिम्मा लगाउँदा तँलाई गोली हानेर मार्छ हामी मारेको हेर्न सक्दैनौं' भनेर घरमा बस्दा गनगन

गरिरहने आमा छोराले प्रहरीको जिम्मा लगाउन सकेनन् । 'तँलाई जसरी पनि बचाउछु भन्दै राखे ।'

कमरेडको प्रतिक्षामा एउटै सिलिङ्मा सुतेर ३० दिन बिते । औधिनै पिडा हुँदा चुइगम चपाए र पिडा भुले अध्यारो कोठामा चिसोमा लडिरहे बिहान बेलुकी खाना ल्याउँदा बुढीआमा गाली गर्थिन् 'यस्तो उमेरमा आमाबाबुलाई हलो कोदालो गर्न सघाउन छोडेर किन हिडेको ? तैले लडेर के पाइस् ? खै तेरो कमरेडहरूले पनि छोडेर गयो हामीलाई पनि दुःख भयो' भनेर गनगनाउदा शरिरको घाउभन्दा बढी मन दुख्थ्यो कार्की भन्छन् । यो बीचमा शरिरको बाहिरी घाउ निको हुन थालेको थियो । तर भित्री चोटको सिमा थिएन् । कम्मर मुनीको भाग नचल्दा मुर्दा झैँ लडिरहे । एक महिना बस्दा एक कान दुई कान हुँदै घाइते माओवादी बसेको हल्ला ब्यारेकसम्म पुगेछ । दिनभरि घरमा बसे पनि साँझपरे पछि भने घरबेटी बास बस्न अर्कै घर जान्थे । 'मेरो कारणले तपाइँको ज्यान जोखिममा हुनुहुदैन भनेर राती अन्तै गएर सुत्नुस् भनेको थिएँ ।' कार्की सम्झन्छन् 'बचाउन भन्दै गाउँमा ४, ५ जना कमरेडहरू लागेका थिए ।' उनलाई बचाउन चाहनेहरूको काम भने दिनभरि सेनाको सुराक गर्ने र साँझ रामलाई सुनाउथे । आज भोली गर्दै स्थानीय युवा घनिष्ट भइसकेका थिए । घरमा बसेको २३-२४ दिनपछि सेना सर्च गर्न आउने योजना अगाडी नै रामलाई सुनाए । अघिल्लो दिन राती गाउँका युवा भेला भएर कतै लुकाउने योजना थियो तर डरले होला शायद ठाँउ सार्न झिसमिसेमा कमरेड जुटेनन् । उज्यालो भएपछि लाने सम्भावना थिएन ।

घाइते भएको पछिल्लो दौरानमा बाँच्छु भन्ने सानो आशा थियो । तर सेना आउने भएपछि उनको बाँच्ने आशा मऱ्यो । कपी कलम मागेर परिवार र पार्टीलाई दुईवटा चिठी लेखे । पूर्णलाई घर छाडेर जान लगाए तर एउटा सर्तमा । उनले लेखेको चिठी घर र पार्टीमा पुऱ्याउने जिम्मा पूर्णलाई दिए । उनले भनेका थिए म चिठी लेखेर छानामा खरभित्र सिउरिन्छु भनेर सिउरिने ठाँउ देखाउदै भने तपाइँले जसरी हुन्छ मेरो चिठी मेरो घर र पार्टीसम्म पुऱ्याई दिनुहोला । मलाई लुगा लगाइदिनुस् मर्दा पनि नाङ्गै त मर्न भएननि

भने । त्यस पछि पूर्णले आफूले लगाएको पेन्ट खोलेर लगाई दिए । गाउँलेले चन्दा उठाएर घाइते ज्यानलाई तङ्ग्रयाउन घिउ र चुइगम, चकलेट किनिदिएका थिए । मर्ने निश्चित भएपछि खाने कुराहरू किन बाँकी राख्ने मरे पनि खाएरै मर्ने सोचले उनले बाँकी रहेको करीव आधापावा घिउ सबै खाए, मुख चलाइरहन साथमा भएको चुइगम र भिक्स चकलेट पनि सबै खाए । जोगाएको भए २-४ दिनलाई पुग्थ्यो ।

बिहानको करिव ११ बजेको थियो सेनाको टोली गाउँमा सर्च गर्न आयो । पूर्णलाई रामको मायाले तान्यो उनी छेउमा आएर मैंले तपाइँलाई बचाउन सकिन भन्दै रून थाले । रामले उनलाई सम्हाल्दै तपाइँ बाच्नु पर्छ यहाँबाट गैहाल्नुस् । मेरो कारण तपाइँ र तपाइँको आमा मारिनु हुँदैन । तपाइँहरूसँग कुनै गुनासो छैन जति गर्नुभो अत्यन्तै ठूलो गुण लगाउनुभो मैले तिर्न नसक्ने गुण लगाउनु भएको छ । बरू के हुन्छ त्यो खबर मेरो घरमा र पार्टीसम्म पुऱ्याइदिनुस् छिटो सुरक्षित ठाँउमा गैहाल्नुस् भनेपछि उनी रूँदै बाहिरिए ।

गाउँका सबैघरमा खरको मुठासम्म पल्टाएको सेना संयोगले उनी बसेको घरमा मात्रै आएन् । उनको बाच्ने भाग्य बलियो । गाउँमा घाइते माओवादी रहेको सेनालाई पक्का खबर थियो । सेनाले घरघरमा खोजी गर्दा गाउँलेको सातो उडेको थियो । तर पूर्णको घर नआई फर्किए पछि थोरै भए पनि सुखको सास फेरे । सुरूमा नभेटेपछि फेरि सेना खोजी गर्दै आउने सूचना पूर्णलाई आयो अब भने निशाना उनी बसेकै घर थियो । तर अगाडी नै थाहा पाएका कमरेडले राती नै कार्कीलाई जङ्गलमा लगेर छाड्ने निधो गरे ।

चिसो र अध्यारो रातमा चार जनाले १ घण्टाको पैदल दुरीमा पर्ने जङ्गलमा राखिदिए । दिउँसो सेनाले घर हेर्दा केही भेटेन् । जङ्गल पुऱ्याएर छाडिदिँदा चन्दा उठाएर किनिदिएको थोरै हरलेक्स र चिउरा राखी दिएका थिए । सेनाको डरले जङ्गलमा एक्लैछाडेर सहयोगीहरू हिडे । उनलाई छेउमा राखिदिएको हरलेक्स र खानेकुरा भोली पल्टनै सकियो । चिसो ढुङ्गामाथि एउटा पातलो धुस्सा ओडेर लेकको जाडोमा उनी बसिरहे ।

उनलाई जङ्गलमा पुऱ्याउने मध्येका एक थिए ताराबहादुर कार्की । उनको घर जङ्गल छेउमा थियो । बाघ र अजिङ्गर बस्ने भोटेगढी जङ्गलमा राखिएका कार्कीले ५ दिन ५ रात दर्दनाक जीवन बिताए । अघिल्लो एक महिना जसोतसो घरको ओत लागेका र सुकुलसम्मको बिस्तारा पाएका उनले मिठो नमिठो जे भए पनि खान पाएका थिए । तर यहाँ न त खान पाउने अवस्था थियो न त ओछ्यान । चिसो ढुङ्गा भन्दा अरू केही थिएन ।

बसेको ठाउँबाट जिउ यता-उता सर्न सक्ने अवस्था थिएनन् । ठूलो ढुङ्गामा बस्दा फागुन पहिलो साता पानी पऱ्यो । लेक लाग्ने ठाउमा चिसो पानीले दुई दिनसम्म भिजाउँदा जाडो कस्तो भयो बयान गर्ने सिमा छैन् । जङ्गलमा राती पुऱ्याएका कार्की भोकै मर्नुपर्ने अवस्था थियो । तर ताराबहादुरले श्रीमती र बुबाको आँखा छलेर उनको शरिरमा सास अड्याउने काम गरे । सँधै घरमा मकै भट्मास खाजा र चिया पाक्थ्यो । खाजा खाएर मात्र घास दाउरा गर्न जङ्गल जाने चलन थियो । तर जङ्गलमा रामलाई छाडेदेखि ताराबहादुरले घरमा खाजा खान छाडे । श्रीमतीले भुटेको मकै र प्लास्टिकको बोतलमा चिया हालेर जङ्गलतर्फ जान्थे । घर परिवारमा उनले भन्न सक्ने अवस्था थिएन । चिया पकाएकी श्रीमतीलाई जङ्गलमै खान्छु भन्दै लिएर आउथे र कार्कीलाई खुवाएर घाँस लिएर फर्कन्थे ।

यो प्रक्रिया ३-४ दिनसम्म चलिरह्यो । ताराबहादुर र उनकी श्रीमतीबीच नै खटपट हुने अवस्था आयो । चौथो दिन पानी परिरहेको बेला दिउँसोको खाजा समेत आफूले नखाई ताराबहादुर घरबाट निस्किएपछि उनकी श्रीमतीले देखुञ्जेल घरबाट हेरिन् त्यसपछि श्रीमानको पछि लागिन् । उनको शङ्का श्रीमान परस्त्रीसँग लागेको छ कि भन्ने थियो । तर जङ्गलमा ठूला ढुङ्गाको बीचमा मान्छे देख्दा उनी तर्सिन् । सङ्का गरेका श्रीमानले कसैको ज्यान भरिरहेको थियो । उनी तर्सिएपछि कार्कीले सबै कुरा सुनाए । ढुङ्गामा बसेका उनलाई अलैचीको दुई भारी सेउला ल्याएर सोत्तर बनाइदिन् पानी परे ओढ्ने प्लास्टिक पनि ल्याइदिइन् । अब भने बल्ल बस्न लायक भएको थियो त्यो जङ्गल । श्रीमतिले थाहापाए पछि ताराबहादुरले श्रीमतीसँग सल्लाह गरेर रामलाई घर लैजाने निधो गरे ।

तर २००७ सालको क्रान्तिमा निर्वासन भोगेर मुक्तिसेनामा लडेका उनका बुबाको स्वभाव कडा थियो । माओवादीलाई मन पराउदैन थिए । त्यसैले सबै कुरा ढाट्न र माओवादी हो नभन्न रामलाई सुझाए । साँझपख घरमा पुगेर बुवालाई जङ्गलमा मान्छे घाइते छ हाम्रै दाजुभाइ पर्ने रहेछ भनेर सुनाउँदा बाबुले जिउँदै छ भने ल्याउनु भन्ने निर्देशन पाए पछि ताराबहादुर र उनकी श्रीमती पुगेर बोकेर घरसम्म ल्याए । घरमा आएपछि बुबाले माओवादीको सङ्का गरेर पहिला शारीरिक जाँच गरे घाउचोट करीव करीव सबै निको भैसकेको थियो । हातका कुहिना र घुडा हेरे तालिम गरेको हो होइन भनेर त्यतिले चित्त बुझेन र अनुसन्धान रूपी प्रश्नको वर्षा शुरूगरे रोचक प्रश्न उत्तर यस प्रकार छन्–

प्रश्न- घर कहाँ हो ? के थरी ? घरमा को-को छन् ? नाम के हो ? कता हिंडेको ? किन हिंडेको ? गाडिभाडा कति लागो ? साथमा बस टिकट छ ? नागरिकता छ ? कसरी लडिस् ? के हो गोत्र ? सगोत्री के-के हुन् ? माइनदीमा वंशावली पुराण कहिले लागो ? सबै प्रश्नको जवाफहरू दिदै गर्दा कसरी लडेको भन्ने प्रश्नको जवाफमा चित्त बुझाएनन् बुढाले भने कि रक्सी खान्थिस ? रामले सोचे यहि उपयुक्त जवाफ हो उनले सहमति जनाए हो मैले रक्सी खाएकोले मातेर भिरबाट लडैं भन्दा बल्ल पत्याए र आज चाहिँ सुत भोली गाँउमा गएर सोधेपछि थाहा हुन्छ तँ माओवादी होस् कि होइनस् भने । तर त्यस रात भने सुत्न दिए ।

कार्की नै भएका कारण उनले बन्धुको साइनो लगाएका थिए । कार्की बाले धेरै केरकार गरे रामले दुइवटा कुरा मात्रै ढाटेका थिए पहिलो आफू माओवादी नभएको र दोश्रो बुवा विदेशमा भएको र बुवाले विदेशबाट पठाएको पैसालिन हिंडेको भनेर रामले आफू मरिहालिए छ भने पनि घरमा खबर पुग्न सक्छ भनेर सत्य बताएका थिए ।

रामलाई घरमा राखेको केही दिन पछि कार्की बाको उनका दाजुभाइ पर्नेसँग भेट भएपछि दाजुभाइले माओवादीलाई जङ्गलबाट ल्याएर राखेछौ । अब

बुढेसकालमा सेनाले तिमीलाई गोली हानेर मार्ने भो भने पछि उनको सात्तो उड्यो । दाजुभाइले दिएको सल्लाहअनुसार उनी प्रहरीलाई जिम्मा लगाउन प्रहरी बोलाउन जान तयार भए । रामले धेरै सम्झाई बुझाई गरेपछि उनले प्रहरी बोलाएनन् र मकै छरी सकेपछि आफैँ घर पुऱ्याइदिन राजी भएका थिए । ६ दिन घरमा जसोतसो बसे यहि बीचमा घाइते माओवादी खोज्दै दुई जना मान्छे आए । जतिबेला राम बाहिर बारीमा घाम तापिरहेका थिए छेउको ढुङ्गाले छेलेकोले उनीहरूले देखेनन् ।

ती मान्छेलाई बाले नै यहाँ जङ्गलबाट ल्याएको कोही माओवादी छैन भन्दै फिर्ता पठाइदिए । ती मान्छे को थिए केही खुलेन् । छैठौं दिनसम्म राम माओवादी भन्ने कुरामा प्रस्ट भए ती बुढा बुबा । कार्की बा प्रहरीलाई खबर गर्न भोली पल्ट दिउसो जान तयार थिए । बुबा प्रहरी चौकी जाँदा घाइते विमललाई फेरि कमरेडहरू खोजेर अन्यत्रै ठाउँमा वा जङ्गलमै लगेर छाड्ने छोराबुहारीको सल्लाह भयो ।

दिउँसो दुई बजेको थियो कार्की बा प्रहरी बोलाउनलाई भैंसीलाई चराएर छिट्टै बाध्न गोठतिर भैंसी लाँदै थिए । त्यहिबेला घाइते मान्छे खोज्दै दुई जना मान्छे पुगे । आवाज सुन्दै उनले चिनीहाले । आगनमा उभिएका अरू कोही नभएर उनका बुबा र साथी भक्तशेर लिम्बु थिए । रामको अवस्था देखेर बुबा रून थाले । घरबाट ठमठमी माओवादीमा हिडेको छोरो आज हलचल गर्न सक्ने अवस्थामा थिएन ।

बुबा रूदा कार्की बा गोठमा थिए । रामले ढाँटेर बसेको र माओवादीको कुरा नगरेकाले बुबालाई नरून आग्रह गरे । आफूले ढाँटेको विषय पनि सुनाए र सोहिअनुसार कार्की बासँग कुरा गर्न सुझाए । छोराको अवस्था देखेपछि बुबाको मन भित्रभित्रै भत्तभती पोलिरहेको सजिलै बुझ्न सकिन्थ्यो । डेढ महिना अघिदेखि घाइते भएको र उपचार नपाएर अन्तिम अवस्थामा छ भन्ने सूचना पाउने बित्तिकै रातदिन हिडेर छोरा खोज्दै आएका बुबाले ७ दिनपछि मात्र छोरा फेला पारे ।

तर छोराका लागि बाहिर आशु देखाएनन् । रातिको खाना खाएपछि बुढाले रामका बुवालाई केरकार गरे । रामले पारिवारिक कुरा केही नढाँटेकोले सबै कुरा मिलेपछी माओवादी होइन रहेछ भन्ने कुरामा विश्वस्त भए बुढा । भोलीपल्ट बिहान बोकेर लैजाने कुरा भयो । तर रामले मानेनन् बोकेर जाँदा उनीसँगै बा र साथीको ज्यान पनि खतरामा पर्ने थियो । जाने भए गाडी मै जाऊँ भने, गाडीमा जान घरबेटी पनि तयार भए ।

भोलीपल्ट विर्तामोडका लागि गाडी चढे । बाटोमा सेनाले अवरोध गर्न खोजे । गाडी चेकिङ गर्दा झार्न खोजेका थिए सेनाले सबै गाडी खालिगराएर चेकिङ हुँदा राम ओर्लिन सकेनन् । दुइपटकसम्म सेनाले झार्न खोज्यो तर उनले पेट दुखेको नाटक गरेर झरेनन् । तेस्रो पटक झार्नलाई फेरि सेना चढ्यो । उनले नसक्ने बताएपछि तानेर झार्न सेना अगाडी बढ्दै गर्दा एउटी युवती छोटा लुगामा आइपुगिन् । सेनाले युवतीसँग सोधपुछ गर्न थालेपछि उनी जोगिए ।

उनलाई उपचारका लागि बिराटनगर कोशी अञ्चल अस्पताल ल्याइयो । अस्पताललले ढिलो भएकाले उपचार गर्न सकिँदैन भन्यो । त्यसपछि डाक्टर चाङको खोजीमा भारतको सिलगुडीतर्फ आएँ । सात दिनको उपचारपछि फेरि फर्किएर घर गएँ । ढिलो भएका कारण उनीहरूले सामान्य उपचार गरे । गुमेको कम्मरमुनीको भाग सक्रिय बनाउन गाह्रो भयो र अपांगता भएँ ।

उपचारपछि फर्किएको २ दिन घरमा बस्दा सेनाले सुराक पायो । बसेको घरबाट बुबाआमाले मध्यरातमा नजिकैको खेती गर्दा बस्ने घरमा सारे । भोलीपल्ट राति सेना आयो । रामलाई भेटेन काकाको छोरी बहिनी सुशिलालाई लगेर रामलाई बुझाएमात्र छोडिदिने नत्र जे पनि हुन सक्ने भन्दै घरपरिवारमा धम्क्याएयो । छोरो बचाउन र छोरीलाई छुटाउन बुबाले सबैतर्फका मान्छेसँग हारगुहार गरे । तर सबैले आत्मसर्मपण गरे मात्र बचाउन सक्ने बताए । तर राम आत्मसर्मपण गर्ने पक्षमा थिएनन् । घरपरिवार सकिन सक्ने बुवाआमा, दाजुभाइ, सबैलाई सेना प्रहरीले अप्ठ्यारो पर्छ भन्दै अरूले आत्मसमर्पण गरेर उपचार गर्न सहज वातावरण तयार गर्न सम्झाउन खोजे । तर उनले

उनीहरूलाई आफूले हिडेको बाटो गलत नभएको हुनाले जेनेभा सन्धिको कुरा सेना प्रहरीलाई सम्झाउन भने र आत्मसमर्पण नगर्ने बरू बहिनी छुटाउन आफूलाई प्रहरी कहाँ बुझाइदिन आग्रह गरे ।

आत्मसमर्पण नगरे पछि सेना प्रहरीबाट जोगिन उनलाई फेरि भारत नै लगियो । घरबाट एम्बुलेन्समा बिहानै शिलगुडीतर्फ जादाँ घर नजिकै सेनाले मोरङ, सुनसरी जिल्लाका माओवादी शिर्ष नेताहरू बेनोज अधिकारी, रोहित कोइरालालगाएत ४ जनालाई गोलिहानी हत्या गर्‍यो । पछी समचार सुनेर थाहा पाइयो । घर नजिकै गोली चलेको र बाटोभरी आर्मी भएकोले मन अमिलो पार्दै उनी काकड्भिट्टाबाट पानी टंकी प्रवेश गरे । पानी टंकीबाट एम्बुलेन्सलाई फर्काएर अटोमा चढेर बागडुग्राको सरकारी अस्पताल पुगे ।

पछि एम्बुलेन्समा गएको थाहा पाएपछि प्रहरीले चालकलाई कहाँ लगिस् भन्दै सोध्यो । आधा बाटोबाट छोडेर आएका कारण उसले केही बताउन सकेन् । उपचारको लागि धेरै हस्पिटलमा राम गए तर ढिला भएको कारण कही पनि उनको उपचार सम्भव भएन खुट्टामा भित्रभित्रै असाध्यै पोल्ने हुँदा घाइते भएको समयबाट दिनमा मुस्किलले १ घन्टा मात्र सुत्न सक्ने रामले निद्राको ट्रिपल डोज औषधी खाँदा पनि निन्द्रा लागेन । २००० एम.जी.सम्म ब्रोफिन खाँदा पनि दुखाई र पोलाई कम भएन । खुट्टा नचल्ने भएकाले उनले कोलकत्ताको वांगुर हस्पीटलमा दुवै खुट्टा काटिमागे । डक्टरले गार्जेनको अनुमती लिन भने । गार्जेनको रूपमा रहनुभएका बुवालाई सहमति गराए पछि खुट्टा काट्ने डेट दिए । खुट्टा काटिए पछि पोलाइको समस्याबाट राहत पाउने आशामा बसिरहेका रामलाई हस्पिटल इन्चार्जले खुट्टा नकाट्ने भन्दै एक्कासी डिस्चार्ज गरिदिए ।

करीव ६ महिना पछि पार्टीसँग रामको सम्पर्क भयो । रामलाई भेट्न पहिलोपटक कमरेड रत्न काकडभिट्टा पुगेका थिए । अपाङ्गता भएका कारण उनले पार्टीका जनसेनाको रूपमा काम गर्न सक्ने अवस्था थिएन । पार्टीले काम दिन नसके पछि कम्प्युटर आफ्नै पहलमा सिके र पुनः पार्टीको

प्रकासन विभागमा रहेर काम गर्न थाले । यसैबीच २०६१ साउन १३ गते उनको कमरेड सलिनासँग जनवादी विवाह भयो । हाल उनी १ छोरा, १ छोरी, श्रीमती, हजुरबुवा र आमाबुवा सहित ७ जनाको परिवार सङ्गोलमै बस्छन् । आफ्नो शारीरिक अवस्थाजस्तो भएपनि पार्टीलाई जुनसुकै खालको योगदान दिन उनी तयार छन् । २०६२/६३ को जनअन्दोलन पछि जिल्ला पार्टी र राज्य कार्यालयमा रहेर काम गरे । यता लडाकु प्रमाणिकरणमा उनी कम्पनी कमान्डरको रूपमा प्रमाणिकरण भए । डाक्टर उपेन्द्र देवकोटाले थाइल्यान्डमा गएर उपचार गराउन २०६३ मा सल्लाह दिएका थिए । तर आर्थिक अवस्था राम्रो नभएकोले जान सकेनन् । अहिले पनि दिल्लीको एक हस्पिटलले २४ लाख खर्च गरे बैशाखी बेगार हिड्न सकिने हुन्छ भनेको अवस्था छ । तर राम्रोसँग उपचार हुन नसक्दा उनको अहिले पनि खुट्टा अत्यधिक पोल्ने गर्दछ । यसले २ घन्टाभन्दा बढी समय सुत्न सक्दैनन् ।

सहयोद्धाहरू पार्टीको केन्द्रीय कमिटी, मन्त्री र सांसद भए पनि उनलाई भने पार्टीले प्रदेश समानुपातिक सांसदको उमेद्वार बनाउने भन्दा अरू अवसर दिएको छैन । हाल उनी ने.क.पा.को जिल्ला कमिटीमा रहेर काम गरिरहेका छन् । यस अतिरिक्त उनी घाइते र अपाङ्गताहरूको क्षेत्रमा पनि क्रियाशील छन् । स्थानीयस्तरका सामाजिक सङ्घ सस्थामा पनि निरन्तर नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन् । उनले काम गरेका हरेक क्षेत्रमा त्यतिकै लोकप्रिय भएका छन् । राष्ट्रिय अपाङ्गता महासङ्घ नेपाल, प्रदेश नं. १ को दुई कार्यकाल अध्यक्ष भएका उनी निरन्तर सामाजिक कार्यमा लागिरहेका छन् । त्यस बाहेक उनी गाउँमा कृषि उद्यममा पनि सक्रिय छन् । उनी व्यक्तिगत अवसर नपाएकोमा भन्दा पनि राम्रो उपचार हुन नसकेकोमा दुःखी छन् भने त्यो भन्दा ज्यादा कम्युनिष्ट आन्दोलन र समाजवादको मुद्धामा चिन्तित देखिन्छन् ।

•••

*-प्रस्तुती हरि अधिकारी*

# युद्धका अविष्मरणीय पलहरू

*'प्रारम्भमा हामीसँग उच्च सैन्य प्रविधि थिएन । तर रणनैतिक उद्देश्य, प्रतिरोधी विचार, साहस, त्याग र वलिदानी भावको कारण थ्री नट थ्री राइफल, ग्रिनेट, गोला र भरूवा बन्दुकको भरमा लड्दा पनि निराश र कमजोर अनुभूति कहिल्यै गरिएन । सिद्धान्त र विचारद्वारा निर्देशित युद्ध प्रविधि र हत्तियार भन्दा अझ बलियो हुने गर्दछ ।'*

*–कमरेड रोशन*



*खड्गबहादुर कन्दङ्वा*
*कमरेड रोशन*

'बम र बन्दुकको आवाजले कानै छेड्लाजस्तो भइरहेको थियो । गोलीहरू चुँइ चुँइ गर्दै कानै नजिकबाट ओहोर–दोहोर गरिरहेको थियो । बमको धमकाले धरती कम्पायमान भइरहेको थियो । कमाण्डरले कमाण्ड, कन्ट्रोल र कम्युनिकेसन संयोजन गर्दै कासन चलाइरहेको आवाज मेरो कानमा गुञ्जी रहेको थियो । ठोक–ठोक भन्दै अश्लील शव्दहरूले गाली गरी रहेका थिए राज्यपक्षका सिपाहीहरू । आइया नि मरे नि भन्दै घाइतेहरू चिच्याइरहेको थिए । यो पाँचथर गोपेटार मोर्चाको त्यो काहली लाग्दो क्षण हो, जुन दिन मेरो

कर्मशील दाहिने हात नै गुमाउनु परेको थियो । त्यो पलले अहिले पनि झसङ्ग-झसङ्ग बनाइरहन्छ ।' जनयुद्धको दौरान युद्धमोर्चाको कठिन क्षणहरू यसरी सम्झन्छन् तात्कालिन जनमुक्ति सेनाका कमाण्डर खड्गबहादुर कन्दङ्वा कमरेड रोशन ।

तेह्रथुम आठराई गाउँपालिका छातेढुङ्गा- ६ होडामा २०३५ साल चैत्र ११ गते बुबा जयबहादुर कन्दङ्वा र आमा धनमाया कन्दङ्वाको कान्छो छोराका रूपमा जन्मिएका खड्गबहादुर कन्दङ्वा कमरेड रोशन सानैदेखि विद्रोही स्वभावका थिए । छर छिमेकी, काका र दाजुहरूले समातेको वामपन्थी विचारधारा नै उनका लागि पनि आस्थाको मार्ग चित्र बन्यो । तेह्रथुम आठराई छातेढुङ्गा पोखरी माविमा कक्षा दशसम्मको अध्ययन गरेका उनी विद्यार्थी जीवनबाट नै राजनीतिमा प्रवेश गरेका हुन् ।

उनले माओवादी जनयुद्धमा लामवद्ध हुने प्रेरणा पनि दाजुहरूबाटै पाएका थिए । आठ जनाको परिवारमा तीन जना पूर्णकालिन कार्यकर्ता बनेर पार्टीको काम गरेको उनले बताए । अहिले पनि परिवारको धेरै सदस्य पार्टीमा संगठित छन् । स्व. कमरेड गौरीशंकर खड्काको सम्पर्कमा २०५५ सालबाट माओवादी पार्टीमा प्रवेश गरेका उनले विभिन्न जनवर्गीय सङ्गठन, जनमुक्ति सेना, वाइसिएल जिल्ला इन्चार्ज, तेह्रथुम जिल्ला कमिटीका सहइन्चार्ज हुँदै वैद्य नेत्रृत्वको नेकपा-माओवादीको जिल्ला ईन्चार्ज अनि झापा जिल्ला सचिवलगायतका जिम्मेवारी सम्हाली सकेका छन् ।

## फौजी आक्रमण

शुरूमा उनी जनमिलिसिया हुँदै २०५८ सालमा जनमुक्ति सेनामा प्रवेश गरे । पार्टीमा प्रवेशसँगै उनले थुप्रै सैन्य तालिमहरू लिए । यसमध्ये सङ्खुवासभा जिल्लाको माङ्सीमामा भने उनले जनमुक्ति सेनाको स्पेसल तालिम लिएका थिए । उनले प्लाटुन र कम्पनीमा आवद्ध भएर जिम्मेवारी सम्हाल्दै अघि बढेको बताए । तेह्रथुमको फेदाप पोक्लाबुङ चौकी आक्रमण उनको पहिलो

फौजी मोर्चा थियो । २०५८ साल मंसिर १० गते सोलुखुम्बुको सल्लेरी, २०५८ साल माघ १० गते पाँचथरको गोपेटार अनि २०६२ को भोजपुरको घोरेटार–लगायतका दर्जनौं युद्धमोर्चाहरूमा उनको सक्रिय सहभागिता रहेको थियो ।

## युद्धमोर्चाको अनुभव

सिद्धान्त र विचार सहितको युद्ध लड्दा निराशा र थकाई नलाग्ने उनले बताए । उनी युद्धमोर्चामा जान तयार भइन्थ्यो तब उत्साह जाँगर बढेर आउँथ्यो । उनलाई युद्धमा हारिएलाजस्तो कहिल्यै लागेन । उनले भने, 'मनोवल उच्च राखेर लडियो साथै सहयोद्धा कमरेडहरूको हार्दिकता र सहयोगी भावनाले सधै उत्साह र उर्जा थपी रहन्थ्यो ।'

प्रारम्भमा हामीसँग उच्च सैन्य प्रविधि थिएन । तर रणनैतिक उद्देश्य, प्रतिरोधी विचार, साहस, त्याग र बलिदानी भावको कारण थ्री नट थ्री राइफल, ग्रिनेट, गोला र भरूवा बन्दुकको बलमा लड्दा पनि निराश र कमजोर अनुभूति कहिल्यै गरिएन । सिद्धान्त र विचारद्वारा निर्देशित युद्ध प्रविधि र हत्तियार भन्दा अझ बलियो हुने गर्दछ ।' उनी भन्छन्– 'लडाईको बेला कमाण्ड नै मुख्य कुरा हुन्थ्यो । वस्तुवादी छलफल र बहस पछि बनाइएको वैज्ञानिक योजना प्रायः सफल भएरै छाड्थ्यो । भावना भन्दा बर्गसचेत योजना, त्याग र बलिदानीभावको बलमा मात्रै जनयुद्धले एकपछि अर्को उचाई प्राप्त गर्न सफल भएको हो ।'

## अविश्मरणीय क्षण

मान्छेको जीवनमा केही यस्ता क्षणहरू हुन्छन्, जुन चाहेर पनि बिर्सन सकिन्न । कमरेड रोशनको त्यस्तै अविश्मरणीय क्षण बनेको छ उनी घाइते भएको गोपेटार मोर्चा र त्यसको चार दिनपछि सोही भिडन्तका घाइते २१ जना कमरेडहरूलाई घेरा हालेर हत्या गरिएको तेह्रथुम बगाले घटना । 'मेरो जीवनको इतिहासमा अरू सबै कुरा बिर्सन सक्छु तर गोपेटार र बगाले घटना कहिल्यै बिर्सन सक्दिन,' उनले भने ।

जनयुद्धको अवधीमा भएको यो सबैभन्दा निर्मम र गैरन्यायिक हत्या हो । यो हत्याकाण्डमा एउटै सेल्टरमा २१ जना उपचार गराइरहेका घाइते जनमुक्तिसेनाहरूले साहदात प्राप्त गरेका थिए भने, एक दर्जन बढी घाइते र अपाङ्गता भएका थिए । त्यो घटनको स्मरण गर्दै कमरेड रोशन, 'गोपेटार लडाई नै मेरो दिलदिमागलाई भ्रस्काई रहने र बल्भ्फाई रहने घटना हो, जहाँ मैले दाहिने हात गुमाए । गोपेटार मोर्चामा मलगायत धेरै कमरेडहरू घाइते भएका थिए । उनीहरूलाई रातभर बोकेर तेह्रथुम आठराईको ह्वाकु बगाले भन्ने ठाउँमा प्राथमिक उपचार गर्दै राखिएको थियो ।'

कमरेड रोशन भन्छन्, 'बेलुका ५ बजेतिर भिडन्त भएको थियो । हामी बसेको सेल्टरमा सेनाले घेरा हाली सकेको रहेछ । एकैचोटी चारैतिरबाट गोलीको वर्षा भयो । गोली चलेपछि हामी चिलविल भयौं । हामी अधिकांश घाइतेहरू त भाग्न पनि नसक्ने अवस्थामा थियौं । त्यो सबै घाइतेहरूकै सेल्टर थियो । धेरैलाई सुतेकै ठाउँमा गोली हानियो ।

जब एकै ठाउँमा ८ घाइते जनमुक्तिसेना, ९ जना पूर्णकालिन कार्यकर्ता र ३ जना निर्दोष सर्वसाधरण जनता सहित २० जना कमरेडहरूको हत्या भयो । यसमा गोपेटार मोर्चाका ९ जना घाइतेहरू मध्य कमरेड रोशन मात्रै बाँच्न सफल भएका थिए । धेरै कमरेडहरू आँखा अगाडी पुर्क्लुकै ढलेको देख्दा मन बिछिप्त हुन्थ्यो । कतिपय कमरेडहरूको आँखा फुतै बाहिर निस्केको पनि देखिन्थ्यो ।

कसैको गिदी नै छरपस्ट भएका थिए, कसैको छात्तीमै गोली लाग्यो त कसैको आन्द्राभूँडीनै छरपष्ट भएको थियो । कसैको खुट्टा त कसैको हात चुडिएको थियो । रगत भलभली बगिरहेका थियो । गोली लागेका कमरेडहरू छटपटी रहेको दर्दनाक र बिछिप्त दृश्य देखिन्थ्यो । उनी यो घटना बारे सुनाउँदा सुनाउँदै एकाएक भावुक हुन्छन् । उनको गला अवरूद्ध हुन पुग्छ । पुनः बोल्छन् 'मसँगै सुतेको अर्को कमरेड खाङ्ग्री शेर्पा ऐया भन्न नपाई त्यही ढले ।'

उनको बहिनी सुशीला कन्दङ्वा कमरेड वर्षाले पनि यही वगाले ह्वाकु हत्याकाण्डमा एउटा हात गुमाइन् । कमरेड रोशनले भने गग्रेटो मुनी लुकेर सेनालाई छक्याएका थिए । त्यसपछि उनी किचनको झ्यालबाट हामफालेर गाइको घाँस हाल्ने ठाउँमा पुगे । भित्ताको आड लिएर घिस्रिदै र पल्टिँदै अलैंचीबारीको खोल्सिमा पुगे । उनको खोल्सी–खोल्सी भाग्दाभाग्दै होस उडिसकेको थियो । उनले एउटा ढुङ्गाको आडमा त्यो रात बिताएछ । भोलीपल्ट खोला तरेर ताप्लेजुङको हाङ्पाङ गाउँको एक घरमा बास बस्न पुगे । त्यो घटना उनको लागि जीवनमा अहिलेसम्मकै अविश्मरणीय र पीडादायी बनेको भावुक मुद्रामा उनी बताउँछन् ।

## सन्त्रास भित्रको उपचार

तत्काल उपचार गर्न जाने अवस्था पनि थिएन, डर र त्रासकै बीचमा उपचार गर्नै पर्ने बाध्यता र आवश्यकता थियो । उनले भने, 'करिब दश दिन ताप्लेजुङको हाङ्पाङमा घरेलु उपचार गरेर बसी रहँदा पनि पार्टी सम्पर्क हुन सकेन । कष्टपूर्ण दिनहरू बित्तै गए । गाउँ जानपाए कसैले घरेलु उपचारमा सहयोग गर्थ्यो किजस्तो लाग्यो, ३ दिन लगाएर आफ्नै गाउँ छातेढुङ्गा होडा फर्किएँ ।

त्यहाँ पनि ४ दिन बस्दासमेत पार्टी सम्पर्क हुन सकेन । त्यसपछि गाउँको मामा पर्नेसँग पाँचथर लुङ्फाबुङ आधार इलाकामा आफन्तको घरमा पुगेँ । त्यहाँ घाइते बहिनी सुशीलासँग पनि भेट भयो, जहाँ उनी सेल्टर लिएर बसेकी रहिछन् । बहिनीको पनि एउटा हात चुडिएको रहेछ । मजस्तै उनी पनि बाँच्न सफल भएकी रहिछन् ।'

त्यहाँ उनका बहिनीहरू भने पार्टी सम्पर्कमा थिए । उनीहरूकै माध्यमबाट कमरेड रोशनले त्यहाँ थप उपचार गरे । तर हातको पूर्ण अप्रेसन गर्नु पर्ने थियो त्यो गाउँमा सम्भव थिएन । पार्टीले एकजना काका पर्ने हस्त राईलाई जिम्मा लगाएर उनलाई झापा पठायो । त्यो बेला झापाका अस्पतालहरूमा

समेत सुरक्षा निगरानी बढाएको रहेछ, जसले गर्दा उनी अस्पताल भर्ना हुन सकेनन् । झापाको सालवारी स्थित काकाको घरमा २ दिन र दुर्गापुरमा ४ दिन बसेर उपचारको लागि प्रयास गर्दा पनि उनको कतै उपचार सम्भव भएन ।

त्यसपछि उनलाई मोरङ पार्टी सम्पर्कमा लगियो अनि मोरङका कमरेडहरूले विराटनगरको कोशी अञ्चल अस्पताल, नर्सिङ होमहरूमा गएर प्रयत्न गरे तर डाक्टरले उपचार गर्न मानेनन् । त्यहाँ उपचार संभव नभएपछि उनलाई एक जना कमरेडले भारतको पूर्णीयाँमा लगेर छोडे । त्यहाँ एक हप्ता पछि अपरेसन भयो । तर उपचार पछि फर्कदा विराटनगर नाका बन्द रहेछ । त्यसैले उनले पटनाबाट रक्सौल हुँदै वीरगञ्ज नाकाबाट नेपाल प्रवेश गरे ।

## जनवादी विवाह

२०५९ सालमा सङ्खुवासभाको स्यावुनमा बसेको पार्टीको जिल्ला कमिटी बैठकले उनको विवाह जिल्ला कमिटी सदस्य अस्मिता कन्दङ्वा (तामाङ) सँग गरिदिने प्रस्ताव गऱ्यो । दुवै कमरेडहरू पार्टीको प्रस्तावमा राजी भए । उनीहरूलाई करिव एक वर्ष प्रेम सम्बन्धलाई अझ घनिष्ट, सुमधुर र एकले अर्कोलाई नजिकबाट चिन्ने अवधी दिइयो ।

कमरेड रोशन रमाइलो भावमा भन्छन्, 'नभन्दै त्यस समयमा हामीमा प्रेमभाव बढ्दै गयो, एक अकाएलाई बुझ्दै र प्रेमिल बन्दै गयौं । एकापसमा भावना साटासाट हुँदै गए र हामी नजिकिँदै गयौं । पार्टीले अप्रत्यक्षरूपमा हाम्रो प्रेम सम्बन्धमा निगरानी गरिरहेको थियो । त्यसपछि हामी दुवै बीचको सुमधुर प्रेम सम्बन्ध देखेपछि पार्टीले २०६० सालमा तेह्रथुमको आठराई इवामा हामीबीच जनवादी विवाह गरिदियो ।' अहिले उनीहरूसँग १ छोरा यूनिक र १ छोरी उशा छन् ।

## जनयुद्धको शिक्षा

आफू अपाङ्गता भए पनि जनयुद्धले धेरै शिक्षा दिएको उनले बताए । समाज परिर्वतनको महाअभियानमा लामबद्ध हुन पाएकोमा उनी गर्व गर्छन् । उनले भने- 'जनयुद्ध भनेको वास्तवमै समानता र न्यायको लागि लडिएको वर्गीय युद्ध रहेछ । अर्थात यो वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीयलगायतका अन्तरविरोधहरूको हल गर्दै नेपाली समाजमा विद्यमान विभेद, अन्याय र शोषण विरूद्धको विद्रोह हो यो । सङ्घर्षकै कारण आमसर्वसारधरण जनतामा राजनैतिक चेतना र जागरण आएकोछ ।'

उनी थप्छन् 'हामीले पनि जनयुद्धमा धेरै कुरा सिकेकाछौं । जीवन, जगत र अन्तरविरोध बारे आफूले बुझ्यौं जनतालाई बुझाउँन सफल भयौं । यो ऐतिहासिक उपलब्धी हो । राजनैतिक आन्दोलनकै कारण आमनागरिकमा राजनैतिक चेत बढेकोछ । वर्गसमाजको चरित्र सबैले देख्ने र बुझ्ने गरी छताछुल्ल भएकोछ ।'

उनी भन्छन्, 'हामी जित हुँदा उत्साहित हुन्थ्यौं तर घमण्ड कहिल्यै गरेनौं । पराजयहरूमा दुःख लाग्थ्यो तर हरेश कहिल्यै खाएनौं । घाइते हुँदा कठिन पलहरू विरूद्ध सङ्घर्ष गरियो तर कहिल्यै विचलित भएनौं । आजसम्म पार्टीको इमानदार सिपाही भएरै लड्दै आएकाछौं । अझै लडी रहने बाचा गर्दछौं ।'

## नेतृत्वलाई सुझाव

महान जनयुद्धले राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रमा आमूल रूपान्तरण गरेकोछ । हरेक नागरिकहरूलाई म पनि तिमीहरूजस्तै मान्छे हुँ भन्ने चेत आएकोछ । यो सर्वाधिक सुखद् पक्ष हो । तर उत्पीडित जनता र बलिदानी गर्ने योद्धाहरूको सपना भने अझै अधुरै रहेको उनको बुझाई छ । जनयुद्धले समाज परिवर्तनको मुलढोका खोलेकोमा उनलाई कुनै शङ्का छैन ।

तर वर्गीय मुक्ति आन्दोलनले पूर्णता नपाएको उनको दावी छ । जनयुद्धको राजनैतिक प्रक्रिया भनेको जनवाद, समाजवाद हुँदै साम्यवादी रणनैतिक लक्ष्यको लागि हो । तर यो सबै अधुरै देखिन्छ । त्यसकारण अधुरो काम पूरा भएपछि मात्र साधरण जनता, सहिद, घाइते र अपाङ्गता भएकोहरूको उद्देश्य र चाहना पूरा हुनेछ । यो सवालमा पार्टी नेतृत्व र सरकार गम्भीर र जिम्मेवार बन्नै पर्दछ ।

●●●

*-प्रस्तुती विमल लामिछाने*

# जसले मृत्युलाई नजिकबाट देखे

*'टाउकोमा एटिवान मोर्टारको छर्रा लाग्यो । २६ दिनपछि होस आयो । होसमा आउँदा म भारतीय सुरक्षाकर्मीको कब्जामा थिएँ । कलकत्ताको पिजी हस्पिटल लगेर अप्रेसन गरियो । अप्रेसनपछि जेलमा बस्नु पऱ्यो जहाँ नियमित औषधी सेवन गर्न समेत पाइँन ।'*

*–कमरेड विवश*



*बाबुराम किराती*
*कमरेड विवश*

बाबुराम राई कमरेड विवशले जनयुद्धकालमा १८ भन्दा धेरै मोर्चामा लडाइँ लडे । उनले पटक–पटक मृत्युलाई नजिकबाट देखेका अनि भोगेका छन् । जनयुद्ध र शान्तिकालमा गरी उनी १० पटक जेल परेका छन् । हाल उनी विप्लव नेकपामा आवद्ध रही भूमिगत अवस्थामा छन् । उनले साहसपूर्वक लडेका ठूला मोर्चाहरू मध्य चैनपुर, रूम्जाटार, तुम्लिङटार, भोजपुर, गोपेटार, इलाम र जाँते हुन् ।

जनमुक्ती सेनाका कमाण्डरहरूमध्ये धेरै फरक छन् विवश । उनको अनेक मध्येको एक मौलिक विशेषता हो निडरता । उनको अर्को विशेषता

धाराप्रवाह भाषण गर्ने शैली । भाषणकै कारण उनी आफ्नो मातहतका जनमुक्ती सेनालाई जुरुक्कै पार्दथे ।

उनको खास नाम बाबुराम राई । जन्मघर सङ्खुवासभा हो । निम्न वर्गीय परिवारमा २०३८ साल जेठ २६ गते बुबा बलबहादुर राई र आमा सूर्यमाया राईको कोखबाट जन्मिएका थिए उनी । उनको घर हिउँखोलाको बगर पिप्लेटारमा थियो । नाम नै हिउँखोला भएपछि पानी चिसो थियो । तर, विवश भने ताता र राता थिए । घर नजिकै ठूलो सालघारी थियो । त्यो सालघारी जङ्गलमा उनी कालिज र बनकुखुराको शिकार गर्न माहिर थिए ।

पिप्लेटार प्राविमा उनले प्राथमिक शिक्षा लिए । त्यसपछि पारिपट्टी खराङको वाणी विलास माध्यमिक विद्यालयबाट उनको राजनीतिक जीवन सुरू भयो । त्यहाँ पढ्न जाँदा दैनिक हिउँखोला हेलिएर जानु पर्थ्यो । उनी कम्मरमा किताबको झोला बाँधेर पौडिँदै हिउँखोला पार गर्थे । यद्यपि शान्ति प्रक्रिया पछि उनले १२ कक्षासम्म पास गरेको बताए । २०५५ सालमा पार्टीको विद्यार्थी सङ्गठनमा लागेको केही समयपछि नै आफू भूमिगत हुनु परेको उनले बताए । २०५७ मङ्सिर ५ गते उनी पूर्णकालीन भएसँगै भूमिगत पनि भए ।

तत्कालीन माओवादीले सङ्खुवासभामा जनयुद्धको अभ्यास थालिसकेको थियो । त्यस क्रममा स्थानीय जालिफटाहालाई भौतिक कारबाही गर्थे माओवादीले । भरखरै भूमिगत अवस्थामा कुनै ठाउँ भेटिएका विवशले आफू सानै उमेरमा आन्दोलनमा लागेको बताए । उनले भने, 'त्यतिबेला हामी ५/६ महिना घरबाट हिँड्ने अनि फेरि फर्किने गर्दै थियौं ।' उनी जुन समुदायमा जन्मिए त्यस समुदायमा लाहुरे संस्कृति र लडाकु मनोविज्ञान थियो । त्यहाँ उत्पीडन पनि थियो । जुन जातिमा दमन हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ, यस्तै कारणले आफू जनयुद्धमा सहभागी हुने प्रेरणा मिलेको उनको भनाइ छ । उनी पूर्णकालीन भएपछि प्रहरीले उनको खोजी तीव्र बनायो । परिवारका सदस्यलाई दुःख दिन थाल्यो । यसले गर्दा उनकी श्रीमती विमला चौहान, भाइ सुवास

राई कमरेड आवेग, बहिनी (मामाकी छोरी) कविता राई कमरेड हिमा (काकाकी छोरी) पनि माओवादी पार्टीमा आबद्ध भए । उनीहरू जनयुद्धकै दौरानमा सहिद भए ।

प्रारम्भमा उनले गाउँमा भएका भरूवा बन्दुक खोसेर बोके । उनले भने, 'लडाइँले उचाई लिँदै गर्दा मेरो हातमा जिपिएमजी, एटिवान मोर्टार, एम–१६, एसएलआर, इन्सास राइफल, र बेल्जियममा बनेका हतियारसमेत परे ।' राज्यसत्ता बन्दुकको नालमा टिकेको हुनाले त्यसलाई ध्वस्त गर्न बन्दुक नै आवश्यक भएको बुझाइले आफू जनमुक्ति सेना भएको उनको निष्कर्ष छ ।

विवशकाअनुसार त्यतिबेला पूर्वमा सक्रिय स्क्वाड थियो । त्यही स्क्वाडलाई नै पूर्वमा जनमुक्ति सेनाको आधार मानिन्छ । त्यसको कमाण्डर विमल विराम थिए । विवशले भने, 'सुरूमा तीन महिनाको आधारभूत सैन्य तालिम लिएँ ।' उनले तालिम लिएको ३ महिनापछि पूर्वमा जनमुक्ति सेना बिस्तार भयो । यसरी जनमुक्ति सेना बिस्तार हुँदा २ नम्बर कम्पनी निर्माण भयो । 'पश्चिममा १ नम्बर कम्पनी पहिले नै निर्माण भएको थियो । म २ नम्बर कम्पनीअन्तर्गत १ नम्बर प्लाटुनको सेक्सन कमाण्डर बनेको थिएँ ।' उनले आफ्ना सुरूका दिन यसरी सम्झना गरे ।

उनले पूर्वका अधिकांश लडाइँमा भाग लिएका थिए । उनले भने, 'पुरानो सत्ताको ढाडमा टेकेर टाउकोमा हान्ने रणनीति अनुरूप हामी अघि बढ्दा, हाम्रो यात्रा मेचीतिर भयो ।' त्यतिबेला पार्टीको हाइकमाण्डबाट सत्ताका सेनाको जिपएमजी खोस्ने आदेश आएको थियो । त्यो आदेश बिग्रेड कमिसार सन्तु दराई कमरेड परवानाले दिएका थिए । 'नेपाली सेनाको ब्यारेक आक्रमण गरेर जिपिएमजी खोस्न सम्भव नभएपछि दुश्मनलाई चुरेश्रृङ्खलामा बोलाएर हमला गर्ने योजना बनायौं ।' उनले त्यतिबेलाको योजना सुनाए । यस्तो भूगोलको खोजीमा चुरेमा रेकी गर्दै गर्दा तात्कालिन शाही सेनाको रेन्जर बटालीयनसँग मोरङको जाँतेमा भिडन्त भयो । त्यहाँ एटिवान मोर्टार र जिपिएमजीको बाइपट कब्जा भयो ।

त्यसबेला मेचीकोशीमा सातौं बिग्रेड थियो । त्यसमा १८औं बटालीयन, १९ बटालीयन र २९औं बटालीयन थिए । यसैको लडाकु फोर्स जम्मा गरेर जिपिएमजी खोस्ने कुरा थियो,' पूर्वी भेगको जनमुक्ति सेनाको इतिहास सम्झिँदै उनले भने । 'यो जनयुद्ध दिवस मनाउने योजनासँग सम्बन्धित थियो ।' उनले ती सङ्घर्षमय दिनको सविस्तार वर्णन गरे । 'त्यसका लागि मलगायत कमरेडहरू सर्वेमा निस्किएका थियौं । सर्वे गरेर फर्किंदा सो टोलीमाथि नेपाली सेनाले पिछा गरिरहेको रहेछ । नभन्दै हामी माथि एक्कासी आक्रर्मण भयो । त्यहाँ जनमुक्ति सेनाले प्रत्याक्रमण गऱ्यो ।'

त्यो प्रत्याक्रमणमा उनकी बहिनी सुशीला राई कमरेड निशाको टोली पनि सहभागी थियो । सोही भिडन्तमा टिमलाई रेस्क्यु गर्दा विवश गम्भीर घाइते भए । टाउकोको गम्भीर चोटको कारण उनी बेहोस भए । 'मेरो टाउकोमा एटिवान मोर्टारको छर्रा लाग्यो,' उनले अगाडि भने । त्यसपछि उनलाई भारतको सिलगुढीमा उपचारका लागि लगियो । 'मेरो २६ दिन पछि होस आयो', उनले भने । त्यहाँ उनले भारतीय सुरक्षाकर्मीको निगरानीमा उपचार गराउनुपऱ्यो ।

उनको उपचार डाक्टर मलाय चक्रवर्तीले गरे । उनलाई डाक्टरले टाउकोको अप्रेसन गर्नुपर्छ भन्दै १५ दिनपछि आउने सल्लाह दिए । उनी त्यहीको एक नर्सिङ होममा निरन्तर जाँचमा रहे । त्यसपछि जलपाइगुडीको मेडिकल कलेज लगियो । अप्रेसनको तयारी गरियो तर, सफल भएन । त्यसपछि उनलाई कलकत्ताको पिजी हस्पिटल लगेर अप्रेसन गरियो । अप्रेसनपछि उनले नियमति औषधी सेवन गर्दै कलकत्तामै जेलमा बस्नुपऱ्यो । जेलमा बस्दा उनले नियमित औषधी सेवन गर्न पनि पाएनन् । त्यसको १७ महिनापछि जेलमै त्यस बेलाको पार्टीको पूर्वी केन्द्रीय कमाण्ड इन्चार्ज मोहन वैद्य कमरेड किरणसँग उनको भेट भयो ।

उनी किरणसँग जेलमै हुँदा पार्टीले ७ दलसँग मोर्चा बनाएर २०६२/०६३ को आन्दोलन गऱ्यो । देशमा लोकतन्त्र पुनर्वहाली भयो । 'हामी जेलमुक्त भयौं ।'

उनी भन्छन्, 'त्यसपछि म पार्टीमा जोडिएँ अहिले पनि निरन्तर पार्टीमै छु ।' उनी जनमुक्ति सेनाको सेक्सन कमाण्डरपछि प्लाटुन कमाण्डर, कम्पनी कमाण्डर, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को मेचीकोशी ब्यूरोको सदस्य तथा बटालीयन कमाण्डर बने । पूर्व क्षेत्रमा जनसेनाबीच विवश चर्चित पात्र हुन् । उनलाई तत्कालीन बिग्रेड कमिसार मणी थापाले पूर्वको रातो तारा भनेर संज्ञा दिएका थिए । उनकी बहिनी सुशीला राई कमरेड निशा पनि दाजुसँगै जनमुक्ति सेनामा थिइन् । निशाले भनिन्, 'दाजु सानैदेखि साथी–भाइको समूह बनाएर हिँड्नुहुन्थ्यो ।' निशाकाअनुसार उनी चञ्चले स्वभावका थिए रे ! निशाले थपिन्, 'मेरो दाजु, घरमा पनि बुबाआमालाई काम सघाउने परिश्रमी स्वभावको हुनुहुन्थ्यो ।'

उनी शान्तिप्रक्रिया पछि सेना समायोजनको समयमा दानाबारी अस्थायी क्याम्पमा बसे । त्यसपछि मोहन वैद्यले नेत्रृत्व गर्नुभएको नेकपा माओवादीमा आवद्ध भए । कमरेड विप्लवले पार्टी विभाजन गरेपछि विवश पनि उतै लाग्नुभयो । हाल उनी विप्लव नेतृत्वको नेकपाको धनकुटा इञ्चार्ज साथै युवा सङ्गठन योङ रेड फोर्सको केन्द्रीय अध्यक्षको जिम्मेवारी निर्वाह गरिरहेका छन् ।

उनी वैचारिक राजनीतिक रूपमा पनि निकै प्रखर छन् । उनमा क्रान्तिकारी स्पिरिट र आशावादीता देखिन्छ । 'म जित्न जन्मेको मान्छे कति दिन हाँसौं हारेर ।' उनले सामाजिक सञ्जालमा पोष्ट गरेका छन् । उनले आफ्नो फेसबुक पेजमा फिडेल क्यास्ट्रो र माओत्सेतुङका रचनाहरू शेयर गरेका छन् । यसबाट अनुमान लगाउन सकिन्छ कि उनी अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा गहिरो रूचि राख्छन् । अर्थात कम्युनिष्ट आन्दोलन प्रति असाध्यै गम्भीर छन् ।

### विवशले लडेका प्रमुख सैन्य कारबाही

उनले आफ्नो नेतृत्वमा आक्रमण गर्दा योजना आफैँ बनाउँथे । परिपक्व तयारी र हिम्मतका साथ लडाइँको नेतृत्व गर्ने उनमा कुशल सैन्य नेतृत्व

क्षमता थियो । तेह्रथुमको पोक्लाबुङ, पाचथरको गोपेटार, सङ्खुवासभाको चैनपुर, सिन्धुलीको भिमान, ओखलढुङ्गाको रूम्जाटार, सिरहाको लहान, काभ्रेपलाञ्चोकको भकुण्डेबेंसी, मोरङको बेलबारी, जाँते, झापाको बर्तामोड चेकपोष्ट आक्रमण, सुनसरीको दुहवी चेकपोष्ट, भोजपुरको रिपिटर टावर, सङ्खुवासभाको तुम्लिङटार, इलामको मङ्गलबारे मोर्चाहरूमा बहादुरी पूर्वक लडे । उनको बहिनी सुशीला राई निशा पनि दाजुसँगै जनमुक्ति सेनामै थिइन् ।

बहिनी निशाकाअनुसार भोजपुरको रिपिटर टावर आक्रर्मणमा उनको जीवन सङ्गिनी विमला चौहान कमरेड सीमा सहिद भएको ४/५ दिन मात्रै भएको थियो । निशाले बताएअनुसार त्यो लडाइँमा पनि विवश घाइते भएका थिए । उनी घाइते भएर पनि वर्ग दुस्मनलाई पटक-पटक झम्टिन पुगेका थिए, विवशका सहयोगी किरणको भनाई उद्धृत गर्दै निशाले बताइन् । निशाले भनिन्, 'दाजुले त्यो लडाइँमा पीडाको आँसु र रगत एकैपटक बगाउनुभयो ।'

## जेल जीवन

उनी भारतको जलपाइगुडी र कलकत्तामा गरी ३ वर्ष जेल बसेका छन् । पछि फेरि (१ वर्ष ५ महिना) भद्रपुर, काठमाडौं हनुमान ढोका, जावलाखेल, ललितपुर, खाँदबारी, विराटनगर, पथरी, चैनपुर, उदयपुरलगायतका ठाउँमा उनी ९ पटक जेल बसेका छन् । यही असार ६ गते उनलाई खाँदबारीबाट पुनः गिरफ्ता गरेको छ ।

उनी हाल नियमित औषधी सेवन गरिरहेका छन् । भूमिगत भएका कारण उनलाई सहर बजार आएर औषधी किन्न सक्ने अवस्था छैन । उनको नियमित जाँच गर्नुपर्ने अवस्था छ । त्यसलाई पनि निरन्तरता दिन निकै कठिन भइरहेकोछ । सरकारको तर्फबाट उनलाई नियमित आउने निवृत्तिभरण सरकारले नै रोकेको छ । त्यति मात्र हैन, उनको बैङ्क खाता समेत निष्क्रिय गराइदिएको छ ।

उनले जनयुद्धको मर्म र भावनालाई सजिलै नभुल्न पार्टी नेत्रृत्वलाई आग्रह गरेका छन् । शान्त वातावरणमा सबै नागरिकहरूले समानरूपमा बाँच्न पाउने राजनैतिक वातावरणको ग्यारेन्टी गर्न माग गरेका छन् । जनयुद्धका घाइते अपाङ्गताहरूलाई आमरूपमा नै व्यवस्थापन गर्नुपर्नेमा उनको जोड छ । सबै घाइतेहरूको लागत सङ्कलन गरी राज्यबाट पाउने सेवा सुविधालाई वृद्धि गर्नु पर्नेमा उनको जोड रहेकोछ । साथै घाइते अपाङ्गताका परिवारलाई उचित क्षतिपूर्तिको साथ रोजगारीको ग्यारेन्टी समेत गर्नु पर्ने उनको मत रहेकोछ ।

यति रोचक इतिहास बनाएका उनले अहिलेको अवस्था आउला भन्ने सोचेका थिएनन् रे ! अहिलेका नेताहरू संशोधनवादी लाइनमा फसेको उनको तर्क छ । उत्पीडित जनताका सपना देखेर जनयुद्धमा लामवद्ध नेताहरू आफ्नै शाखा सन्तानहरूको मात्र सपना देख्न थाल्नु ऐतिहासिक बिडम्बना सिद्ध भएकोछ । 'नेताहरूले समाजलाई बदल्ने भन्दा पनि आफूलाई अनुकुलतामा बदल्नतिर लागे ।' उनले थपे, 'संसारलाई रूपान्तरण गर्छौं भन्ने नेताहरू उल्टै आफैँ उल्टो बद्लिए ।' नेताहरू क्रान्तिकारी विचार र आदर्शबाट बिचलित हुँदै संशोधनवादी र नवसंशोधनवादी हुनपुगे, जसले कम्युनिष्ट आन्दोलनलाई सर्बाधिक धराशयी बनाएको उनको तर्क छ ।

●●●

*- प्रस्तुती राजन केडी*

# क्रान्तिले जन्माएकी साहशी योद्धा



*चम्पादेवी कार्की*
*कमरेड आशा*

*'आमा ! छोरी बन्दुक बोकेरे परिवर्तनका लागि क्रान्तिमा लामवद्ध भएकीछु । म बेलाबेला भेट गर्न आउँदै गर्छु आमा । मेरो चिन्ता नलिनू ।'*

*–कमरेड आशा*

वि.सं. २०४० को दशकको समाज कल्पना बाहिरको थियो । वर्गीय, जातीय, क्षेत्रीय र लैगिंक विभेदले आक्रान्त थियो । वर्गीय र जातीय हिसाबले समस्या नभएका परिवारका महिलाहरू माथि पनि लैगिंक विभेद विद्यमान थिए ।

उत्पीडित एवम् दलितहरूले समाजमा मान्छे भएर बाच्ने अवस्थै थिएन । उनीहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरिन्थ्यो । तर विभेद दलितलाई मात्रै थिएन । वर्गीयरूपले विपन्नहरू माथि पनि धनाढ्यहरूको चरम शोषण र विभेद गरिरहेका थिए । यद्यपि उनीहरूले दलितलेजस्तो पानी छुएकै निहुँमा ज्यान गुमाउनु र तिरस्कृत हुनु पर्ने अवस्था भने थिएन ।

'घरमा छोरा र छोरी छन् भने उनीहरूबीचको व्यवहार नै फरक हुन्थ्यो । छोरी अर्काको घर जाने जात भने पछि विभेद त हुने नै भयो । यो चेतनाको कमीले मात्र भएको थिएन । किनभने शिक्षित परिवारले पनि यसै गर्थ्यो । त्यसैले वस्तुतः यो सामन्तवादी राज्यसत्ताको उपज थियो । यस्तै विभेदको सिकार भएकी पात्र हुन्, ओखलढुङ्गाकी चम्पादेवी कार्की कमरेड आशा । पञ्चायतकालमा उनका बुबा प्रधानपञ्च थिए । चेतनाका हिसाबले पनि उनी गाउँमा अरूभन्दा शिक्षित थिए । गाउँका अगुवा थिए उनको बुबा । तर महिला र पुरूषबीचको विभेद अन्त्य गर्नुपर्छ भन्नेमा अरू वौद्धिकहरूजस्तै चम्पाको बुवा पनि सकरात्मक थिएनन् । छोरीलाई पढाउन हुँदैन भन्ने अन्धविश्वास उनको बुबामा पनि थियो । किनभने त्यसबेला समाजको स्थापित चलननै यही थियो । प्रधानपञ्च भए पनि उनी त्यही समाजका एक पात्र थिए ।

पढाइका लागि चम्पाले निकै ठूलो विद्रोह गर्नु पऱ्यो । उनको विद्रोहको अघि परिवारको पनि केही लागेन । परिवारमा तीन जना दाइ, चम्पा, बिहिनी र बुबा आमा थिए । तर शिक्षाको स्तर भने तमाम गाउँलेहरूकोजस्तै मात्र थियो । 'तात्कालिन समाजको स्वरूप नै अन्याय, विभेद र अशिक्षाजस्ता समस्याहरूबाट अक्रान्त थियो', उनी भन्छिन् ।

उनी सानैदेखि विद्रोही स्वभावकी थिइन् । समाज सेवामा सानैबाट रूची थियो । त्यसैले त २०४७ सालमै स्वयम्सेविकाको तालिम लिएर समाज सेवामा होमिएकी थिइन् । त्यसबेला उनी १६ वर्षका मात्र थिइन् । समाजमा देखिएको विभेदको प्रत्यक्षदर्शी चम्पालाई यो व्यवस्था पटक्कै मन परेको थिएन । समाजमा हुने विभेदले उनलाई सधैँ चिमोटिरहँन्थ्यो रे । 'समाजमा महिलाको पनि योगदान छ भन्ने लागिरहन्थ्यो', चम्पा भन्छिन्, 'महिलाप्रति हुने विभेदले सधैँ विद्रोहका लागि घचघच्याइरहन्थ्यो ।'

त्यसैले त ठूलो 'रिक्स' मोलेर समाजका पुरातन सोचविरूद्ध उभिइन्, उनी । २०५१ सालमा गाउँका १३ जना छोरीहरूलाई विद्यालय भर्ना गरिन् । 'अब

छोरीहरूलाई शिक्षित बनाउनुपर्छ भनेर उनीहरूलाई स्कूल भर्ना गरेर सामाजिक समानताको उद्घोष गरेको थिएँ', उनी थप्छिन्, 'गाउँका आमाहरूलाई शिक्षित बनाउन प्रौढशिक्षा पनि पढाएको थिएँ ।'

उनमा रहेको विद्रोही चेतनाकै कारण सानै उमेरबाट समानताका नारा लिएर उनी समाज परिवर्तनका खातिर अघि बढिन् । समाज परिवर्ततका लागि राजनीतिको महत्व पनि उत्तिकै हुने चेत खुल्दै गयो, चम्पाप्रति । 'हामी छोरीले पनि समाजमा केही गर्न सक्छौं भन्ने हिम्मत ममा पलायो', उनी भन्छिन् । त्यसैले त २२ वर्षकै उमेरमा उनी तत्कालीन नेकपा एमालेतर्फबाट तात्कालीन मुलखर्क गाविसको महिला सदस्यमा निर्वाचित भइन् । उनी भन्छिन्, 'त्यसपछि ममा बिस्तारै राजनीतिक चेत विकास हुँदै गयो ।'

त्यस बेलासम्म तत्कालीन नेकपा माओवादीले राज्यसत्ता परिवर्तनका लागि भन्दै जनयुद्धको शङ्खघोष गरिसकेको थियो । मुलखर्कको ढाँड खोला गाउँमा माओवादीका नेता, कार्यकर्ताको आऊजाऊ बढी रहेको थियो । 'सायद हाम्रो ठाउँ सुरक्षित भएकाले होला भूमिगत पार्टीका कमरेडहरूको गतिविधि एकाएक बढेदै थियो । यसले उहाँहरूसँग उठबस हुन थाल्यो', उनी भन्छिन्, 'कमरेडहरु राती ८/९ बजेतिर आउनुहुन्थ्यो, देश र जनताका खातिर निरन्तर लड्ने कसम खाँदै क्रान्तिकारी भाषण गर्दै गीत/सङ्गीतको माध्यमबाट जनतालाई प्रशिक्षित गर्नुहुन्थ्यो ।'

चम्पालाई पनि ती भाषणहरूले आकर्षित गऱ्यो । अब चाहिँ साच्चिकै देश परिवर्तन हुन्छ भन्ने उनलाई लाग्यो । 'दोलखाको जुबु निवासी कमरेड गांगा कार्की हुनुहुँदो रहेछ । उहाँबाट म निकै प्रभावित भएँ', उनी स्मरण गर्छिन्, 'उहाँले चेलीको वेदना, मुक्तिको कुरा, किसान, भरियाहरूका जिन्दगीबारे उहाँले मलाई राम्ररी प्रशिक्षित गराउनुभयो ।' त्यस पछि चम्पा, माओवादीप्रति आकर्षित भइन् । २०५४ सालदेखि नै पार्टीको पार्टटाइमर कार्यकर्ताको भूमिकामा रहेर काम गरिन् । '२०५५ सालतिर होला तत्कालीन सरकारले

माओवादीलाई दमन गर्न किलोसेराटु नामक अप्रेसन चलायो । पार्टी कार्यकर्ताको हत्या गऱ्यो', उनले पुराना घटना स्मरण गर्दै भनिन्, 'त्यो घटनापछि मलाई राज्यसत्ताप्रति रोष र आक्रोश झनझ् बढ्दै गयो ।'

२०५४ सम्म आउँदा पार्टीको सक्रियता गाउँमा पढ्दै थियो । २०५४ को माघमा गाउँमा रहेको साना किसान कृषि विकास बैङ्क माथि कारवाहीको योजना बन्यो । त्यो योजनामा चम्पालाई पनि परामर्श लिइयो । 'यसरी नै बिस्तारै पार्टीको भूमिकामा आइयो । स्थानीय निकायमा रहेर जति जिम्मेवारी पूरा गरेँ त्यसले मद्दत पुग्यो होला', उनी भन्छिन्, 'त्यसपछि हाम्रो घरमा पार्टीका विभिन्न जिम्मेवारीमा रहेका कमरेडहरूको उपस्थित बाक्लिन थाल्यो ।'

उनी क्रान्तिमा होमिन घर छाड्ने तयारीमा थिइन् । उनीभन्छिन्, 'परिवारको बन्धक रहेर मुलुक र उत्पीडित जनताको लागि योगदान पुग्दैन भन्ने निष्कर्षमा पुगेको थिएँ । भूमिगत हुने निर्णय कार्यान्वयन गर्न २०५७ बैशाख २० गतेको साइत जुराएँ ।' त्यसपछि उनी पार्टीमा होलटाइमर भइन् । बन्दुक बोकेर परिवर्तनका लागि जनयुद्धमा होमिंदा गर्व र उत्साहित थिइन् उनी । घरबाट ठूलो विद्रोह गरेर निस्किएकी उनले आमालाई यस्तो सम्बोधन गरेर पत्र लेखिन्–

'आमा !

छोरी बन्दुक बोकेरे परिवर्तनका लागि क्रान्तिमा लामबद्ध भएकी छु । म बेलाबेला भेट गर्न आउँदै गर्छु आमा । मेरो चिन्ता नलिनू ।'

पूर्णकालिन भएकी उनलाई पार्टीले तत्काल सबएरिया सदस्यको जिम्मेवारी दियो । क्षमता र योग्यताका आधारमा चम्पाको जिम्मेवारी बढ्दै गयो । २०५७ को असारमा उनी एरिया सदस्य भइन् । त्योसँगै अनेम सङ्घ क्रान्तिकारीको संस्थापक ओखलढुङ्गा जिल्ला सहसंयोजक भइन्, उनी ।

## अनि हात गुम्यो

अब भने उनले पार्टीले गरेका कारवाहीमा पनि भाग लिन थालिन् । उनको भूमिगत जीवनको सुरूवाती अर्थात् २०५७ सालको चैतमा पार्टीले ओखलढुङ्गाको खानीभञ्ज्याङ प्रहरी चौकीमा फौजी आक्रमणको योजना बनायो । स्वयम्सेवकको काम गरिसेकेकी उनलाई पार्टीले त्यसेबेला स्वास्थ्य उपचारको क्षेत्रमा खटायो । उक्त प्रहरी चौकी सफलतापूर्वक कब्जा पनि भयो । 'मेरो पहिलो उपस्थिति भएको फौजी कारवाही सफलतापूर्वक र सानदाररूपमा सफल भयो', उनी भन्छिन् ।

त्यसपछि भूमिगत सङ्गठन अनेम सङ्घ क्रान्तिकारीको पहिलो अधिवेशन भयो । अधिवेशनले उनलाई जिल्लाको संस्थापक अध्यक्षको जिम्मेवारी दियो । त्यही क्रममा उनले पार्टी जिल्ला कमिटीको जिम्मेवारी पनि लिइन् । लगत्तै अनेम सङ्घ क्रान्तिकारीको केन्द्रीय समिति सदस्य पनि भइन् ।

यता पार्टीले फैजी कारवाहीलाई निरन्तरता दिइरहेको थियो । उनी पनि त्यस्ता कारवाहीमा सक्रियतापूर्वक सहभागी भइरहकी थिइन् । विभिन्न जिम्मेवारी निर्वाह गर्दै महान जनयुद्ध सफल पार्न अघि बढिरहेकी थिइन्, चम्पा । २०५८ असार २६ गते पार्टीले रामेछापको धोवी प्रहरी चौकीमा फौजी कारवाही गऱ्यो ।

चौकी सानदार र सफलतापूर्वक कब्जा भयो । 'उक्त योजना रक्षाका लागि विभिन्न जिल्ला सदरमुकाम वरिपरि मशाल जुलुश गर्ने र २८ गते नेपाल बन्दको योजना थियो', उनी भन्छन् 'यही योजना सफल बनाउन अघि बढ्दै गर्दा प्रत्याक्रमणको क्रममा बमद्वारा मेरो दाहिने हात गुम्यो ।'

चौकी सफलतापूर्वक कब्जा गरेको खुसीयाली सकिन नपाउँदै उनले हात गुमाइन् । तर क्रान्तिमा होमिएकी उनलाई एउटा हात गुमाएर खासै फरक परेन । किनकि उनी समग्र देशको राज्यसत्ता परिवर्तनका लागि युद्धमा होमिएकी थिइन् । 'यो घटना पछि आफन्त र पार्टी सङ्गठनको सहयोगमा

सचेतपूर्वक भारतको सिलिगुढी उपचारका लागि पुगेँ । एउटा कुन असप्ताल हो कुन्नी बिरामी धेरै छ, मेरोमा बेड छैन भन्दै फर्काई दियो', उनी भन्छिन्, 'त्यसपछि न्यूरो अस्पताल भर्ना भएँ अनि अप्रेशन र उपचार सम्भव भयो ।'

पार्टीको फौजीको कमाण्डरसम्मको भूमिका निर्वाह गरेकी चम्पा, तत्कालीन शाही सेनाको नजरमा ठूलो 'आतंकारी' थिइन् । घाइते भएको थाहा पाए पछि उनलाई आर्मीले नेपालका अस्पतालमा व्यापक खोजी गरेछ । सिलिगुढीमा पनि निगरानी बढाएछ । तर सबैले सचेतता अपनाएका कारण जटिलतालाई पनि पार गर्न सफल भइन, चम्पा ।

## बैवाहिक जीवन

क्रान्तिकै क्रममा चम्पाको जीवनमा नयाँ अध्याय सुरू भयो । पार्टीकै सहयोद्धा खड्ग योगी कमरेड अनिलसँग २०५८ पुस १ गते बैवाहिक जीवनको सुरूवात गरिन्, चम्पाले । २०६० मंसिर २६ गते छोरा पनि जन्मिए । त्यसपछि पार्टीको जिम्मेवारीसँगै उनलाई परिवारको थप जिम्मेवारी पनि थपियो ।

२०६१ सालको कार्तिकमा पार्टीले पूर्वाञ्चल ब्यूरोस्तरीय प्रशिक्षण रामेछापको क्याम्पमा भएको थियो । तत्कालीन समयमा पार्टीका नेता रामबहादुर थापा वादल प्रशिक्षण दिन आएका थिए । त्यसकारण विभिन्न जिल्लाका जनमुक्ति सेना सुरक्षाका लागि खटिएका थिए । उनी थप्छिन्, 'सेनाले घेरा हाल्यो । स्थलगत र हवाई आक्रमण हुँदा तीनजना कमरेडको साहदत भयो, लाम्जेमा बच्चा बोकेरै मैंले उक्त भिडन्तको सामना गरेँ ।'

यस्ता भिडन्त र प्रतिरोधको श्रृङ्खला अनगिन्ती भए चम्पाको भूमिगत जीवनमा । तर यो अलिक फरक रह्यो । किनकि उनले आफूसँगै छोराको जीवन पनि रक्षा गर्नु थियो । 'अरूबेला छोरालाई अरू कमरेडहरूले पनि बोक्नुहुन्थ्यो', उनी थप्छिन्, 'तर त्यसबेला आफैँ बोकेँ अनि अरु कमरेडहरूलाई सुरक्षित हुन भनेँ ।'

घाइते भएपछि पनि पार्टीमा उनको सक्रियता थियो नै । हात घुमेपछि पनि फौजी कारवाहीमा सहभागी थिइन्, चम्पा । पार्टीले जिम्मेवारी पनि बढाउँदै गएको थियो । २०६१ सालमै पार्टीले उनलाई जनकपुर–सगरमाथा क्षेत्रीय ब्यूरोको सदस्य बनायो । 'म यही जिम्मेवारीमा हुँदा पार्टी शान्ति प्रक्रियामा आयो । संविधानसभाको चुनावमा पनि सहभागी भयो', उनी भन्छिन्, 'चुनावमा मलाई पार्टीले समानुपातिक बन्द सूचिमा पनि राख्यो । तर पछि छनोटमा परिंन तर पनि मलाई कुनै गुनासो छैन ।'

तत्कालीन नेकपा माओवादी र एकता केन्द्र बीच एकतापछि बनेको एकीकृत नेकपा माओवादीको उनले जिल्ला सहइञ्चार्जको जिम्मेवारी पाइन् । 'आफूले पूरा गर्नुपर्ने जिम्मेवारी क्षमताले भ्याएसम्म पूरा गरेँ । २०७० को संविधानसभा निर्वाचनमा पनि पार्टीले मलाई समानुपातिकमा बन्द सूचीमा राख्यो', उनले भनिन्, 'तर त्यसमा पनि पछि छनोटमा परिंन ।' त्यसपछि बनेको नेकपा माओवादी केन्द्रको केन्द्रीय सम्मेलन आयोजक समितिको सदस्यको जिम्मेवारीमा पुगिन्, उनी ।

कमरेड चम्पा हाल तत्कालीन नेकपा माओवादी केन्द्र र नेकपा एमालेको एकतापछि निर्माण भएको नेकपाको प्रदेश कमिटीको जिम्मेवारीमा छिन् । 'आफ्नो क्षमताले भ्याएसम्म काम गर्ने अठोट गरेकी छु', उनी भन्छिन्, 'पार्टी सङ्गठन र पारिवारिक जिम्मेवारीमा केही अप्ठ्यारो आइपरे पनि सहजै पूरा गर्नेछु ।'

●●●

*–प्रस्तुती चिरञ्जीवी घिमिरे*

# जनयुद्धका दिनहरू सम्भँदा

*'माओवादी आन्दोलनको व्यापकताकै बीचमा तात्कालिन राजा ज्ञानेन्द्रले सैन्य कू मार्फत निरङ्कुशता लाद्यो । संसदवादी दलहरूलाई प्रतिबन्ध र आमनेताहरूलाई गिरफ्तार गऱ्यो । यही बाध्यात्मक तथा वस्तुगत परिस्थितिमा संसदवादी राजनीतिक दल र माओवादी बीच दिल्लीमा १२ बुँदे सम्झौता गरियो । यसैको जगमा २०६२/०६३ को दोस्रो ऐतिहासिक जनआन्दोलन सफल भएको हो ।'*



*पासाङ शेर्पा*
*कमरेड कर्मा*

*-कमरेड कर्मा*

राम्रोसँग पलेंटी कसेर बस्न मिल्दैन । बलियोसँग टेकेर हिड्न सकिदैन । गह्रौं चिज उचाल्ने कुरै नगरौं । बसेको ठाउँबाट उठ्दा पनि अर्को हातको साहरा चाहिन्छ । छिटो हिडौंभन्दा खुट्टाले खासै भर गर्दैन । आखिर गोली लागेको खुट्टा अरू सपाङ्गहरूकैजस्तो तन्दुरूस्त हुने कुरा पनि भएन । पासाङ शेर्पा, कमरेड कर्माको दोब्रे खुट्टा दाहिनेभन्दा डेढ इन्च छोटो छ ।

आजभन्दा १४ वर्ष अगाडि उहाँको कम्मरभन्दा तल तिघ्राको जोर्नीमा गोली लागेको थियो । गोलीले छेडेको र खाटा परेको स्पष्ट देखिन्छ । 'बाहिरी घाउ त छैन तर पीडा कम छैन । बरू देखिने घाउ भए उपचार गरिन्थ्यो निको हुन्थ्यो,' शेर्पा भन्नछन् ।

'कमरेड कर्मा भन्छन्, 'गोलीको चोट गर्मीमा धेरै पोल्ने रहेछ । जाडोमा सहनै नसक्ने गरी दुख्छ एक दुई दिन होइन सधै दुखी रहन्छ ।' उनले नियमित औषधी सेवन गर्नुपर्छ ।

क्याल्सियम चक्की र पेनकिलरसँग त साइनो गाँसेजस्तै छ सँधै साथमै राख्नु पर्ने । जनमुक्ती सेनाका पूर्व ब्रिगेड भाइस–कमाण्डर कमरेड कर्माले भने, 'औषधीकै भरमा जीवन चलेको छ तर लामो समय औषधी सेवननै जीवनको लागि प्रत्युत्पादक हुने खतरा पनि भ्केली रहेको छु ।'

२०३९ साल चैत्र १९ गते बाबा कामी दोर्जी शेर्पा र आमा ङिमाछोटी शेर्पाको कोखमा उनको जन्म भएको थियो । उनको प्रारम्भिक शिक्षा गाउँकै स्कुलमा भयो । देशमा माओवादी मुक्तियुद्ध उत्कर्षतिर जाँदै थियो । यसको प्रभाव कलिलो युवा पासङमा नपर्ने कुरै भएन । यसैबीच उनी पनि २०५४ सालमा विद्यार्थी सङ्गठनमा आवद्ध भए । त्यसपछि पूर्णकालिन हुँदै जनमुक्ति सेनाको बटालीयन राजनैतिक कमिशारसम्मको जिम्मेवारी निर्वाह गरे ।

जताततै भीषण लडाईहरू भइरहेका थिए । सरकारी सेना र जनमुक्ती सेनाबीचको भिडन्तहरू दिनचर्यानै बनी रहेको थियो । कतिबेला कुन ठाउँमा सरकारी फौजसँग जम्काभेट हुन्छ र कहाँ लडाई पर्छ भन्ने कुनै टुङ्गो थिएन । योजनावद्ध युद्धमोर्चाभन्दा आकस्मिक वा भइपरि आउने मोर्चाहरू बढी हुन्थे । यसैअन्तरगत पार्टीको योजना अनुरूप शहरी मोर्चालाई तिब्र बनाउन एसटिएफ (स्पेशल टास्क फोर्स) बनाएर कमरेड कर्मासहितको टीम विराटनगरतर्फ लागे ।

यही क्रममा उनीहरू मोरङको रमितेखोला पुगे । त्यहाँ चारैतिर पोष्ट बनाएर उक्त टोली बस्यो । उनी भन्छन्, 'तर यसको जानकारी सरकारी सेनालाई पनि भइसकेको रहेछ । सरकारी सेनाले जनमुक्ती सेना बारेमा धेरै सूचना लिइसकेको रहेछ । हामीलाई पनि उनीहरू पारिपट्टी आएको सूचना थियो । यद्यपि उनीहरूको शक्तीको पूर्ण सूचना भने थिएन ।'

यसैबीच चैत्र १७ गते बिहान ७ बजे पहाडको माथिल्लो खण्डबाट उनीहरू माथि सेनाले आक्रमण सुरू गर्‍यो उनीहरूले पनि साहसपूर्वक प्रतिकार गरे । कमरेड कर्माको टोलीले सरकारी सेनाको आक्रमणलाई कुशलतापूर्वक प्रतिकार गर्‍यो र टिमलाई ठूलो क्षति हुनबाट वचायो । तर भिडन्तका क्रममा कर्माको देब्रे खुट्टा र कम्मरको जोर्नीमा गोली लाग्यो । गोलीले उनको जोर्नीको हाडलाई धुलोपिठो बनाइदियो ।

गोली लागेर घाइते भएका कर्मालाई जनमुक्ती सेनाका अन्य कमरेडहरूले उद्धार गरेर सुरक्षित स्थान तर्फ लगे । मेडिकल टिमले प्राथमिक उपचार गरेपछि थप उपचारकालागि विराटनगर स्थित कोशी अञ्चल अस्पतालमा लगियो । विराटनगरमा उपचारको व्यवस्था कमरेड पुस्कर र कमरेड डि.बी. ले गरेकाथिए । कोशी अञ्चल अस्पतालमा सुरक्षाका कारण धेरै समय रहने अवस्था थिएन । तव असप्तालकै डा. सुनिलको सहयोगमा अर्को निजी अस्पतालमा वाँकी उपचारको प्रवन्ध मिलाइयो । त्यही उनको खुट्टाको अप्रेशन गरियो । लामो उपचार पछि उनी ठिक भए ।

खुट्टाको अपरेशन पछि कमरेड कर्मा पुनः युद्धमोर्चामा फर्किए । युद्धकालिन मोर्चामा घाइते भएको कारण अघिजस्तो सहज अवस्था थिएन । उनको शारीरिक अवस्थाले नियमित फौजको कमाण्ड गर्नु कठिन थियो । तर पनि उनले अप्ठ्यारो वस्तुगत परिस्थितिको पनि सहज सामना गरे । खुट्टामा लागेको चोट र त्यसले पैदा गरेको कठिन भौतिक अवस्थाको बावजुट पनि उनी फौजी मोर्चाको भूमिकामै क्रियाशील भए ।

सामन्तवादी राज्यव्यवस्थाको शदियौं देखिको अन्याय, विभेद र शोषणबाट मुक्त गर्न नेकपा माओवादीले जनयुद्धको राजनैतिक प्रक्रिया आरम्भ गरेकाथिए । यसको मुलभुत उद्देश्य भनेको समानता र सामाजिक न्याय स्थापित गर्नु बाहेक अरू थिएन । उनी भन्छन्, 'माओवादी आन्दोलनको व्यापकताकै बीचमा तात्कालिन राजा ज्ञानेन्द्रले सैन्य कू मार्फत निरङ्कुशता लाद्यो । संसदवादी दलहरूलाई प्रतिवन्ध र आमनेताहरूलाई गिरफ्तार गऱ्यो ।'

उनी भन्छन् 'यही बाध्यात्मक तथा वस्तुगत परिस्थितिमा संसदवादी राजनीतिक दल र माओवादी बीच दिल्लीमा १२ बुँदे सम्झौता गरियो । यसैको जगमा २०६२/०६३ को दोस्रो ऐतिहासिक जनआन्दोलन सफल भएको हो ।' शान्ति प्रक्रियासँगै कमरेड कर्मालगायतका जनमुक्ती सेनाहरू क्यान्टोनमेन्टमा बस्न थाल्यो । सेना समायोजनको प्रक्रियासँगै उनले स्वेच्छिक अवकास रोजे ।

उनले धेरै युद्धमोर्चाहरू लडे । उनी आवद्ध टिमले धेरै मोर्चाहरूमा जित हासिल गरेको स्मरण गर्दै भन्छन्, 'मैले लडेको धेरै मोर्चाहरूमा विजयी भइयो । यद्यपि सबै मोर्चा जित्ने कुरा हुन पनि सक्दैनथ्यो ।' उनले लडेको मोर्चा मध्ये भोजपुर घोरेटारमा भने हार व्यहोर्नु परेको थियो ।

उनले इलाम, भोजपुर र मोरङको विभिन्न मोर्चाहरूमा सहभागिता जनाएका थिए । उनी भन्छन्, 'मोर्चा त अनगिन्ती लडियो, तर इलाम, मोरङ, घोरेटारजस्ता मोर्चाहरू सम्झन लायक छन् ।' युद्धको मोर्चामा उनले धेरै कमरेडहरू गुमाए । सँगै लडेका कमरेडहरूलाई गुमाउनु पर्दाको पीडा धेरै हुने उनले बताए । यद्यपि, उनी कहिल्यै पार्टी, सिद्धान्त र युद्धमोर्चाबाट बिचलित भएन । सँधै कर्तव्यनिष्ट योद्धा भएर आफ्नो अभियानमा लागे ।

देशमा व्याप्त गरिवी, अशिक्षा, बेरोजगारी, अन्याय, अत्याचार र अव्यवस्थामा आमूल परिवर्तन ल्याउन उनी कलिलैमै माओवादी आन्दोलनमा लामवद्ध भए । उनले सोलुखुम्बुको चौंलाखर्क स्थित हिमगंगा माध्यामिक विद्यालयबाट कक्षा ९ सम्मको अध्ययन गरे । त्यसपछि उनी १५ वर्षकै उमेरमा पढाई

छोडेर पार्टी जनयुद्धमा लागे । कमरेड कर्मा सानैदेखि तिक्ष्ण बुद्धि र राम्रो पढाई भएको विद्यार्थी थिए ।

उनको शालिन स्वभावले धेरैलाई आकर्षित गर्दथ्यो । जनमुक्ती सेना अस्थायी शिविरमा बस्न थालेपछि उनी झापाको चुलाचुली स्थित प्रथम डिभिजनमा बसे । त्यही बस्दा बस्दै खुला विद्यालयको अवधारणा अनुरूप एलएसलसी परीक्षा उत्तीर्ण गरे । त्यसपछि उच्चशिक्षाको लागि महेन्द्र मोरङ बहुमुखी क्याम्पस विराटनगर गए । अहिले उनी स्नातक तहमा अध्ययनरत छन् ।

कमरेड कर्माले सेना समायोजनको प्रक्रियामा स्वेच्छिक अवकासलाई रोजे । त्यसबाट प्राप्त भएको थोरै रकम सदुपयोग गरी उनले कृषि पेशा गरिरहेका छन् । उनी भन्छन्, 'हाल म सुनसरीको धरानमा सानो घर बनाएर बस्दै आएको छु । जीविकोपार्जनका लागि केहि बंगुर र कुखुरा पालेको छु ।'

जीवनको सबैभन्दा महत्वपूर्ण समय पार्टीमा लगानी गरेका कमरेड कर्मा अहिले पार्टीसँग त्यति सन्तुष्ट छैनन् । पार्टीमा सक्रिय छैनन् । उनी भन्छन्, 'चुनाव आएपछि भने सोलुदेखि धरानसम्मका कमरेडहरू खोज्दै आउँछन् । सहयोग पनि माग्छन् । अरूबेला कसैले पनि खोज्दैनन् ।' आन्दोलनलाई सबै थोक ठानेर लागे पनि हाल त्यसको प्रतिफल थोरैले मात्र पाइरहेको उनको गुनासोछ ।

हाल उनी श्रीमती, छोरा, आमा, बाबु र भाइसहित आठ जनाको परिवारमा बस्छन् । घाइते ज्यानको कारण उनी राम्रोसँग काम गर्नसक्ने अवस्था छैन । उनी भन्छन, 'काम गर्ने त परै जाओस, खुट्टाका कारण केही गर्न सक्दिन । यता सरकारबाट थोरै निर्वाहा भत्ता बुझिरहेको छु, जुन पर्याप्त छैन ।

"हे मरेर जाने सहिद हो बाँचेर त हेर बाँच्न झन् कठिन छ ।" कवि भूपी शेरचनको कविताको यो पङ्क्तीजस्तै कमरेड कर्माको जीवन मेल खान्छ । सहिदहरू मरेर गए तर जिउँदा सहिदहरूले न सम्मान पाए न त

बाँचेर केहि गर्ननै सके । उनी भन्छन्, 'हामीजस्ता घाइतेहरू अभावको जीवन बाँचिरहेका छौं तर हामीले फलाई दिएको सङ्घर्षको फल खानेहरू भने खुसी र सुखी नै छन् ।'

कमरेड कर्माको बाल्यकाल सोलुखुम्बु चौंलाखर्कमै बित्यो । प्रारम्भिक अध्ययन त्यही गरे । माओवादी आन्दोलनमा सहभागी भए । युद्धकालमा उनले विभिन्न सैन्य संरचनाको नेत्रृत्व गरे । पछिल्लो समय उनले सोलुखुम्बु जिल्ला पार्टी इन्चार्जको रूपमा पनि काम गरे । उनको नेतृत्वमा जिल्लाको सङ्गठन सक्रिय र बलियो थियो । उनी केही समय जिल्ला इन्चार्ज र पार्टीको केन्द्रीय महाधिवेशन आयोजक समिति सदस्य बने । त्यसपछि भने उनको राजनीतिक जीवनमा केही सुस्तता देखिदै आएकोछ । यद्यपि उनी भन्छन्, 'देश र जनताका लागि गर्नु पर्ने धेरै काम छन्, अहिले पनि उत्पीडित वर्गले राज्य छ भन्ने अनुभूति गर्न सकेका छैनन् । भ्रष्टाचार, विकृती र विसंगतीको विरोध गर्नेहरू माथि सरकार प्रतिबन्ध लगाई रहेकोछ, जुन गलत हो भन्ने हाम्रो बुझाई रहेकोछ ।'

●●●

*-प्रस्तुती गोकुल पराजुली*

# परिवर्तनका लागि लडेकोमा गर्व लाग्छ

*'मैले त जसोतसो जीवन धान्दै छु तर अन्य धेरै घाइते कमरेडहरू बिहान बेलुकाको छाक कसरी टार्ने भन्ने अवस्थामा छन् । केही नेता र उनीहरूका आसेपासेहरूले राजनैतिक शक्ति, प्रतिष्ठा र पैसा कमाए तर कतिपय कार्यकर्ता र घाइते योद्धाहरूको जीवन भने अभाव र असहजतामा गुज्री रहेकोछ ।'*

*-कमरेड जमर्को*



*श्यामबहादुर बस्तेन*
*कमरेड जमर्को*

बराहक्षेत्र नगरपालिका- ३ बिचपानी सुनसरी निवासी श्यामकुमार बस्नेत कमरेड जमर्को महान् जनयुद्धका घाइते योद्धा हुन् । तत्कालीन राज्यसत्ता विरूद्धको जीवन मरणको लडाइमा उनले आफ्नो दाहिने खुट्टा गुमाए ।

जनयुद्धका एक साहसी योद्धा जमर्को २०३६ साल साउन १७ गते भोजपुर जिल्लाको साविक रानीबास- ९ हर्कामा बुबा बिर्खबहादुर र आमा जगतमाया बस्नेतको कोखबाट जन्मिएका साहिला छोरा हुन् । बस्नेतले ८ कक्षासम्मको

अध्ययन् घोरेटार स्थित सगरमाथा माविबाट गरेका थिए । त्यसपछि अगाडिको पढाइका लागि आफू मामाघर धरान आएको बस्नेतले बताए । ठूलो सहरमा गयो भने अवसरहरू धेरै हुन सक्छन्, जागिर पाइन्छ, ठूलो मान्छे बन्न सकिन्छ भन्ने सुनेर उनी भोजपुरबाट धरान झरेको बताउँछन् । उनले धरानको पब्लिक माविबाट आफ्नो अध्ययन्को कडीलाई जोडे । धरानको बसाइँ निकै रमाइलो थियो ।

२०५४ सालमा उनले एसएलसी पास गरे । सोही बेला उनले प्रेममा पनि धोका खाएको बताउँछन् । १० कक्षामा पढ्दा सुरू भएको उनको प्रेमले आँकुरा हाल्न नपाउँदै टुङ्गिएको थियो । तर कोसँग प्रेम भयो भन्ने कुरा उनले बताउन चाहेनन् । धोका पाएपछि बस्नेतलाई धरानमा बस्न पटकै मन लागेन, कहाँ जाऊँ ? के गरौं ? भन्ने खटपटी हुन थाल्यो । उनले देशमा माओवादी र राज्यपक्षको द्वन्द्व चर्किरहेको नजिकबाट हेरी रहेका थिए । त्यसपछि आफूलाई पनि एकाएक आन्दोलनमा सहभागी हुने इच्छा जागेको उनी बताउँछन् ।

देशका उत्पीडित गरिब निमुखालाई सदियौंदेखि शोषक सामन्त पूँजीपतिहरूले गरेको दमन अन्याय, अत्याचार जातीय विभेदका विरूद्ध पार्टीले गरेको काम मन परेपछि आफू पश्चिम लागेको उनी बताउँछन् । सुनसरीकै किशोर अधिकारीले दाङमा निजी विद्यालय खोलेका थिए । उहाँले मलाई त्यहाँ पढाउँदै क्याम्पस पढ्नु भनेका थिए । त्यो बेलाको समयमा तलब स्वरूप २ हजार पाइन्थ्यो । जसले गर्दा मलाई झन् सजिलो भयो म पढाउँदै अध्ययन पनि गर्न थालें ।

यहीबीचमा २०५५ साल कात्तिक १४ गते दाङको धर्ना गाविसबाट पार्टी सदस्यता लिएको उनले बताए । पार्टी सदस्यता मिलेकोमा उनलाई असाध्यै खुसी लागेको थियो । 'पश्चिम आउनुको सबैभन्दा ठूलो लक्ष्य माओवादी बन्नु थियो, जुन प्राप्त भइसकेको थियो,' उनले भने । त्यसपछि उनलाई पार्टीको कामतिर मात्रै बढी ध्यान जान थाल्यो । आफूले पढेको र पढाउँदै गरेको

शिक्षालाई पार्टीले बुर्जुवा शिक्षा भन्ने गरेको हुँदा यसको खासै औचित्य छैन भन्ने उनलाई पनि लाग्न थाल्यो । बरू पार्टीतिरकै मार्क्सवादी शिक्षा महत्वपूर्ण थियो । पार्टी सङ्गठनमा आबद्ध भएको केही समयपछि उनी सेक्सन कमान्डर बनेका थिए र त्यसको ३ महिनापछि उनी सेनाको प्लाटुनमा भर्ना भएको बताउँछन् ।

कडा नियम मान्नु पर्ने, विशेषगरी भिडन्तमा जानुभन्दा अगाडि कमरेड जयपुरी घर्ती मगर र कृष्णबहादुर महराजस्ता ठूला नेताबाट प्रशिक्षण हुने गरेको बस्नेत बताउँछन् । उनी पहिलो पटक रोल्पाको होलेरीमा इलाका प्रहरी चौकी हमलाका लागि गएका थिए । जुन काममा पार्टीले ठूलो सफलता हात पारेको थियो । 'बिहान ४ बजे गरिएको हमलामा आधा घण्टापछि पुलिसले आत्मसमर्पण गरे । यो मोर्चामा पार्टीले प्रहरीका सबै हतियार कब्जा गर्न सफल भयो ।' उनले भने, 'प्रहरीहरू सबैलाई युद्ध बन्दी बनाइयो ।' 'जीवनकै पहिलो युद्धमा यसरी सफल भएकोमा मलाई झन् हौसला मिल्यो । पार्टीको काममा अझ सक्रिय भएर लागें ।'

त्यतिखेर गाउँमा शोषक सामन्तहरूको काला दिन सुरू भइसकेको थियो । अर्को पटक पार्टीले दाङको नारायणपुर इलाका प्रहरी कार्यालय र बैंकमा एकैपटक हमला गरेको थियो । यसमा पार्टीको तर्फबाट एक जना सहयोद्धा घाइते हुनुभयो । तर बैङ्क र प्रहरीका हतियार आफ्नो कब्जामा लिन सफल भयौं । यो हमलाका लागि हामी करिब सात हजारको सङ्ख्यामा गएका थियौं,' उनले बताए । त्यो बेला बस्नेत प्लाटुनको सेक्सन भिसी भइसकेका थिए । त्यसपछि पार्टीले सल्यानको कपुरकोटमा सेनाको टुकडी कब्जा गर्‍यो । त्यहाँ अमेरिकाबाट ल्याइएको तोप फाल्ने मेसिन कब्जा भयो । यस्तै सल्यानको शीतलपाटी इलाका, दाङको सतबरिया सशस्त्र बेश क्याम्पमा लगातार जित निकाल्दै माओवादी आन्दोलन अघि बढेको उनी बताउँछन् ।

त्यसपछि बस्नेत सहितको टोली रोल्पातिर लाग्यो । लिस्ने भन्ने गाउँ छिरेर राज्य पक्षका सेनाले चरम दमन र ज्यादाती गरिरहेका रहेछन् । त्यहाँ दुवै

पक्षबीच भिडन्त भयो र सेना हतियार छोडेर भाग्न बाध्य भयो । रोल्पाबाट रूकुमतर्फ लागियो त्यहाँ खारा भन्ने ठाउँमा राज्यपक्षका सबै सेना जम्मा भएर तयारीका साथ बसेका रहेछन् । त्यसकारण हामीले अपेक्षित सफलता हात पारेनौं । सँगैका केही कमरेडहरूलाई गुमाउनु पर्दा साह्रै दुःख लाग्यो, बस्नेतले दुःख व्यक्त गरे । थुप्रै कमरेडहरू घाइते पनि भए । उनी भन्छन् 'मैले यतिका अवधिसम्ममा स्वचालित हतियारका बारेमा ज्ञान पाइसकेको थिएँ,' दाङ, रूकुम र रोल्पामा चार वर्ष बिताएको अनुभव सुनाउँदै उनी भन्छन्, 'त्यसपछि पूर्वी क्षेत्रमा खटिएँ, मलगायत केही कमरेड विभिन्न हतियार र बन्दोबस्तीका सामानसहित पूर्वी मोर्चातर्फ लाग्यौं ।' त्यसबेला स्वेत क्षेत्रलाई छल्दै सिन्धुली आइपुग्न ३४ दिन लागेको उनी कहिल्यै भुल्न सक्दैनन् ।

त्यसपछि सिन्धुलीको भिमानमा विजयी बनेको टोलीका लागि ओखलढुङ्गाको रूम्जाटार भिडन्त भने उनका लागि कालो रात बनेर आयो । 'हामी सेना र अन्य विभिन्न विभागका कमरेडहरु गरी करिब ५ हजार सामेल भएका थियौं,' उनले भने, 'मेरा लागि त्यो २०५९ साल कात्तिक ९ गते कालो रात थियो, भिडन्त ठूलो भयो । त्यसमा हामी त्यहाँ असफल भयौं । म सेनाको बममा परें । मेरो दाहिने खुट्टा गुम्यो । यति ठूलो क्षति एकैपटक व्यहोर्नु पर्दा मेरो दिमागले केही काम गर्न सकेन । मेरो संसार बद्लिएजस्तो भयो । तर मलाई यति थाहा थियो युद्धमा क्षति हुन्छ नै । मेरो देश र जनताले जिते मलाई गर्व नै हुनेछ । मलाई कमरेडहरूले बोकेर हाम्रो आफ्नै मेडिकलमा पुऱ्याएर प्राथमिक उपचार गराए ।

त्यसपछि कहिले रामेछाप कहिले सिरहा पुऱ्याउँदै केही उपचार भने भइरह्यो । तर त्यतिले पुगेन अनि मलाई अप्रेसनका लागि भारतको दरभङ्गामा लगियो । 'त्यहाँ मलाई पार्टी प्रवास कमाण्डले जिम्मा लियो ।' उनको अप्रेसन सफल भयो अनि १० दिन बसेर पटना गएँ । पटनामा २ महिना १० दिनपछि कृत्रिम खुट्टालगाएर नेपाल आफ्नै घर फर्किएको बस्नेतले बताए । घरमा

आमा, दाजुहरु थिए मेरो त्यो अवस्था देखेर उनीहरूलाई कस्तो महसुस भयो भन्ने कुरा बोलीमा अभिव्यक्त नभए पनि भावमा व्यक्त भइरहेको सजिलै अनुमान गर्न सकिन्थ्यो ।

त्यस समयमा जिल्लामा खुम्बुवान्को सङ्ख्या बढेको थियो । त्यहाँ क्षेत्री, बाहुनहरूलाई बस्न नदिने योजना गरिरहेको मैले थाहा पाएँ । पहिचान भनेको त्यस्तो होइन भनेर त्यसको प्रतिवाद गर्न खोज्दा आफू विस्थापित हुनुपरेको उनी सुनाउँछन् । त्यसपछि पार्टीकै योजनामा उनी सोलुखुम्बुतिर लागे । सोलुखुम्बुको गुदेल भन्ने ठाउँको एक प्राविमा उनले अध्यापन पेशा अँगाले तर, शाही सेनाले थाहा पाएपछि उनी त्यहाँबाट पनि जागिर छोड्न बाध्य भए ।

त्यसबीचमा उनी भारतको मेघालय गए, ६ महिनापछि सुनसरीको भरौल– ३ बिचपानी आएर बसे । हाल उनले आफ्नो जन्मदिने आमालाई समेत गुमाइसकेका छन् । उनका बुबा भने उनी सानै छँदा बितेका रहेछन् ।

देशको राजनैतिक एजेण्डाहरू फेरियो । बृहत् शान्ति सम्झौता भयो । जनयुद्ध र २०६२/०६३ को सङ्युक्त दोस्रो जनआन्दोलनले निरङ्कुश राजतन्त्रको अन्त्य गऱ्यो । राजनीतिक दलहरु एकसाथ जुटेर देशमा गणतन्त्र ल्याए अब केही होला भन्ने जनतामा आशा पलायो । 'हामीले देश परिर्वतनका लागि जुन अपेक्षा राखेर युद्ध लडेका थियौं त्यो प्राप्तिको सङ्घारमा पुगेको मैले पनि महसुस गरें,' बस्नेतले बताए । फेरि पार्टी सङ्गठनहरु निर्माण हुन थाले । उनी एरिया कमिटी सदस्य हुँदै सुनसरी जिल्ला पार्टी कार्यालय सचिव भए । त्यो बेला डम्बर सुवेदी कमरेड हिमाल जिल्ला इन्चार्ज थिए ।

२०६४ सालमा संविधानसभाको पहिलो निर्वाचनमा पार्टीले पहिलो स्थान ल्यायो । त्यतिखेर जनमुक्ति सेनाहरू सबै अस्थाई व्यारेकहरूमा थिए । सेना समायोजन र अवकाशका कुराहरु चलिरहेको थियो त्यसैले उनी पनि ब्यारेकतिरै लागे । बस्नेतका लागि ब्यारेकमै बिहेको कुरा चल्यो । पार्टीका कमरेडहरूले

धनकुटा भीरगाउँकी अम्बिका गिरीसँग बिहेको कुरा चलाए । केटाकेटी हेराहेर गर्ने काम भयो । उनीहरू दुवैजना राजी भए र जनवादी विवाह भयो ।

'अपाङ्गता भए पनि साहसी हुनुहुन्छ । राम्रै छ माया गर्नुभएकै छ', अम्बिका मुसुक्क हाँस्दै भन्छिन् । उनीहरूलाई विवाह गराइदिने अनुप राईलाई पनि अम्बिकाले सम्झिन्, 'मलाई धेरै कर गरेर बिहे गराइदिएको हो अनुप कमरेडले । हाल वहाँ काठमाडौंमा लप्टन छन् रे !' त्यो बेला सेना समायोजन भइसकेको थियो बस्नेतले अवकाशमा ६ लाख रकम लिएर आएका थिए । अहिले बसेकै ठाउँमा सानो घर बनाए, जहाँ उनको ३ कट्ठा जग्गा छ ।

अरू आफन्तको ६ कट्ठा गरी जम्मा ९ कट्ठामा खेती गरेर उनीहरूले जीविकोपार्जन गर्दै आएका छन् । अम्बिका कहिलेकाहीं ज्याला मजदुरीमा पनि जान्छिन् । उनीहरूको एउटा ९ वर्षीय छोरा छन् । उनी हाल ३ कक्षामा पढ्छन् । 'छोरा पढाउने, लुगाफाटो, चाडपर्व, दुःख, विराम, निकै दुःखले जीवन चलेको छ', अम्बिकाले बताइन् । बस्नेतलाई अहिले सरकारले जीवन निर्वाह भत्ता महिनाको ६ हजार २ सय दिने गरेको छ । उनी भन्छन्, 'यो नाम मात्रैको राहत भयो कमसेकम अहिलेको समयमा यसलाई दोब्बर गरिदिए अलिक सहज हुने थियो ।'

'श्याम बस्नेत कमरेड जमर्को निकै साहसी र क्षमतावान् मान्छे हुन् । उनलाई अन्याय भएको छ, पार्टीले चिन्न सकेन, एउटा खुट्टा नभएर पनि घरका निकै काम गर्छन्,' छिमेकी उद्धव कार्की भन्छन् । 'खेतीबारी घाटबजार आफैँ पुग्छन् मलाई यी मान्छे निकै साहसी लाग्छ, उनी त्यसै माओवादी भएका होइन रहेछन् ।'

कार्की जालपा प्रावि बिचपानीका शिक्षक हुन् । त्यस्तै पहाड घर भोजपुरदेखिकै जमर्कोलाई राम्रोसँग चिन्दै आएका मानसिंह राई भन्छन्, 'पार्टीका नेताले पद, प्रतिष्ठा र पैसा कमाए तर देश परिवर्तनका लागि आफ्नो जीवन सुम्पेर लागेका उनीजस्तालाई धेरै अन्याय भएको छ । जमर्को त नेता हुने मान्छे हुन् यदि खुट्टा हुन्थ्यो भने यी निकै माथि पुग्न सक्ने थिए ।'

'जनयुद्धमा धेरैले दुःख पाए । कसैले ज्यान गुमाए, कोही अपाङ्ग भए, कोही बेपत्ता भए जो देश र दुनीयाँ बदल्ने अभियानमा लामबद्ध थिएँ । तर अहिले अधिकांश पीडित छन्,' बस्नेत भन्छन् । 'म त जसोतसो जीवन धान्दै छु तर अन्य धेरै घाइते कमरेडहरु बिहान बेलुकाको छाक कसरी टार्ने भन्ने अवस्थामा छन्, केही नेताहरूले पद, प्रतिष्ठा र पैसा कमाए तर कार्यकर्तालाई हेरेनन् । यसमा सरकारले योजनावद्धरूपमा ध्यान दिनुपर्दछ ।'

अहिले कम्युनिष्ट पार्टीले गर्नुपर्ने ऐतिहासिक अभिभाराहरू मध्य एक छेउ पनि नगरेको उनको गुनासो रहेकोछ । वास्तवमा हाम्रो आन्दोलन तमाम उत्पीडन र विभेद विरूद्ध थियो । त्यसतर्फ कम्युनिष्ट पार्टीले ध्यान दिनुपर्दछ । तब मात्र आन्दोलनको औचित्य सिद्ध हुन्छ । उनी भन्छन् 'यस अतिरिक्त हामीजस्ता घाइते योद्धाहरूको समस्यालाई पार्टीले बुझोस् कमसेकम सहज तरिकाले जीवनयापन गर्न सक्ने आधार बनाइदियोस र बालबच्चाको शिक्षा र स्वस्थ्यमा राजकीय व्यवस्था होस् ।'

●●●

*-प्रस्तुती अच्युत भट्टराई*

# हुनै पर्दछ रगतको मूल्यबोध



*ओमबहादुर गुरूङ*
*कमरेड सौरभ*

*'यस घटनामा प्रहरीको गोलीले मेरो पेट, टाउको र दुवै तिघ्रा छेड्यो । म बेहोस भएर घटनास्थलमै ढलें । धेरै समय पछि होस खुल्दा म धरानको घोपा क्याम्पमा रहेछु । प्रहरीले नै मलाई उठाएर उपचारको लागि अस्पताल पुऱ्याएको रहेछ ।'*

*-कमरेड सौरभ*

जनतालाई निरङ्कुश र विभेदपूर्ण शासनबाट मुक्त गराई समानता र न्यायपूर्ण शासनव्यवस्था स्थापित गर्न २०५२ सालबाट सुरू भएको 'जनयुद्ध' सम्झँदा इलाम एकतप्पाका ओमबहादुर गुरूङ कमरेड सौरभलाई सपनाजस्तै लाग्छ । जनयुद्धको दौरानमा लगाइएका न्याय र समानताका नाराहरू सबै प्राप्त नभए पनि थुप्रै मुद्दाहरू नेपालको संविधान २०७२ मार्फत् संस्थागत भएकोमा गुरूङ खुसी नै देखिन्छन् । यद्यपि व्यक्तिगत रूपमा उनको जीवन व्यवहार भने त्यति सहज छैन । उनी भन्छन्, 'पुराना दिन कहाली लाग्दा थिए, अहिले सम्झँदा सपनाजस्तो लाग्छ र अरूले

सुन्दा पत्याउँन सक्दैनन् ।' सामान्य परिवारमा जन्मिएका गुरूङको गाउँ अहिले गाउँ विकास समितिबाट गाउँपालिका बनेको छ । तर, सिंहदरबारको अधिकार गाउँगाउँमा पुगेको दावी गरिए पनि त्यो सबैको लागि अझै हुन नसकेको उनी बताउँ छन् । हाल उनी श्रम गर्न काठमाडौं सिंहदरबारकै वरिपरी भौतारिनु विवश छन् ।

क्रान्ति सकिएपछि धेरै राजनीतिक मुद्दाहरू संस्थागत भए । अहिले देश सङ्घीयता कार्यान्वयनमा छ । गुरूङ भन्छन्, 'संविधान बन्यो, राजनीतिक मुद्दा संस्थागत भए पनि गणतन्त्र र सङ्घीयताका लागि लड्ने हामी भोक–भोकै हिँड्नु पर्ने अवस्थामा छौं । पद्धतिगतरूपमा सवै क्षेत्रमा साधरण जनताका पहुँच अझै पनि स्थापित भएको छैन । भनसुन, नातावाद र कृपावाद पुरानै ढर्रामा देखिन्छ ।' गुरूङ हाल काठमाडौंको जयवागेश्वरीको गल्लीमा ट्राभल्स एण्ड टुर व्यवसाय गरी परिवार पाल्दै आएका छन् ।'

तत्कालीन नेकपा माओवादीले उठाएका मुद्दा सही लागे पछि अध्ययन छोडेर आन्दोलनमा होमिएका गुरूङले जनयुद्धका क्रममा दर्जनौं ठूला युद्धमोर्चामा सहभागी भए । साना ठूला गरी दर्जनौं युद्ध मोर्चा सम्हालेका गुरूङको टाउको, पेट र दुवै तिघ्रामा गोली लागे पछिका घाउ अझै आलै छन् । तिघ्राको घाउ देखाउँदै गुरूङ भन्छन्, 'जनताका मुक्तिको खातीर लड्ने क्रममा लागेको घाउ आलै भए पनि उसबेलका कुरा गर्दा आफैँलाई सपनाजस्तो लाग्छ, आफ्नै नानीहरूले पत्याउँदैनन् ।' भिडन्तमा लागेको गोली धरानको घोपा क्याम्पमा अप्रेसन गरी झिकिए पनि पीडा उस्तै छ ।

## को हुन्, ओम गुरूङ

ओमबहादुर गुरूङको स्थायी घर इलामको एकतप्पा गाविसको वडा नम्बर १ हो । हाल यो फाकफोकथुम गाउँपालिका वडा नं. ६ मा पर्दछ । उनी बुबा सन्तबहादुर गुरूङ र आमा कृष्णमाया गुरूङको कोखबाट २०३५ साल असोज ६ मा जन्मिएका हुन् । नेपाली सेनाबाट अवकाश भएका गुरूङका बुबा

सन्तबहादुरको २०७१ सालमा निधन भइसकेकोछ । स्थानीय जानकी प्राथमिक विद्यालयबाट औपचारिक शिक्षा सुरू गरेका ओमबहादुरले एकतप्पाकै सिंहदेवी माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरे । उनले प्लस टुसम्मको औपचारिक शिक्षा लिएका छन् ।

## राजनीतिक यात्रा

ओमबहादुर गुरूङको राजनीतिक यात्रा जन्मदिने बुबाआमाबाटै भएको थियो । बुबा सन्तबहादुर गुरूङ नेपाली सेनाबाट अवकाश पाएपछि गाउँमा समाजसेवासँगै राजनीतिमा सक्रिय रहेकाले राजनीतिमा आकर्षित भएका थिए ओमबहादुर । 'बुबा कम्युनिष्ट राजनीतिमा थिए त्यसको प्रभाव मलाई नपर्ने कुरै थिएन । त्यसपछि सानैदेखि राजनीति गतिविधिमा ओतप्रोत हुनथाले' उनी भन्छन् । विद्यालयमा अध्ययन गर्दादेखि नै राजनीतिमा प्रवेश गरेका गुरूङले नेकपा माओवादीको अनेरास्ववियु (क्रान्तिकारी) को एकाइ सचिवबाट क्रान्तिकारी राजनीतिक यात्रा सुरू गरेका थिए ।

त्यसबेला उनी आठ कक्षामा अध्ययन गर्दै थिए । नेकपा माओवादीले सुरू गरेको जनयुद्धका मुद्दाहरू र विचारप्रति आकर्षित भई क्रान्तिमा होमिएका गुरूङ २०५८ सालदेखि पूर्णकालीन राजनीतिमा प्रवेश गरे । विद्यार्थी राजनीतिबाट जनमिलिसिया हुँदै २०५९ सालमा जनसेनामा प्रवेश गरेका थिए, ओमबहादुर । गुरूङको यात्रा यतिमै भने सीमित भएन । उनले इलाम क्षेत्र नम्बर ७ को जनसेनाको सदस्य, सेक्सन भिसी, सेक्सन कमाण्डर, प्लाटुन भिसी, प्लाटुन कमाण्डर, कम्पनी कमाण्डर हुँदै बटालियन भिसीसम्मको सैन्य फरमेशनको नेतृत्व गरे ।

१० वर्षे महान जनयुद्धले विकास गरेको राष्ट्रिय राजनीतिक धरातलको बल र बाध्यतामा छेडिएको २०६२/०६३ को दोस्रो ऐतिहासिक जनआन्दोलनको सफलता पछि मुलुक शान्ति प्रक्रियामा प्रवेश गऱ्यो । सम्झैता बमोजिम जनमुक्ति सेनालाई अस्थायी शिविरमा राखियो । यही सिलसिलामा उनी पनि इलाम चुलाचुली स्थित प्रथम डिभीजन मुख्यालयको अस्थायी शिविरमा बस्न

थाले । तात्कालिन माओवादी र सात राजनीतिक दलहरूबीच भएको सहमति अनुरूप उनले स्वेच्छिक अवकाश लिए । यद्यपि गुरूङको राजनीतिक यात्रा भने अझै रोकिएको छैन । स्वेच्छिक अवकास पछि उनले तात्कालीन लिम्बुवान राज्यअन्तर्गतको युवाहरूको इञ्चार्जको भूमिका निर्वाह गरे । यता पार्टीतर्फ माओवादी केन्द्रको केन्द्रीय आयोजक समितिका सदस्यसमेत भए । नेकपा माओवादी केन्द्र र नेकपा एमालेको एकतापछि उनी नेकपाको राष्ट्रिय परिषद् सदस्यमा मनोनित भएका छन् ।

## जनयुद्धलाई फर्केर हेर्दा

जनयुद्धमा विभिन्न युद्ध मोर्चा सम्हालेका पलहरू सम्झँदा अहिले उनलाई सपनाजस्तै लाग्छ । 'सम्झदा आँङ सिरिङ्ग हुन्छ,' उनी भन्छन् । १० वर्षे जनयुद्धका क्रममा उनले ठूलासाना गरी थुप्रै युद्धमोर्चा सम्हाले । 'सैन्य फरमेशनमा गएदेखि दिनै पिच्छेजस्तो सानाठूला मोर्चामा सहभागी भइनै रहन्थ्यौं', उनी भन्छन् । 'साना–तिना मोर्चा त कति लडियो कति यकिन नै छैन । यद्यपि डेढ सय जति युद्ध मोर्चाहरु सम्झनामा रहेको उनी बताउँछन् ।' त्यस मध्य विशेष गरेर सिरहाको बन्दीपुर, भोजपुरको घोरेटार, मोरङको जाँते, धनकुटा सदरमुकाम, भोजपुर रिपीटर टावर, उदयपुरको ताप्ली, झापाको बिर्तामोड, पाँचथरको मेहेलबोटे आदि युद्धमोर्चाहरूमा उनको साहस र वलीदानीपूर्ण सहभागिता रह्यो ।

उनले थपे, दिनभरी लडाई लड्दा कहिलेकाही त खाना खाने समय पनि हुँदैनथ्यो । उनी थप्छन्, 'जनयुद्धको क्रममा अभिव्यक्त यस्तै त्याग र सौर्यकै कारण देशमा राजनीतिक परिवर्तन भएकोछ । अग्रगामी राजनीतिक मुद्धाहरू स्थापित भएकोछ । आमजनताको चेतनास्तर धेरै माथि पुगेकोछ । यो सुखद कुरा हो । तर जुन राजनैतिक लक्ष्य उद्देश्यबाट राजनैतिक आन्दोलन भएको थियो । त्यसको मर्म र भावना अनुरूप अबको कम्युनिष्ट पार्टी र सरकार अघि बढ्नु पर्दछ । किनकि हाम्रो कम्जोरीले पुनः नेपाली जनताले अर्को युद्ध झेल्नु नपरोस ।'

## घाइते र बन्दी जीवन

२०६२ फागुन १४ को कुरा हो । उनी घटना बारे यसरी भन्छन्, 'हामी ४ जनाको टोली इटहरीमा पार्टीको कामको सिलसिलामा गएका थियौं । यसैक्रममा तीन जना कमरेडहरू भने प्रहरीको फन्दामा परिसकेका रहेछन् । 'त्यसबेला हामीसँग फोन थियो । फोनमा थमनसिं राई कमरेड निर्मलले बोलाए पछि हामी गयौं । तर प्रहरीको कब्जामा परेपछि उनीहरूले खबर गरेको रहेछ । पुगेपछि मात्रै थाहा पाइयो । 'घेरा तोड्ने क्रममा प्रहरीले फायरीङ गऱ्यो म घाइते भएँ । चार जनाको टोली मध्य तीन जना कमरेडहरु भने भागेनन् । उनीहरू सबै पक्राउ परे ।'

उनी सम्झन्छन्, 'यस घटनामा प्रहरीको गोलीले मेरो पेट, टाउको र दुवै तिघ्रा छेड्यो । म बेहोस भएर घटनास्थलमै ढलें । धेरै समय पछि होस खुल्दा म धरानको घोपा क्याम्पमा रहेछु । प्रहरीले नै मलाई उठाएर उपचारको लागि अस्पताल पुऱ्याएको रहेछ ।' २८ दिनको उपचारपछि उनलाई जेल हालियो । उनलाई २०६२ चैतदेखि ३ महिनासम्म मोरङ जिल्ला कारागारमा राखियो ।

## शारीरिक अवस्था

उपचार पछि पेट, टाउको र तिघ्रामा गोली निकालिए पनि शरीरको भने कुनै भर छैन । खुट्टा सुनिने, दुख्ने, पोल्ने र झमझमाउनु गुरूङका लागि अहिले सामान्य भएको छ । 'कुनै बेला सुतेको ठाउँबाट उठ्नै सक्दिनँ', गुरूङ भन्छन् । 'शरीरको भर छैन परिवार कसरी पाल्ने भन्ने चिन्ता छ । पेटमा पनि गोली लागेकाले समस्या उस्तै छ ।' दैनिक नशा र पेटको औषधी खाँदै आएका उनी चिसोमा अत्यधिक शरीर दुख्ने र हिउँदमा दैनिकजसो अस्पताल धाउनु पर्ने बाध्यता रहेको बताउँछन् । यता शान्ति तथा पुनः निर्माण मन्त्रालयद्वारा गठित समितिले गुरूङको शरीर ६५ प्रतिशत अपाङ्गता भएको भनेर वर्गीकरण गरको छ ।

६५ प्रतिशत अपाङ्गगता भएकाहरूलाई सरकारले मासिक ६ हजार २ सय रूपैयाँ निर्वाह भत्ता दिदै आएकोछ । तर यसले औषधी खरिद गर्न पनि पुग्दैन । सरकारले राजनीतिक परिवर्तनमा प्रत्यक्ष सहभागी भएका योद्धाहरूलाई सहयोग गर्न जरूरी रहेको उनको भनाइ छ ।

देशको परिवर्तनका लागि लड्दा उमेर र तागत सकिएको गुरूङ बताउँछन् । त्यसैले सरकारले जीवन निर्वाहका लागि प्राविधिकलगायतका स्वावलम्वनसम्बन्धी तालिम मार्फत दिर्घकालिक व्यवस्थापनतर्फ पहल लिनु जरूरीछ । यसले हामीजस्तो घाइते परिवारको रोजीरोटी सुनिश्चित हुने उनको भनाइ छ ।

## परिवार पाल्न ट्राभल्स एजेन्सी

शारीरिक श्रम गर्न नसक्ने अवस्थामा रहेका ओमबहादुर गुरूङले अहिले परिवार पाल्न काठमाडौंमा ट्राभल एजेन्सी सञ्चालनमा ल्याएका छन् । शान्ति प्रक्रियाको मर्म अनुरूप अस्थायी शिविरबाट स्वेच्छिक अवकाश लिएपछि परिवार पाल्नै निकै समस्या भयो । 'शारीरिक श्रम गर्न नसक्ने भएपछि के गरेर जीवन गुजारा गर्ने अहम् प्रश्न खडा भयो । सबैतिर सोँचियो बुझियो । अन्त्यमा ऋण गरेर काठमाडौंमा व्यवसाय सुरू गरेको हुँ,' उनले भने ।

उनले वि.सं. २०७५ साल जेष्ठ महिनाबाट काठमाडौँको जयबागेश्वरीमा गजुरमुखी ट्राभल एजेन्सी मार्फत व्यवसाय सुरू गरेका छन् । यसले राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाइ टिकट र नेपालका विभिन्न पर्यटकीय क्षेत्रहरूको टुर प्याकेज बिक्री गर्दछ ।

उनकोअनुसार व्यवसाय सामान्यरूपमा चलिरहेकोछ । 'अर्थात व्यवसायले परिवार पाल्ने काम गरिरहेको छ', गुरूङ भन्छन् । 'तर प्रतिस्पर्धा र अहिलेको प्रविधिहरूको कारण व्यवसाय टिकाउन भने निकै कठिन भएको उनको तर्क रहेकोछ ।'

## जनयुद्धका ती दिनहरू

नेकपा माओवादीले उठाएका मुद्दाहरू प्रति आकर्षित भएरनै उनी जनयुद्धमा होमिएका थिए । बहुदलीय प्रजातन्त्र पुनःस्थापना पछि पनि सत्तामा रहेका संसदीय राजनीतिक दलहरूले जनताका मागलाई लत्याउँदै गइरहेको वस्तुगत धरातलमा माओवादी आन्दोलन सुरू भएको गुरूङको बुझाइ छ । उसबेला नेकपा माओवादीका एजेण्डा सही थिए । गुरूङ भन्छन्, 'माओवादीले उठाएका एजेण्डाहरू मध्य धेरैजसो संविधानमा पनि सुनिश्चित गरिएकोछ । गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशिता, समानुपातिक र अधिकारसहितको स्थानीय सरकार गठन हुनु जनताका लागि खुसीको कुरा हो ।'

जनयुद्ध अन्त्य गरी शान्ति प्रक्रिया शुरू भएको पनि झण्डै डेढ दशक हुन लागेको अवस्थाछ । 'अहिले सम्झँदा सपनाजस्तो लाग्छ । वास्तवमा जनताको हकअधिकार सुनिश्चित गर्न हामीले लड्यौं यसमा दुइमत छैन । उनी भन्छन्, 'समानता र न्यायको लागि हजारौं योद्धाहरूले बलिदान दिएका हुन् । उनीहरूको सपनालाई साकार पार्न कम्युनिष्ट पार्टी र सरकारले जनमुखी कार्यक्रम कार्यान्वयनमा जोड दिनुपर्छ । अन्यथा यति ठूलो त्याग र लगानीको कुनै राजनैतिक औचित्य हुँदैन । बरू उल्टै दुरभाग्य मात्र हुनेछ ।'

वस्तुतः जनयुद्ध राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक परिवर्तनका लागि इतिहासको अपरिहार्य आवश्यकता थियो । समयको मागअनुसार क्रान्तिकारी विचार र एजेण्डालाई संस्थागत गर्न जनयुद्ध भएकोमा दुइमत छैन । जनयुद्ध नभएको भए गणतन्त्र स्थापना संभव थिएन । 'जनयुद्धले राजनीतिका सबै आयामहरूमा परिवर्तन ल्याउन सफल भएकोछ । यो खुशी र गर्वको विषय हो ।

आमजनतामा आएको प्रगतिशील चेत र अन्याय वा विभेद विरूद्ध लड्ने मानसिकता जनयुद्धकै महत्वपूर्ण आयाम हो । गुरूङ भन्छन्, यसले रूढीवादी विकृत चिन्तन् र मनोविज्ञानको अन्त्य गरेकोछ । 'वास्तवमा जनयुद्धकै जगमा

संविधानसभाको निर्वाचन र गणतन्त्र स्थापना भएको हो । यो चानचुने राजनैतिक उपलब्धी हुँदैहोइन । अन्ततः माओवादीले उठाएको राजनैतिक मुद्धाहरूमा अन्य सबै संसदवादी दलहरू आउनुले पनि यसको महत्व स्वतः प्रष्ट हुन्छ ।

तर परिवर्तनका लागि लड्ने योद्धाप्रति सम्मान र जीवन निर्वाहका लागि राज्यको आँखा पुगोस् । '१० वर्षसम्म न्याय र समानताको लागि लड्ने योद्धा शरीरमा गोली बोकेर, तड्पिएर बस्नुपर्ने स्थिति जताबाट नापे तौले पनि सही हुँदैन । यसमा राज्यको गम्भीर ध्यान जानु जरूरीछ ।'

'राजनीतिक नेतृत्वले उत्पीडित वर्ग र जनतालाई कता–कता भुलेजस्तो भान हुँदैछ । मुक्तिको लागि लड्ने योद्धालाई अहिले बिर्सिएकोजस्तो लाग्छ,' गुरूङ भन्छन्, 'न्यायको लागि लड्ने योद्धाको चाहना, उनीहरूले बगाएको रगतको मूल्यलाई यति चाँडै र सजिलै भुल्नु अपराध मात्र होइन प्रकारान्तरले राजनैतिक बेइमानी हुनपुग्दछ ।

यता हामीजस्ता घाइतेहरूले सम्मान र सहज जीवनयापनका लागि राजकीय रूपमै प्राविधिक सीप वा तालिमको व्यवस्था गर्न आवश्यकछ ।' व्यवसाय गर्छु भन्नेहरूको लागि व्यवसाय प्रवर्द्धनका लागि सहुलियत अनुदान सहयोग उपलब्ध गराउने राजकीय नीति निर्माणमा जोड दिन जरूरीछ । १ छोरा र श्रीमतीसँगै हाल काठमाडौंमा बस्दै आएका गुरूङ भन्छन्, 'यसो भएमात्र जनयुद्धमा बगेको रगतको राजनैतिक मूल्य स्थापित हुनेछ ।'

●●●

*–प्रस्तुती सुजन तिमल्सिना*

# बल्झी रहने घाऊ



*कमला शर्मा*
*कमरेड कञ्चन*

*'त्यसपछि कमरेडहरूले उनलाई बोकेर 'त्यसपछि कमरेडहरूले मलाई बोकेर अर्को सुरक्षित सेल्टरतर्फ लगे । तर बाटोमा सेनाहरू अगाडी नै पुगेको खबर पाए पछि कमरेडहरूले अर्कै खोल्साको घुमाउरो बाटो लगे । घुमाउरो बाटोको कारण हामीहरू समयमा सम्पर्कमा पुग्न सकेनौं । हामीहरू त्यही जङ्गलको खोल्सामा रात बितायौं ।'*

*-कमरेड कञ्चन*

कमला शर्मा, कमरेड कञ्चनको जन्म बुवा टंकप्रसाद दाहाल र आमा राधादेवी दाहालको तेस्रो सन्तानको रूपमा २०४१ साल कार्तिक २८ गते धनकुटा जिल्लाको बेलाहारामा भएको हो । उनको परिवार सङ्खुवासभा जिल्लाको चैनपुरमा बसाइसराई गएसँगै उनको बाल्यावस्था त्यही बित्यो । उनले चैनपुरकै श्री सरस्वती मा.वि.बाट २०५६ सालमा एस.एल.सी पास गरिन् । त्यसपछि उनी कक्षा एघारमा पढ्दै थिइन् । त्यतिबेला माओवादी जनयुद्ध उत्कर्षतिर गइरहेको थियो ।

यसको प्रभाव कमरेड कञ्चनमा पनि पऱ्यो । उनी सानैदेखि विद्रोही र निडर स्वभावकी थिइन् । यसैको परिणाम स्वरूप २०५७ सालमा उनी पनि मुक्ति या मृत्युको कसम खाएर मुलुक परिवर्तन गर्ने राजनीतिक अभियानमा लागिन् । उनले भिषण युद्धको बेला बन्दुक समाएर विद्रोह गर्ने अठोट गरिन् । रूढीवादी समाजमा महिलाले बन्दुक समाए अशुभ हुन्छ भन्ने मान्यता थियो । त्यसलाई चुनौती दिदै उनी कम्मरमा बन्दुक भिरेर जनयुद्धमा होमीए ।

उनले २०५७ सालमा तात्कालीन नेकपा (माओवादी) को सदस्यता प्राप्त गरिन् । २०५८ सालमा गाउँ जनसरकार सदस्य, स्क्वायड सदस्य, कमाण्डर, जिल्ला प्लाटुन सदस्य हुदै २ नं. कम्पनी सदस्यको रूपमा आफ्नो जिम्मेवारी सम्हालिन् । ०५९ सालमा सेक्सन कमाण्डर, प्लाटुन भि.सी. अनि २०६० सालमा प्लाटुन कमाण्डर र कम्पनि भि.सी.को भूमिका निर्वाह गरिन् । उनले सोलुखुम्बु सदरमुकाम सल्लेरी, पाँचथरको गोपेटार, सङ्खुवासभाको चैनपुर, सिन्धुलीको भिमान, ओखलढुङ्गाको रूम्जाटार र सिराहाको लहान मोर्चामा सहभागी भइन् । त्यसैगरी भोजपुरको रिपिटर टावर, इलाम पशुपतिनगर, मोरङको बेलबारी, इलाम पुवाखोला, मोरङको रमिते भिडन्त, खोटाङको ऐसेलुखर्क, सिराहाको बन्दिपुर मोर्चालगायत दर्जनौं एम्बुस र रेडहरूमा पनि भाग लिइन् ।

प्रत्याक्रमणको तेस्रो योजनाअर्न्तगत पूर्वी कमाण्डअन्तगतको जनमुक्ति सेनाले सिराहाको बन्दिपुरमा आक्रर्मण गर्ने योजना बनायो । २०६२ बैशाख २६ गते सिराहाको बन्दिपुर व्यारेक माथि आक्रमण गरियो । भिडन्तको क्रममा राती २ बजेतिर दुश्मनले प्रहार गरेको टु इन्च मोर्टारको सेल हातमा बज्रियो । हातका ३ वटा औलाहरू तुन्द्रङ झुन्डियो र ठूलो धमकाको कारण छातिमा नराम्ररी असर गऱ्यो । मुखबाट रगत निस्कियो । त्यो पिडामा म चिच्याएछु पुनः अर्को शेल प्रहार गर्दा मेरो खुट्टामा लाग्यो । त्यसपछि म बेहोस भएछु । एकैचोटी बेलुकी ४ बजेतिर मात्र मेरो होस खुलेछ, जुनबेला म ३ जना कमरेडहरूको साथ जङ्गलमा थिएँ । मलाई निद्राबाट व्युझिए झै लाग्यो । मैले कमरेडहरूलाई धेरै कुरा सोधेँ ।

उनी भन्छन्, 'खास गरेर त्यतिखेर कमरेडहरूले मलाई बाँच्दैन भनेर केही कमरेडहरूको जिम्मामा छाडेको रहेछ । त्यसपछि म उठ्न खोजें तर सकिंन । मलाई थाहा भयो मेरो खुट्टा पूर्ण रूपमा फ्याक्चर भइसकेको रहेछ । हातका औंलाहरू, शरिरका विभिन्न भागमा बमको छर्रा साथै धमकाको असरले मुखबाट रगत बगी रहेको थियो । म जिउँदो लासजस्तै भएको रहेछु । कमरेडहरूले मेरो बारेमा सविस्तार बताए ।'

उनलाई आफू भर्खरै निद्राबाट ब्युँझिएकोजस्तो भइरहेको थियो । उनको शरिर नराम्ररी पोल्ने र दुख्ने भइरहेको थियो । उनी भन्छन्, 'त्यसपछि कमरेडहरूले मलाई बोकेर अर्को सुरक्षित सेल्टरतर्फ लगे । तर बाटोमा सेनाहरू अगाडी नै पुगेको खबर पाए पछि कमरेडहरूले अर्कै खोल्साको घुमाउरो बाटो लगे । घुमाउरो बाटोको कारण हामीहरू समयमा सम्पर्कमा पुग्न सकेनौं । हामीहरू त्यही जङ्गलको खोल्सामा रात बितायौं । घाउहरू धेरै दुखी रहेको थियो । भोलिपल्ट मात्र हामीहरू सम्पर्कमा पुग्यौं ।'

उनी सेल्टरमा पुग्दा नपुग्दै उदयपुरको चिसापानिमा भिडन्त भयो । त्यस लडाइमा कमरेड अनुलगायतका कमरेडहरूको सहादत भयो । यसले कमरेड कञ्चनलाई स्तब्ध बनायो । त्यसको केही समयपछि उनलाई उपचारको लागि भारत लगियो । भारतको जयनगर नजिकैको गाउँमा उनलाई राखेर कमरेडहरू गाडिको खोजिमा गए ।

त्यहाँ भाषाको ज्ञान नभएको कमरेडहरू मात्र थिए । ठीक त्यही बेला स्थानीय गाउँलेहरू आएर यस्तो बिरामी यहाँ राख्न पाइँदैन भन्दै स्टेचर उठाएर केही पर आँपको बगैंचामा राखिदिए । त्यसबेला मध्य रात भइसकेको थियो । उनी भन्छन्, 'त्यसको निकै समय पछि गाडी खोज्न गएको कमरेडहरू पहिलाकै स्थानमा आए । तर स्थानीयहरूले उनीहरूलाई उठाएर निकै पर राखेको थियो । उनलाई खोज्न कमरेडहरू धानबारीमा खोज्दै त्यही बगैचाको नजिक आएर बोलाए, जुनबेला रातको १ बजी सकेको थियो । त्यस पछि उनीहरूको बिहारको एउटा हस्पिटलमा गोप्यरूपमा उपचार गरियो ।

त्यसको २० दिन पछाडी मुजरफ्पुरको एउटा हस्पिटलबाट १४ जना कमरेडहरूलाई भारतीय प्रहरीले गिरफ्तार गरे । त्यसपछि उनीहरूलाई पनि हस्पिटलले निकाली दियो । त्यहाँ २ जना बिरामी र २ जना सहयोगीहरू बिचल्लिमा परे । स्वास्थ्य विभागका कमरेडहरू पनि बेपत्ता भए । अर्को योद्धा कमरेड स्वर्णिमको स्पाइनल कर्डमा गोली लागेको र फोक्सोमा असर गरेको थियो । कम्मरभन्दा मुनिको भाग चल्दैन थियो । उनको अवस्था जटील बन्दैगयो ।

यसैबीच उनी बेहोस भइन् । त्यसपछि कमरेड कञ्चन निकै अतालिए । उनीहरू त्यहाँबाट हिड्नुको विकल्प थिएन । तर उनीसँग केवल भारू २ हजार ५०० रूपैया मात्र थियो । राति नै गाडि खोजेर नेपाल फर्किने योजना बनाए । त्यहाँ कसैको सम्पर्क नम्बर पनि थिएन । करिव आधा घण्टा पछि कमरेड स्वर्णीमको होस आयो तब उनीहरू सबै औधीनै खुसी भए । ६ दिनसम्म उनीहरूले यसरीनै बिताए । यतिकैमा स्वस्थ्य विभागको जिम्मेवारी सम्हाली रहेको कमरेड हिमेश आइपुगे । त्यस पछि उनलाई हामीले भोगेका सबै कुरा सुनायौं ।

त्यस पछि उनले डाक्टरले कमरेड स्वर्णिमको उपचार नहुने भनेको कुरा सुनाए । त्यसपछि उनलाई सोही दिन नेपाल फर्काउने तयारी भयो । तर कमरेडहरूको हेलचेत्र्याइँको कारण भारतीय सिमा सुरक्षा फोर्सले गिरफ्तार गरेर उनलाई मार्‍यो । त्यसपछि अरू कमरेडहरूलाई नेपाल फर्काइयो भने, कमरेड कञ्चनलाई पञ्जाव लाने निणर्य भयो । त्यहाँबाट रेलमा उपचारको लागि पञ्जाव जाने काम भयो । त्यहीका कमरेडहरूले मलाई उपचारको लागि जिम्मा लिए ।

करिव डेढ वर्षको उपचार पछाडी २०६४ सालमा उनी नेपाल फर्के । उनी आजसम्म पनि उपचार नपाएर बस्न बाध्य भएकी छिन् । कमरेड कञ्चनको बायाँ खुट्टा घुडा मुनिको भागले राम्रोसँग काम गर्दैन । दायाँ हातको ३ वटा

औंलाहरू पनि पूर्ण रूपमा चुटिएको छ । उनी शरिरको विभिन्न अंगहरूमा बमको छर्रा बोकेर कष्टकर जीवन बिताइरहेकी छिन् । अलिक वढी काम गर्नु पर्‍यो भने अझैपनि मुखबाट रगत जाने गर्दछ ।

यसरी महान जनयुद्धको क्रममा धेरै मुक्तियोद्धाहरू सहिद भएका छन् भने कैयौं घाइते भएका छन् । वास्तवमै जनयुद्ध भनेको परिवर्तन, न्याय र समानताको लागि लडिएको राजनैतिक आन्दोलन थियो । तर यस्तो महाअभियानमा आफ्नो ज्यूज्यानको कुनै पर्वाह नगरी परिवर्तनका लागि लड्ने घाइते योद्धाहरू आज समाजबाट र परिवारबाट समेत अपहेलित हुनु परिरहेकोछ । यो साह्रै दुःख लाग्दो कुरा हो ।

हामीहरूलाई जीवन गुजारा गर्न र औषधी उपचार गर्न राज्यबाट व्यवस्था हुनुपर्दछ, जुन आजसम्म केही भएको छैन । हामीले राजनैतिक परिवर्तनको लागि अतुलनीय योगदान गरेका छौं । तर राज्यले हाम्रो लागि स्वास्थ्य, शिक्षा, र रोजगारिको लागि दायित्व लिएको छैन । कम्युनिष्ट पार्टी र सरकारले यसमा उचित ध्यान दिनुपर्दछ । जीवन निर्वाह भत्ताको पनि व्यवस्था गरिनु पदर्छ । तब मात्र घाइतेहरूको न्याय हुनेछ ।

●●●

*-प्रस्तुती कमला शर्मा*

# हात गुमाएका पूर्वका तारा

*'चिसो पानीमा डुबेर डाँडाको घाम सम्झँदै न्यानोमा बाचिरहेका छौं ।'*

*–कमरेड सौभाग्य*


*श्यामवीर लिम्बू*
*कमरेड सौभाग्य*

श्यामवीर लिम्बू कमरेड सौभाग्य जनयुद्धमा पूर्वका तारा उपनामले चिनिन्छन् । उनी आफ्नै चाल र हाउभाउमा राजनीतिक आन्दोलनका बसह गर्न खप्पिस छन् । तीन वटा मात्रै औंला भएको दाहिने हात अहिले पनि उनको तत्कालै प्रतिक्रिया दर्शाउन तयार हुन्छ ।

'त्यो लक्ष्य भेट्टाउने उद्देश्यमा अहिले पनि विचलित छैनौं', झापा बुद्धशान्ति गाउँपालिकाको पार्टी कार्यालय बुधबारेमा भेटिएका सौभाग्यले घाइते दाहिने हात अगाडि सार्दै आफ्नो प्रतिक्रिया तुरून्तै दिए । राखिएको लक्ष्यमा पुग्न अझै हामीसँग राजनीतिक शक्ति र उर्जा मरेको छैन ।

जनयुद्धकाक्रममा भएका युद्ध मोर्चाहरूमा साहसिक भूमिका प्रदर्शन गर्ने योद्धा सौभाग्य ताप्लेजुङ याङवरक गाउँपालिका- ४ डुब्रिसेमा २०४० साउन १९ गते जन्मिएका थिए । बाबा कर्णबहादुर लिम्बू र आमा बुद्धरानीका आठ छोरा र एक छोरी मध्येका सातौं सन्तान सौभाग्य हुन् । परिवारका सबै सदस्य हाल नेपाल कम्युनिष्ट पार्टीका समर्थक छन् भने उनीसहित दाजु मोहनसिंह र भाइ कुमार लिम्बू पार्टीमै सङ्गठित छन् ।

नेपालमा जनवादी गणतन्त्र स्थापनाका लागि माओवादी नेतृत्वमा भएको जनयुद्धले ५ वर्ष टेक्दै गर्दा २०५७ साल चैतदेखि सौभाग्य भूमिगत भएको सुनाउँछन् । स्थानीय पार्टी, तत्कालीन १ नम्बर उपब्यूरो र ३ नम्बर क्षेत्रीय सदस्य हुँदै ताप्लेजुङ र पाँचथरमा बनेको जनमुक्ति सेनाको प्लाटुन २ (पी-२) मा २०५८ सालदेखि सरिक भएका उनी २०६७ सालबाट स्वेच्छिक अवकाश लिएका अनुभवी राजनीतिक योद्धा मानिन्छन् ।

जनमुक्ति सेनामा हुँदाताका दुई दर्जन भिडन्त र आक्रमणमा संलग्न ३६ वर्षीय योद्धासँग इलामको बन्दुके देउराली मोर्चा पहिलो अनुभव थियो । अनुभवको अभावमा छाती, हात र तिघ्रामा चोट बेहोरेका सौभाग्यले दाहिने हातको बुढी औंला र चोर औंला त्यही मोर्चामा गुमाएका थिए ।

'नेपाल र भारतमा हैन, ब्रिटिस गोर्खामा बन्दुक बोक्ने रहर थियो', सौभाग्यले भने, 'उता सफल नभएपछि नेपालको परिवर्तनकारी आन्दोलनमा सहभागी भएँ ।' जनयुद्धमा उनी सिकाई र अनुभवले निखारिँदै गए । पूर्वका २४ भन्दा बढी मोर्चाहरूमा लडेर सफल योद्धाको पहिचान निर्माण गरे । तर शान्ति प्रक्रिया पछि आन्दोलनको रूप नयाँ भएको उनी त्रताउँछन् ।

उनको ६ वर्षे पूर्णकालीन राजनीतिक क्रान्तिमा इलामको बन्दुके देउरालीको मोर्चामा पहिलो युद्धमोर्चाको अनुभूती गरे । यसमा उनी घाइते भए । यसैगरी सङ्खुवासभाको चैनपुर, सिन्धुलीको भिमान, गोपेटार, सर्लाहीको कर्मैया पुल, रामेछापको भुजी, ओखलढुङ्गाको रूम्जाटार र इलामको पशुपतिनगर आक्रमणसम्म आउँदासम्म उनी एक अनुभवी योद्धा बन्न सफल भए ।

पाँचथरको प्राङबुङ भिडन्त, भोजपुरको रिपिटर टावर आक्रमण, इलामको पुवाखोला र मङ्गलबारे आक्रमण सौभाग्यका स्मरणमा आइरहने मोर्चाहरू हुन् । इलामको फुँयतप्पाको एम्बुस र ताप्लेजुङको दोभान एम्बुस उनका मौलिक फौजी ज्ञान विकासको एउटा कडी बने । त्यसैगरी सुनसरीको धरान, मोरङको कानेपोखरी, लेटाङ र रमितेमा भएको भिडन्तहरूको पनि फरक अनुभूति उनीसँग छ । पाँचथरको जेभाले र खोटाङको ऐसेलुखर्कको भिडन्तले सिकाएको फौजी कलाको कम् महत्व छैन । उनले मोरङ उर्लाबारीको बैंक हमलालाई क्रान्तिका लागि आवश्यक कदम भनेर लडेका थिए ।

यतिका आक्रमण र भिडन्तका सहभागी सौभाग्यमा अझै ऊर्जा घटेको छैन । हाल राजनीतिको स्वरूप मात्र बदलिएकोछ । कुनै पनि खालको राजनीतिक आन्दोलनका लागि अझैसम्म उनी लड्न तयार छन् । तर, योद्धाहरूको सम्बन्धमा नेतृत्व उदासीन बनेको देख्दा उनका आत्मालाई निको लाग्दैन । उनलाई नजिकबाट जान्ने जनमुक्ति सेनाका पूर्व कम्पनी कमाण्डर भोजपुरका सुरेन्द्र राईकोअनुसार, 'कमरेड सौभाग्य लडाइँका मोर्चामा जति उत्सुक देखिन्थे, राजनीतिक आन्दोलनको यो परिवेशमा समेत उत्तिकै उत्सुक र उत्साहित छन् ।'

राजनीतिक आन्दोलनले निर्दिष्ट गरेको लक्ष्यतर्फ नगएको उनको तर्कछ । क्रान्तिकारी सिद्धान्त विपरित दिशातर्फ हाम्रो राजनीति मोडी रहेकोछ । उनले भने, 'अघि बढ्ने गति रोकियो अनि उल्टो दिशा घुम्न थाल्यो ।' नेपाल कम्युनिष्ट पार्टी प्रदेश सदस्य रहेका सौभाग्यले भने, 'पट्यारलाग्दो र उकुस-मुकुस परिस्थितिबाट नयाँ राजनैतिक परिवेशमा पुनः रूपान्तरण हुन लालायित छौं । यद्यपि केही नै उपलब्धी भएन भनेको होइन । तर जती हुनुपर्दथ्यो त्यो भएन भनेको मात्र हो ।'

'चिसो पानीमा डुबेर डाँडाको घाम सम्झँदै न्यानोमा बाचिरहेका छौं', सौभाग्यले वर्तमान राजनीतिक अवस्था र भावी लक्ष्यबारे बिम्वात्मक भावमा विश्लेषण गर्दै भने, 'दुनियाँ चिप्समा अट्यो, हाम्रो तात्कालीन कार्यनीतिक योजना

फरिए पनि नयाँ तयारीको योजना पुगेन ।' वास्तवमा मुख्य लक्ष्य श्रमजीवि नागरिकको अधिकार सुनिश्चितता नै हो । समानता र न्यायमा आधारित थिति बसाल्न हो । यसतर्फ कम्युनिष्ट पार्टी र सरकारले कार्यनीतिक तथा रणनैतिक योजना मार्फत् कार्यक्रमहरू अघि बढाउनुपर्दछ ।

बिगतको राजनीतिक क्रान्तिलाई हुबहु दोहोऱ्याउनु दुस्साहस हुन्छ । उनकोअनुसार 'अब साइबर युद्धको युग सुरू भइसकेकोछ ।' उनी तत्कालीन माओवादीको सबै विभाजित नेतृत्वहरूलाई एउटै कम्युनिष्ट पार्टीमा आबद्ध गराउन मुख्य नेतृत्वलाई सुझाव दिन्छन् । लामो राजनीतिक क्रान्ति, शान्तिपूर्ण राजनीतिको बाटो र पछिल्लो समय दुई कम्युनिष्ट पार्टीसँगको एकताबाट प्राप्त उपलब्धीको रक्षा गर्नुपर्ने दायित्वमा सबैको बुझाई समान हुनुपर्ने सौभाग्यको तर्क छ । 'विप्लव, मोहन वैद्य र गोपाल किराती समूहलाई समेट्दै बृहत् कम्युनिष्ट पार्टीको अवधारणामा नेतृत्वले सोच बनाउनु पर्दछ । अनुभवी राजनीतिक योद्धा सौभाग्यले भने, 'बृहत् कम्युनिष्ट पार्टीको अवधारणाले मात्र जनवादी गणतन्त्रको रणनैतिक लक्ष्यलाई चुम्न सकिन्छ ।' उनकाअनुसार 'जनवादी गणतन्त्रको महान आन्दोलनलाई औसत शान्तिपूर्ण राजनीतिले खुम्च्याई दिएको छ । त्यसलाई बृहत् कम्युनिष्ट पार्टीको अवधारणाले मात्र बिस्तार र सुदृढ गर्नसक्छ ।'

विचार र सिद्धान्तलाई प्रधान पक्ष स्विकार गर्दागर्दै पनि भावना मिलाउन नसक्नु नेतृत्वको कमजोरी नै हुन्छ । यो इतिहास सिद्ध तथ्य हो । त्यसकारण तत्कालीन एमाले र माओवादी केन्द्र बीचको एकतालाई वैचारिक र भावनात्मक आयामबाट हेर्न जरूरी छ । पार्टीलाई एकताबद्ध बनाउँदै कम्युनिष्ट मूल्य अनुरूप समाजवादी कार्यक्रमहरू घोषणा गर्दै कार्यान्वयनको प्रक्रियामा अघि बढे नेपाली कम्युनिष्ट पार्टीको आगामी दिन निकै उज्यालो रहेको सौभाग्यको बुझाइ छ ।

●●●

*-प्रस्तुती नवराज कट्टेल*

# जागिर छाडी जनयुद्ध



सविना राई
कमरेड वन्दना

*'किनकि मैंले गाउँकै केही पूँजीपति धनाड्यहरूले गरेको अन्याय अत्याचारलाई नजिकबाट नियाली रहेकी थिएँ । त्यही शोषण, अत्याचार र विभेदहरू नै मेरा लागि आन्दोलनमा लाग्ने प्रेरणा भइदियो ।'*

*–कमरेड वन्दना*

१० वर्षे जनयुद्ध उनलाई जति अरूलाई थाहा छैन । त्यही युद्धले दिएको पीडाको भुक्तभोगी पनि हुन् उनी । अहिले पनि उनलाई त्यही युद्धको घाउले सताइरहन्छ । उनी थिए, धरान- ५ देउरालीमा साधारण जीवन बिताइरहेकी एक क्रान्तिकारी योद्धा सविना राई ।

आफ्नो अतीत सम्झँदै भनिन्, 'एसएलसी दिए लगत्तै मेरो जीवनमा नौलो अध्याय प्रारम्भ भएको हो ।' उनी २०५५ सालमा एसएलसी दिंदासम्म सामान्य सविना थिइन् । सात वर्षको उमेरमा उनको 'बाह्रखरी'को जग कालिकादेवी प्राविबाट सुरू भयो । सामान्य परिवारकी उनी साइँली छोरी थिइन् । बुबामा पनि राजनीतिक चेत भएकै कारण उनी शिक्षाबाट बञ्चित हुनु परेन ।

घरबाट नजिकै रहेको गाउँकै कालिका प्राविमा बुबाले भर्ना गरिदिए । उनले ३ कक्षासम्म अध्ययन गरिन् । कक्षा तीनपछि तिवारीभञ्ज्याङ प्राविमै ४ र ५ कक्षा पढिन् । घरदेखि केही पर थियो । दौडँदै पुग्थिन् । स्कुल प्रति एक किसिमको लगाव थियो । त्यसपछि भने करिब ढेड घण्टाको दूरीमा रहेको च्याङ्ग्रेस्थित पञ्चकन्या माविबाट एसएलसी दिने आधारशिला बन्यो ।

कक्षाको दोस्रो विद्यार्थी एसएलसीमा चाँही असफल भइन् । एकजना अङ्ग्रेजी शिक्षकले उल्टो सिकाइदिएका कारण उनी अङ्ग्रेजीमा फेल भइन् । 'अर्को वर्ष उनी उत्तीर्ण भइन् । तर, उनको अगाडि पढ्ने मन मरिसकेको थियो ।' उनलाई पनि धेरैपटक एसएलसीपछि जागिर लगाइदिने प्रलोभन नआएको होइन तर, जागिर खानेतिर उनको कहिल्यै सोच आएन । देशमा परिवर्तन ल्याउनुपर्छ भन्ने एउटै लक्ष्यले उनको मनमस्तिष्कमा बास गरिसकेको थियो ।

जनयुद्धले एकपछि अर्को उचाई प्राप्त गर्दै थियो । गाउँका धेरै युवायुवतीहरू माओवादीतिर आकर्षित हुँदै थिए । उनी पनि रेडियोमा माओवादीका कुराहरू सुन्थिन् । कहिलेकाहीँ पुरानो पत्रपत्रिका पनि हात लाग्थ्यो । रिठो नबिराई पढ्थिन । बिस्तारै उनी माओवादीको सिद्धान्त, कार्यदिशातर्फ आकर्षित हुँदै गइन् । अझ अमेरिकामा पढेर आएका बाबुराम भट्टराईसमेत पार्टीमा भएको थाहा पाएपछि उनलाई क्रान्ति गर्नैपर्ने रहेछ भन्ने आभाष हुँदैगयो ।

अझ शिक्षक लालबहादुर खड्का र फुपू तारा राई समेत पार्टीमा लागेकाले पनि उनलाई पार्टीको माहौलले तान्दै लग्यो । २०५८ भदौ ५ उनी माओवादीको पूर्णकालिन कार्यकर्ता भइन् । अन्याय, अत्याचारको विरूद्ध लड्ने भएकैले उनलाई पार्टीको सिद्धान्तले तान्यो । उनी भन्छिन्, 'किनकि मैले गाउँकै केही पूँजीपति धनाड्यहरूले गरेको अन्याय अत्याचारलाई नजिकबाट नियाली रहेकी थिएँ । त्यही शोषण, अत्याचार र विभेदहरू नै मेरा लागि आन्दोलनमा लाग्ने प्रेरणा भइदियो ।'

जुन दिन माओवादीमा पूर्णकालीन भएर लागिन् । त्यो रात उनी हिलेभञ्ज्याङको कार्यक्रममा पुगिन् । उनलाई घर फर्किने भन्दा पनि कसरी धेरैभन्दा धेरै तालिम लिने भन्ने भोकले सताइरह्यो ।

उनी माओवादीमा पूर्णकालीन भएकै समय गोपाल किरातीको किरात वर्कस पार्टी माओवादीमा मिल्न पुग्यो । त्यसपछि बन्यो भोजपुरमा पहिलो पटक जनमुक्ति सेना । 'भोजपुर जिल्लाको त्यो पहिलो जनमुक्ति सेना थियो,' उनी सुनाउँछिन् । 'त्यतिबेला भोजपुर र खोटाङलाई एकीकृत गरेर एउटा जिल्ला भनिन्थ्यो ।'

उनी एक महिना जिल्लामा रहिन् । त्यसपछि पहिलो पटक सोलुको सल्लेरी उनको टोलीले युद्ध गरेको थियो । उनी त्यसबेला बिरामीको सेवा गर्ने, हातहतियार ल्याउने लाने काम गर्थिन् । त्यही क्रममा कहिले दोलखा, कहिले सिन्धुली, मकवानपुर, ओखलढुङ्गा, खोटाङ, सङ्खुवासभा आउजाउ गरिरहिन् । किनकि जनुमक्ति सेनाको प्लाटुन जताजता सक्रिय हुन्छ त्यतैत्यतै उनी पनि सक्रिय हुन्थिन् । त्यही क्रममा विभिन्न जिल्लाहरूमा दोहोरो भिडन्त पनि हुन्थ्यो । त्यो बेला पूर्वमा पनि बटालियन बनिसकेको थियो ।

२०६१ बैशाख ३० गते उनको लागि निर्दयी बनिदियो । त्यो बेलासम्म उनी फौजी भइसकेकी थिइन् । भोजपुरको झ्याउँपोखरी बजारमा लडाइँको तयारी थियो । प्राप्त जानकारीअनुसार सशस्त्र प्रहरीको टोली १० मिनेट ढिला गरी आउने भन्ने थियो । तर, ठीक उल्टो गरी १० मिनेट अगावै आइपुग्यो । दोहोरो भिडन्त भयो । त्यही क्रममा उनको दाहिने तिघ्रामा गोली लाग्यो । गोली वारपार भयो । हड्डी भाँच्चियो । उनी क्रलिङ गर्दै १५ मिटर पर पुगिन् । कमरेडहरूले डिफेन्स गरी उनलाई बचाए ।

तर, त्यसपछिका दिन उनका लागि कष्टकर बन्दै गए । सामान्य उपचार गरेर राखियो । दुखाई कम गर्ने औषधी मात्रै दिइन्थ्यो, किनकि उपलब्ध त्यही थियो । उनीमाथि दोस्रो गोली हान्नसक्ने सम्भावना प्रबल थियो । सायद

सशस्त्र प्रहरीको टोलीले त्यो गोली हानेको भए आज उनी सहिद हुने थिइन् । तर, त्यो जोखिम क्षणलाई तत्कालीन युद्ध मोर्चाका कमाण्डर सुनील श्रेष्ठलगायतका कमरेडहरूको मद्दतबाट उनी बाँच्न सफल भइन् ।

उपचार उनका लागि गरिएका प्रयासहरू निकै पीडादायी बन्यो । ऐया ! आत्था ! भन्दा उनको मुखबाट अर्को शब्द निस्कँदैनथ्यो । करिब ४५ दिन यताउता गरेपछि उनको घाउ पनि जटिल हुँदै गयो । त्यसपछि मात्रै उनलाई भारत विहार राज्यको दरभंगा जिल्लाको एउटा अस्पतालमा पुऱ्याइयो । रातारात सप्तरी सिरहाको बाटो भएर त्यहाँ पुऱ्याइएको थियो । झण्डै चार महिना उपचार गर्नुपऱ्यो ।

साथमा थिए, श्रीमान् शरणकुमार तामाङ । 'उनी थिएनन् भने सायद त्यो बिरानो ठाउँमा बाँच्ने अभिलाषा मर्थ्यो होला,' उनी भन्छिन् । **त्यहाँ बस्दा कैयौंपटक उनको आँखाबाट आँसु खस्थे । त्यो बेला श्रीमान् गीत गाएर उनलाई फकाउने प्रयास गर्थे । उनी सोच्थिन् मर्नुपरे पनि आफ्नै देशमा मर्नु राम्रो, यो बिरानो देशमा भन्दा । कम्तीमा सहिद भइदिएको भए यो अवस्था देख्नु त पर्थेन ।**

चार महिना भारतको आकाश कस्तो थियो उनले अनुभूति गर्न पाइनन् । **कोठामै चिकित्सकहरू आएर उपचार गर्दिन्थे । माओवादी भन्ने कसैले सुइँको पाए भारतीय प्रहरीले पनि छाड्ने थिएन । मोटरसाइकल दुर्घटनामा परेको भनेर राखिएको थियो ।** त्यसै त, उनी हिंड्न नसक्ने अवस्थामा थिइन् । सुतेको सुतेकै गर्नुपर्दाको पीडा अर्कोतिर थियो भने एउटै बन्दकोठामा बस्दाबस्दाको अर्को छटपटी हुन्थ्यो । मनमा बेचैनी हुन्थ्यो । तर, के गर्ने ? कहाँ जाने ? उनी विकल्पहीन थिइन् ।

त्यही भएर उनको मनमा एउटै कुराले डेरा गरी बसेको थियो, 'भारतमा चाहिँ मर्नु नपरोस् बरू नेपालकै सेनाले समातोस् नेपालमै मर्न पाऊँ । किन घाइते भएछु बरू सहिद भएको भए पनि हुन्थ्यो !'

६० केजीकी हँसिली, हृष्टपुष्ट सविना त्यो अस्पतालको बसाइँमा हाड न छालाकी भएकी थिइन् । त्यतिखेर उनको तौल केवल ३५ केजीमा झरेको थियो । आफैँलाई देख्दा उनी तर्सिन्थिन् । त्यो चार महिना उनले एकैपटक पनि ऐना हेर्ने दुस्साहस गरिनन् ।

उनले भनिन्, सारै दुब्लो भएको कारण ऐना हेर्न पनि डर लाग्थ्यो । चार महिनापछि बल्ल आकाश नियाल्ने मौका पाइन् । स्वदेश फर्किने अवसर पाइन् । तर, कष्ट सकिएन । उपचार त पाइन् तर, बसाइँ सहज थिएन । कहिले कहाँ पुग्नु पर्ने कहिले कहाँ पुग्नु पर्ने भएकाले उनलाई पूर्ण रूपमा ठीक हुने सम्भावना न्यून नै थियो । देख्ने, भेट्नेहरूले बाँचेर फर्केला र ! भन्थे । तर, क्रान्ति पूर्ण नगरी उनी कसरी मर्न सक्थिन् र ? जसका लागि जीवन समर्पित गरेकी थिइन् । एक दिन, दुई दिन गर्दै उनको घाउ पुरिँदै गयो । कमरेडहरूको सहारामा यताउता गर्ने उनी केही वर्षपछि लौरोको सहारामा हिँड्न सक्ने भएकी थिइन् ।

लौरोको सहारा लिइरहेकै समयमा झण्डै १ वर्षपछि उनी आफ्नो जन्मघर पुगिन् । त्यो बेला भोजपुरका प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्ने घोडा माओवादीले कब्जामा लिएको थियो । त्यही घोडाको सहारामा उनी घर पुगिन् । गाउँले, साथीभाइ, छरछिमेक कम्ता खुसी भएनन् । 'घरपरिवारको त कुरै छाडौं, उहाँहरु त कि छोरीको सास चाहियो कि लास भन्दै बसिरहेको अवस्थामा छोरी पुग्दा खुसी नहुने घरपरिवारको होला र !' उनी सुनाउँछिन् । मर्‍यो भनेर भनेको मान्छे बाँचेको देख्दा सबै खुसी थिए । बिस्तारै दिनहरु सहज हुन थाले ।

माओवादीसँग दिल्लीमा १२ बुँदे सम्झौता भयो । त्यो सम्झौतापछि माओवादीहरूलाई पनि दैनिक जीवनमा फर्किन सहज भयो । उनी दोस्रो डिभिजनअन्तर्गत सिन्धुलीको क्यान्टोनमेन्टमा पुगिन् । २०६३ देखि २०६८ सालसम्म उनले त्यहीं बिताइन् । घाइते भएका कारणले समायोजन हुने सम्भावना न्यून थियो । त्यसैले उनले स्वेच्छिक अवकाश रोजिन् ।

जहाँबाट उनलाई ६ लाख रूपैयाँ दिइयो । त्यो बेला उनको दर्जा बटालियन सहकमाण्डर थियो ।

क्रान्तिले दिएको घाउ अहिले पनि छँदै छ । अहिले उनलाई मासिक ६ हजार २ सय रूपैयाँ जीवन निर्वाह भत्ता सरकारले उपलब्ध गराएको छ । तर, उनलाई त्यो पर्याप्त हो भन्ने लाग्दैन । मासिक उपचारमै १५-१६ हजारभन्दा बढी खर्चिनुपर्छ । दुई बालबच्चा छन् । उनीहरूको पालनपोषण, शिक्षादीक्षाको जिम्मेवारी उनकै काँधमा छ । देउरालीमा टाउको लुकाउने झुप्रो छ । जहाँ उनी आफ्ना दैनिकीहरू गुजार्छिन् । श्रीमान् कमरेड रवीन पार्टीकै काममा भोजपुरमा छन् । उनी यतिबेला पीडादायी दिनहरू भुल्ने प्रयासमा छिन् । सहिदहरूको बलिदानीको जगमा राजनीतिक परिवर्तन भएको छ । तर कतिपय सहिद परिवार मानसिक तनावमा छन् । उनीहरूलाई सरकारले उचित सम्बोधन गर्नुपर्ने उनको सुझाव छ । उनलाई पनि लाग्छ, 'योग्यता र क्षमताअनुसारको काम सरकारले दिए हुन्थ्यो ।'

●●●

*-प्रस्तुती भोजराज श्रेष्ठ*

# मनभरि पिडा शरीरभरि गोली

*'कमाउने ऊर्जाशील उर्जा, उमेर र वैश सबै युद्धमा बिताइयो । देशमा गणतन्त्र स्थापना गरेर फर्कंदा न काम गर्नसक्ने सपाङ्‌ग शरीर छ न त घरमा गरिखाने कुनै अर्को विकल्प ।'*

*–कमरेड सिक्सम*



*अमरकुमार चेम्जोङ*
*कमरेड सिक्सम*

देशमा गणतन्त्र आएको झण्डै डेढ दशक भइसकेकोछ । तर यसका लागि लडेका जनयुद्धका घाइतेहरूको भने अझै राम्रो उपचार पाएका छैनन् । उनीहरू शरीरभरि गोली र मनभरि दुःख बोकेर बस्नु परिरहेकोछ । यस्तै कष्टपूर्ण जीवन बिताइरहेका एकजना जनयुद्धका योद्धा हुन् अमरकुमार चेम्जोङ कमरेड सिक्सम । उनी विगत १४ वर्षदेखि ह्वील चेयरको सहारामा कष्टपूर्ण जीवन बिताइरहेका छन् ।

उनको छोराछोरी सबै लाखापाखा लागि सकेका छन् । घरमा दुई जना बुढाबुढी मात्र छन् । कम्मरदेखि तलको भाग चल्दैन । विगत आठ महिनादेखि

दुवै खुट्टा सुन्निएकोछ । श्रीमती बुद्धरानी लिम्बु असरल्ल अचेत अवस्थामा सधैं कुनामा सुतिरहन्छिन् ।

जनयुद्धमा ज्यानको पर्वाह नगरी लड्ने योद्धा ४५ वर्षीय कमरेड सिक्समको जन्म पाँचथर जिल्ला फाल्गुनन्द गाउँपालिका- १ नवमीडाँडामा भएको हो । उनी हाल इलामको चुलाचुली गाउँपालिका- १ कमलमा बस्दै आएका छन् । कमरेड सिक्समको जीवन अन्य घाइतेहरूको भन्दा बढी नै कष्टकर रहेको छ ।

चेम्जोङले भने, 'मेरो यस्तो हालत भएपछि श्रीमतीलाई समेत डिप्रेशन भयो । एक वर्षदेखि डिप्रेशनको औषधी नियमित खाइरहेकी छिन् । तर पैसा अभावको कारण एक महिना भयो औषधी छुटेको । बिरामले च्यापेर खानासमेत पकाउन सक्न छाडिन् । अहिले म आफैँ ह्वील चियरमा बसेर नै खाना पकाउँदै छु, सिक्समले आफ्नो यथार्थ चित्र प्रस्ट पारे । बेखबर, बेसुर अवस्थामा घरको कुनामा सुतिरहेकी श्रीमतीलाई देखाउँदै उनले यथार्थ बताउने क्रममा भने, 'मेरो हालत यस्तै छ है, आजकल साथी हो ।'

जनयुद्धमा गोली लागेर घाइते भएकैले हो उनको शरीरको कम्मरदेखि तलको भाग नचलेको । दिसा-पिसाब आएको थाहा हुँदैन । शौचालय जानदेखि खानसमेत ह्वील चियरको सहारा लिनुपर्छ । अहिले अस्वाभाविक रूपमा स्वास्थ्यमा खराबी देखिएको छ । राम्रो उपचार गर्ने स्रोतसाधन छैन । विगत १४ वर्षदेखि ह्वील चियरको सहारामा भित्र-बाहिर गरिरहेका छन् उनी । अहिले आफ्नो नियमित रूपमा सेवन गर्नुपर्ने औषधी खरिद गर्ने पैसासमेत छैन उनीसँग । धेरै भयो उनी नियमित उपचारका लागि पनि जान सकिरहेका छैनन् ।

निरङ्कुश राज्यसत्ता विरूद्ध युद्धमा होमिएका पूर्वमाओवादी योद्धा अहिले हल न चल भएर ह्वील चियरमा थन्किनु परेको देख्दा धेरैले जिब्रो टोक्छन् । तर उनी कसैको दयाको पात्र बन्न रूचाउँदैनन् । गणतन्त्र स्थापना गर्न हतियार

बोकेका योद्धा अहिले औषधी उपचार गर्न नसक्दा शरीरभरि गोली र छर्रा लिएर बस्न बाध्यछन् । आफ्नो निरीह अपाङ्गता प्रति आक्रोश व्यक्त गर्छन् । उनले बिगतको क्रान्ति सम्झदा गर्व लागे पनि हाल आफ्नो अवस्था हेर्दा ग्लानी हुन्छ । उनले कुराकानीका क्रममा भने, 'कमाउने ऊर्जाशील उर्जा, उमेर र बैंश सबै युद्धमा बिताइयो । देशमा गणतन्त्र स्थापना गरेर फर्कंदा न काम गर्नसक्ने सपाङ्ग शरीरछ न त घरमा गरिखाने कुनै अर्को विकल्प ।'

जनयुद्धका साहसी योद्धा सिक्समलाई चरम गरिबी र अभावले पिरोली रहेकोछ । उनी नेपाल सरकारले बितरण गरिएको मानपदवी ग्रहण गर्न समेत जान नसकेको कारण पनि उनको गरिबी पुष्टी हुन्छ । 'मेरो योगदानको कदर गर्दै गोर्खा दक्षिण बाहुद्वारा विभुषित गर्न राष्ट्रिय सम्मानका लागि ११६ नम्बरमा नामसमेत प्रकाशित भएको थियो । तर आवश्यक कपडा र बाटो खर्च नहुँदा सम्मान ग्रहण गर्न समेत जान सकिनँ', उनले गुनासो गरे ।

आर्थिक अवस्था कमजोर भएका कारण नै जीविकोपार्जन असहज भएको उनको मुख्य दुखेसो छ । खाई नखाई लडेर आफ्नो उर्वर उमेर जनयुद्धमा नै बिताए उनले । अहिले घरमा फर्कंदा अपाङ्ग शरीर मात्र छ । यसले गर्दा घरपरिवारसमेत बिरामी परेका छन् । सम्हाल्न नै समस्या भएको छ । काम गरेर खाने सग्लो शरीर र स्वस्थ परिवार भइदिएको भए उनी किन डग्थे र गरिबीसँग । उनलाई अहिले ठूलो घर बङ्गला, विलासी भौतिक वस्तु चाहिएको छैन । घरमा बिहान बेलुकाको व्यवस्थापकीय दैनिकी सहज भइदिए पुग्छ ।

२०६२ साल माघ १३ गते धनकुटा जिल्लामा राजाले गरेको चुनाव बिथोल्ने क्रममा तत्कालीन शाही सेनाको गोली लागेर चेम्जोङ घाइते भए । त्यसबेला देखिनै उनी शारीरिक रूपमा अपाङ्ग छन् । मेरूदण्डमा लागेको गोलीले गर्दा नसा छिनेर शरीरको तल्लो भाग चल्दैन । यही पीडाले श्रीमतीसमेत मानसिक

बिरामी भइन् । अहिले दैनिक खाने अन्न र औषधी किन्ने पैसासमेत नहुँदा उनी विरक्तिन्छन् र आफूलाई नै धिक्कार्दै मुर्रमुरिन्छन् । 'खै अशक्त गरिबहरूका लागि गणतन्त्र आएको ?'

२०५८ साल माघ महिनादेखि श्रीमती र कलिलो लालाबालाहरू छाडेर पूर्णकालीन सदस्य भएका थिए सिक्सम । घरमा समस्यै-समस्या थिए । श्रीमतीको भरमा घरभरि लालाबाला छोड्न त्यति सहज थिएन । तर देशमा निरङ्कुशता र सामन्तवादको अन्त्यसँगै बर्गीय विभेदको अन्त्य गर्न सक्यौं भने घरका आन्तरिक समस्या केही होइन भन्ने बुझाई भयो । जतातते अन्याय, विभेद, विकृति र अस्तव्यस्तता थियो ।

सरकारी कार्यालयहरूमा पनि जनताले हैरानी भोग्नुपर्ने अवस्था थियो । तमाम दिनदुःखीहरूको मर्म कसैले बुझ्नेवाला थिएन । यस्तो विभेद र अन्यायपूर्ण पद्धतिको अन्त्य हुन आवश्यक छ भन्ने ठानेर उनलाई मुक्तियुद्धमा लामबद्ध हुने प्रेरित गऱ्यो । जनयुद्धमा घाइते भएपछि इलामको चुलाचुलीस्थित तत्कालीन माओवादी सेनाको १ नम्बर डिभिजनमा कार्यरत लडाकुहरूको तर्फबाट आर्थिक सङ्कलन गरी थोरै जग्गा खरीद गरी घर निर्माण गर्ने काम भयो । घाइते योद्धा चेम्जोङ अहिले त्यहीं बस्दै आएका छन् ।

जनयुद्धमा उनले लगातार युद्धमा होमिनु पऱ्यो । जनयुद्धले देशमा ठूलो राजनीतिक परिवर्तन भयो । व्यापक तरङ्ग र ठूलो हलचल पैदा गर्न सफल भयो । जनताको सङ्घर्षको बलमा राजतन्त्रको अन्त्य गर्दै गणतन्त्र स्थापना भयो । यो ऐतिहासिक राजनैतिक मिशनमा योगदान गर्न पाएकोमा गौरव लागेको चेम्जोङ बताउँछन् ।

'हामीले व्यक्तिगत इच्छा राखेर युद्ध गरेका होइनौं । त्यसकारण जनताको मुक्तिका लागि लड्न पाउँदा कुनै पछुतो छैन । तर यसरी लडेका युद्धकालका घाइते अपाङ्ग लडाकुका लागि भने जीवन निर्वाह सहज बनाउन आवश्यक छ ।' उनी घाइते योद्धाहरूलाई उपचारको व्यवस्था निःशुल्क हुनुपर्ने नत्र आफूजस्ता धेरै घाइते योद्धा औषधी उपचार नपाएर मर्ने अवस्था आउने

बताउँछन् । गणतन्त्र ल्याउनका लागि लडेका योद्धाहरूको हालत हेर्न नपरोस् भनेर सरकारले घाइते योद्धाहरूलाई अवस्था हेरी वर्गीकरण गरेर उपचार र सुविधा उपलब्ध गराउनु पर्ने र उनको माग छ ।

तात्कालिन माओवादी र सात राजनीतिक दलहरू बीच २०६२ मा १२ बुँदे सम्झौता भयो । यसैको जगमा दोस्रो ऐतिहासिक जनआन्दोलन भयो । त्यसपछि बृहत् शान्ति सम्झौता भयो । संविधानसभाको चुनाव पनि भयो । माओवादी सबैभन्दा ठूलो पार्टी बन्यो । माओवादीले पटक–पटक सरकारको नेतृत्व पनि गरिसकेकोछ ।

सैयौं नेताहरू सांसद र मन्त्री भइसकेका छन् । यसैबीचमा सेना समायोजन र हत्तीयार व्यवस्थापन भयो । केही लडाकु योग्य भएर नेपाली सेनामा गए भने कोही अयोग्य भएर गाउँमै छन् । सेना समायोजनको क्रममा कोही स्वेच्छिक अवकाशमा बाहिरिएका थिए । तीन चरणको सेना समायोजनको प्रक्रियामा अधिकांश घाइते तथा अपाङ्ग लडाकुको सही व्यवस्थापन र उपचारको व्यवस्था भएन । यसले अहिले शरीरमा गोली र बमको चोइटा बोकेर बस्नुपर्ने बाध्यता रहेको छ ।

धेरै घाइते अपाङ्गता भएका योद्धाहरूको अवस्था अहिले दयनीय छ । दैनिक जीविकोपार्जन गर्नैमा उनीहरूलाई समस्या छ । ७० प्रतिशतभन्दा बढी पूर्व जनमुक्ति सेनाहरू आज मलेशीया र खाडी मुलुकमा रगत पसिना बगाइरहेका छन् ।

यता लामो समय विदेश बसाइको कारण परिवार विघटन हुँदै गइरहेको छ । देशमा भएका अधिकांश पूर्व जनमुक्ति सेना डिप्रेशनको सिकार भइरहेको सिक्सम बताउँछन् । जनमुक्ति सेनाका कमाण्डर मध्ये कोही उपराष्ट्रपति, कोही प्रधानमन्त्री छन्, कतिपय मन्त्री र कोही मुख्य मन्त्रीको जिम्मेवारीमा पनि पुगेका छन् । जनयुद्धमा होमिएका १ हजार ६ सय ४० लडाकुहरु मात्र समायोजन भएर नेपाली सेनामा कार्यरत छन् । तर अधिकांश पूर्व जनमुक्ति सेनाहरूको जीन्दगी भने बिचल्लीमा परेको उनको विश्लेषणछ ।

'समाजमा समान हक अधिकार देशमा नै रोजगार' वा समानता र न्यायमा आधारित समृद्ध नेपालको सपना सजाएर हतियार बोकेका अधिकांशको अवस्था नाजुक देखिन्छ । अहिले उनीहरू जीविकोपार्जनका लागि वातावरण बनाइदिन सरकारसँग माग गर्न बाध्यछन् । दश वर्षे जनयुद्धका क्रममा पार्टीको पूर्णकालीन कार्यकर्ताको रूपमा काम गरेको पूर्व जनमुक्ति सेनाहरूले सेना समायोजनमा नपरेपछि सरकारले र पार्टीले कुनै वास्ता नगरको गुनासो गरिरहेका छन् । युद्धका क्रममा घाइते भएका अपाङ्ग र अयोग्य लडाकुहरूलाई राज्यले निःशुल्क स्वास्थ्य उपचार र जीविकोपार्जनको आधार उपलब्ध गराउनु राज्यको न्युनतम दायित्व हो भने उनीहरूको बाँच्न पाउने आधारभूत मौलिक अधिकार हो ।

अयोग्य योद्धाहरूले आफूले पटक-पटक पार्टी नेतृत्व र हरेक सरकारलाई समस्याबारे जानकारी गराए । तर आफूहरूले आश्वासन मात्र पाएको गुनासो गरेका छन् । सेना समायोजनका क्रममा सङ्युक्त राष्ट्र सङ्घीय मिसन अनमिनको प्रमाणीकरणका क्रममा उमेर नपुगेको भन्दै ४ हजार ९ जना माओवादी लडाकु अयोग्य भएका थिए । वास्तवमा उनीहरु सबैले गणतन्त्रका लागि योगदान दिएका थिए । त्यसैले कम्युनिष्ट पार्टी र सरकार आफ्नो रणनैतिक उद्देश्यमा दृढ हुनुपर्दछ । कार्यनीतिकरूपमा समग्र उत्पीडित जनता साथै राजनैतिक आन्दोलनका घाइते र अपाङ्गहरूको दिर्घकालिक समस्या समाधनमा लाग्न जरूरी छ ।

●●●

*-प्रस्तुती टीकाराम उप्रेती*

# जङ्गलमै प्राथमिक उपचार

*'एक्कासी मेरो देब्रे खुट्टामा गोली लाग्यो । म पूर्णरूपमा घाइते भएँ । मैंले मेरो खुट्टामा हेरें, रगत धेरै नै बगिरहेको थियो । त्यसबेला म हतियार चलाउन सक्ने अवस्थामा थिइँन ।'*

*–कमरेड योगेश*



*दिनेश भण्डारी*
*कमरेड योगेश*

२०५९ साल कात्तिक १० गते ओखलढुङ्गाको रूम्जाटारस्थित तत्कालीन शाही नेपाली सेनाको क्याम्पमा तत्कालीन नेकपा माओवादीले आक्रमण गऱ्यो । नेपाली सेनाको ब्यारेक कब्जा गर्ने मिसन बनाएर जनमुक्ति सेनाले राती आक्रमण गरेको थियो । उक्त आक्रमणमा माओवादीले हार ब्यहोर्नु पर्यो । थुप्रै जनमुक्ति सेनाले ज्यान गुमाए भने नेपाली सेनातर्फ पनि धेरैको हताहती भए । यस मोर्चामा प्लाटुन कमाण्डर भएर लडिरहेका सङ्खुवासभाका दिनेश भण्डारी घाइते भए । देब्रे खुट्टामा गोली लागेर घाइते भएपछि जमिनमा घिस्रिएर सेनाको काँडेतारको घेराबाट बाहिर निस्किएर बाँच्न सफल भएका थिए उनी ।

उनी २०५७ सालमा माओवादी आन्दोलनमा लागेका थिए । त्यतिखेर सङ्खुवासभास्थित उनको घर माओवादीको सेल्टरजस्तो नै थियो । त्यहाँ नेताहरू आउने र उनीहरूबीच हुने राजनैतिक र वैचारिक कुराहरू, सामाजिक उत्पीडन र विभेदका विरूद्धमा सुनिने विचारले माओवादी आन्दोलनप्रति दिनेशको रूझान बढायो । यसपछि उनले माओवादी आन्दोलनमा सहभागी हुने निश्चय गरे ।

देशमा उत्पीडित जनताको शासन व्यवस्था आउने, विभेदको अन्त्य हुने, सबै जनता समान हुने, आर्थिक तथा सामाजिक एकता र न्यायपूर्ण समालज बन्ने कुराहरू उनलाई असाध्यै मन पर्दथ्यो । जनयुद्धको मुल उद्देश्य सबैखाले उत्पीडनहरूको अन्त्य गर्दै समानता र न्याय सहितको राजकीय थिति बसाउनु थियो । आज देशमा आएको परिवर्तन पनि जनयुद्धकै उपलब्धी हो भनेर निर्धक्क भन्न धकाउँदैनन् कमरेड दिनेश । घाइते भए पनि जनयुद्धमा आफूले गरेको योगदान सम्झँदा उनलाई गर्व लाग्ने गरेको छ ।

जतिबेला उनी माओवादी जनयुद्धमा होमिएका थिए, त्यसबेला धेरै मान्छेहरू माओवादी आन्दोलनमा सहभागी भइसकेका थिए । ती सबैको एउटै बुझाई थियो 'अब देशमा नयाँ शक्तिको खाँचो छ, समाजको थिचोमिचो, भेदभाव र विभेदहरूको अन्त्य हुनु जरूरी छ ।' त्यस बेलाको शासक वर्गहरूको अन्याय र विभेदपूर्ण शासकीय चरित्र र गैरन्यायिक रवैयाको कारण माओवादी आन्दोलन थप उचाइमा पुगेको थियो । पूँजीपतिहरूले निम्न वर्ग माथि गरेको व्यवहार आँखा अगाडी देखिन्थ्यो । हरेक कुरामा विभेद र असमानता भेटिन्थ्यो । त्यो कुरा परिवर्तनका लागि माओवादी आन्दोलनमा होमिएका दिनेश मात्र हैन सबैले जाने बुझेका थिए ।

विशेषतः माओवादीको जनयुद्धमा समाजका धनी वर्गका मान्छेहरू कमै सहभागिता थियो । गाउँका साहु महाजनहरू सबै सहरतिर पसेका थिए । अलि हुनेखानेहरूले तराई तथा शहरतिर बसाइँ सरे, छोराछोरीलाई सुरक्षित ठाउँमा पढ्न पठाए । आन्दोलनमा सहभागी हुने सबै समाजका राजनैतिक रूपमा हेपिएका र आर्थिक रूपमा पिछडिएकाहरू थिए । अझ सामाजिक अपमान र विभेद

खेपेकाको सङ्ख्या ठूलो थियो । छोइछिटो र विभेदमा परेको वर्ग र समुदायको मुद्दा माओवादीले उठानु नै जनयुद्ध उत्कर्षमा पुग्नुको मुलभूत कारण थियो ।

## निरन्तर युद्धमा

२०५७ सालमा दिनेश माओवादी जनयुद्धमा सामेल भएका थिए । सुरूमा साधारण सदस्यबाट उनले काम सुरू गरे । त्यसपछि जनमुक्ति सेनामा तालिम लिन थाले । जनमुक्ति सेनाले सञ्चालन गर्ने साधारण गतिविधिहरूमा पनि सहभागी हुन थाले । सुरूसुरूमा तालिम गर्दा निकै समस्या हुन्थ्यो तर जब शरीरलाई पीडा हुन्थ्यो त्यसबेला हामीले कल्पना गरेको परिवर्तन र त्यो प्राप्त गर्नका लागि खाएको कसम उनलाई याद आउँथ्यो । त्यसैले शरीरले भन्दा पनि जोश र जाँगरले तालिम लिएको अनुभूति हुन्थ्यो । जनमुक्ति सेनाका सबै कामहरूमा उनी सहभागी हुन्थे ।

उनले २०५८ साल साउन ६ गते तेह्रथुमको पोक्लाबुङ औंसीडाँडा रहेको प्रहरी चौकी आक्रमणमा भाग लिए । जनयुद्धमा लागे यता उनको त्यो पहिलो आक्रर्मण थियो । चौकी पूर्णरूपमा कब्जा भएको थियो । युद्धमा जानुअगाडि धेरै तालिमहरू हुन्थे । तयारीहरू त्यहीअनुसारको हुन्थ्यो । कसले कताबाट कुन मुभमेन्ट गर्ने भन्ने तयारी भइसकेको हुन्थ्यो । सोही तालिमअनुसार उनीहरूले औंसीडाँडाको चौकी आक्रमण गरेर कब्जा गर्न सफल भएका थिए । त्यो आक्रमण सकिएलगत्तै सरकारसँग वार्ताको प्रक्रिया पनि सुरू भएको थियो । तर सरकारले वार्ताको नाटक मात्र गरेको रहेछ । पछि पार्टीले जनसङ्घर्ष गर्ने निर्णय गरेपछि जनमुक्ति सेनाले आन्दोलनको स्वरूपलाई थप आक्रामक र विस्तृत बनाएको थियो ।

उनको दोस्रो फौजी मोर्चा २०५८ साल मङ्सिर १० गते सोलुखुम्बु सदरमुकाम सल्लेरी थियो । यसैले त्यस्ता ठाउँहरूमा पैदल हिंडेरै बाटो काट्नु पर्दथ्यो । केही सहज ठाउँ भयो भने मात्र गाडद्दी चढ्न पाइन्थ्यो । नत्र त जङ्गलका बाटोहरूमा हिंडेरै दुरी पूरा गर्नुपर्थ्यो । सल्लेरी आक्रमण गर्दा पनि उनीहरू हप्तौं हिंडेर पुगेका थिए ।

त्यसपछि दिनेशको टोलीले पाँचथरको गोपेटारमा रहेको इलाका प्रहरी कार्यालय माथि आक्रमण गर्‍यो । सोलुमा सापेक्षित सफल भए पनि पाँचथरमा भने उनीहरूलाई सफलता हात लागेन । उनी भन्छन्, 'माघ महिना थियो, गोपेटार आक्रमण गर्दा । चिसोको समय थियो । क्याम्प कब्जा गर्ने उद्देश्यले आक्रमण गरेको भए पनि कब्जा हुनसकेन । त्यसपछि २०५९ वैशाख २४ गते चैनपुर स्थित सशष्त्र प्रहरी वेशक्याम्पमा आक्रमण गर्‍यौं । यस्ता मोर्चाहरूले हामीलाई युद्धसम्बन्धी महत्वपूर्ण अनुभव वा सिकाई भइरहेको थियो ।'

निरन्तर लड्न थालेपछि योद्धा दिनेश र अन्य कमरेडहरूलाई युद्ध लड्ने विषय सामन्य लाग्न थालेको थियो । उनीहरूले सरकारी सुरक्षा फौजलाई हायल-कायल पारिरहेका थिए । यसैबीच दिनेश सहभागी टोलीले २०५९ मा सिन्धुलीको भिमानमा पनि आक्रमण गरेको थियो । माओवादी जनयुद्धको प्रभाव निकै बढिसकेको थियो । सरकारी सुरक्षा निकायको मनोबल घट्दो थियो भने जनमुक्ति सेनाको बढ्दो । यसैले सरकारी सुरक्षातर्फ धेरैले जागिर छाड्न थालेका थिए ।

## युद्धका दुई कहालीलाग्दा क्षण

२०५८ साल फागुन ११ गते पाँचथरको गोपेटार प्रहरी चौकीमा लडाइँ हारेर फर्कने क्रममा दिनेश घाइते भए । उनलाई त्यहाँको भूगोल थाहा थिएन । साँझको रिमरिम भएपछि एउटा घरमा बास बसे । एक जना सङ्खुवासभाका नगेन्द्र तामाङ भन्ने कमरेड पनि थिए । घरको भाइसँग कुराकानी गर्दागर्दै बाहिर एक्कासी ठूलो आवाज आयो । दिनेशले घरको बुइँगलमा गएर हेर्दा त उनीहरूलाई सेनाले घेरा हालिसकेको रहेछ । सेनाले घरमा अन्धाधुन्ध गोली हान्न थाल्यो । त्योभन्दा पहिले घरका सबै मानिसलाई खाली गरिसकेको रहेछ । गोली वर्षाउँदै बाहिरबाट सेनाले लुकेर बसेका हामीलाई भन्यो, 'भाइ हो तल झर, हामी तिमीहरूलाई केही गर्दैनौं ।'

साथमा भएको कमरेडले आत्मसमर्पण गर्छु भन्यो । मैले नजान कर गरेँ । कमरेडले जिद्दी गरेर घरको मूल ढोकाबाट बाहिर निस्किए । सेनाले ड्याङड्याङ

गोली हान्यो । कमरेड त्यहीं ढले । सेनाले गोली बर्षाउँदै बाहिर निस्कन काशन गर्दैथियो । तर म निस्किन । त्यसपछि सेनाले घरमा आगो लगाउने कुरा गर्न थाल्यो । घरमै आगो लगाउँछ भनेपछि उनी जस्केलाबाट निस्किए । निस्किने बित्तिकै ५ मिटरको दुरीमा एउटा सेनासँग उनको आमनेसामने भयो । दिनेशले सेना माथि गोली हान्यो । सेनाले पनि दिनेशलाई गोली हान्यो त्यसपछि सेना बर्लङ्ग ढल्यो । दिनेशले फेरि अर्को गोली हाने । गोली सकिएछ । कभरमा दायाँ–बायाँ दुई जना सेना थिए । हतार–हतार ओरालो बाटो बन्दुक लिएर दिनेशले घेरा तोडे । घेरा तोड्ने क्रममा दिनेशले थाहा पाए उनको पनि देब्रे कोखामा गोली लागेको रहेछ । सुरूमा गोली लागेको थाहै भएन । उनी रगत तुरूरू बगाउँदै ओरालो लागे ।

उत्तिस घारीमा तितेपाती माडेर लगाउँदै र रगत चुहाउँदै उनी दुई दिन त्यही बसे । तीन दिनपछि तमोर तरेर सङ्क्रान्ती बजार पुगेपछि उनको कमरेडहरूसँग भेट भयो । दुई दिन सम्पर्कमा नआएपछि कमरेडहरूले मऱ्यो भन्ठाने छन् । सङ्क्रान्ती बजारमा कमरेडहरूले उनलाई घाइते टिममा बसेमा राम्रो हेरचाह हुने बताए । तर दिनेशले आफ्नै टिममा जाने इच्छा देखाए । भोलिपल्ट सङ्क्रान्तिको बगालेमा ठूलो हत्याकाण्ड भयो । माओवादीतर्फका २० जना कमरेडहरूले सहादत प्राप्त गरे । माघ १० गते दिनेश घाइते भएका थिए । २० दिनसम्म जङ्गलमै प्राथमिक उपचार गर्दै उनलाई कमरेडहरूले राखे । राति भएपछि सुरक्षित बाटो खोज्दै उनलाई लिएर कमरेडहरु हिंड्थे । त्यसबेला कति पीडा भयो त्यो दिनेश अहिले व्यक्त गर्न सक्दैनन् । जङ्गलको बाटो हुँदै उनीहरु सिरहा पुगे र त्यहाँका कमरेडहरूले उनलाई उखुबारीमा लुकाएर राखे ।

### दरभंगामा पुलिसको छापा

सिरहाका कमरेडहरूले उनलाई दरभंगा उपचारका लागि लगे । त्यहाँ पनि पुलिसले छापा माऱ्यो । केही कमरेडहरूलाई पक्राउ गरेर लग्यो । घाइते दिनेश भने घेरा तोड्न सफल भए । बाँकी कमरेडहरूले त्यहाँबाट उनलाई पटना लगे । पटनामा उनको उपचार भयो । उनी पहिलेजस्तो काम गर्न

सक्ने अवस्थामा रहेनन् । तर पनि पार्टी र युद्धकै काम गर्नुपर्छ भन्ने भावना उनमा मरेको थिएन । २०६० सालमा पार्टीले उनलाई मोरङ खटायो । उनी भूमिगत भएर मोरङ जिल्लामा पार्टीको काममा लागे ।

## बेहोसमा पनि यातना

सरकारसँग बार्ता हुँदै थियो । त्यसबेला उनी उपचार गर्न काठमाडौं गए । उपचारका क्रममा उनी बेहोस अवस्थामा थिए । बेहोस अवस्थामै उनलाई सरकारी सुरक्षा फौजले पक्राउ गरेर धेरै यातना दियो । १० दिनसम्म अस्पतालमा नजरबन्दमा राख्यो । उनले एक जना डाक्टरको मोबाइलको सहाराले मानव अधिकारवादीहरूलाई फोन गरे । सूचना पुगेपछि मानव अधिकारवादीहरूको पहलमा काठमाडौंको बिएण्डबी हस्पिटलमा दिनेशको उपचार सुरू भयो । उपचारका लागि बेडमा भएकै बेला पनि पुलिस र सेनाले आएर दुरव्यहार गर्थे । यद्यपि उनको उपचार भने भइरहेको थियो । पछि सरकारसँगको बार्ता मिल्यो अनि उनी पार्टीकै काममा निरन्तर लागिरहे ।

## सहिद भएको आफैँले सुनाउँदा

२०६० मङ्सिर १६ गते मोरङको डाइनियाँ भन्ने ठाउँमा एक जना नेतासँग राजनीतिक कुराकानी गर्न खेतैखेत जाने क्रममा दिनेशसँग जाने ऋषिदेव थरको कमरेडको चप्पल चुडियो । त्यसपछि नजिकै डाइनियाँ बजारमा चप्पल किन्न गए । उनीहरु डाइनियाँ चोकको एउटा पसलेलाई उठाउन पुगे । पुग्ने बित्तिकै अर्कोतिरबाट मोटरसाइकलमा तीन जना मानिस आए । उनीहरूले सेना प्रहरी नै हुन भनेर शङ्का गरे । यत्तिकैमा 'हान् हान् गोली हान्' भन्ने आवाज आयो । त्यस लगत्तै हामीतिर 'ड्याङ ड्याङ' गोली हान्न थाले । सबैको भागाभाग भयो । दिनेश रङ्गेलीतिर भागे । कमरेड पनि अन्तै भागे । भाग्ने क्रममा दुईवटा घरको चेपबाट छिर्दा अग्लो पर्खाल आयो । नाघ्न गाह्रो थियो । उनीहरूलाई दुई जना पुलिसले लेखेटिरहेका थिए ।

यसैबीच ड्याङ ड्याङ गोलीको आवाज आयो । कमरेडको हात र खुट्टामा गोली लागेछ । उनलाई प्रहरीले अलि पर लगेर हत्या गऱ्यो । त्यो बेला

दिनेश पार्टीको जिम्मेवार पदमा थिए । यसरीसँगै हिँडेको कमरेड मारिएर घरपरिवारमा तपाईंको मान्छे सहिद हुनुभयो भनेर अप्रिय खबर सुनाउनु पर्दा उनलाई सारै पीडा भयो । कमरेडको परिवारको रूवाबासी देख्दा दिनेशलाई आफैँ सहिद भएको भए पनि हुन्थ्यो भन्ने लाग्यो । उनी भन्छन्, 'तर युद्ध र प्रेममा सबै सहनु पर्ने रहेछ । आफ्नै कमरेडलाई आफ्नै आँखाअगाडि गोली हानेर मारेको पनि टुलुटुलु हेरेर हिँड्नु पर्दोरहे छ ।'

## रूम्जाटारमा घाइते

२०५९ साल कात्तिक १० गते ओखलढुङ्गाको रूम्जाटारमा आक्रमण भयो । युद्धको तयारी राम्रो नै भएको थियो । त्यहाँ आक्रमण गर्नुअघि सबैलाई आआफ्नो जिम्मेवारी बारे रोलकल गरेका थिए । दिनेश एसल्ट कमाण्डरको रूपमा थिए । रूम्जाटार भौगोलिक हिसाबले युद्ध लड्न अलि सहज थिएन । तर पनि योजनामा लड्नै पर्ने थियो । आक्रमण सुरू भयो । सरकारी सुरक्षा फौजले पनि जवाफ फर्काउन थाल्यो । रातीको समयमा गोली हानाहान चलिरहेको थियो । त्यो आक्रमणमा जनमुक्ति सेनाले हार्दै थियो । धेरै कमरेडहरू आँखैअगाडि ढलेका थिए तर शोकलाई शक्तिमा बदलेर युद्ध गर्ने अठोटका साथ दिनेश र उनका कमरेडहरूले निरन्तर आक्रमण जारी राखे । दिनेश भन्छन्, 'एक्कासी मेरो देब्रे खुट्टामा गोली लाग्यो । म पूर्णरूपमा घाइते भएँ । मैंले मेरो खुट्टामा हेरें, रगत धेरै नै बगिरहेको थियो । त्यसबेला म हतियार चलाउन सक्ने अवस्थामा थिइँन ।' आक्रमण गर्दागर्दै सेनाको काँडेतारभित्र उनीहरू छिरिसकेका थिए । त्यो काँडेतारबाट घिस्रिएर बाहिर निस्कन दिनेशलाई झण्डै डेढ घण्टा लाग्यो । घिस्रिँदै घिस्रिँदै सडकमा आएपछि कमरेडहरूले उनलाई प्राथमिक उपचार गरेर जङ्गलमा लगे । २० दिनसम्म उनको जङ्गलमै प्राथमिक उपचार भयो ।

## शान्ति प्रक्रियापछि पनि राजनीतिमा

शान्ति प्रक्रिया सुरू भएपछि दिनेशले मोरङको ३ र ६ नम्बर क्षेत्रको इन्चार्जको रूपमा काम गरे । २०६४ र २०७४ सालको निर्वाचन परिचालन

समितिको संयोजक भएर पनि काम गरे । वाइसियलको १ नम्बर प्रदेशका उपाध्यक्ष पनि भए । पार्टीको केन्द्रीय सदस्य पनि बने । अहिले पार्टी एकताको प्रक्रियामा भएका कारण खास जिम्मेवारी पाएका छैनन् । अब पार्टीले कुनै जिम्मेवारी दिन्छ नै होला, उनी आशावादी छन् । अहिले दिनेशले ट्रिपर र डोजरहरु सञ्चालन गरेर जीविका चलाइरहेका छन् ।

### योद्धाको सम्मानमा सार्थक गणतन्त्र

जनताको बलिदानबाट प्राप्त भएको परिवर्तनको उपलब्धीलाई जनताकै पक्षमा पार्टीले लान सकेको छैन । सरकारका कार्यशैलीहरु सन्तोषजनक छैनन् । यत्रो आन्दोलनको उपलब्धी देशमा शासन परिवर्तन भयो तर शासकीय चरित्र र जनताको अवस्था उही छ । यसमा दिनेशलाई अलिचित्त बुझेको छैन । उनलाई पार्टी प्रति अरू गुनासो छैन । देशमा सुशासन, कानुनी राज, समानता, न्याय र समावेशीतालाई कार्यान्वयन गर्नुपर्दछ । यतातिर कम्युनिष्ट पार्टी र सरकारको ध्याज जानुपर्दछ । यसो भएमात्र उनीलगायतका हजारौं कमरेडहरुले बगाएको रगतको मूल्य हुनेछ । बलिदान सार्थक हुनेछ ।

अहिले एउटा ठूलो कम्युनिष्ट पार्टी निर्माण भएको छ । तर आमउत्पीडित जनता, जनयुद्धका घाइते, अपाङ्ग र सहिद परिवारका सदस्यहरु, पार्टी कार्यालय र नेताहरुको घरमा गएर, धर्ना बस्नुपर्ने अवस्था नहोस । उनीहरुको उचित मान–सम्मान र सहयोग हुन आवश्यक छ । गणतन्त्र ल्याउने श्रमजीवि जनता, घाइते, अपाङ्ग र सहिद परिवारले उचित सम्मान नपाए गाँसबासको व्यवस्था नभए जनयुद्धको अपमान हुन्छ । योद्धा दिनेश भन्छन्, 'जनयुद्ध लड्दा १३ हजारभन्दा बढीको बलिदान भयो । म त घाइते मात्र भएकोछु । त्यसैले परिवर्तन र समानता प्रतिको हजारौं सहिद र जनताको सपना साकार पार्न कम्युनिष्ट नेत्रृत्वको सरकारले कुनै कसर बाँकी राख्नु हुँदैन ।'

●●●

*–प्रस्तुती तीर्थ कार्की*

# खोल्सामा फालिएकी योद्धा

*'गम्भीर घाइते भएको पनि १७ वर्ष बितिसकेकोछ । २०६३ सालदेखि गाउँमा बसेर श्रम गरिरहेकी छु । सरकारी घाइतेको सूचीमा समेत मेरो नाम छैन । हालसम्म न मैंले राहत पाएँ न त घाइतेलाई दिइँदै आएको निर्वाह भत्ता नै ।'*

*–कमरेड अनुपा*



*अनुपा राई*
*कमरेड अनुपा*

बुबा अर्जुन राई र आमा रेनुका राईको कोखबाट कुइभिर ३, ओखलढुङ्गामा जन्मिएकी अनुपा राई पाँचथरको हिलिहाङ गाउँपालिका वडा नं. ७ एकचेपामा धमाधम मकै गोडी रहेकी थिइन् । पर्म तिर्न अनुपाको बारीमा मकै गोड्दै गरेका दीपक सुहाङले छेडखानी गरेर अनुपालाई भनिहाले, 'हेर यो घाममा कोदालो हान्नु परेको । अस्ति नै चुनाव जितेको भए पनि त काम गर्नु पर्ने थिएन नि', उनले अरू कुरा पनि थप्न खोज्दै थिए, अनुपाले बीचैमा भनिन्, 'हो नि ! चुनाव जितेको भए, उहिल्यै पार्टीले युद्ध जितेको भए, लडाइँमा मरेको भए यसै गर्नै नपर्ने नि ।' मध्याह्नको टन्टलापुर घाममा मेलो सक्ने ध्याउन्नमा यस्तै–यस्तै गफ

उनीहरूबीच चले । सतहबाट मूल्याङ्कन गर्दा गफ सामान्यजस्तो लागे पनि यथार्थ निकै पीडादायी, मार्मिक र गहिरो रहेको छ ।

खास गरेर अनुपा पाँचथर आइपुग्नु र यहाँ श्रम गरेर दैनिकी गुजार्नु एउटा सामान्य संयोग मात्रै होइन । निकै ठूलो बलिदानीपूर्ण सङ्घर्षमा आफूलाई समर्पित गरेर अनुपा यहाँ उभिएकी छिन्, दैनिकी चलाइरहेकी छिन् । अनुपा एक परिचित नाम भइसकेको छ ।

अनुपामाथिको उक्त छेडखानीमा सदासयता र साहनुभूतिछ । उनी शरीरभर छर्रा लिएर हिँडेकी जनयुद्धको घाइते योद्धा हुन् । छर्रा निकाल्दा उनको शरीर र टाउकोमा शल्यक्रियाका डामहरू मात्रै छन् । छातीमा रहेका छर्रा निकाल्न पेट वरिपरि चिरिएकोछ । टाउको र कन्चटमा रहेका छर्रा निकाल्न टाउको र घाँटीको शल्यक्रिया गरिएकोछ । नियमित औषधी सेवनले उनको ज्यान थिलोथिलो बनाएकोछ । अनुपाले यस्तो घाइते अवस्थामा पनि श्रम गरेर जीवन चलाउनु पर्ने बाध्यताको प्रतिबिम्ब पूर्वलडाकु एवम् छिमेकी सुहाङ्का भनाइमा स्पष्ट झल्किन्छन् ।

२०५९ साल बैशाख २४ गते तत्कालीन विद्रोही नेकपा (माओवादी) ले सङ्खुवासभाको चैनपुरमा रहेको सशस्त्र वेश क्याम्पमा धावा बोल्यो । त्यही साहसिक युद्धमोर्चाकी एक लडाकु थिइन् १७ वर्षीया अनुपा राई । त्यही युद्ध थियो जहाँबाट अनुपाको जीवनमा पीडाले बास गर्‍यो, जुन अझैसम्म हटेको छैन ।

माओवादीको आक्रमण सफल नभएपछि फर्कने क्रममा उनलाई गोली र छर्रा लाग्यो । उनी अचेत भइन् । माओवादी लडाकुहरूले उनी मरिसकेको निश्कर्ष निकाले । त्यसपछि निकै पर खोल्सीमा लगेर फालिदिए । सलामी ठोके र फरमेशनलाई सुरक्षित स्थानतर्फ मुभ गराए । पानीमा खसेकी उनको लामो समयसम्म होस खुलेन ।

निकै समय पछि अनुपाको होस खुल्यो । घण्टौं घस्रेर उनी बस्तीसम्म पुगिन् । बस्तीमा पुग्दा थाहा भयो युद्ध त ४ दिन पहिले भएको रहेछ । उनी ४ दिनसम्म अचेत भएर खोल्सीमै लडी छिन् । त्यसपछि उनले त्यही बस्तीमै खाइन्, बसिन् अनि बिस्तारै तङ्ग्रिँदै गइन् ।

२१ दिनपछि सहयोद्धाको सम्पर्कमा पुगिन् । उनलाई भेट्दा सबैजना चकित भए । किनकि उनलाई खोल्सीमा फालेका सहयोद्धा लडाकुहरूले उनी मरिसकेको पार्टी र जनमुक्ति सेनालाई 'रिपोर्टिङ' गरिसकेका थिए । अझ उनलाई यो थाहा भयो कि, 'पार्टीले सहिद घोषणा गरिसकेको रहेछ ।' घाइते भएपछि २ पटक आफ्नो शरीरको छाला उक्किएको र एक पटक केस झरेको घटनालाई आज पनि उनी झल्झनी सम्झन्छन् ।

ओखलढुङ्गाको कुहिभीरमा २०४२ सालमा जन्मिएकी अनुपा राई १४ वर्षकै उमेरमा माओवादीमा लागेकी थिइन् । उनको परिवार नै माओवादीमय थियो । उनी माओवादीमा लागेलगत्तै जनमुक्ति सेनामा खटिइन् । वास्तवमा उनी सासही थिइन् । उनले बुझेकी थिइन्, 'माओवादीले राज्यसत्ता कब्जा गर्छ साथै जनताको सत्ता ल्याउँछ ।' यही दृढ विश्वास र प्रतिज्ञाले उनी निर्भयपूर्वक युद्धमा खटिइन् । उनी यति सक्षम थिइन् कि शरीरका विभिन्न भागमा छर्रा र गोली बोकेर पनि उनले दुईवटा युद्धका मोर्चामा भाग लिइन् ।

घाइते हुनु पूर्व उनले लडेको पहिलो युद्ध थियो सोलुखुम्बु सदरमुकाम सल्लेरीको । त्यसपछि उनले काभ्रेको भकुन्डेबेँसीमा सुरक्षाकर्मी माथिको हमलामा सहभागिता जनाइन् । काभ्रेबाट पूर्व फर्केपछि सङ्खुवासभाको चैनपुर घटनाबाट भने उनी आजीवन घाइते भइन् । घाइते भएर पनि उनले युद्धको मार्चा सम्हालिन् । शरीरमा गोली र छर्रा बोकेर पनि सिन्धुलीको भिमान र ओखलढुङ्गाको रूम्जाटार आक्रमणमा उनी सामेल भइन् ।

उनको स्वास्थ्य अवस्था क्रमशः कमजोर बन्दै गएपछि उनलाई पार्टीले सेनाबाट पार्टी राजनीतिमा पठायो । २०६० सालमा खोटाङको ऐंसेलुखर्कमा

उनको पाँचथर साबिक सुभाङ हाल हिलीहाङ गाउँपालिका ७ कै मनकुमार राईसँग विवाह भयो त्यसपछि उनी पाँचथर आइन् । त्यसको एक वर्ष पछि उनीहरूको एक सन्तान प्राप्त भयो । त्यसपछि उनी क्रमशः घर गृहस्थीमा लागिन् ।

गोली र छर्रा लागेर गम्भीर घाइते भएको १७ वर्ष बितिसक्दा पनि अनुपाको दैनिकी उस्तै छ । २०६३ सालदेखि गाउँमै बसरे घरखेती गर्दै आएकी छिन् । शरिरबाट गोली र छर्रा नझिक्दासम्म उनको अवस्था गम्भीर थियो । तर डेढ वर्षअघि पाँचथरका पत्रकारहरूको पहलमा झापाको बिर्तामोडमा रहेको बिएण्डसी अस्पतालले उनको निःशुल्क उपचार गरिदियो । अस्पतालले शल्यक्रियामार्फत् निकाल्न मिल्नेसम्मका शरीरका विभिन्न मागमा रहेका छर्रा निकाली दियो । मस्तिष्कबाट समेत एउटा छर्रा निकालियो ।

टाउकोमै र घाँटीमा रहेको एक एक वटा छर्रा बिएण्डसीले निःशुल्क शल्यक्रिया मार्फत निकालेपछि स्वास्थ्यमा ५० प्रतिशतले सुधार आएको अनुपाको दावी छ । 'पहिला गर्मीमा भतभती पोल्ने र जाँडोमा अररिने वा कक्रिने हुन्थ्यो । शरीर चलाउन पनि कठिन हुन्थ्यो' अनुपाले भनिन्, 'अहिले धेरै सहज भएको छ । तर डाक्टरहरूकोअनुसार अरू बाँकी छर्राहरु निकाल्न भने निकै कठिन छ ।'

श्रीमान् मनकुमारकाअनुसार शान्ति प्रक्रियापछि अनुपाको कँही प्रभावकारी उपचार हुन सकेको थिएन । सुरूमा काठमाडौंको मितेरी अस्पतालमा उनको छातीको शल्यक्रिया गरेर सहज रूपमा निकाल्न मिल्ने छर्रा निकालियो । दोश्रो पटक पनि काठमाडौंमै छर्रा निकाल्ने प्रयत्न भए पनि त्यो सफल भएन । त्यसपछि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि पुऱ्याइए पनि चिकित्सकहरूले उपचार गर्न नसक्ने भनेर फर्काइदिए ।

बिएण्डसीमा भएको उपचारपछि भने अनुपा धेरै खुसी छिन् । 'बिएण्डसीले निःशुल्क गरिदिएको उपचारपछि भने धेरै हल्का भयो' उनले भनिन् । उनको उपचारमा सधैं सक्रिय रहने नेताहरू मध्य हर्कबहादुर नेम्बाङ कमरेड मिक्सो एक हुन् । नेम्बाङ पनि स्वयम् जनयुद्धका घाइते हुन् । उनले नै उपचारका लागि झापादेखि धरानसम्मको सबै प्रबन्ध मिलाइदिएका थिए ।

अझै उनको छाती, घाँटी र टाउकोमा एक/एक वटा छर्रा बाँकी छन् र यसलाई निकाल्न एकदमै जटिल छ । ढाडमा रहेको छर्रा मेरूदण्डको हड्डीको बीच भागमा छ । त्यसको शल्यक्रिया गर्दा अपाङ्ग हुने सम्भावना अत्यधिक रहेको बिएण्डसीका विशेषज्ञ चिकित्सकले उनलाई गतवर्ष नै बताएका थिए ।

शल्यक्रिया एकदमै चुनौतीपूर्ण हुने भएकाले चिकित्सक पनि शल्यक्रियाका लागि तयार छैनन् । अनुपाको स्वास्थ्य अवस्थामा केही सुधार आए पनि पूर्ण स्वस्थ हुने स्थिति छैन । अब बाँकी जीवनमा उपचार भन्दा पनि सहज जीवनयापन अनुपाको चाहना हो । 'केही सीप सिकेर सहज पेशा व्यवसाय गरेर नानीलाई पढाउन पाए हुन्थ्यो,' अनुपाले भनिन्, 'नियमित जाँच गराउनु पर्छ, जसको लागि हामीसँग पैसा हुँदैन ।'

'यद्यपि अहिले अलि सहज छ । तर कहिलेकाहीं बेस्सरी पीडा हुन्छ । दुखाई सहँदा घरिघरी त दिक्क लाग्छ । मिल्ने भए दुख्ने जति सबै काटेर फालिदिन्थें,' अनुपाले भनिन्, 'काम गर्न नसकेपछि घर व्यवहार पनि उस्तै छ ।' अनुपा र मनकुमारका छोरा गत वर्षसम्म फिदिममा बसेर अध्ययन गर्थे । तर बाबुआमाले पर्याप्त पैसा दिन नसकेपछि उनी गाउँमै फर्किएका छन् ।

काकीले राम्रो गरेर पढाए पनि उनी परिवारको अवस्था बुझ्ने भइसकेका छन् । 'नानीले पनि विरक्त मान्छ । बोर्डस गरेर पढाउँछौं भन्दा पनि मानेन', अनुपाले भनिन्, 'नानीले परिवारको दयानीय अवस्था प्रति देखाएको व्यवहारले

निकै पिरोल्छ ।' बच्चाको पढाई सन्तोषजनक नहुनु पछाडिको कारण परिवारको कमजोर आर्थिक अवस्था बाहेक अरू केही होइन । त्यसैले उनी छोराका कारण अत्यधिक चिन्तित छिन् ।

अझै पार्टीप्रति प्रतिबद्ध उनी आफ्नै नेताहरूले कार्यकर्ताको समस्या बुझ्ने प्रयत्न नगरेकोमा दुःखी छिन् । उनको नाम सरकारी घाइतेको सूचीमा समेत छैन । न उनले राहत पाउन सकिन् न त घाइते वा अपाङ्गलाई दिइँदै आएको निर्वाह भत्ता नै । उनी घाइते भएपछिको १७ वर्षमा ठूलै उतारचढाव र फेरबदल आयो मुलुकमा । तत्कालिन माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' २ पटक तथा नेता डा. बाबुराम भट्टराई १ पटक प्रधानमन्त्री भइसके । माओवादीका दर्जनौं नेता मन्त्री र सयौं नेता सांसद् भए र अहिले पनि छन् । तर अनुपाजस्ता घाइतेहरू कसरी जीवन गुजारा चलाउने भन्नेमा सीमित छन् ।

अहिले सङ्घीय सरकार र ६ वटा प्रदेश सरकार नेकपाको नेत्रृत्वमा गठन भएकोछ । तर, माओवादी नेताहरूलाई त्यहाँ पुऱ्याउन सहयोग गर्ने अनुपाको जीवन पीडा र अभावमै गुज्रिएकोछ । परिवार धान्ने आर्थिक स्रोत स्वदेशमा नभेटेपछि अनुपाका श्रीमान मनकुमार ५ वर्ष मलेसियामा मजदुरी गरेर केही महिना अघि मात्र घर फर्केका छन् ।

२०६९ सालसम्म माओवादीको स्थानीय कमिटीमा सक्रिय उनी जीविका चलाउनै विदेश पलायन भए । उनी हाल गाउँकै निर्माणाधिन तमोर कोरिडोरमा काम गर्दै आएका छन् । 'म त थाकी सकेको छु ।' राजनीतिमा त्यत्रो योगदान गरियो तर अब सक्रिय हुने जाँगर छैन', मनकुमारले भने । 'तर विचार र क्रान्तिप्रतिको मेरो समर्पण कहिल्यै मर्न दिन्न ।' अनुपा चाहिँ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को गाउँपालिका कमिटीमा छिन् । गत स्थानीय तहको निर्वाचनमा वडा सदस्य पदमा चुनावसमेत लडिन् तर पराजित भइन् ।

पार्टीबाट बेवास्ता गरिएकी उनलाई सरकारले पनि देखेन । घाइतेको सूचीमा नाम नहुँदा अनुपामा सरकारप्रति धेरै आक्रोश छ । वि.स. २०६३/०६४ सालमा माओवादीले सबै घाइते नेता कार्यकर्ताको उपचारलगायतका व्यवस्थापनको लागि उनीहरूका लागत सङ्कलन गरेको थियो । त्यसबेला स्थानीय शान्ति समिति पाँचथरको संयोजक पनि तत्कालीन माओवादी जिल्ला इन्जार्ज हर्कबहादुर नेम्बाङ नै थिए । त्यसबेला पठाइएका धेरैको नाम घाइतेको सूचीमा समेटियो । तर, दुर्भाग्यवश अनुपाको नाम छुट्यो । यही कारण न उनको उपचार भयो न कुनै सरकारी सेवा सुविधा नै पाइन् ।

अन्य संसदवादी दलका नेताहरूजस्तै तत्कालीन माओवादीका पनि अधिकांश नेताहरू जसरी पनि चुनाव जित्ने, ठूलो पार्टी बनाउने र सरकार चलाउने दाउ राखेर राजनीति गरिरहेका छन् । यही उद्देश्यको लागि समृद्धि र विकासका सपना बाँडिरहेका छन् । तर, सशस्त्र सङ्घर्षको कहालीलाग्दो विगतमा ज्यानको पर्वाह नगरी सुरक्षाकर्मीसँग भिड्ने आफ्नै कार्यकर्ताको उनीहरु मध्ये धेरैलाई कुनै चिन्ता र चासो नभएको महसुस हुन्छ ।

अनुपा जतिबेला घाइते भइन् त्यो युद्धमा जनमुक्ति सेनाका राजनीतिक कसिसार थिए सन्तु दराई 'परवाना' । दराई सेना समायोजनपछि माओवादी अध्यक्ष प्रचण्डको सचिवालयमा लामो समय काम गरे । यता अनुपा छर्रा बोकेर कठिन श्रम गर्न विवश छिन् । युद्धको बेला अनुपाको खोजी हुन्थ्यो । सपाङ्ग हुँदासम्म सेनामा रहिन् । घाइते भएपछि पार्टीको मिलिसिया भइन् । शान्ति प्रक्रियापछि पार्टीकै योजना अनुरूप स्थानीय राजनीतिमा आइन् । योजनामै चुनावमा उम्मेदवार पनि बनिन् । यो उनको रहर नभएर पार्टीको् निर्देशन अनुरूप कै निणर्य थियो ।

उनलाई डेढ वर्षअघि झापाको बिएण्डसी अस्पतालमा गरिएको शल्यक्रियापछि दुई वर्षका लागि औषधी दिइएको छ । उनी नियमित औषधी सेवन गर्दै आएकी छन् । 'काम नगरी हुँदैन, तर खाना फिटिक्कै रूच्दैन । सायद

औषधीको प्रभावले होला', अनुपाले भनिन्, 'विगतमा अप्रेसन गर्ने डाक्टरहरू काठमाडौँमा छन् । उनीहरूबाट स्वास्थ्य परीक्षण गराउन पाए हुन्थ्यो ।' खाना नरुच्ने समस्याले उनलाई औधी सताएको छ । छाती, ढाड र टाउकोमा रहेका छर्राले दैनिकी चलाउन असाध्यै कठिन छ ।

श्रीमान् मनकुमार राम्रो पेशा व्यवसाय सञ्चालन गर्ने सन्दर्भमा जिज्ञासा राख्न थालेका छन् । सरकारी ऋण र अनुदान कसरी प्राप्त हुन्छ भन्ने खोजीमा छन् । 'परिवारको यो अवस्था छ । अब केही उन्नत काम गर्न पाए हुन्थ्यो । पार्टी र सरकारले आफ्नै दायित्व सम्झेर हामी घाइते अपाङ्ग योद्धाका लागि सहयोग गर्नुपर्ने हो' मनकुमारले भने ।

अनुपा विगतबारे समीक्षा गर्न समेत थालेकी छन् । 'हामीले सबै कुरा त्यागेर पार्टी र आन्दोलनका लागि काम गऱ्यौं । ज्यानको प्रवाह गरेनौं । हामीले दिनसक्ने सबै कुरा पार्टीलाई दियौं । साधरण जनताका समस्या, छियाछिया भएको घाइते ज्यान र कठिन पारिवारिक भविष्यतर्फ सङ्केत गर्दै उनले भनिन्, 'सहिद, बहुसङ्ख्यक विभेद र उत्पीडनमा जकडिएको जनसमुदाय र हामीजस्ता घाइते र दीनदुःखीहरूको लागि कम्युनिष्ट पार्टी र सरकारले बेलैमा गम्भीर भएर कार्यक्रमहरू विकास गरी अघि बढ्न जरूरी छ ।'

●●●

*-प्रस्तुती रवीन्द्र काफ्ले*

# युद्धमा मर्दै बाँच्दै

*'ओखलढुङ्गाको रूम्जाटार क्याम्प हान्यौं, जहाँ म आफैँ घाइते भएँ । मेरो दाहिने आँखाको दृष्टिशक्ति गुम्यो भने देब्रे आँखाको रानीमै चोट लाग्यो । टाउको र शरीरका विभिन्न भागमा अझै पनि छर्राछ ।'*

*-कमरेड भूमि*



*खगेन्द्र अधिकारी*
*कमरेड भूमि*

सङ्खुवासभाको साविक सिद्धकाली गाविस- ६ हाल चैनपुर नगरपालिका-२ तिखेढुङ्गामा बुबा सलबहादुर अधिकारी र आमा देवीमाया अधिकारीको कोखबाट कान्छो सन्तानको रूपमा २०३७ बैशाखमा खगेन्द्र अधिकारीको जन्म भयो ।

सानैदेखि चञ्चले, नेतृत्वदायी र हक्की स्वभावका कारण खगेन्द्र विद्यालयमा समेत 'टिम लिडर' हुन्थे । गाउँले जनजीवनमा खेती किसानी गरेर हुर्किएका खगेन्द्रले कक्षा ९ भन्दा माथि पढ्न सकेनन् । देशमा चलेको सशस्त्र द्वन्द्वको प्रभावको कारण उनको पढाइ छुटेको हो । देश परिवर्तन गर्ने उत्साह बोकेर

छापामार बनेका खगेन्द्रले जीवनमा थुप्रै प्रकारका आरोह–अवरोह पार गरेका छन् । तर यसरी देश र दुनीयाँ बदल्ने सोच बोकेर हिडेका खगेन्द्र अहिले भने राजनीतिले अपेक्षित उपलब्धी भन्दा चोट र पीडा मात्रै दिएको बताउँछन् ।

### बाल्यकाल

सिद्धकालीको तिखेढुङ्गामा गरिबी र अशिक्षामा नै हुर्किएका हुन् खगेन्द्र । उनको ९ जनाको परिवार थियो । बाबाआमा, २ जना दाजुभाइ र ५ जना दिदीबहिनी थिए । परिवारका कान्छो छोरा भएकाले सबैको प्रिय थिए खगेन्द्र । उनी खेती किसानीको सँस्कृतिमै हुर्किए । यसैबीचमा पनि बुबाआमाले गाउँकै जलेश्वरी प्राथमिक विद्यालयमा उनको भर्ना गरिदिए । प्राथमिक तहको पढाइ उनले त्यँही सिध्याए । निम्न माध्यमिक तह वा कक्षा ६ पढ्नका लागि गाउँमा विद्यालय थिएन । त्यसैले निमावि तह पढ्न उनी पोखरीबजारस्थित शारदा माध्यमिक विद्यालयमा भर्ना भए । समयक्रम अघि बढ्दै थियो । उनी कक्षा ९ मा पढ्दै थिए । उनको पढाई मध्यम खालको थियो ।

### लाहुरे हैन जनमुक्ति सेना

कक्षा ८ पास गरेपछि उनलाई नेपाल प्रहरी र नेपाली सेना हुने ईच्छा जाग्यो । सानैदेखि बन्दुक भिरेर युनिफर्म लगाएर अरूले हिंडेको देख्दा खुबै लोभ लाग्थ्यो । एकदिन आर्मी बन्छु भन्ने लाग्थ्यो रे खगेन्द्रलाई पनि । कक्षा ८ पास गर्नु बित्तिकै बुबाआमालाई भनेर नेपाली नागरिकता समेत बनाए । ०५६ सालमा शारदा माविमा कक्षा ९ मा पढ्दै थिए । माओवादी आन्दोलनले एकपछि अर्को उचाई र समर्थन प्राप्त गरिरहेको थियो । ठीक यही बेला घरदेखि पारिपट्टिका बद्रिहाङ लिम्बू हाम्रो टोलमा आए । उनले माओवादीको बारेमा बताए । माओवादीमा प्रवेश गरे सेना हुन पाउने भएपछि मन प्रफुल्ल भयो र त्यतिकैमा गाउँस्तरमा माओवादीका कार्यकर्ता बने ।

त्यसपछि खगेन्द्र गाउँका नेता नै बने । गाउँमा परेका झैझगडा, विवाद र अन्यायका विरूद्ध कामहरूमा न्यायनिसाफ दिलाउन लागि परे । त्यसका साथै

विभिन्न कामको अगुवाइसमेत गर्न थाले । उनी खासगरेर बद्रिहाङ लिम्बूको प्रेरणाबाटनै माओवादी बनेका थिए । त्यसपछि बिस्तारै-बिस्तारै गाउँघरमा माओवादीको बारेमा अरूलाई समेत बुझाउन थाले । बद्रिहाङलगायत अन्य टाढा-टाढाका कमरेडहरू आउने-जाने क्रम बढ्न थाल्यो । त्यसपछि ०५७ सालमा एक जना विमल भन्ने कमरेड सिन्धुपाल्चोकबाट आए । उनलाई जिल्लाको भौगोलिक जानकारी दिने र रूट देखाउने काम गर्न थाले । त्यसपछि पदम राई कमरेड विकास र कमरेड विजयलगायतको टिमहरू आउन थाले । भेटघाट र सम्पर्क निकै बाक्लिँदै गयो ।

उनीहरूले ०५७ सालतिर सिद्धकालीमा नै राति-राति गाउँका युवाहरू जम्मा गरेर एकान्त ठाउँमा तालिम गराउन थाले । त्यसपछि उनले पनि विद्यालयको पढाइ छाडे । त्यसबेलसम्म उनी माओवादीको सक्रिय कार्यकर्ता बनिसकेका थिए । उनकै नेतृत्वमा ०५८ सालमा महिम भन्ने ठाउँका केही धनाढ्यहरूको धन्सार फोडेर धान, मकै र कोदोलगायतका अन्नबाली त्यहाँका गरिब किसानहरूलाई बाँडे । त्यसपछि भने उनले घर छाडेर पूर्णकालिन बने । 'काकाको छोरा र मसँगै हिंडेका थियौं,' उनले भने, 'पछि ऊ चाहिँ सोलुखुम्बुको भिडन्तबाट बेपत्ता भयो । अहिलेसम्म पत्ता लाग्न सकेको छैन ।'

## माओवादी राजनीतिक सेना

वास्तवमा त्यतिखेर माओवादी सेना भनेको सर्बहारा वर्गको मुक्तिका लागि लड्ने राजनीतिक सेना भएको भनेर प्रशिक्षण दिइथ्यो । ठीकै हो भनेर कन्भिन्स भएको विगत उनी सम्झन्छन् । गाउँघरमा हुने धनी-गरिब वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय विभेद अनि त्यसबाट उन्मुक्त हुने कुरा असाध्यै धेरै हुन्थ्यो ।

माओवादीको जनसत्ता आएपछि आमूल परिवर्तन हुने कमाण्डर र कमिसारलगायत नेताहरूले प्रशिक्षण दिने गर्दथे । एक समय पूर्वी नेपालको सैन्य कमाण्डर रामबहादुर थापा 'वादल' हुनुहुन्थ्यो । सङ्खुवासभाका विभिन्न ठाउँमा सैन्य प्रशिक्षण दिन भनेर मणि थापा र वर्षमान पुन 'अनन्त' पनि आएका थिए ।

पाँचथरमा किराती राष्ट्रिय मुक्ति मोर्चाको भेलालाई प्रशिक्षण दिन घोडामा चढेर प्रचण्ड र बाबुराम भट्टराई आएका थिए । त्यसपछि ओखलढुङ्गाको रूम्जाटारमा अग्नि सापकोटाले प्रशिक्षण र निर्देशन गरेका थिए ।

## सैन्य मोर्चामा सहभागी

पूर्णकालीन कार्यकर्ता बनेपछि पहिलो पटक ठूलो आक्रमणमा सहभागी हुने अवसर जुर्‍यो । मेरो पहिलो आक्रमणको अनुभव चैनपुरमा स्थित सशस्त्र वेश क्याम्पनै रह्यो । ०५९ साल बैशाख २४ गते चैनपुरमा रहेको सशस्त्र वेश क्याम्प आक्रर्मण गर्ने सिलसिलामा रूट देखाउने काम पनि मैलेनै गरेको थिएँ । चैनपुरको क्याम्प हान्न चारैतिर चार वटा समूह खडा गरिएको थियो । एउटा समूहमा कम्तिमा १ सय २० जनाभन्दा बढी नै जनमुक्ति सेनाहरू थिए ।

मैले मादीबाट आउने रूटको नेतृत्व गरेको थिएँ । चैनपुरदेखि केही तल रहेको वरको रूख छेउमा खाजा लुकाएका थियौं । सेनाले चैनपुर वेश क्याम्पमा मादीका राजन कार्की टोलीलाई समेत थुनेको थियो । उनी चाहिँ पार्टी भित्रका पत्रकारसमेत थिए । उसलाई पनि बाहिर निकाल्ने र आफ्नो आधार इलाका बढाउने उद्देश्यले चैनपुर क्याम्प हान्ने योजना बनेको हो । चैनपुर कब्जा गर्न सके त्यस क्षेत्रमा आफ्नो पकड बलियो हुने पार्टीको धारणा थियो ।

यद्यपि चैनपुर कब्जा गर्न सकेनौं । त्यसपछि सङ्खुवासभाबाट ११ दिनमा दोलखा पुगें । रातदिन गरी प्रायः जसो १८/२० घण्टा हिँड्नु पर्दथ्यो । त्यसपछिको त्यहाँका विभिन्न कार्यक्रममा सहभागी भएँ । त्यहाँ २ नम्बर कम्पनीका कमाण्डर सङ्खुवासभाकै बाबुराम राई कमरेड विवश थिए । म पनि सोही कम्पनीमा परें । त्यसपछि ०५९ साल कात्तिकमा रौतहटको कर्मैया क्याक्प हान्न जाने योजना थियो । तर योजना बीचैमा खुलासा भएकाले त्यत्तिकै फर्कियौं । त्यसपछि सिन्धुलीको भिमान क्याम्प हानियो ।

त्यहाँ चाहिँ २५/२६ जना कमरेडहरूले साहदात प्राप्त गरे । उनी भन्छन्, 'त्यसपछि ओखलढुङ्गाको रूम्जाटार क्याम्प हान्यौं, जहाँ म आफैँ घाइते भएँ । मेरो दाहिने आँखा नदेख्ने भयो भने देब्रे आँखाको दृष्टि शक्ति गुम्यो भने देब्रे आँखाको भित्री रानी मै चोट लाग्यो । टाउको र शरीरका विभिन्न भागमा अझै पनि छर्रा छ । घाइते भएपछि पनि निकै समय सेनामा नै बसेर काम गरें तर आँखा नै नदेख्ने भएपछि साह्रै ठूलो समस्या भयो । काम गर्न नै नसकेपछि जिल्ला फर्किएँ । ०६१ सालदेखि जिल्ला कमिटीमा आबद्ध भएर राजनैतिक काम गरें । जिल्लामा म एरिया सेक्रेटरी तत्कालीन दुई/तीन वटा गाविस प्रमुखको जिम्मा लिएर बसें ।

एकीकृत नेकपा माओवादीमा आएको विचलनलाई आत्मसात गर्दै केही समय मोहन वैद्य कमरेड किरण नेत्रृत्वको नेकपा–माओवादीमा आवद्ध भएँ । तर पछि जिल्लाका सबै कमरेडहरु नेत्रविक्रम चन्द विप्लवतिर जाँदा पनि म एक्लै वैद्य नेत्रृत्वको पार्टीमा नै रहें । यता वैद्यले पनि चुनावलाई उपयोग गर्ने नीति लिएपछि मेरो चित्त बुझेन । तब पुनः प्रचण्ड नेत्रृत्वको पार्टीमा आवद्ध भएँ । तत्कालीन माओवादी केन्द्र र एमाले एकता पछि बनेको नेकपाको हाल म सङ्खुवासभा जिल्ला कमिटी सदस्य भएको छु ।

## मृत्युसँग डर थिएन

युद्धकालमा क्याम्प हान्ने भन्ने पूर्वयोजना हुन्थ्यो । कमाण्डरहरूले राम्ररी सम्झाउने र प्रशिक्षण दिन्थे । राजनैतिक सेना भएकाले मर्ने र मार्ने भन्ने नै हुन्थ्यो । तर सर्बहारावर्गको मुक्तिको महान उद्देश्यको लागि लडेको लडाइँ हुनाले कहिल्यै मर्न डर लागेन । युद्ध अथवा क्याम्प हान्न जाने दिन कमरेडहरूबीच नाचगान गर्ने, जोक गर्नेलगायतका रमाइलो हुन्थ्यो । प्रत्येकसँग वाकमेन हुन्थ्यो । लडाइँमा जानु अगाडि आफ्नो सन्देश रेकर्डिङ गरिन्थ्यो । बाँचे भेटौंला मरे मेरो सन्देश घर पुऱ्याइदिनु भन्ने हुन्थ्यो । यदि मरिहाले उक्त रेकर्डिङ सन्देश उसको घरमा पुऱ्याउने गरिन्थ्यो ।

लडाइँमा औषधी खाएर जान्छन् भन्ने खबरहरू पनि बाहिर आएको थियो । तर त्यो सत्य नभएको उनको भनाइ छ । 'हामीले लडाइँमा जाँदा कहिल्यै पनि औषधी खाएनौं,' उनले भने, 'घाउचोट लाग्यो भने रगत रोकिने औषधी चाहिँ खान्थ्यौं, वश त्यत्ती हो ।'

## मरेर बाँचेका घटना

त्यसबेला राजेन्द्रकुमार किराती कमरेड प्रवेस कमिसार हुनुहुन्थ्यो । म एचक्यू सेक्सन कमाण्डर इन्टेलिजेन्ट शाखामा थिए । गोपेटार अप्ठ्यारा गौंडामा एम्बुस राख्ने योजना भयो । म एउटा आँखा देख्दिनथें, एउटा आँखा अलि-अलि देख्थें । मलाई सेना आउँछ कि भनेर हेर्ने र खबर गर्ने जिम्मा थियो । केही परबाट खुट्टा बजेको सङ्केत पाएँ । यता कमरेडहरूलाई खबर गरेँ । तीन/चार घण्टामा पनि एम्बुस गाडेर सक्नुभएन । म राइफल ताक्दै ब्याक सर्दै थिए । म भीरको डिलको छेउमा आइपुगिसकेछु । सेनाले एक्कासी फाइरिङ गऱ्यो । मैले पनि फाइरिङ गरें तर तीन राउण्ड हान्ने बित्तिकै राइफल जाम भयो ।

उता सेनाको एक जनालाई गोली लागेछ र दुश्मनलाई रक्षात्मक बनायो । त्यहीबेला मैले पनि लुक्ने मौका पाएँ । यता अरू कमरेडहरू भागे । म धेरै समय पछि कमरेडहरूले दिएको सङ्केत ठाउँमा पुगें । त्यँहा राइफल पनि गुम्यो कमरेड पनि साहदात भयो भन्दै गफ गरिरहेको बाहिरबाट सुनें । सबैले मलाई मऱ्यो भनेर माया मारेका रहेछन् । तर म जिउँदै पुग्दा सबै कमरेडहरू छक्क परे ।

पाँचथरको भोटेगाउँ भन्ने ठाउँमा बिहान तालिम गर्दै थियौं । विद्यालय गहिरो र एकान्त ठाउँमा थियो । केही तल सेना आएको खबर पाएँ । म जासुसी थिएँ । हेर्दै गएँ । सेनाहरू खाना पकाउँदै गरेका रहेछन् । माथिबाट राइफल पड्काउनु पऱ्यो भनेर एक्लै गएको तर मलाई नै सेनाले घेरा हालिसकेको रहेछ । त्यहाँ फाइरिङ भयो । म घेरा तोडेर भाग्न सफल भएँ । मलाई कमरेडहरूको सम्पर्कमा पुग्न दुई दिन लाग्यो । कमरेडहरूले फाइरिङमा

मऱ्यो भन्ने सोचेछन् । तर म त्यहाँ पनि जिउँदै कमरेडहरूको सम्पर्कमा पुग्न सफल भएँ ।

ओखलढुङ्गाको रूम्जाटारमा घाइते भएर फर्किंदा खोटाङको बाक्सिलास्थित हेल्थपोष्ट गएँ । फर्केर बजारमा खाना खादै थिएँ । बजारमा फायरिङ भयो । त्यहाँ पनि कमरेडहरूले मलाई माऱ्यो भन्ने सोचे छन् । म ब्याक भएर रूम्जाटार नै फर्किएँ । बाक्सिलामा सेनाले स्थानीय दुई जनालाई मारेछ । म भने कमरेडहरूको सम्पर्कमा पुगें ।

## उपचार नभएपछि विद्रोह

रूम्जाटार घटनामा घाइते भएपछि एउटा आँखा पूर्णरूपमा नदेख्ने भएँ । अर्को अलिअलि देखिन्थ्यो । आँखाले अत्यन्तै पीडा दियो । यति धेरै दुख्छ कि भनेर साध्य छैन । पार्टीभित्रका नेताहरूले उपचारमा बेवास्ता गरे । म सामान्य रूपमा पार्टी सदस्य मात्रै थिएँ । अहिले बुझ्दा त्यहाँ पनि चाकडी चल्दो रहेछ । पदम राई, राजेन्द्र कार्कीलगायतका नेतालाई धेरै पटक भनें । पठाउन अप्ठेरो छ मात्रै भने । तर कहिल्यै पहल लिएर पठाएनन् ।

आँखा दुखेर अन्यन्तै पीडा भएपछि पार्टी छोडेर घर गएर पाखाबारी बेचेर उपचार गर्छु भनेर योजना बनाएँ । त्यसबेला सिन्धुलीको प्रवीण लामा कमाण्डर थिए । उहाँले भारतमा उपचारका लागि पठाए । डाक्टरले रोग नै पत्ता लगाउन सकेन । आँखामा कीरा परेको भन्दै औषधी दिन थाल्यो । वास्तवमा मेरो आँखा भित्र छर्रा थियो तर भन्नै नमिल्ने थियो । आँखा झन्झन नदेख्ने हुँदै गयो अनि नेपाल फर्किएँ । त्यसपछि फेरि उपचारका लागि काठमाडौंको तिलगंगा आँखा अस्पताल पठाए । डाक्टरले आँखामा छर्रा भएको पत्ता लगायो । सबै भिडियो गेरेर प्रहरीलाई खबर गर्ने भन्ने सुनेँ । मैले तुरून्तै डाक्टरलाई बोलाएर पार्टीले पठाएको हो उपचारका लागि प्रहरीलाई जानकारी नगर्नु भने । डाक्टरले पनि सोहीअनुसार गऱ्यो अनि उपचार गरेर फर्किएँ ।

## राहतमा विभेद

पार्टी शान्ति प्रक्रियापछि खुला राजनीतिमा लागें । सशस्त्र युद्धका घाइते अपाङ्गहरूलाई नेपाल सरकारबाट २०६५ मा १ लाख रूपैयाँको आर्थिक सहयोग प्राप्त गरेँ । त्यस यता केही लिएको छैन । गत वर्षबाट छात्रवृत्तिका लागि जिल्ला शिक्षा कार्यालयमा निवेदन पेश गरेकोछु । तर त्यसको आजसम्म कुनै प्रगति भएको छैन । गएको वर्ष नै स्थानीय शान्ति समितिको सिफारिसमा निःशुल्क स्वास्थ्य जाँचका लागि बिपी काइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा गएर स्वास्थ्य जाँच चाहिँ गरें । त्यो बाहेक अरू केही पाएको छुइनँ । मभन्दा सामान्य घाइते कमरेडहरूले पनि सहयोगी सहितका मासिक रूपमा जीवननिर्वाह भत्ता पाइरहेका छन् । मैले नेताहरूको चाकडी नै नगरेको कारणले यस्तो भयो कि भन्ने पनि लाग्छ ।

## राजनीतिले पीडा

सर्बहारावर्गको मुक्तिका लागि भनेर जीवन सुम्पिएँ । पार्टीभित्र पूर्ण कार्यकर्ता बनेर बस्दा कुनै पछुतो लागेन । जब शान्ति प्रक्रिया पछि पार्टी खुला राजनीतिमा आयो । त्यसपछि पीडामाथि पीडा मात्रै बल्भिरहेको छ । २०६४ सालमा पार्टीले सरकारको नेतृत्व गरेपछि ठूलो आशा थियो । जनयुद्धका घाइते अपाङ्गहरूलाई उचित व्यवस्थापन गर्लान् भनेर । पटक-पटक सिंहदरबार धायौं ।

तर केही सुनुवाइ भएन । अहिले जनयुद्धको नासो स्वरूप घाइते जीवन जिउन बाध्य भएको छु । राजनीतिले पीडा मात्रै दिएको अनुभूति हुन्छ । पार्टीले उत्पीडन र विभेदलाई भजाउँदै हामीजस्ता सोझासाझा जनतालाई प्रयोग मात्रै गरेछजस्तो लाग्छ । तर जनयुद्धको उद्देश्य यतिमात्र थिएन । वस्तुतः यो न्याय र समानताको महान उद्देश्य लिएर छेडिएको राजनैतिक आन्दोलन थियो ।

●●●

*-प्रस्तुती भविन कार्की*

# समाजवादको आशा जीवितैछ

*'म अहिले पनि आधारभूत ढङ्गले नै बाँचिरहेको छु र आदर्श राजनीतिलाई नै जीवनको लक्ष्य बनाएको छु, अहिले गणतन्त्र आए पनि तमाम गरीबको घर र बस्तिसम्म पुगेको छैन, यो गणतन्त्रलाई म गरीबको घरसम्म पुऱ्याउने अभियानमा छु ।'*

*–कमरेड अर्जुन*



*श्रवण ऋषिदेव*
*कमरेड अर्जुन*

राजमार्गमा शाही नेपाली सेनाका गाडीहरु दौडिरहन्थे । प्रहरीका ट्रक र साना पिकअप भ्यानहरुको छतमा 'लङ्रेन्ज' राइफलहरु निशाना लगाएर तयारी अवस्थामा राखिएका हुन्थे । त्यस्ता गाडी दौडिएको देख्दा जो–कसैलाई देशको गम्भीर अवस्थाको महसुस हुन्थ्यो । ठाउँठाउँमा सुरक्षाकर्मीको सङ्युक्त टोलीले व्यारियर सहितको चेकपोष्ट बनाएका हुन्थे । सुरक्षा पोष्ट पुग्नु केही किलोमिटर दुरिमा ड्रमहरुमा माटो भरेर राजमार्गमा राखिएका हुन्थे । वास्तवमा केही परका पोष्ट सुरक्षार्थ गाडीको गति नियन्त्रण गर्नको लागि त्यस्ता ब्यारियरहरु बनाइएका हुन्थे । १० वर्षसम्म नेपालमा चलेको जनयुद्धले उचाई लिएका बेला गाउँघरमा सुरक्षाकर्मी बिरलै पुग्थे । तर राष्ट्रिय राजमार्ग भने उनीहरुकै नियन्त्रणमा थियो ।

गाउँघरमा निस्फिक्री माओवादी पार्टीका गतिविधि हुन्थे । सङ्गठन गर्ने, बैठक बस्ने, साँस्कृतिक कार्यक्रमदेखि धेरै राजनीतिक कार्यक्रमहरू गाउँमा सजिलै चल्थे । पार्टीका सैन्य गतिविधिहरू पनि प्रशस्त हुन्थे । तर जब राजमार्ग र सहरतिर जानु पर्दथ्यो त्यतिबेला तत्कालीन नेकपा माओवादीका कार्यकर्तालाई सुरक्षा चुनौती हुन्थ्यो । त्यस्तै चुनौतीको सामना गर्नुपरेको थियो जनमुक्ति सेनाका पूर्व प्लाटुन कमाण्डर मोरङ गोविन्दपुरका श्रवण ऋषिदेव कमरेड अर्जुनले पनि ।

पार्टीको कामको सिलसिलामा ऋषिदेव जनमुक्ति सेनाको १९औं बटालियन 'डी' कम्पनीका कमाण्डर जितेन चेम्जोङ कमरेड कुमारसँग मोरङको लेटाङ जानुपर्ने थियो । '२०५९ साल कात्तिक महिनाको तिहारको बेला थियो,' घटना सम्झँदै श्रवण भन्छन् 'सायद हली तिहारको दिन हुनुपर्छ, जुन दिन हामी दुई जना पथरी शनिश्चरेको सिरिसेडाँडाबाट मोटरसाइकलमा लेटाङतर्फ बढेका थियौं ।'

उनीहरूमा आँट, साहस र युद्ध कौशल त थियो नै परिस्थितिको आँकलन गर्ने राजनीतिक क्षमता पनि थियो । बैठक सकेर दुवै जना राष्ट्रिय राजमार्ग पथरीबाट कानेपोखरीतर्फ गइरहेका थिए । तर भूमिगत अवस्थाका उनीहरू राजमार्गमा घुम्दै गरेको सूचना सुरक्षाकर्मीलाई भइसकेको रहेछ । जब ऋषिदेवसहितको मोटरसाइकल पथरीबाट पश्चिम जङ्गल हुँदै अघि बढ्यो सादा पोशाकका सुरक्षाकर्मी चढेको एउटा टाटासुमोले फलो गर्न थाल्यो । केही किलोमिटर यात्रा गर्दासम्म उनीहरूले त्यसबारेमा चाल पाएका थिएनन् ।

मोटरसाइकल पछिपछि एउटा मालबाहक ट्रक पनि गुडिरहेको थियो । त्यो ट्रकको कभर लिएर निजी गाडीमा सुरक्षाकर्मी चढेको टाटासुमोले उनीहरूलाई फलो गरी रहेको रहेछ । ट्रकले गर्दा मोटरसाइकलको पछाडि बस्ने व्यक्तिले पनि सुरक्षाकर्मीको गाडी देख्न सक्दैनथे । राज्यका सुरक्षाकर्मीहरू उपयुक्त मौकाको खोजीमा थिए । मौका मिल्ने बित्तिकै ट्रकलाई ओभरटेक गरेर मोटरसाइकल माथि आक्रमण गर्ने योजना उनीहरूहरूले बनाएका रहेछन् ।

राजमार्गमा रहेको घुम्ती पार गर्ने क्रममा मोटरसाइकलको 'लुकिङ ग्लास'बाट ट्रकको पछाडि सुरक्षाकर्मीले फलो गरी रहेको ऋषिदेवले देखे । टाटासुमोको झ्यालबाट मेसिनगनको नाल निकाल्दै गरेको देखेपछि सुरक्षाकर्मीले पछ्याएको उनीहरूले चाल पाए । मौका पाउनासाथ आक्रमण हुनसक्ने अनुमान श्रवणले गरिहाले ।

आफ्ना कमाण्डर कुमारलाई अवस्थाबारेमा जानकारी पनि गराए । कुमारले मोटरसाइकलको गतिलाई ट्रकसँग संयोजन गर्दै अगाडि बढाइरहे । जङ्गलको बीचमा कानेपोखरी बजार आइपुग्नै लागेको थियो । त्यहाँबाट लेटाङ र रमाइलो दुवैतर्फ जाने बाटो थियो । तर त्यहाँसम्म पुग्नसक्ने अवस्था थिएन । किनभने सुरक्षाकर्मीहरु आक्रमणको अन्तिम तयारीमा थिए । प्लाटुन कमाण्डर ऋषिदेवको अनुमानअनुसार गाडीले ठक्कर दिएर हत्या गर्ने वा ठक्करबाट घाइते बनाएपछि हत्या गर्ने योजना सुरक्षाकर्मीको थियो ।

कानेपोखरी नजिकै पुग्न लागेपछि कुमारले सचेततापूर्वक मोटरसाइकल चारकोशे झाडीतर्फ मोडे । ऋषिदेव सडक किनारमै लडे, कुमार जङ्गलको छेउमा पछारिए । 'लडेर उठ्न खोज्दाखोज्दै सुरक्षाकर्मीले मेसिनगनबाट परर गोली बर्साउन थाल्यो,' योद्धा ऋषिदेवले त्यो बर्बर घटना सम्झिँदै भने, 'तिहारमा पड्केको पटकाजस्तो आवाज लगातार आइरह्यो, त्यतिबेलै यसो आँखा खोलेर हेरें, कुमार दाइको शरीरमाथि गोलीको वर्षा भइरहेको थियो, अलि पर पुगेर उहाँ ढल्नुभयो । कमरेड कुमारले त्यही शाहदत प्राप्त गर्नुभयो ।

अब गोली ममाथि बर्सिने निश्चित थियो, दुई राउण्ड गोलीसहितको पेस्तोल मेरो कम्मरमा थियो,' ऋषिदेव भन्छन्, 'त्यहाँबाट उम्किनु नै उचित सम्झेर कुहिना टेकेर घिस्रँदै जङ्गलसम्म पुगें त्यतिबेलै उनीहरूले देखिहाले र फायर खोले ।'

रूख र झाडीको सहारा लिँदै कुहिना टेकेरै ऋषिदेव जङ्गलभित्र जाँदै थिए, त्यही बेला एउटा गोली दाहिने हातको नाडीमै लाग्यो । 'गोलीले हात चुँडायो भन्ने उनले ठाने तर फर्केर हेरेनन् अघि बढिरहे । उनी भन्छन्, 'सयौं गोली

वर्षिरहेका थिए त्यही क्रममा एउटा गोली तिघ्रामा पनि लागेछ । तर मैंले त्यतिबेला थाहा नै पाइनँ, रूखहरूमा कभर लिँदै अघि बढें ।'

निकै बेरपछि गोली पड्किन बन्द भयो । हातबाट रगतको धारा बगिरहेको थियो । उनी सर्पजस्तो बाङ्गोटिङ्गो बाटो हिँड्दै अघि बढिरहे । उनी चाहन्थे दुस्मनले उनी कता गए भन्ने ठीक अनुमान गर्न नसकुन् । शरिरबाट भलभली रगत बगिरहेको थियो । देब्रे हातले दाहिने हातलाई सहारा दिंदै टाउको माथि उठाएर उनी घण्टौं घना जङ्गलमा घस्रेर हिँडिरहे । टाउकोमा चुहिएको रगतले पूरै शरीर भिजिसकेको थियो । उनी साँझ परेपछि रमाइलोको पिङडाँडा बस्तीछेउमा पुगे ।

बाटोको डिलमुनी लमतन्न सुते । 'त्यहाँ पुगेपछि बाँच्छु भन्ने आशा मर्न थालिसकेको थियो,' उनी भन्छन्, 'यति धेरै रगत बगेको थियो कि म हल्लिन पनि नसक्ने अवस्थामा थिएँ ।' उनका लागि दिन बलियो भएर देखापर्‍यो । उनी सुतेकै ठाउँ नजिक एक जना रक्सी पिएको मतुवा उभिएर पिसाब फेर्न थाल्यो ।

गाउँसम्म खबर पुर्‍याउन पाए कमरेडहरू उद्धारका लागि आउन सक्ने श्रवणमा आशा पलायो । उनले रक्सीले मातेको मान्छेलाई बोलाए । मातेको व्यक्ति नजिक आएर श्रवणलाई हेरेपछि अक्क न बक्क बन्यो । रगतले भिजेको शरीर, गोलीले हात झण्डै छिनेको मान्छे देखेपछि केही नबोली मातेको मान्छे भाग्न खोज्यो ।

उपाय खेर जान नदिने घाइते अवस्थाका श्रवणले कम्मरबाट पेस्तोल निकालेर मातेको मान्छेलाई भने, 'म माओवादी हुँ र सेनाको गोलीबाट घाइते भएको छु, मैले तपाईँलाई चिनिसकेको छु, बिहीबारेको टेलिफोन बुथमा पुगेर सुमन बस्नेत वा उहाँको आमालाई म घाइते भएर लडिरहेको छु भनेर खबर गर्नू ।' दिन बलियो भएकैले होला मतुवाले खबर पुर्‍याइदिएछ । कमरेडहरू खोज्न आएछन्, तर भेटेनछन् ।

'निकैबेरपछि त्यही बाटो भएर १०-१२ वर्षका एक बालक हिँडेर आउँदै गरेको देखेपछि श्रवणले बोलाएर दिवाकर पोखरेलसम्म खबर गरिदिन आग्रह गरे । नभन्दै ती बालकले दिवाकरलाई चिन्दा रहेछन् । केही बेरअघि दिवाकरहरू जङ्गलतिर घुम्दै गरेको उनले देखेका रहेछन् । उनले हतारिँदै एकछिनपछि उनीहरूलाई खोजेर ल्याइदिए । कमरेडहरूले त्यहाँबाट उद्धारका लागि नजिकैको सेल्टरमा पुऱ्याए । लगत्तै दिवाकरले शनिश्चरेमा क्लिनिक सञ्चालन गर्दै आएका केवल अधिकारीलाई सेल्टरसम्म ल्याएर श्रवणको उपचार गराए ।

झण्डै एकमहिना शनिश्चरे र रमाइलोका बस्तीहरूमा सेल्टर सार्दै उपचार गरेपछि श्रवण ठीक हुँदै गए । त्यतिबेलै उनलाई बचाउन हरसम्भव सहयोग गरिरहेका दिवाकर, हिमाल र गिरी सरलाई सुरक्षाकर्मीले पक्राउ गरेर हत्या गरिदियो । 'सुरक्षाकर्मीले हत्या गर्नुअघि ऋषिदेवलाई देखाए छोडिदिने आश्वासन दिँदासमेत उहाँहरूले सेल्टर भन्नुभएन, बरू आफैँ सहिद हुनुभएछ', श्रवणले कमरेडहरूको बलिदान सम्झँदै भने ।

श्रवणको दाहिने नाडीदेखि हत्केलासम्मको हड्डी गोलीले कच्याक्कुचुक् नै बनाएको थियो । उपचारपछि ठीक भयो । तर त्यो हातले काममा खास भर दिएन । खुट्टाको गोली त अहिलेसम्म पनि झिकिएको छैन । 'त्यो गोली झिक्न सक्ने अवस्था नै छैन', ऋषिदेव भन्छन्, 'म अहिले पनि बि एण्ड बी अस्पतालका केही डाक्टरहरूको सम्पर्कमा नै छु, बेलाबेलामा त्यसले दुःख दिन्छ । त्यतिबेला डाक्टरहरूसँग परामर्श गर्ने र सल्लाहअनुसार औषधी सेवन गर्ने गरिरहेको छु ।'

थुप्रै लडाइँका मोर्चाहरूमा भाग लिएका जनमुक्ति सेनाका प्लाटुन कमाण्डर श्रवण कमरेड 'अर्जुन'का नामले चिनिन्छन् । घाइते भएपछि उनी जनमुक्ति सेनाको नियमित टिमका लागि फिट भएनन् । उनको जिम्मेवारी फेरियो र मोरङ जिल्ला जनसरकार प्रमुखको जिम्मेवारी पाए । मुसहर समुदायबाट राजनीतिमा प्रवेश गरेको एउटा जोसिलो, हिम्मत र राजनीतिक चेतसमेत भएको युवा मोरङ जिल्लाको जनसरकार प्रमुख भए ।

कक्षा ८ सम्मको औपचारिक शिक्षा हासिल गरेका उनी राजनीतिक विचारमा निकै प्रस्ट थिए । सामाजिक विभेद, छुवाछुत, धनी र गरिबका बीचमा हुने वर्गीय विभेद अन्त्य गर्न राजनीतिक परिवर्तन आवश्यक छ र त्यो काम उनकै वर्गको नेतृत्वमा हुनुपर्छ भन्ने विचारमा उनी दृढ थिए । त्यसैले उनी २०५७ सालमा पूर्णकालीन कार्यकर्ताको रूपमा पार्टीमा आबद्ध भएका थिए । दैनिक ज्याला मजदुरी गरेर खाने अतिविपन्न समुदाय र परिवारको सदस्य यति धेरै राजनीतिक चेतसहित पार्टीको पूर्णकालीन कार्यकर्ता बन्नु चानचुने कुरा पनि थिएन । त्यसमाथि पनि भूमिगत राजनीति जसमा जीवनको कुनै भरोसा नै हुँदैनथ्यो ।

श्रवण र उनीजस्ता धेरैको सङ्घर्षपूर्ण योगदानले देशमा गणतन्त्र आयो । गणतन्त्रको घोषणा हुनुअघि गणतन्त्रको नारा लगाउने आफ्ना प्रतिनिधिलाई संविधानसभा भवनसम्म पुऱ्याउन श्रवणले पनि निकै मिहिनेत गरे । त्यसबीचमा युवाहरूको नेतृत्व गर्दै जिल्लामा निरन्तर सक्रिय भइरहे । इमानदारितापूर्वक राजनीति गर्ने भएकोले सम्पत्ति कमाउने तर्फ श्रवणले कहिल्यै सोचेनन् । त्यतिबेलासम्म उनले आदर्शका रूपमा हेर्ने गरेका केही नेताहरूको आर्थिक हैसियत फेरिन थालिसकेको थियो ।

उनी त्यसको पक्षमा थिएनन् । सोचेजस्तो परिवर्तन नआए पनि लडेर ल्याएको गणतन्त्रको सुरक्षा गर्दै समाजवाद स्थापना गर्ने अभियानमा निरन्तर लागिरहने उनी बताउँछन् । उनी भन्छन्, 'पार्टी र सङ्घर्षको मैदान छोडेर कतै जान्नँ, राजनीतिको बाटो सोझो हुँदैन भन्ने बुझेको छु तर पार्टी यथास्थितिमा अल्मलिने हैन गतिशिल भएर अगाडि बढी रहनुपर्छ ।' तिघ्रामा गढेको गोलीको बदलामा समृद्ध र समुन्नत समाजवादी नेपाल बनाउने उनको चाहना छ ।

श्रवण भन्छन्, 'म अहिले पनि आधारभूत ढङ्गले नै बाँचिरहेको छु र आदर्श राजनीतिलाई नै जीवनको लक्ष्य बनाएको छु, अहिले गणतन्त्र आए पनि त्यो गरीबको घर र बस्तिसम्म पुगेको छैन, यो गणतन्त्रलाई म गरीबको घरसम्म पुऱ्याउने अभियानमा छु ।'

पहिलेको तुलनामा श्रवणको आर्थिक जीवनमा केही फरक भने आएको छ तर पारिवारिक सङ्घर्षले । अर्जुनको औपचारिक शिक्षा थोरै भए पनि राजनीतिमा गरेको योगदान र सामाजिक सक्रियताले असल व्यक्तिको परिचय बनेको थियो । सोही परिचयले नर्सिङ शिक्षा हासिल गरेको शिक्षित महिला सुमन दाससँग विवाह गर्ने वातावरण बन्यो । त्यो पनि अन्तरजातीय विवाह । मधेशी र पिछडिएको समाजमा अहिले पनि यस्तो विवाह झगडाको ठूलो मुद्दाको रूपमा लिइन्छ । राजनीतिक चेतनाले सामाजिक कुरीति चिर्न उनी सफल देखिन्छन् ।

श्रवणकी श्रीमती सुमन दास सरकारी सेवामा प्रवेश गरेकी छिन् । प्राविधिक शिक्षा लिएकै कारण सुमन दास सरकारी सेवामा जागिरे भइन् । त्यसले श्रवणको राजनीतिक यात्रामा सहयोग पुऱ्याएको छ । श्रीमती तेह्रथुम जिल्लाको दुर्गम गाउँको स्वास्थ्य चौकीमा कार्यरत छिन् भने श्रवण छोरी हुर्काउँदै र पढाउँदै घरमै बसेर सामाजिक काममा सक्रिय छिन् । जीवन पहिलेको तुलनामा सहज छ । बुबाआमाले खेती किसानी गरिरहनुभएको छ । घरको काममा श्रवणले राम्रो सहयोग गरिरहेका छन् । उनी आफ्नो क्षेत्रमा वर्गीय प्रतिनिधिको रूपमा चिनिएका छन् भने समुदायमा मुसहरका अगुवाको रूपमा स्थापित छन् ।

राष्ट्रिय मुसहर सङ्घका केन्द्रीय अध्यक्ष चन्देश्वर सदाकाअनुसार नेपालमा विभेदमा परेका अर्थात् अमानवीय जीवन व्यतित गर्दै आइरहेका समुदायहरूमध्ये मुसहर पनि एक जाति हुन् । उनीहरू अझैसम्म पनि सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक र सामाजिकन्यायबाट समेत बञ्चित छन् ।

नेपालमा मुसहरको जनसङ्ख्या २ लाख ७० हजारको हाराहारीमा भएको तथ्याङ्क छ । मुसहरहरूको बसोबास नेपालको ३२ जिल्लामा रहेको दावी गरिए पनि नेपाल सरकारको तथ्याङ्कले भने २२ जिल्लामा मात्र मुसहर जातिको बसोबास गरेको पुष्टी गरेको छ । जनसङ्ख्याको ९५ प्रतिशत मुसहरहरु सुकुम्बासी र अतिविपन्न छन् । तीमध्ये ३ प्रतिशत मात्र साक्षर छन्, त्यसमा पनि महिलाको साक्षरता दर भने एक प्रतिशतभन्दा कम छ ।

अहिलेसम्म सरकारी सेवाको स्थायी अधिकृतमा एक जनाले मात्र प्रवेश पाएका छन् । मुसहर समुदायबाट दुई जना एमबिबिएस डाक्टर छन् भने चार जना स्टाफ नर्स छन् । स्नातकोत्तर उत्तीर्ण गर्नेको सङ्ख्या पनि चार जना मात्र छ । यही चेतनास्तर र आर्थिक धरातलबाट देश परिवर्तनको चेतसहित राजनीतिमा उदाएका आशलाग्दा युवा नेता हुन् श्रवण ऋषिदेव ।

तत्कालीन नेकपा माओवादीको राज्य समिति सदस्यको जिम्मेवारी निर्वाह गरिसकेका उनी पार्टी एकतापछि भर्खरै मोरङ जिल्ला कमिटीको सदस्य भएका छन् । जस्तोसुकै परिस्थितिमा पनि आफू पार्टीप्रति प्रतिबद्ध रहिरहने योद्धा श्रवणलाई आवाजविहीन भुइँ मान्छेहरूका लागि पक्कै समाजवाद आउनेछ भन्ने विश्वास छ । भन्छन्, 'म जनयुद्धमा गोली खाएर पनि बाँचेकोले होला अझै समाजवादको आशा मरेको छैन । नेकपाले समाजवाद निर्माणको बाँकी काम गर्ने नै छ । यो आजको हाम्रो वस्तुगत आवश्यकता हो ।'

●●●

*–प्रस्तुती गोकुल पराजुली*

# बन्दुकबाट कुटो–कोदालो

*'यसो छामेर हेर्दा हातैभरि रगत थियो । रगतले खुट्टासमेत सबै भिजेको रहेछ । तर मलाई गोली लागेको थाहा थिएन । विराटनगरको अस्पतालमा ल्याइयो । डाक्टरले गोली लागेको भागदेखि तल हात काट्नु पर्ने बतायो । सोही बमोजिम हात काटियो ।'*

*–कमरेड पर्वत*



*फणिन्द्र रसाइली*
*कमरेड पर्वत*

मुलुकमा राजनीतिक परिवर्तन गराउन बन्दुक बोकेर जनयुद्धमा होमिएका घाइते योद्धाहरूका हातहरु हिजोआज कुटोकोदालो बोकेर कृषि उत्पादनमा जोडिन थालेका छन् । माओवादी जनयुद्धमा बन्दुक बोकेका मोरङ केराबारी गाउँपालिका– ५ प्रगतिचोकका ३३ वर्षीय फणिन्द्र रसाइली पार्टीले दिएको जिम्मेवारी सम्हाल्दै अहिले कृषि कर्ममा लागेका छन् । माओवादी शान्ति प्रक्रियामा आएपछि पार्टीको नीतिअनुसार उनले कृषि पेशा अँगालेका हुन् ।

माओवादीले सशस्त्र सङ्घर्ष सुरू गर्दा फणिन्द्र ५ कक्षामा पढ्थे । गाउँमा माओवादी गतिविधि र प्रभाव बढ्दै गयो । अध्ययन गर्दागर्दै माओवादीले देखाएको देश बनाउने सपनाले उनको मनमा पनि मोह जगायो । 'बुर्जुवा शिक्षा' लिनु हुँदैन भन्दै पढाई छोडेर उनी ०६२ सालबाट पार्टीका लागि पूर्णकालीन भूमिगत भए । युद्धकालमा उनी 'पर्वत' उपनामले पार्टीको गतिविधिमा सक्रिय हुँदै गए । पार्टीमा उनलाई डोमज भुजेल भन्ने गाउँकै व्यक्तिले प्रेरित गरेका थिए ।

विद्रोही स्वभावका फणिन्द्रले आफू अन्याय र अत्याचारको विरूद्ध लड्न माओवादी पार्टीमा भूमिगत बनेको उनले घरपरिवारलाई जानकारी गराए । बुबा भद्रबहादुर (हाल स्वर्गीय) ले पनि उनलाई युद्धमा जान कुनै अवरोध गरेनन् । पार्टी प्रवेश गरेलगत्तै उनलाई पार्टी सदस्यता दिने निर्णय भयो । करिब दुई महिनासम्म पार्टीको 'पिएम'को जिम्मेवारी सम्हालेलगत्तै उनलाई जनमुक्ति सेनामा लैजाने पार्टीले निर्णय गर्यो ।

युवा जोसजाँगर भएकोले उनले धनकुटाको मौनाबुद्धकमा बसेरकोशी ब्रिगेडको १ नम्बर बटालीयनमा सेक्रेटरी भएर काम गरे । एक हप्ताको कठोर तालिमपछि उनी युद्धमा होमिएका थिए । उनको तत्कालीन विद्रोही सत्तासँग पहिलो युद्ध भोजपुरको घोरेटारमा भएको थियो । सेनाको 'सेक्सन भिसी'सम्म भएका फणिन्द्रकै नेतृत्वमा भोजपुरमा सेनाको ब्यारेक आक्रमण भएको थियो । बन्दुक बोकेर २०६२ सालदेखि उनले माओवादी लडाकुका रूपमा विभिन्न युद्धमा सक्रिय सहभागी भए ।

युद्धको क्रममा योद्धा फणिन्द्रले रक्तपात र मृत्युलाई नजिकैबाट देखेका छन् । त्यतिबेला उनको अतित अहिले पनि आँखैअगाडि नाची रहेकोछ । त्यो बेलाको युद्ध सम्झँदै फणिन्द्र भन्छन्, 'भोजपुरमा भएको घमासान युद्ध अहिले पनि सिनेमा झैँ झलझली आँखाअगाडि आइरहेको छ ।'

## डिआइजी माथि आक्रमण गर्दा हात गुम्यो

२०६२ साल चैतमा एसएलसीको परीक्षा चलिरहेको समय थियो । झापाको सुरूङ्गामा नेपाली सेनासहित डिआइजी आउने कार्यक्रम तय भएको सूचना आयो । पार्टीले डिआइजी चढेको गाडीमा आक्रमण गर्ने योजना बनायो । सोही योजनाअनुसार सुरूङ्गा अगाडिको पुलमा बिस्फोटन गराउँदा सेनाले जवाफी फाइरिङ गर्‍यो । सेनाले फाइरिङ गर्दा फणिन्द्रको बायाँ हातमा गोली लागेको थियो । उनी त्यहीं ढले । फणिन्द्रका कमरेड एक जनाको घटनास्थलमै साहदत प्राप्त भयो । अन्य चार जना घाइते भए ।

उक्त बिस्फोटमा नेपालप्रहरीका इन्सपेक्टरको पनि मृत्यु भयो । फणिन्द्रलाई उनका साथीहरूले त्यहाँबाट उठाएर ब्यारेक लिएर गए । **'प्राथमिक उपचार त भयो तर रगत रोकिएन,' उनले अतीत सम्झिँदै भने, 'यसो छामेर हेर्दा हातैभरि रगत देखियो, गोली लागेको भागबाट रगत बग्दै खुट्टासमेत भिजेको रहेछ, तर मलाई त्यो गोली लागेको थाहा थिएन ।' मलाई थप उपचार गर्न विराटनगर लगियो । डाक्टरले हात काट्नु पर्ने सल्लाह दिए । साहीअनुसार बाँया हात काटियो । त्यसपछि उनी गाउँ फर्केर पुनः पार्टीको काममा सक्रिए भए ।'**

उनले युद्धको मैदानमा दोहोरो भिडन्त चल्दा मर्ने बाँच्नेको कुनै चिन्ता नरहने बताए । युद्धमा होमिंदा आफ्नो टिमले हार्छ कि भन्ने चिन्ताले मात्र पिरल्ने गरेको उनले अनुभव सुनाए । 'त्यहाँ त केवल गोली र बम मात्रै कसरी प्रहार गर्ने भन्ने सोच हुन्थ्यो,' फणिन्द्रले भने ।

पार्टी शान्ति प्रक्रियामा आएपछि चाहिँ उनी खुल्ला राजनीतिमा व्यस्त छन् । पहिले बन्दुक पड्काउन युद्धमा भिडेका फणिन्द्र अब आफूमा हतियार तथा युद्धको कुनै मोह नरहेको बताउँछन् । विगतमा विभेदकारी शासनसत्ता विरूद्ध हतियार उठाउनु आवश्यक थियो । तर अब सामाजिक रूपान्तरणमा लाग्न आवश्यक भएकोले युद्ध देशलाई आवश्यक नभएको उनको बुझाइ छ । 'त्यो

अध्याय समाप्त भइसक्यो, परितर्वनका लागि धर्तीले मागेको रगत हामीले बगाइसकेका छौं,' उनले भने । आफूले लडेको युद्धलाई निकै गर्वका साथ प्रस्तुत गर्ने गरेका फणिन्द्रले माओवादीले गरेको युद्धकै कारण देशमा सङ्घीय गणतन्त्र आएको र त्यसको लाभ अन्य पार्टीहरूले पनि लिइरहेको उनले दाबी गरे ।

आफूहरूलाई 'लडाकु होइन 'पूर्व जनमुक्ति सेना' भन्न आग्रह गर्छन् योद्धा फणिन्द्र । 'लडाकु' सिद्धान्तहीन, दिशाहीन हुने र 'जनमुक्ति सेना' जनताको सेवाको निश्चित राजनीतिक उद्देश्य पूरा गर्न गठन गरेको संस्था थियो, उनले भने । दुई दर्जनभन्दा बढी प्रत्यक्ष युद्धमोर्चाहरूमा सक्रिय सहभागी उनीसँग हजारौं फायरिङ गरेको र सयौं बम हानेको अनुभव छ ।

## बन्दुकबाट कुटो–कोदालो

बन्दुक र बम बोक्ने योद्धा फणिन्द्रका ती हातहरु अहिले कृषि कर्ममा दत्तचित्त भएर खटिरहेको देख्न सकिन्छ । वर्षौंसम्म गोली, बम र बारूदसँग अभ्यस्त फणिन्द्रको हिजोआज आफ्नो आर्थिक आम्दानीको दरिलो माध्यम कृषि पेशालाई बनाएका छन् । उनीसँगै दुई छोरी, श्रीमती र आमा पनि छन् । जेठी छोरी ७ वर्षीया प्रशंसा कक्षा १ मा सुनसरीको इटहरी उपमहानगरपालिकाको तरहरास्थित सहिद स्कुलमा अध्ययरत छिन् । कान्छी छोरी ४ वर्षकी हिमशिखा स्थानीय बालकेन्द्रमा पढ्छिन । फणिन्द्र र उनकी श्रीमती भीममाया अहिले सँगसँगै खटेर कृषि कर्म गरेर परिवारको गुजारा चलाउँदै आएका छन् । सेना समायोजनमा स्वेच्छिक अवकाश रोजेर पाएको रकमबाट उनीहरूले नयाँ जीवन सुरु गरेका हुन् । 'आफ्नोभन्दा पनि छोराछोरीको भविष्य उज्ज्वल बनाउन र उनीहरूलाई राम्रो शिक्षा दिन लागी परेको छौं,' फणिन्द्रकी पत्नी भीममायाले भनिन् ।

सेना समायोजनपछि अवकाश बापत प्राप्त गरेको ५ लाख रूपैयाँले उनले व्यवसाय गरेर जीवन धान्ने योजना बनाएका थिए । व्यावसायिक उद्योग

सञ्चालन गर्ने पर्याप्त मात्रामा ज्ञान नभए पनि ४ लाख ५० हजार रूपैयाँ लगानीमा धरानमा उनले जुत्ताचप्पलको पसल सुरू गरेका थिए । राम्रोसँग ज्ञान हासिन गर्न नसक्दा आफूसँग भएको उनको सबै लगानी डुब्यो । व्यावसायिक दक्षताको अभावमा उनले लगानी पनि उठाउन सकेनन् । व्यापार घाटामा गयो । यसैले उनले पुनः घर आएर कृषि पेशा अँगाले । कृषिले उनलाई आत्मनिर्भर बनाएको छ ।

राजनीतिक क्रान्तिबाट देश बदल्ने भनेर लागेका उनी किसानका रूपमा अब 'कृषि क्रान्ति'को सपना देखिरहेका छन् । भन्छन्, 'समाज र देश बदल्छु भनेर लागियो तर, चाहेजस्तो भएन । अब आफ्नो जीवनचाहिँ आफ्नै मेहेनतले बदल्छु ।' उनले आफ्नो साढेतीन कठ्ठा जमिन र लिजमा लिएको करिब १५ कठ्ठा जमिनमा खेती गर्दै आएका छन् । मौसमअनुसारको बाली लगाउँदै आएका फणिन्द्रलाई उनकी श्रीमतीले सहयोग गरिरहेकी छन् । कृषि फर्म खोलेर उनले बाख्रा, बङ्गुर पालन गरेका छन् । आफैँ सक्रिय भएर गर्न सके कृषिबाट राम्रै आम्दानी गर्न सकिने उनले बताए ।

'श्रीमतीले घर र बाहिरको काम गर्दै आएकी छन्,' उनले भने, 'तरकारी खेती गर्न बारी खन्ने जोत्ने काम आफूले गर्ने गरेको छु ।' उनले साग, फर्सी, खोसार्नी, गोलभेडा आदि नगदे मौसमी खेती गर्ने गरेका छन् । पहिले दिनरात बन्दुक बोकेर युद्धमा खटिएका फणिन्द्रका हात हिजोआज कुटो-कोदालो बोकेर बारीमा खटिन्छन् । बारीमा लटरम्म टमाटर, काँक्रा, लौका, भिण्डी, खोर्सानी, मुला, धनियाँ, सिमी, भण्टालगायतका तरकारी फलेका छन् । उनी कृषिसँगै राजनीतिमा पनि उत्तिकै सक्रिय छन् । पार्टीको हरेक गतिविधि र कार्यक्रमा सरिक हुँदै आएका योद्धा फणिन्द्र भन्छन्, 'अहिले पनि पार्टीले दिएको जिम्मेवार कुशलतापूर्वक गर्दै आएको छु ।'

नेकपा युवा सङ्घ केराबारीको ५ नम्बर वडाका सचिव, दलित समन्वय समितिका अध्यक्ष, सिकती सामुदायिक बन उपभोक्ता समितिका सल्लाहकार समितिको संयोजक छन्, फणिन्द्र । हिजो देशमा भइरहेको अन्याय विरूद्ध

क्रान्ती गर्न लडेका उनी हिजोआज आर्थिक समृद्धिका लागि लडिरहेका छन् । भन्छन्, 'आत्मनिर्भर बन्नका लागि केही न केही उद्यम गर्नै पर्ने रहेछ ।'

'हिजो युद्धमा ज्यान हत्केलामा राखेर हिंडियो । सँगैका कैयौं कमरेड त्यहीँ सहिद भए। म बाँचें र आज कृषिसँगै राजनीतिमा पनि सक्रिय छु ।' उनी कृषि पेशालाई आधुनिकीकरण गरी तरकारी खेतीलाई व्यावसायिक बनाउने ध्यानमा छन् । जुनसुकै कामलाई धैर्यताका साथ निरन्तरता दिए, अवश्य सफल भइन्छ भन्ने उदाहरण बनेका छन् ।

कृषिलाई अब व्यावसायिकतातर्फ अघि बढाउन लागि रहेका उनी आफू किसानको सन्तान भएकोले कृषि कार्यमा लाग्दा कुनै दुःखेसो नभएको बताउँछन् । जनयुद्धमा सहभागी भएर योगदान दिन पाएकोमा पनि उनलाई गर्व छ । आफूहरूले लडेको जनयुद्ध जनताको चाहना र आवश्कताअनुसारको माग भएकोले त्यो सफल भएको तर आज जनताको माग शान्ति, समृद्धि भएको र युद्ध आवश्यक नभएको उनी बताउँछन् । आफ्ना विगतका अनुभूतिहरू सुनाउँदै फणिन्द्र भन्छन्, 'अब देशलाई युद्ध आवश्यक छैन, यसैलाई सबैले समृद्धि र सामाजिक रूपान्तरणमा लाग्न जरूरी छ ।'

## घाइतेको सन्तानलाई रोजगारी

वर्गसचेत कार्यकर्ताले आवश्यक खबरदारी गर्न चुक्ने हो भने 'जनयुद्ध'बाट प्राप्त उपलब्धी गुम्न सक्ने उनी चिन्ता व्यक्त गर्छन् । जसले जे भने पनि गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षता माओवादी 'जनयुद्ध'कै उपलब्धी भएको उनी निर्धक्क दाबी गर्छन् । यसैले राज्यले जनयुद्धमा सहभागी भएका सहिदका छोराछोरी तथा घाइते योद्धा र उनीहरूका सन्तानलाई रोजगारीको व्यवस्था गरिदिनु पर्ने उनको आकाङ्क्षा छ ।

●●●

*-प्रस्तुती अनिल श्रेष्ठ*

# प्यारालाइसिसको खतरा

*'जनवादी क्रान्तिको कार्यभार पूरा भएकै छैन अनि कसरी समाजवाद आउँछ ?' मेरो बुझाइमा देश पूर्णरूपमा स्वतन्त्र नभइकन समाजवाद आउँदैन । मलाई राताराात देशको सीमा मिचिएको प्रति दुःख लागेको छ । नेताहरूले असमान सन्धि सम्झौता खारेजीको सवाल उठाइरहनु पर्दछ । सीमा मिचिने कार्यलाई रोक्नु पर्छ ।'*

*–कमरेड सुजता*



*गंगामाया वन*
*कमरेड सुजता*

आकाशबाट सेनाको हेलिकप्टरले बमबारी गरिरहेको थियो । जमिनबाट पनि अत्याधुनिक हतियारबाट तीव्र र चौतर्फी आक्रमण भएका बखत मृत्युको मुखबाट जोगिएकी गंगामाया वन कमरेड सुजता जनयुद्धकालमा भोजपुर, खोटाङ, सोलुखुम्बु आदि भूभागमा मात्र हैन घोडेटार, भोजपुर, ऐंसेलुखर्क, खोटाङ, चैनपुर, सङ्खुवासभाका मोर्चामा समेत सक्रिय थिइन् ।

सोलुखुम्बु जुबु गाविसका किसान महेन्द्रमान तथा धनमाया वनका ६ सन्तान मध्येकी जेठी छोरी हुन् सुजता । महेन्द्रमानको घरदेखि तल बग्ने दूधकोसीमा सेता छालहरु मडारिएर आउँथे । सेता छालहरु शान्त लाग्थे । तर, कमरेड सुजताको गाउँ भने शान्त थिएन । गाउँमा सामन्त फटाहाहरूले किसानहरूलाई दुःख दिएकाले सुजताको गाउँ अशान्त थियो । अशान्तको खबर सुनेका राता मान्छेहरु क्रान्तिको ज्वारभाटा लिएर गाउँ आउन थाले । दूधकोसीमा आउने शान्त छालहरूले भन्दा गाउँघरमा आउने राता मान्छेहरूको हुलले २१ वर्षकी युवती गंगामाया वनलाई रोमाञ्चित बनायो । २०५८ बैशाख ९ गतेदेखि उनी पूर्णभूमिगत भएर माओवादी जनयुद्धमा लागिन् । वि.सं. २०३७ कात्तिक ३ गते जुबुमा जन्मिएकी सुजता वनको पार्टीकै सहयोद्धा भोजपुर साविक देउरालीका तीर्थराज तामाङ कमरेड पेमासँग जनवादी विवाह भएको थियो ।

२०६२ माघ १० गते लडाइँबाट फर्किंदै गर्दा गंगाकुमारी वन कमरेड सुजता गम्भीर घाइते भइन् । इटहरीबाट गएको तत्कालीन सत्ताको सेनाले आकाशबाट एटिवान मोर्टार, तोराबोरा बम, टुइन्च मोर्टार र जमिनबाट उनीहरूको टोलीलाई तीव्र आक्रमण गर्दा उनको छेउमै भयङ्कर आवाजका साथ बम बिस्फोट भयो । पछाडि कम्मरमुनिको भागमा बमको ठूलो चोइटा पस्यो । त्यसपछि घुँडाको पाङ्ग्रा भासियो । उनी त्यही ठाउँमा लम्पसार परिन् । जनमुक्ति सेनाको स्वास्थ्य विभागमा काम गर्ने उनी आफैँ गम्भीर घाइते भइन् । उनी आफैँ घाइते भएपछि अरू घाइते योद्धाको उपचारमा झन् जटलिता सिर्जना भयो । त्यसबेला उनी जनमुक्ति सेनाको प्लाटुन कमाण्डर थिइन् ।

घाइते उनी ओइलाएको सागजस्तै भएर ढलिरहेकी थिइन् । कोही कमरेड आक्रमणलाई निस्तेज पार्न प्रत्याक्रमणमा जुटे । कोही उनलाई पानी खुवाउन लागे । बेहोस भई ढलेकी उनलाई अर्को टोलीका कमरेडले बाँस र तन्नाबाट बनाइएको स्टेचरमा बोके । त्यसपछि भोजपुर बैकुण्ठेको जङ्गलमा लगेर उनको प्राथमिक उपचार गरियो । चार दिनपछि उनको होस खुल्यो । त्यसको १ महिनापछि उनलाई तात्कालिन पार्टीका नेता सावित्री काफ्ले

कमरेड समर र कमरेड निर्माणले महोत्तरी जिल्लाको सिमानाबाट रेल चढाएर भारतको पन्जाव अस्पतालमा उपचार गर्न पठाए । उनले त्यतिबेलाको दृश्य स्मरण गर्दै भनिन्, 'त्यतिखेर उपचार गर्न जानेमा हामी पूर्व र पश्चिमका धेरै कमरेडहरू थियौं ।' त्यतिबेला युद्धरत माओवादीले आफ्ना सेनाहरूलाई लडाइँको अनुभव आदान-प्रदानका लागि पूर्वकालाई पश्चिम र पश्चिमकालाई पूर्व पठाउने गर्दथ्यो । उनको भनाइअनुसार सीमा पार गर्दा भारतीय सुरक्षाकर्मीले झण्डै पक्राउ पनि गरेको थियो । ५ मिनेट मात्रै छिटो गर्दा कमरेड समर सुरक्षित भएको उनले स्मरण गरिन् ।

हाल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को प्रदेश १ सहइन्चार्ज रहेका सावित्रीकुमार काफ्ले (कमरेडसमर) ले त्यतिबेला ठूलै चुनौती मोलेर घाइते योद्धाहरूलाई उपचार गर्न सीमापार लाने सबै प्रवन्ध मिलाएको उनले भने । उपचारमा पठाइएका कमरेडहरूको अवस्था अत्यन्त दर्दनाक भएको उनले स्मरण गरे । उनले भने, 'त्यतिबेला हामीले घाइते योद्धाहरूको उपचारलाई पहिलो प्राथमिकता र प्रमुख जिम्मेवारी सम्झेर काम गर्‍यौं ।' सुजताले भनिन्, 'पन्जाव अस्पतालमा मेरो शरीरबाट टुइन्च मोर्टारको गोली निकालियो ।' अहिले पनि आफ्नो शरीरमा बमको चोइटा भएको कमरेड सुजता बताउँछिन् । डाक्टरलाई उद्धृत गर्दै उनले थपिन्, 'नशाभित्र बमको चोइटा छ रे ! डाक्टरले नशाभित्रको बमको चोइटा निकाल्न खुट्टा काट्नु पर्छ भने पछि मैले मानिनँ ।'

पन्जाब अस्पतालमा दुई महिना पछि उनी ह्वील चियरमा बस्न सक्ने भइन् । ह्वील चियरकै सहायतामा आफू यताउता हिंड्न थाले पछि नेपाल फर्किने योजना बन्यो । उनी नेपाल फर्किंदै गर्दा तत्कालीन ७ राजनीतिक दल र माओवादीबीच १२ बुँदे सम्झौता हुँदै थियो, उनले स्मरण गरिन् । 'हामी रेलमा लुक्दै लुक्दै नेपाल आयौं ।' उनले सुनाइन् । नेपाल आएपछि पनि अब के हुन्छ भन्ने उनलाई लागिरहेको थियो । १२ बुँदे सम्झौताको अर्थ के हो ? यसले पार्टी र आन्दोलनलाई कता मोड्ने हो भन्ने जिज्ञासाले आफूलाई सताइरहेको उनले बताइन् ।

नेपाल आइसकेपछि हिँड्डुल गर्न उनले बैसाखीको सहरामा लिनुपर्‍यो । त्यसपछि पनि उनले काठमाडौंको वीर अस्पतालमा उपचार गराइन् । त्यहाँ उपचार गराउँदा गराउँदै देशमा शान्ति प्रक्रिया सुरू भइसकेको थियो ।

'उपचारको क्रममा काठमाडौं बस्दा युद्धकालका धेरै कमरेडहरू उतै भेटिन थाले', उनले भनिन् । 'मजस्तै घाइते कमरेडहरू उपचार गर्न आएका रहेछन् ।' काठमाडौंमा एकाएक हुलका हुल आफ्ना माओवादी कमरेडहरू देख्दा भेट्दा आहा ! सत्ता कब्जा पो भएछ कि क्या हो भन्ने पनि उनलाई लाग्यो रे ?

हाल धरान– ११ मा अस्थायी बसोबास गर्ने उनी बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि धाइरहेकी छिन् । तर, नियमित उपचार गराउन, औषधी किन्न खर्च अभाव भएको सुजता बताउँछिन् । 'खुट्टा पोलिरहन्छ, खुम्च्यायो भने पसार्न गाह्रो हुन्छ, पसार्‍यो भने खुम्च्याउन गाह्रो हुन्छ,' उनले भनिन्, 'डाक्टरले पछि प्यारालाइसिस हुनसक्छ भनेपछि म झस्किएकी छु ।'

उनी २०५८ बैशाख ९ गते माओवादीको पूर्णकालीन कार्यकर्ता बनिन् । जुझारू, व्यवस्थापकीय कुशलताकै कारणले उनले पार्टीमा आबद्ध भएको छोटो समयमानै नेतृत्वमा आउन सफल भइन् । माओवादीको भगिनी सङ्गठन अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की सोलुखुम्बु जिल्ला कमिटी सचिव, उपाध्यक्ष भएर महिला मुक्ति आन्दोलनलाई जिल्लास्तरमा हाँकिन् ।

त्यसबेला माओवादीले पुरानो सत्तालाई चुनौती दिँदै जिल्ला जनसरकार घोषणा अभियान चलाएको थियो । सोलु जिल्ला जनसरकार सदस्य भएर पनि भूमिका निर्वाह गरेको अनुभव उनीसँग छ ।

सत्तासँगको लडाइँमा घाइते भएका योद्धाहरूलाई उपचार गराउन माओवादी आफैँले प्राथमिक स्वास्थ्य चिकित्सकहरूको टोली गठन गरेको थियो । सुजताको सम्झनामा, 'ठूला–ठूला झोलामा औषधी र उपचार गर्ने उपकरण बोकेर जनस्वास्थ्यकर्मीको टोली जनमुक्ति सेनासँगै हिँड्थ्यो, सम्भव भएसम्म

ती डाक्टरले जनमुक्ति सेनालाई लागेको गोली अप्रेसन गरेर निकाल्थे, संवदेनशील अङ्गहरूमा लागेको गोली भने निकाल्न सकिँदैनथ्यो ।' त्यो टोलीमा कमरेड सुजता पनि थिइन् । उनले जनस्वास्थ्यकर्मी भएर घाइते योद्धाहरूको उपचार गरिन् ।

त्यतिबेला सोलु, खोटाङ, भोजपुर र सङ्खुवासभाका केही भाग मिलाएर माओवादीले सिलिचोङ आधार जिल्ला बनाएको थियो । त्यस जिल्लामा परिचालन हुने जनमुक्ति सेनाको उनी प्लाटुन कमाण्डर भएर जिम्मेवारी निर्वाह गरिन् । खोटाङको ऐसेलुखर्क, भोजपुरको रिपिटर टावर, सङ्खुवासभाको चैनपुर मोर्चामा उनी स्वास्थ्य शाखाअन्तरगत खटिएकी थिइन् ।

अहिले पनि उनले नेतृत्वको शृङ्खलालाई निरन्तरता दिइरहेकी छिन् । मोहन वैद्य कमरेड किरणले नेतृत्व गरेको पार्टी नेकपा क्रान्तिकारी माओवादी निकट शिक्षकहरूको सङ्गठन राष्ट्रिय शिक्षक सङ्गठनको प्रदेश १ सदस्यको भूमिकामा उनी सक्रिय छिन् । साथै सोही पार्टी निकटको घाइते अपाङ्ग सङ्घको प्रदेश १ संयोजकको पनि जिम्मेवारी सम्हाली रहेकी छिन् ।

त्यतिबेला माओवादी निकट अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन क्रान्तिकारीले बुर्जुवा शिक्षाको भण्डाफोर अभियान चलाएको थियो । युवाहरू आफ्नो सर्टिफिकेट च्यात्दै माओवादीमा सङ्गठित हुँदै जनमुक्ति सेनामा भर्ति हुन्थे । शैक्षिक संस्थाहरूमा बुर्जुवा शिक्षा बहिष्कार अभियान नै चलाएका थिए, उनी विगत सम्झन्छन् ।

माओवादी पार्टीमा सङ्गठित हुँदै गर्दा बुर्जुवा शिक्षाको सर्टिफिकेट उनले पनि बाँकी राखिनन् । २०५६ मा एसएलसी पास गरेको प्रमाण–पत्र च्यातेर हिँडेकी उनको मन घुम्दै फिर्दै रूम्जाटार भनेजस्तै भयो । उनको मनले १८० डिग्रीको फन्को मार्‍यो । पढाइलाई पुनः निरन्तरता दिने सोच पलायो । त्यसपछि उनले धनकुटाको क्षेत्रीय शिक्षा निर्देशनालयबाट सर्टिफिकेट निकालेर २०६७ देखि धरानको शारदा बालिका उच्च माध्यमिक विद्यालयबाट राम्रो

अंक ल्याएर ०६९ मा १२ कक्षा पास गरिन् । त्यसपछि उनले महेन्द्र बहुमुखी क्याम्पसमा धरानमा एलएलबी पढ्न थालिन् । त्यसमा पनि राम्रो अंक ल्याएर स्नातक पास गरिन् । हाल उनी नेपाली विषयमा मास्टर्स पढिरहेकी छिन् । 'थेसिसको तयारीमा छु,' उनले थपिन् ।

आफूले लडेको जनयुद्धले परिवर्तन गरेको भनिए पनि आफैँलाई चाहिँ परिवर्तनको अनुभूति नभएको उनको अनुभव छ । उनले भनिन्, 'म कानूनको विद्यार्थी पनि हुँ, मैले बुझेअनुसार कानून पुरानो नै छ, कार्यान्वयन गर्ने मान्छे पनि पुरानै सोचका छन् अनि कसरी हुन्छ परिवर्तन ?' नेपाललाई स्वतन्त्र बनाउन जनयुद्ध लडेको उनले स्मरण गरिन् । तर, पूर्ण स्वतन्त्र नभएकोमा दुःख लागेको उनले बताइन् । उनले नेताहरूले २१औं शताब्दीको जनवाद पढाएको पनि स्मरण गरिन् । खोइत जनवाद ? उनले प्रश्न गरिन् । वर्गीय, जातीय, लैङ्गिक मुक्ति र आदर्शका राजनीतिक सिद्धान्त नेताहरूले पढाए, पढियो पनि त्यसलाई व्यवहारमा उतार्न जनयुद्ध पनि लडियो तर, ती सबै प्राप्त नभएको उनको बुझाइ छ । समाजमा सबैखाले शोषण, दमनको अन्त्य हुन्छ भन्ने लागेको थियो तर, भएन उनले भनिन् ।

घाइते, अपाङ्ग योद्धाहरूको हेरचाहमा उनले नेताहरूलाई पटक–पटक सुझाव दिएको बताइन् । आफ्नो सुझावको बेवास्ता गरेको उनको गुनासो छ । उनले भनिन्, 'नेताहरूले हामी घाइते, अपाङ्गहरूको सुझाव मनन गरेको भए अहिले यस्तो अवस्था आउने थिएन ।' सत्यनिरूपण तथा मेलमिलाप आयोग बने पनि त्यसले काम नगरेको उनको भनाइ छ । सरकारले बनाउने आयोगहरूमा जनयुद्धका घाइते अपाङ्गहरूको पनि प्रतिनिधित्व हुनुपर्ने उनको माग छ ।

अहिले मोहन वैद्य कमरेड किरणले नेतृत्व गरेको पार्टीमा आबद्ध भएकी उनले देश परिवर्तनको निम्ति निरन्तर लागिरहन सबै नेताहरूलाई सुझाव दिइन् । अहिले नेताहरूले समाजवादको नारा उराले पनि पहिले जनवाद ल्याउनु पर्ने अनि मात्र समाजवाद आउने उनको तर्क छ । उनले प्रतिप्रश्न गर्दै भनिन्,

'जनवादी क्रान्तिको कार्यभार पूरा भएकै छैन अनि कसरी समाजवाद आउँछ ?' मेरो बुझाइमा देश पूर्णरूपमा स्वतन्त्र नभइकन समाजवाद आउँदैन । मलाई रातारात देशको सीमा मिचिएको प्रति दुःख लागेको छ । नेताहरूले असमान सन्धि सम्झौता खारेजीको सवाल उठाइरहनु पर्दछ । रातारात सीमा मिचिने कार्यलाई रोक्नु पर्छ ।'

उनले घाइते, अपाङ्गता भएकाहरूलाई गाँस, बास, कपासको व्यवस्था गरिनु पर्ने माग गरिन् । साथै रोजगार, बालबच्चा पढाउने व्यवस्था गर्न पनि उनले पार्टी तथा सरकारसँग माग गरिन् । सेना समायोजनको समयमा ७० हजार रकम पाएको बताएकी उनले भनिन्, 'हाम्रो दिगो वा स्थायी व्यवस्थापनमा सरकार गम्भीर हुनु जरूरीछ ।' उनले भनिन्, '७० हजार रकमले मजस्तो घाइतेलाई के नै गर्न पुग्थ्यो र ?' गणतन्त्र ल्याउन लडेका योद्धाहरूलाई राज्यले सम्मान गर्नु पर्ने कुरामा उनले जोड दिइन् ।

नेकपा क्रान्तिकारी माओवादीको सुनसरी जिल्ला इन्चार्ज यादव प्रधान कमरेड मनोजले सुजता एक वैचारिक, राजनीतिकरूपमा स्पष्ट महिला नेतृ भएको बताए । उनले अझ थप्दै भने, 'सुजतामा इमानदारिता, लडाकु क्षमता, सक्रियता आजका दिनमा पनि छ ।' उनका श्रीमान कमरेड पेमाले कमरेड सुजतालाई एक क्रान्तिकारी सक्षम महिलाको रूपमा चित्रित गरे । उनले भने, 'चित्त नबुझेको र गलत कुराको सशक्त, तर्कसङ्गत हिसाबले प्रतिवाद गर्ने सुजताको बानी छ ।' कविसमेत रहेका पेमाले भने, 'मेरो जीवन सङ्गिनीको सङ्घर्षमय जीवन बाँच्ने साहस, अठोट र शैली देखेर म प्रभावित भएको छु ।'

●●●

*-प्रस्तुती राजन केडी*

# जेल ब्रेकको इतिहास



*कुलबहादुर कार्की*
*कमरेड आनन्द*

*'यसरी जेल ब्रेक गरेपछि हिड्दै जाँदा बाटोमा राजुराज भन्ने व्यक्तिसँग भेट भयो । जेलबाट भागेको सबै सत्य सुनाएपछि राजुराज आनन्दलाई सहयोग गर्न तयार भए । त्यसपछि अशोक सदा र रोशन सहनीसँग भेटभयो । लामो समयसम्म त्यही बसिरहन समस्या थियो । त्यसैले उनीहरूकै सहयोगमा म सिराहाको माडरसम्म आइपुगेँ ।'*

*-कमरेड आनन्द*

विभिन्न ऐतिहासिक कालखण्डमा भएका राजनैतिक आन्दोलनमा सहभागी भएका जनता, नेता र कार्यकताहरू सबैको आ-आफ्ना कथाहरू छन् । सङ्घर्षका ओजपूर्ण र वास्तविक भोगाई सहितको कथा । प्रजातान्त्रिक आन्दोलनका हस्ती गणेशमान सिंहले जेल तोडेर तात्कालिन राज्यसत्ता माथि धावाबोलेको कथा धेरैले सुनेका छन् । सङ्घर्षको मैदानमा सुरक्षाको बलियो घेरबन्दीबाट उम्किएर फेरि आन्दोलनको मोर्चामा सहभागी हुने कुरा धेरैका लागि कल्पना मात्र हुनसक्छ ।आन्दोलनका सिपाहीहरूले त्यस्ता कल्पनाहरूलाई यथार्थमा परिणत गरेर इतिहास निर्माण गर्दछ । समय क्रममा त्यस्ता धेरै

योद्धाहरूको जन्म भएको छ । अर्थात नेपालको परिवर्तनकारी आन्दोलनहरूमा त्यस्ता कयौं व्यक्ति–व्यक्तित्वहरू छन् जसको फरक–फरक सङ्घर्ष, भोगाई र अनुभवका गाथाहरू वर्तमान इतिहासमा पनि जीवन्त छन् ।

सङ्घर्षको मैदानमा यस्ता इतिहास बनाउने प्रतिनिधिपात्र हुन्, कुलबहादुर कार्की, कमरेड आनन्द । नेपालको होइन भारतकै जेल ब्रेक गर्ने सहासी योद्धा कमरेड आनन्दको कथा अझ रोचक छ । शोषण, दमन, अन्याय, अत्याचार, विभेद र अव्यवस्थाको विरूद्ध उनी महान जनयुद्धको राजनैतिक प्रक्रियामा होमिए । त्यो क्रान्तिकारी विचार जसले वर्ग, जाति, क्षेत्र र लिङ्गको समान हक र अधिकारहरूको वकालत गर्दथ्यो । तर त्यस्तो प्रगतिशील विचार बोकेकाहरूलाई पुरानो राज्यसत्ताले चरम दमन गर्दथ्यो । अर्थात विभेद र असमानता विरूद्धको आन्दोलन राज्यसत्ताका अगाडि अपराध ठहरिन्थ्यो । सत्ताको दमनमा पिसिएर बस्न नचाहने कमरेड आनन्द त्यस्तो राज्यसत्ता विरूद्ध विद्रोहमा लामबद्ध हुने निर्णयमा पुगे ।

२०५८ साल भदौ ११ गते कुलबहादुर कार्कीको ऐतिहाशिक दिन थियो, जुन दिन उनी पूर्णकालिन कार्यकर्ता भएका थिए । उनका लागि सबैभन्दा खुसीको दिन पनि त्यही थियो । पूर्णकालिन भएसँगै उनी जनमिलिसिया हुँदै जनमुक्ती सेनाको प्लाटुनमा सहभागी बने । जनमुक्ती सेनामा आवद्ध भएको ठीक तीन महिनामै उनले २०५८ मङ्सीर १० गते आक्रर्मण गरिएको पूर्वकै महत्वपूर्ण र चर्चित सोलु सल्लेरी मोर्चा लडे । त्यस लगतै माघ १० गते पाँचथरको गोपेटार मोर्चामा सहभागी भए । त्यसपछि सङ्खुवासभाको चैनपुर, सिन्धुलीको भिमान र भोजपुरको मोर्चामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गरेका कमरेड आनन्द जनयुद्धका घाइते योद्धा हुन् ।

कमरेड आनन्द सहितको जनमुक्ती सेनाको नियमित फोर्स रौतहटको कर्मैया हान्ने योजनामा अघिबढे । तर बीचमा फौजी योजनाको सूचना चुहिएको कारण कर्मैया आक्रमणको योजना स्थगित भयो । त्यहाँबाट टोली रिट्रिट भयो । नयाँ ठाउँ हुनाले आनन्दलाई आफू भएको सबै भूगोलको याद छैन । त्यहि बीचमा जनमुक्ती सेनाले नयाँ फौजी योजना तयार गऱ्यो । चुरेफेदीमै

रहेको एउटा सुरक्षा बेस क्याम्पमा आक्रमण गर्ने योजनाअनुसार सबै तयारी भयो । कमरेड आनन्द भन्छन्, 'नक्साहरूको अध्ययन गर्‍यौं, त्यसैअनुसारका आर्कहरू तयार पार्ने काम गर्‍यौं ।' आनन्दसहितको सेक्सन फस्ट एसल्टमा परेका थिए । त्यसमा मकवानपुरका कमरेड प्रदिपले नेतृत्व गरेका थिए ।

बिहानको खाना खाएपछि चुरेको फेदी खोलैखोला जनमुक्ती सेनाको टोली पूर्वतर्फ लाग्यो । साँझ साढें ७ बजेतिर बेलुकीको खाना खाएपछि युद्धको अन्तिम तयारी गर्दै टोली अघि बढ्यो र पुग्यो सिन्धुलीको भिमान । त्यहाँ पुगेपछि मात्र थाहा भयो कि रेकी गर्दा केही त्रुटीहरू भएका रहेछन् । नक्सा अध्ययन गराउँदा काँडेतारको घेरामात्र छ भनिएको थियो तर त्यहाँ त जमिनमै तार बिच्छाइएको रहेछ । अघि बढिसकेको टिमलाई बीचमा केही असजिलो हुनपुग्यो, यद्यपि टोली अघि बढ्यो । योजनाअनुसारै जनमुक्ती सेनाले फायर खोल्यो । कमरेड आनन्दको आर्कले कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्दै थियो । उनी भन्छन्, 'फायर गर्दै कभर चेन्ज गर्दै गइरहेका थियौं । दुई वटा सेन्ट्री पोष्ट कब्जामा लिइसकेका थियौं, कभर चेन्ज गर्न लाग्दा म घाइते हुन पुगें ।'

त्यतिबेला आनन्दको हातमा थ्री नट थ्री राइफल थियो । राइफलको कुञ्जा बलियोसँग समातेकै कारण उनको ज्यान भने जोगियो । सत्रुपक्षबाट फालिएको ३६ ग्रिनेट उनकै अघिल्तिर पड्कियो । 'मेरो हातमा राइफल थिएन भने म त्यही सहिद भइसकेको हुने थिएँ,' आनन्दले भने । 'मेरो हत्केलामा गहिरो चोट लाग्यो, ३६ ग्रिनेडका छर्राहरू अनुहार र टाउकोमा जतातती गाडियो, आँखा तत्कालै बन्द भयो ।' सहयोद्धा कमरेडहरूलाई घाइते भएको कोडभाषामा जानकारी गराए पछि कमरेडहरूको सहयोगमा बिस्तारै उनलाई मेडिकल टिमसम्म पुर्‍याइयो । स्ट्रेचरमा राखेर लैजान खुट्टामा लगाएको बुटले अफठ्यारो पारेपछि घाइते आनन्दले भने, 'मेरो चोट अनुहार र टाउकोमा मात्र छ, मलाई दुई जनाले सहारा दिनुस् आफैँ हिडेर जान्छु ।'

मोर्चामा सहभागी डा. सुनिलले उहाँको प्रारम्भिक उपचार गरे । 'अनुहार छियाछिया भएको देखेपछि कति त रून कराउननै थाले' आनन्दले भने ।

'डाक्टरले बिरामीको अगाडि यस्तो नगर्न भनेपछि उपचार स्थल खाली गराइयो ।' उनीलगायत घाइतेहरूको उपचार हुँदा–हुँदै भिमान मोर्चा सफल भयो । सबै कमरेडहरू विजयमा खुसियाली मनाउन थाले । सानदार जित भएको हुँदा त्यहाँ तत्काल सुरक्षाको थ्रेट थिएन । सबै जुटेर घाइतेहरूको उपचारको प्रवन्ध सुरू भयो । आँखामा चोट लागेका कारण आनन्दलाई सर्लाहीको हरिवनस्थित आँखा अस्पतालमा लैजाने कुरा भयो । सोहीअनुसार जनमुक्ती सेनाको सुरक्षा घेरामा राख्दै रौतहटको सिमानासम्म पुऱ्याइयो । त्यहाँ उनको उपचार सुरू भयो । आँखामा पसेका बारूद्ध हटाएपछि उनलाई केही आराम भए पनि राम्रोसँग आँखा देख्न भने सकेनन् । अरू चोट पनि भएकोले उनको थप उपचारको लागि महोत्तरीको हातिलेट भन्ने ठाउँमा लैजाने योजना बन्यो । त्यहाँ तामाङहरूको बस्ती रहेछ, तर पुग्नै लाग्दा सुरक्षा फौजले घेराबन्दी गरेर आक्रर्मण गर्दा दुई जना कमरेडहरूले साहदात प्राप्त गरे । सुरक्षाको कारण उक्त बस्तीमा जाने अवस्था नभएपछि उनलाई उखुबारीमा लुकाएर राखियो ।

एक दिन त्यहाँ बसेपछि उपचारका लागि उनलाई रिक्सा र साइकल चढाउँदै भारततर्फ लगियो । उनी भन्छन्, 'आँखा देखिदैनथ्यो, आँसु एकनासै आइरहन्थ्यो, अरू चोट पनि थियो । अरू घाइते कमरेडहरू पनि हुनुहुँदो रहेछ तर आखाँ बन्द भएकोले चिन्ने कुरा थिएन ।' उनीहरूको रेखदेख कमरेड केशवले गरिरहेका थिए । त्यतिखेर कमरेड पुष्पेन्द्र यादव, कमरेड मनिषलगायतका कमरेडहरू भारतको दरभंगास्थित अस्पतालमा घाइतेहरूलाई सहयोग गरिरहेकै थिए । भारतीय प्रहरीले अस्पताल छेउको गेष्ट हाउसहरूमा छापा मार्ने क्रममा आँखा नदेख्ने बिरामी भएको कारण उनी पक्राउ पर्नबाट जोगिए । अन्य घाइते कमरेडहरू प्रहरीलाई छलेर उम्किए । उनी भने आँखा नदेखेकै कारण भागेनन् । यद्यपि प्रहरीले कसैलाई पक्राउ गर्न भने सकेन । तर यता उनीहरूलाई उपचारमा सहयोग गरिरहेका कमरेड पुष्पेन्द्र यादव पक्राउ परेपछि भने प्रहरीले पुनः छापामारेर आनन्दलाई पनि भोलिपल्ट पक्राउ गऱ्यो । उनलाई प्रहरीले हिराशतमा निकै यातना पनि दिएको थियो । उनले भने, 'पैतला र तिघ्रामा धेरै कुटे । 'भाषा बुझिदैनथ्यो, जसको कारण मानसिक यातना भने खेप्न परेन ।'

केही दिनपछि अदालतको आदेश आयो । उनलाई तारामण्डल दरभंगा जेलमा राखियो । त्यहाँ भारतीय माओवादी कम्युनिष्ट सेन्टरका बन्दीहरू पनि थिए । उनीहरूसँग चिनजान र मित्रता भएपछि उनीहरूको रेखदेखमा भारतीय कमरेडहरूले सहयोग गरे । घाइते भएकोले जेलभित्रकै अस्पतालमा उनको उपचार सुरू भयो । उपचार अवधिभर लक्ष्मण सहनी, नवल सहनी रोशन सहनी, अशोक सदाहरूले पूरै सहयोग गरे । अरू घाउहरू निको भए पनि उनको आँखा ठीक भएको थिएन । जेलमा बसेको करिव ११ महिना भइसकेको थियो । प्रहरीका उच्चअधिकारीहरू जेल भिजिटमा आएका थिए । भारतीय माओवादी कम्युनिष्ट सेन्टरका कमरेडहरूको सुझावअनुसार उनले उपचार नपाएको गुनासो गरे । त्यसपछि मात्र उनको पट्नामा उपचार प्रक्रिया अघि बढ्यो । केही दिनपछि देब्रे आँखाको शल्यक्रिया भयो । १४ महिनापछि एउटा आँखा देख्नथाले भने । तर अर्को आँखाको उपचार भने गरिएन ।

जेल बसाइकै क्रममा सप्तरी मौवातिरका एकजनासँग उनको चिनजान भयो । मौवाका शिक्षक हरिप्रसाद यादवलाई चिन्ने व्यक्ति रहेछन् ती युवा । उनैमार्फत हरि सरलाई आनन्द भारतीय जेलमा भएको खबर पठाइयो । हरि सर र आनन्दका बुवा भेट्न कारागारमै आए । 'आफूलाई पढाएका शिक्षकसँग अन्तरङ्ग गफ गरें, बुवासँग भने धेरै बोलिनँ' आनन्द भन्छन् ।

यसैबीच, सन् २००४ मा नेपालतर्फ ठूलो बाढी आएको रहेछ । बाढी आउँदैछ भन्ने हल्ला फैलियो । बिस्तारै जेलमा पानीको सतह बढ्न थाल्यो । जेल पूरै डुब्न थालेपछि सयौं कैदीबन्दीहरूले आन्दोलन सुरू गरे । कोही छानामा र कोही कैदीहरू रूखमा चढेर बसे । दिउँसो एक जना भाग्न खोज्नेलाई प्रहरीले गोली हानेर मारिदियो । रातपरेपछि जेलमा ठूलो आतङ्क मच्चियो । त्यसबेला पूरै जेल डुबेको थियो । कैदीहरू बाँच्नका लागि जेल फुटाउन थाले तर सफल भएनन् । जेलको एउटा कुनामा फलामको पोल रहेको र त्यहीबाट मानिसहरू भागिरहेको हल्ला आएपछि ललित माझी र आनन्द पनि उतै लागे । मानिसहरू बल्लतल्ल पोलमा चढ्थे तर भित्रै झर्थे । ललित र आनन्द

पनि मुस्किलले पर्खाल माथि पुगे । पुलिसले टर्चलाईट घुमाएपछि जेल भित्रै फालहाने । एउटा मात्र आँखा देख्ने आनन्दले भाग्नुको विकल्प छैन भन्ने सोचे । अर्का कैदी मोहमद नाइद र आनन्द फेरि पर्खाल उक्लिए र बाहिर पानीमा हामफाले । पौडिदै निकै परपुगेपछि रेलको लिक भेट्टाए । लिकैलिक चार पाँच घण्टा हिडेपछि बस्ती आयो ।

मोहमद नाइदको घर त्यही रहेछ । उनी घर गए । कमरेड आनन्दको लागि त्यो ठाउँ नितान्त नयाँ थियो, जसले गर्दा कता जाने या नजाने भन्ने नै थिएन । उनलाई मोहमदले पनि उसको घर लैजान डराएपछि आनन्द रोशन सहनीहरूको गाउँबस्ती खोजी गर्दै अघि बढे । रोशन सहनीको बस्ती करिव १३ कोस टाढा रहेछ । उनी भन्छन्, 'यसरी जेल ब्रेक गरेपछि हिड्दै जाँदा बाटोमा राजुराज भन्ने व्यक्तिसँग भेट भयो । जेलबाट भागेको सबै यथार्थ सुनाएपछि राजुराज आनन्दलाई सहयोग गर्न तयार भए । त्यसपछि अशोक सदा र रोशन सहनीसँग भेटभयो । लामो समयसम्म त्यही बसिरहन समस्या थियो । त्यसैले उनीहरूकै सहयोगमा म सिराहाको माडरसम्म आइपुगेँ ।' कमरेडहरूले ११ सय भारू बाटो खर्च पनि दिएका रहेछन् । त्यहाँबाट लहान पुगेर आनन्दले एउटा टर्च लाइट किने । त्यहाँ स्याउ पनि किनेर खाए । राती काकरभिट्टाको बस चढेर इटहरीसम्म पुगे । त्यसपछि धरान जाने माइक्रो हुँदै उनी धनकुटातर्फ लागे । २१ महिना भारतीय जेलमा बिताएका आनन्द पहिले हिन्दी भाषा बुझ्दैनथ्यो । तर नेपाल फर्कदासम्म उनी निकै जान्ने भइसकाका थिए । त्यसबेला देशको युद्धको अवस्था झन् उच्च बिन्दुमा पुगिरहेको थियो । भेडेटार, धनकुटा, हिलेलगायतका ठाउँमा सेनाको चेकजाँच छिचोल्दै उनी लेगुवा पुगे । लेगुवामा ठूलो बुवाको छोरा दाजुसँग भेटभए पछि सङ्खुवासभाको धर्मदेवी नगरपालिका ९ स्थित घर गए ।

भारतीय जेल तोडेर घर आएको योद्धा हुनाले उनलाई गर्वको बेग्लै अनुभूति भइरहेको थियो । तर कतिपय गाउँलेहरूले उनलाई युद्धबाट थाकेर आएको भनेर पनि संज्ञा दिए । तर उनको वास्तविकता त्यस्तो थिएन । वास्तवमा भारतीय जेल तोड्नु चानचुने साहस थिएन । त्यो पनि एउटा युद्धमोर्चाको

जित बराबर थियो । यता उनले सुरू गरेको क्रान्ति निष्कर्शमा पुगेकै थिएन । गाउँमा क्रान्तिकारीहरू महाअभियानमा जुटी रहेका थिए । करीव एक हप्ता घर बसेपछि कमरेड रिना र कमरेड मञ्जुहरू गाउँमा आए । कमरेड आनन्दले उनीहरूलाई भेटे । कमरेड रिनाले चैनपुर मोर्चाको बेला खानासातु बनाएर खुवाएको पनि स्मरण गरे । माओवादी कमरेडहरूसँग भेट भएपछि फेरि युद्ध मोर्चामा सहभागी भए ।

आज पनि कमरेड आनन्दको क्रान्तिकारी जोस, जाँगर र विश्वास उस्तै छ । क्रान्ति शान्ति प्रक्रियामा आए पछि यो सोंचे जसरी अगाडि बढ्न नसकेको उनको दावी छ । यद्यपि कमरेड आनन्दको अझै पनि विश्वास र आस्था डगमगाएको छैन । उनी भन्छन्, 'राजनीतिक परिवर्तन पछि धेरै नेता–कार्यकर्ताहरू सुविधाभोगी भए पनि आफू अझै पनि सामन्य जीवन बिताइरहेको छु । म अहिले पनि गाउँमै छु । जनताको सेवामै समर्पित छु ।' उनी आफूले गरेको सङ्घर्षको कथा गर्वका साथ सुनाउँछन् । विभेद र अन्याय विरूद्ध जनयुद्धको राजनैतिक प्रक्रियामा लामवद्ध भएको उनी गर्व गर्छन् । जनमिलिसियाबाट जनमुक्ती सेनाको कम्पनीसम्मको जिम्मेवारी सम्हालेका कमरेड आनन्द भारतीय जेल तोडेर सर्वहारा वर्गको पक्षमा निरन्तर सङ्घर्ष गर्ने एक अथक र सफल योद्धा हुन् । तर अहिले उनीजस्ता धेरै योद्धाहरूलाई राज्यले उचित सम्मान भने गर्न सकेको छैन । घाइतेहरूको सम्मान र व्यवस्थापनमा ध्यान पुगेको छैन । व्यक्तिगत जीवनको पर्वाह नगरी समानता र न्यायको लागि लड्ने योद्धाहरूलाई राज्यले उचित सम्मान र व्यवस्थापन गर्न कञ्जुस्याँई गर्न नहुने कमरेड आनन्दको भनाई गम्भीर र विचारणीय छ ।

●●●

*–प्रस्तुती गोकुल पराजुली*

# राहत नपाउनुको बिडम्बना

*'राज्यले माओवादी र राज्यपक्षबाट द्वन्द्वपीडितको नाममा अरबौं रुपैयाँ राहत बाँड्यो । जनयुद्धमा घाइते, मृतकका परिवार र अङ्‌गभङ्‌ग भएकाहरूले पनि केही राहत पाए । तर, मैंले अहिलेसम्म द्वन्दपीडितको नाममा कुनै पनि राहत पाएका छैनन् ।'*

*–कमरेड मिलन*



*गणेश खड्का*
*कमरेड मिलन*

नेपाली इतिहासमा २००७, ०३६, ०४६ र १० वर्षे माओवादी जनयुद्धको दूरगामी राजनैतिक महत्व रहेकोछ । यही जनयुद्धले नै तयार गरेको वस्तुगत धरातलमा २०६२/२०६३ सालको दोस्रो ऐतिहासिक जनआन्दोलन सफल भयो । हाम्रो मुलुकमा विभिन्न कालखण्डमा उथलपुथलकारी आन्दोलनहरू हुँदै आएकोछ । त्यस मध्य पनि २०५२ सालदेखि २०६२ सम्मको महान जनयुद्धको जीवन मरणको प्रक्रियाद्वारा स्थापित राजनैतिक परिवर्तनले एकाएक राष्ट्रिय राजनैतिक चरित्रमा आमूल फेरवदल ल्याउन सफल भएकोछ । १० वर्षे जनयुद्धको राजनैतिक विरासत वा प्रभाव विगत, वर्तमान र भविष्यमा उत्तिकै निर्णायक र जीवन्त रहनेछ ।

वास्तवमा जनयुद्धकै बलमा ०६२/०६३ को आन्दोलन सफल भयो । यसको मुख्य उपलब्धी भनेको गणतन्त्र स्थापना नै हो । जनयुद्ध जनताले निरंकुशता विरूद्ध छेडेको सङ्गठित विद्रोह थियो । यही उथलपुथलकारी जनयुद्धले थुप्रै नमेटिने खाटाहरू छोडेर गएकोछ ।

खैर जेहोस १० वर्षे जनयुद्धले देशमा आमूल परिवर्तन संभव भएकोछ । गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समानुपातिक र समावेशीजस्ता मुद्धाहरू जवरजस्तरूपमा स्थापित भएका छन् । तर, कतिपय जनयुद्धका सहिद परिवार र घाइते अपाङ्गहरू बेखबर छन् । राज्य वा सरकारको यथेष्ठ ध्यान जान सकेको छैन । हिजो निरङ्कुशता र विभेदपूर्ण वर्गीय समाजको अन्त्य गर्दै न्याय र समानताको खातिर नै जनयुद्ध सञ्चालन गरिएको थियो । तमाम उत्पीडित जनताहरू यो महान मुक्ति अभियानमा लामवद्ध भए । यसरी होमिनेहरू मध्य उदयपुरका गणेश खड्का कमरेड मिलन एक हुन् । 'दर्जनौं लडाइँ लडियो, धेरै मोर्चाहरू जितियो,' उनले भने । 'तर मलाई जनयुद्धमा लड्न प्रेरित गर्ने नेताहरू राजकीय सत्ताको मालिक भए । तर आफूलाई भने उनीहरूले नोकर भन्दा पनि अयोग्य बनाएकोमा उनको घोर आपत्ती छ ।'

जनयुद्धको क्रममा उनको देब्रे खुट्टाको तिघ्रामा गोली लागेको छ । त्यो गोली खड्काको लागि जनयुद्धको नासो हो । तर, त्यही डोबमा अझै खाटा बस्न पाएको छैन । तिघ्रामा गोली लागे पछि शरीरको माथिल्लो भाग चल्दैन । 'जनयुद्धको नेतृत्व गर्ने पार्टीले अहिलेसम्म कुनै पनि राहत दिएको छैन', उनले भने, 'देब्रे खुट्टको माथिल्लो भाग नै गोली लागेर चल्दैन, उपचारसमेत राम्रोसँग गर्न पाइनँ ।'

'अभाव, अन्याय, उत्पीडन र विभेदबाट आजित भएका समुदायको मुक्ति'का लागि भनेर लडियो । तर त्यो सपना मात्र रहेछ उनी भन्छन् । 'मैले आजसम्म राहत पाएको छुइनँ । तिघ्रामा गोली लागेकाले नशाको समस्या छ, जसको कारण ढाडसमेत चल्दैन । यसको उचित उपचार पनि पाएको छुइनँ ।'

### मजदुरी गर्दागर्दै जनयुद्धमा

गणतन्त्र ल्याउने आफू एक सिपाही भएको उनी दावी गर्छन् । तर उनै खड्काको जीवन भने त्यति सहज छैन । २०३५ सालमा उदयपुरको साविक जोगीदह- ९ मा बुबा धर्मवाणी खड्का र आमा लक्ष्मी खड्काको कोखबाट जन्मेका खड्का मजदुरी गर्दागर्दै माओवादी जनयुद्धमा होमिएको बताउँछन् । 'परिवारमा चरम गरिबी र अभाव थियो, पढ्न पाइएन,' पारिवारिक गुनासो गर्दै उनले भने । '०५६ सालबाट माओवादीसँग सम्पर्क हुन थाल्यो । ०५८ सालमा पुल बनाउने काममा दार्चुला पुगेको थिएँ । उतैबाट माओवादीसँग सम्पर्क गरी जनयुद्धमा लामवद्ध भएँ ।'

परिवारमा चरम गरिबी भएकै कारण पढ्न नपाउँदाको पीडा र समाजमा भएको विभेदको अन्त्यका लागि जनयुद्धमा लागेका थिए । उनले आमूल परिवर्तनका लागि बन्दुक बोकेको जिकिर गरे । 'कोसँग सम्पर्क भएर जनयुद्धमा हिंडें र के लागि जनयुद्धमा लागिस् भनेर नसोध्नू,' खड्काले भने, 'त्यही जनयुद्धले अहिले देब्रे खुट्टाको माथिल्लो भाग चल्दैन, नशामा समस्याले ढाड निहुऱ्याएर हिंड्नु पर्छ । अपाङ्ग नै बनेको छु, उपचार छैन ।'

राज्य पक्षका हुन वा माओवादी जनयुद्ध पक्षका हुन् । घाइते भएकाले उपचार पाएका छन्, भने मृत्यु हुनेका परिवारले राहत पाएका छन् । विस्थापित हुनेले पनि क्षतिपूर्ति पाएका छन् । तर, खड्काले जनयुद्धमा लागेर सख्त घाइते हुँदा पनि न राहत पाए, न उपचार नै । केही पनि नपाएको बताउँदै उनी भन्छन्, 'मैले केही पनि पाएको छुइनँ, जनयुद्धको कुरा नगरौं, उनले कुराकानीकै क्रममा बिट मारे ।'

### अझै राहत पाइनँ

माओवादी जनयुद्धले विश्राम लिएपछि पार्टी शान्ति प्रक्रियामा आयो । राज्यले माओवादी र राज्यपक्षबाट द्वन्द्वपीडितको नाममा अरबौं रूपैयाँ राहत बाँड्यो । जनयुद्धमा वा सशस्त्र युद्धमा घाइते भएका परिवार, मृतका परिवार, अङ्गभङ्ग भएकाहरूले धेर थोर राहत पाए । तर, खड्काले अहिलेसम्म द्वन्द्वपीडितको नाममा राज्यले बाँडेको कुनै पनि राहत पाएका छैनन् । 'अपाङ्गता भएको

मान्छे, सिधागरी उभिनु पनि हुँदैन,' उनले भने, 'किन मलाई राहत दिएनन्, थाहा भएन, नदिनुको कारण पनि पत्ता लागेको छैन । अहिले आएर पहल गर्न पनि छाडिदिएको छु ।

## जुम्लाको युद्धमा घाइते

०५८ सालदेखि यता निरन्तर रूपमा खड्काले दर्जनौं युद्ध मोर्चा लडेको बताउँछन् । 'तिथि-मितिसहित भन्न सक्दिनँ साथै गनेर साध्य छैन', उनले भने । उनले युद्ध लडेका ठाउँहरु सम्झँदै भने, 'रूकुम, घोडेटार, लिस्ने, अर्घाखाँची, दाङ, पाँचथर, उदयपुरलगायतका झण्डै ३८ जिल्लाका धेरै ठाउँमा युद्ध लडेको छु । मेरो काम युद्ध लड्ने मात्र रह्यो । जीवन सकुशल हुँदासम्म लडिरहेँ । लड्नु मृत्यु र मुक्तिको कसम खाएको योद्धाहरूको लागि एउटा क्रान्तिकारी आदर्श पनि थियो ।'

जुम्लाको सदरमुकाम जुम्ला कब्जा गर्ने क्रममा देब्रे खुट्टामा गोली लाग्यो । त्यही गोलीले अहिले अपाङ्ग नै बनाएको छ । 'दोहोरो भिडन्त सम्झेर साध्य छैन,' खड्काले भने, 'दुश्मनको अखडा खोज्न नजिक जाँदै गर्दा गोली लाग्यो । त्यसपछि जीवनभर सिधा उभिन पनि पाएको छुइनँ ।'

जुम्लामा सशक्त घाइते भएका खड्कालाई पार्टीले २९/३० दिनपछि भारतको लखनउ पुऱ्याएर उपचार गरेको थियो । 'मलाई उपचार चाहिँ पार्टीले नै गरेको हो,' उनले भने, 'मेरो आफ्नो पैसाले उपचार गर्ने कुनै पनि हैसियत थिएन । भारतमा उपचार गरेर फर्कंदा पार्टी शान्ति प्रक्रियामा आइसकेको थियो । राम्रोसँग उपचार नभएकै कारण अहिले जीवनभर अपाङ्ग बनेको छु ।' अहिले पार्टीले समेत बेवास्ता गरेको भन्दै खड्काले भने, 'त्यतिबेला पार्टीले पनि राम्रोसँग उपचार नगरिदिएकाले अपाङ्ग बनें, जुन मजस्ताहरूको लागि प्रकारान्तरले दुरभाग्य सिद्ध हुँदै गइरहेकोछ ।'

## नेताहरूलाई सम्झन मन लाग्दैन

अहिले तत्कालीन माओवादीका उच्चस्तरका नेताहरूको विभिन्न पार्टी छ । तत्कालीन नेकपा माओवादी नाम गरेको पार्टी इतिहासको पानामा सीमित

भइसकेको छ । सेनासमेत भएको पार्टीका नेताहरू भोगविलासमा फसेर विभिन्न समूहमा विभाजित भएका छन् । आफूहरूजस्ता योद्धालाई धोका दिएको खड्काको भनाइ छ । 'आफू त धेरै पढेलेखेको मान्छे पनि होइन,' उनी भन्छन्, 'पार्टीबाट फर्केर गाउँमै आएँ, राहत माग्न धेरै ठाउँ दौडिएँ, तर, पाइनँ । नेताहरूले धोका दिए ।'

जनयुद्धको उपलब्धी जितको बारेमा मैले केही बोल्नु छैन, तर मलाई जसले जनयुद्ध लडायो, उसैले मलाई धोका दियो । 'नेताहरूको सम्झना गर्न मन लाग्दैन । मेरो कमाण्डर बनेर हिंडेको कोही नेता मन्त्री, संसद् बनेका छन्', खड्काले भने, 'देख्दा सिधा नजरले पनि हेर्न मन लाग्दैन । 'पुष्पकमल दाहाल प्रचण्ड, डाक्टर बाबुराम भट्टराई, मोहन वैद्य किरणहरूबाटै आफूहरूलाई धोका भयो ।'

'पार्टी हाम्रो घर परिवार भनेर मार्क्सवाद, लेनिनवाद र माओवादको सिद्धान्त घोकाइयो,' उनी भन्छन् । त्यही सिद्धान्तको आधारमा पार्टी सत्ता स्थापना गर्दै देश निर्माणमा जुटेका हामी युवाहरूको युद्धमा समय मात्र खेर गयो, अनि जीवनभर अपाङ्ग भइयो । गणतन्त्र आए पनि पुरानै राजनैतिक संस्कार सँस्कृतिले झन व्यापकरूपमा निरन्तरता पाएको देख्दा ग्लानीको अवस्थाछ ।'

### अपाङ्गताकै कारण श्रीमतीको साथ टुट्यो

४१ वर्षीय खड्का हाल एकल जीवन बिताइरहेका छन् । पार्टी शान्ति प्रक्रियामा आएपछि उनले गाउँमै विवाह गरेका थिए । 'एउटा छोरो पनि थियो, ।' स्रोतसाधनकै कमीको कारण श्रीमतीले पनि साथ छाडेको उनले बताए । 'न जग्गा जमिन छ, न पढाई लेखाई नै, न काम गरेर धनसम्पत्ति जोड्ने सपाङ्ग ज्यान । जीवनको उत्पादनशील समय जनयुद्धमा बिताए पछि कसरी श्रीमतीको साथ पाउनु !'

हाल उनी काठमाडौंको सडकमा धुलो बढार्ने काम गर्छन् । 'देब्रे खुट्टाको माथिल्लो भाग चल्दैन । सिधा गरी हिंड्नसमेत हुँदैन । बसेर सडकको धूलो

बढारेर जीविका चलाइरहेको छु,' खड्का थप्छन् । 'मैले ल्याएको गणतन्त्रले सडकमा धूलो बढार्ने काम दिएको छ । यसैमा गर्व गर्नु परेकोछ ।'

'जनयुद्ध लड्नेहरूले छोराछोरी पढाउने विद्यालय पनि खुलेको छ रे, हामीजस्ता जनयुद्धमा अपाङ्ग बनेकाहरूले राहत पाउँछन् रे ! तर उनले केही पनि पाएन,' उनले दुःख व्यक्त गरे, 'धनसम्पत्ति नहुनु र अपाङ्गताकै कारण श्रीमतीको नजरमा म सफल श्रीमान बन्न सकिंन । त्यस्तै चाकरी र चाप्लुसी गर्न नजान्दा नेताहरूको नजरमा पनि म मनपेट जितेको पिछलग्गु कार्यकर्ता बन्न सकिंन ।'

## अर्को लडाइँ जित्न बाँकी

खड्का तीन भाइ, तीन बहिनीमध्येका जेठो सन्तान हुन् । ऐलेनी जग्गामा घर बनाएर बसेका बुबाआमाले बनिबुतो गरेर गुजारा गर्दै आएका थिए । त्यही बुनिबुतो गर्ने सिलसिलामा उनी दार्चुला पनि पुगे । त्यहीबाट जनयुद्धमा आवद्ध भए । उनले लडेको जनयुद्ध आधा जित र आधा हारको अवस्थामा रहेको उनको दावी छ । 'बाबुराम, प्रचण्ड प्रधानमन्त्री बने, नन्दबहादुर पुन उपराष्ट्रपति बने साथै अन्य धेरै मन्त्री र सांसदहरू भए' उनले भने । 'हामीले लडेको जनयुद्धले देशमा गणतन्त्र आयो, त्यो गणतन्त्रको लडाइँ जितियो ।' गणतन्त्र ल्याउँदा घाइते भएको र जीवन जिउने आधार गुमाउनेहरू हारेका छन् ।

आफ्नो समस्या बताउँदा पनि कसैले गम्भीररूपमा वास्ता नगरेकाले माओवादीप्रति आशा र भरोसा पटक्कै नरहेको उनी बताउँछन् । 'खै कुन पार्टीले देश जनताका लागि गर्छन् भन्नू,' बोल्नुको कुनै अर्थ छैन । 'माओवादीको बन्दुके भएर जीवन बित्यो । यता बाँकी रहेको जीवन पनि बेसहारा भएर बित्ने देखिन्छ । आम दिनदुखीहरूको हालत उस्तैछ । पुरानै राजनैतिक सँस्कृति हावी हुँदैछ । विगतमा जस्तै श्रोतसाधन, शक्ति र पहुँच हुनेहरूको हालीमुहाली यथावतछ । वास्तवमा जनयुद्धको मर्म र उद्देश्य यस्तो थिएन । तब गणतन्त्र स्थापनाको लागि लड्यौं भनेर सगर्व भन्ने स्थिति छैन । विगतको सत्यता तिर गहिरीएर डुव्दैजाँदा अचम्म लाग्छ ।'

# हिम्मत नहारेकी योद्धा

*'मुलुकमा जनताको शासन ल्याउन बन्दुक बोकेर जनयुद्ध लडियो । राजतन्त्रलाई फालेर सङ्घीय गणतन्त्र स्थापना गरियो । तर सोझा-साझा जनता र ज्यानको पर्वाह नगरी युद्ध लड्ने हामीजस्ता घाइते योद्धाहरूले चाहेजस्तो शासन व्यवस्था अझै आएन ।'*

*-कमरेड रेखा*



*सोममाया जिमी*
*कमरेड रेखा*

धनकुटाको साँगुरीगढी गाउँपालिका वडा नं. ९ आहाले निवासी सोममाया राई कमरेड रेखा जनयुद्धकी साहसी योद्धा हुन् । लैङ्गिक रूपले महिला भए पनि तत्कालीन १० वर्षे जनयुद्धमा जति लडाइँ तथा आक्रमणहरू भए अधिकांशमा उनी सहभागी भइन् । सामन्य घाइते त उनी धेरै लडाइँहरूमा भइन् ।

तर इलामको एक आक्रमणमा भने उनले दाहिने हात गुमाउनुका साथै अन्य अङ्गमा गम्भीर चोट लाग्यो । अझै बम-बारूदका छर्राहरू शरीरबाट निकालिएको छैन । बाहिरी घाउहरू ठीक भए पनि भित्री शरीरमा रहेका बम-बारूदका

छर्राहरूले उनलाई आजीवन दुःख दिनेछ । 'देशमा जनताको शासन ल्याउनुपर्छ भनेर बन्दुक बोकेर परिवर्तनका लागि जनयुद्ध लडियो', उनले भनिन्, 'देशमा राजतन्त्र फेरिएर सङ्घीय गणतन्त्र आयो तर सोभ्रा–साभ्रा जनता र ज्यानको पर्वाह नगरी युद्ध लड्ने हामीजस्ता योद्धाहरूले चाहेजस्तो शासन व्यवस्था अभ्रै आएन ।'

देशमा गणतन्त्रका लागि लडेका उनी एउटा हातको भरमा जीवन चलाउँदै छिन् । मुख्य दाहिने हात नै नहुँदा खानपिन र सामान्य काम गर्नलाई समेत उनलाई समस्या हुन्छ ।

वि.सं. २०६२ साल चैत २१ गते तत्कालीन माओवादी पार्टीका जनमुक्ति सेनामा कार्यरत हुँदा इलाम सदरमुकाममा तत्कालीन शाही नेपाली सेनासँग भएको भिडन्तमा उनलाई गोली लागेको थियो । गोलीको छर्रा लागेर हात कामै नलाग्ने भएपछि उपचारको क्रममा चिकित्सकले हात काटी दिए । देब्रे खुट्टामा लागेको छर्रा निकाले पनि अनुहारमा लागेको छर्राको उपचार गर्न बाँकी रहेको उनले बताइन् । रेखालाई पार्टीले भारतको आसामस्थित अलिपुरद्वारमा लगेर उपचार गराएको थियो । उपचारकै क्रममा उनलाई गिरफ्ता गरी ४ महिना जेलमा राखे ।

देशमा शान्ति स्थापनाका लागि सरकार र माओवादी पक्षबीच २०६२ साल मङ्सिर ५ गते बृहत् शान्ति सम्भ्रौता भयो । शान्ति सम्भ्रौता भएको भ्रण्डै डेढ दशक बिते पनि घाइते रेखाको घाउमा मलहम पट्टी लगाउन सिंहदरबारको सरकार उनको गाउँ आइनपुगेको उनको गुनासो छ । 'पटक–पटक माओवादी पार्टीले सरकारको नेतृत्व पनि गरिसक्यो । हामीजस्ता घाइतेहरूलाई हेर्न कोही पनि आएनन्', उनले दुखेसो गरिन् ।

श्रीमान र २ छोरा रहेको उनको परिवार मजदुरीको भरमा पालिँदै आएको छ । श्रीमानले मजदुरी गरेर रेखालाई र छोराहरूलाई पाल्दै आएका छन् । आफूहरूजस्तो अरूको सहारामा बाँच्ने अपाङ्गहरूलाई सरकारले उचित व्यवस्था गर्नुपर्ने रेखाको माग छ । उनी भन्छिन्, 'अपाङ्गहरूलाई योग्यता एवम् काम

गर्न सक्ने रोजगारीको व्यवस्था गर्नु पर्छ । हजारौं अपाङ्गहरूलाई अरूको दयामाया र सहारामा बस्नु पर्ने अवस्थाको अन्त्य हुनुपर्छ ।'

## राहत पाउनै समस्या

वि.सं. २०६७ सालमा उनले 'ग' वर्गको अपाङ्गता परिचय–पत्र पाएकी छन् । 'क' वर्गलाई मात्र सरकारले अपाङ्गता सुरक्षा भत्ता पाउने व्यवस्था गरको छ । यसमा पनि उनीहरूजस्ता घाइतेहरू माथि अन्याय भएको उनको दावी छ । उनी भन्छिन्, 'यो सवाल त हामीले भनिरहने भन्दा पनि राज्यले आफैँ विवेक प्रयोग गर्नुपर्ने मुद्दा हो ।'

२०४४ साल बैशाख २९ गते धनकुटामा बुबा गेहेन्द्रबहादुर राई र आमा शुक्रमाया राईको कोखबाट जन्मिएकी रेखाले दाहिने हात गुमाएपछि ६ हजार २ सय मासिक रूपमा जीवन निर्वाहमुखी भत्ता भने पाउँदै आएकी थिइन् । तर अहिले त्यो भत्ता पाउन निकै समस्या भइरहेको बताइन् । 'पाइरहेको भत्ता पनि जिल्ला प्रशासन कार्यालयले दिन आनाकानी' गरेको थियो ।

तर आफूले गृह मन्त्रालयमा ताकेता गरेपछि मात्र पाउन थालेको उनी बताउँछिन् । त्यो भत्ताले निरन्तरता पाउनेमा उनलाई शङ्का छ । भन्छिन्, 'अब दिन्छ कि दिंदैन थाहा छैन ।' तर यसलाई कसैको दया, माया र निगाहको विषय नबनाई राज्यले आम पद्धति मार्फत घाइतेको बाँच्न पाउने मौलिक अधिकारको रूपमा स्थापित गर्नुपर्दछ । यसो भएपछि कसैले दिने या नदिने सवाल हुँदैन । दया लाग्दा पाउने र रिस उठ्दा नपाउने हुँदैन । उनले घाइते भएपछि सरकारबाट १ लाख राहत पाएको र जनमुक्ति सेनाबाट स्वेच्छिक अवकाश लिएर ५ लाख रकम पाएको बताइन् ।

## नाममात्रैको गणतन्त्र

२०६० साल जेठ ४ गते तत्कालीन माओवादीको पूर्णकालीन कार्यकर्ता बनेकी रेखालाई अहिले आएको गणतन्त्र पुरानै वर्गका ठालूहरूलाई मात्र आएकोजस्तो

लागेको छ । त्यो बेला युद्धको नेतृत्व गरेका नेताहरूनै जनताका स्वार्थ भन्दा पनि आफ्नै स्वार्थ केन्द्रीत राजनीतिमा लाग्नाले नै वास्तविक गणतन्त्र नआएको उनको बुझाइ छ । 'फरक फरक धारमा भएका पार्टी एक धारमा आए गणतन्त्रलाई सुदृढ गर्न सहज हुने थियो', उनले भनिन्, 'त्यसका लागि पहल गर्ने व्यक्तिको खाँचो छ ।'

हिजो समान बनाउनु पर्छ भनेर युद्ध लडेको भए पनि अहिले जसको शक्ति उसको भक्ति भएकोमा दुःख लागेको उनको भनाइ छ । 'युद्धबाट यति उपलब्धी भएको र अब शान्ति प्रक्रियाबाट जनवादी गणतन्त्र आउँछ भन्ने लागेको छ । किनकि जनयुद्धको खास उद्देश्य पनि जनगणतन्त्रनै थियो ।' रेखाले भनिन्, 'त्यसका लागि हिम्मत भएको नेताको खाँचो छ ।' २०५९ सालमा कक्षा ८ मा पढ्दा पढ्दै परिवारकी जेठी सन्तान रेखाले बुर्जुवा शिक्षा परिवर्तन गर्नको लागि युद्धमा लागेको बताइन् ।

तर, अहिले त्यही शिक्षाको आवश्यक पर्दा दुःख लागेकोछ । कर्मचारीतन्त्रका कारण देशमा गणतन्त्र संस्थागत हुन समस्या रहेको उनको बुझाइ छ । उनलाई आफूले लडेका हरेक युद्ध जितेजस्तो लागेको थियो तर अहिले प्रचण्डलगायतका केही नेताहरूले मात्रै जितेको यता आमश्रमजीवि जनता अनि आफूजस्ता योद्धाहरूले चाँही नराम्ररी हारेको अनुभूति भएको बताइन् । युद्धका बेलामा सिकाएको मालेमावाद अहिले राजतन्त्रकै चरित्र वरिपरि घुमी रहेका छन् । यस्तो हर्कतले उनलाई अनौठो अनुभूती भइरहेको छ ।

### ब्यारेकमै जनवादी विवाह

२०६६ साल साउनमा इलाम चुलाचुलीमा जनमुक्ति सेनाको प्रथम डिभिजन मुख्यालयमा जनवादी विवाह गरेकी रेखाले अहिले इटहरीमा आफ्ना दुई सन्तानसँग बस्दै आएकी छिन् । उनका श्रीमान रामकुमार जिमी पनि जनयुद्धका घाइते हुन् । रामकुमार भारतमा ३ वर्ष जेल परेपछि प्रमाणी करणमा छुटेकाले केही राहत नपाएको रेखाले बताइन् । त्यस्ता छुटेका घाइतेलाई पनि राज्यले उचित न्याय दिनु पर्ने उनको भनाइ छ ।

## जनयुद्धलाई सम्झँदा

आफैँले वीरतापूर्वक लडेका इतिहास आज सम्झदा सपनाजस्तो लागेको छ उनलाई । घटनाहरू सम्झँदा आफैँलाई पत्यार नलागेझैं हुन्छ । ती वीरतापूर्ण तर कहालीलाग्दा घटनाहरू अहिले उनी आफैँलाई सत्य हो कि झुठोजस्तो हुन्छ । देश नयाँ तरिकाले अघि बढिरहेको छ । त्यो दिन, अवस्था र परिवेश सम्झिँदा आफैँलाई दिवा सपनाझैं लाग्छ ।

२०६२ चैत २१ गते राति इलाम रणमैदानमा परिणत भएको थियो । जहाँ दुवै पक्षबाट भीषण लडाई भइरहेको थियो । अत्याधुनिक हतियारका विषालु गोलीहरू कानै वरिपरिबाट चुइँचुइँ गर्दै जान्थे । आफ्नै नजिकैबाट धर्ती हल्लिनेगरी बमहरू पड्किन्थे, तत्कालीन शाही नेपाली सेना मजबुत फोर्टिफिकेसन अनि पर्याप्त युद्ध सामग्री सहित बसेका थिए भने हामी पनि त्यस्तै तयारीमा त्यहाँ पुगेका थियौँ । हमला गरेर कब्जा गर्नु मुख्य उद्देश्य थियो । रक्तिम इतिहास निर्माण गर्ने लालसिपाहीहरू, युद्ध ट्याक्टिस अपनाउँदै घनिभूत ढङ्गले आ–आफ्नो मोर्चा सम्हालिरहेका थियौं ।

त्यही बेला नजिकै बम पड्किएको आवाज आयो, त्यसपछि म पनि भुइँमा पछारिएछु । मलाई थाहा भएन कि म घाइते भएँ भनेर । रूखको फेंदको सहारा लिँदै उठ्न खोजें, सकिनँ । शरीर पूरै रगतले तातो भएर आयो अनि पूरै शरीर झम्झमायो । रिँगटा लागेर भुइँमा ढलेछु । किन रिँगटा लागिरहेकोछ भन्दा एक जना कमरेडले मलाई उठाउँदै भने, 'कमरेड तपाइँ घाइते हुनुभएको छ ।' झसङ्ग झस्किएँ । यसो हातमा हेरेँ अँध्यारो नै भए पनि भल्भल्ती रगत बगेको देखेँ ।'

पकेटमा हाते रूमाल थियो त्यही रूमालले बेरें । यद्यपि बेर्नुको खासै कुनै अर्थ त थिएन किनकि बगिरहेको रगत त्यो सानो रूमालले रोक्न सक्ने अवस्था नै थिएन । हातमा त रूमाल बेरेँ तर खुट्टामा बेर्ने केही थिएन । बेरेर सम्भव पनि थिएन । किनकि माथिदेखि पैतालासम्म शरिर रगताम्य थियो ।

## युद्धको उपहार

हुनत अहिले समयले कोल्टे फेरिसकेको छ । यी गोलीका छर्राहरु युद्धको उपहार स्वरूप सम्झिँदै बसिरहेकी छु । बाँकी स्वास्थ्य अवस्थाबारे सोधखोज नगरिदिनुस् । घाइते उद्देश्य, सपना र घाइते शरीरको पीडाको बारेमा केही शब्दै छैनन् । मलगायत घाइतेहरू यस्तै अवस्थामा भौतारी रहेका छन् । आखिर जे भए पनि देश र जनताका लागि बलिदान गरेका थियौं भन्ने कुराले सान्त्वना लिनुको विकल्प देख्दिनँ ।

सबै पीडाहरु आन्दोलन कै बीचबाट सहज भएर गए तर दुःख यो मानेमा लाग्छ कि मजस्तै हजारौं घाइते अपाङ्गहरुको उचित व्यवस्थापन हुनसकेन । देशलाई यो अवस्थामा ल्याई पुऱ्याउने वीर योद्धाहरु अरबका खाडी मुलुकमा जीवन र मृत्युसँग लडिरहेको देख्दा सुन्दा पनि छाती पोल्छ । यता पहुँच भएकाहरुको पुरानै राजकीय शैलीमा हालीमुहाली गरिरहेको देख्दा व्यर्थै लडिएछजस्तो पनि लाग्छ ।

खास गरेर भन्ने हो भने आज पनि पहुँच नभएका जनता र कमरेडहरुको बिचल्ली देख्दा एकदमै दुःख लाग्छ । हाम्रो बलिदान माथि कुठाराघात भइरहेको अनुभूति हुन्छ । हुन त जीवन नै सङ्घर्ष हो, सङ्घर्ष बिनाको जीवन अधुरो र अपुरो छ । हिजो देश र जनताका लागि सङ्घर्ष गरियो, अहिले आफ्नो लागि सङ्घर्ष गरिरहेकी छु ।

जबसम्म यो घाइते जीवन जीवित रहन्छ तबसम्म सङ्घर्ष जारिरहने छ । देश र जनताका लागि गरिएको बलिदानमा खासै पश्चाताप छैन । तर जनताको शासन व्यवस्था ल्याउने इतिहासको हत्या हुँदै गएकोमा भने उनी निकै खिन्न छिन् ।

●●●

*-प्रस्तुती ईश्वर थापा*

# खुट्टा गुमाएका योद्धाको बकपत्र

*'अहिले बनेको दुइतिहाइको कम्युनिष्ट सरकार पनि मेरै गुमेको खुट्टाको उपज हो । गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता समावेशी र समानुपातिक पद्धति पनि हामीले लडेको युद्धले ल्याएको हो । आदिवासी जनजातीहरूमा आएको आम जागरण पनि हाम्रै सङ्घर्षको परिणामले संभव भएको हो । तर हामीले कहिलेसम्म पूर्व लडाकु भन्ने उपनाम भुण्ड्याई रहने ? राज्यले सम्मान स्वरूप परिचय दिनु पर्दैन ?'*



*फर्सबहादुर मगर*
*कमरेड फेमस*

*–कमरेड फेमस*

नेपाली वर्गअन्तरविरोधपूर्ण समाजमा २०५२ साल फागुन १ गतेदेखि २०६२/०६३ को दोस्रो जनआन्दोलनसम्म योजनावद्धरूपमा महान जनयुद्धको प्रक्रिया सञ्चालन गरियो । आज पनि तत्कालीन नेकपा माओवादीद्वारा सञ्चालित जनयुद्ध धेरैको दिलदिमागमा रिलजस्तै फन्फनी घुमिरहेको छ । यो क्रान्तिले देशलाई आमूल परिवर्तन गरायो । गणतान्त्रिक नेपाल बनायो । देशमा सङ्घीयता ल्यायो । धर्मनिरपेक्षता, समानुपातिक र समावेशी

मुद्धाहरू आममा स्थापित गरायो । यद्यपि यता आमउत्पीडित श्रमजीवि जनता, जनयुद्धका घाइते अपाङ्ग र सहिद परिवारहरूले भने गणतन्त्र, सङ्घीयता, समावेशी र समानुपातिक नीतिको प्रत्यक्ष अनुभूति गर्न सकेका छैनन् ।

हिजो निरङ्कुशता र विभेदपूर्ण वर्गीय समाजको अन्त्य गर्दै समानता र सामाजिक न्याय स्थापित गर्न युद्धमा होमिएकाहरु बीचमा परिवर्तनको गुञ्जायस हुनसकेको छैन । जनयुद्धमा सहिद बनेका परिवार आफन्त सम्झेर फोटो हेरिरहेका छन् भने, अपाङ्ग तथा घाइतेहरु बेसहारा भएका छन् । उनीहरू जनयुद्धका घाउहरूलाई बिर्सने प्रयत्न गरिरहेका छन् । यद्यपि यसको घाउहरू जीवन व्यवहारमा आलै भोग्नु परिरहेको उनीहरूको गुनासो रहेकोछ ।

अभाव र दवाबमा परेका उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गको जनयुद्धमा उल्लेख्य सहभागिता रह्यो । सबैखाले उत्पीडनबाट अक्रान्त भएका समुदायको मुक्तिको अस्त्र जनयुद्ध नै हो भनेर उद्घोष गरिएको थियो । बुबाआमा, परिवार, छोराछोरी अनि आफन्त र साथीभाइ त्यागेर बन्दुक बोकेका योद्धाहरूलाई त्यही जनयुद्ध, एकादेशको कथाजस्तो बनिरहेकोछ । ठम्याउनै नसकिने सपनाजस्तो भएकोछ ।

माथिका अभिव्यक्तिहरु एकोहारो रूपमा सुनाउँछन् जनयुद्धमा एउटा खुट्टा गुमाएका उदयपुरका जनमुक्ति सेना फर्सबहादुर मगर । तत्कालीन माओवादी र राज्य पक्षबीच सर्लाहीको सदरमुकाम मलङ्गवामा भएको युद्धमोर्चामा उनले देब्रे खुट्टा गुमाए । फर्सबहादुर भन्छन्, 'मलङ्गवामै मेरो देब्रे खुट्टा गुम्यो, मैले लडेको युद्धले देशमा गणतन्त्र आयो, सङ्घीयता आयो । तर, हामीजस्ता निरङ्कुश राजतन्त्रको विरूद्ध बन्दुक बोकेर युद्ध लड्ने अनि आमदिनदुखी जनताका लागि खासै केही परिवर्तन आएन ।'

## यस कारण जनयुद्धमा लागें

२०४५ साल जेठ २ गते बुबा लालबहादुर थापा मगर र आमा तिलमाया थापा मगरको कोखबाट कटारी नगरपालिका– १० भालुखोलमा जन्मेका फर्सबहादुर नवौं सन्तान हुन् । उनीसँग जनयुद्धका तितामिठा अनुभवहरू धेरै छन् ।

मगर जन्मेको भालुखोलामा जमिनदारको रूपमा थापा परिवारको रजगज चल्थ्यो । 'म जन्मेको गाउँमा सोरुङ खोलाका थापाहरूको हालीमुहाली थियो ।' जनयुद्धको घाइते मगर भन्छन्, 'तिनै थापाको काम गर्न जाँदा जुठो भात खाएर काम गर्नु पर्थ्यो । त्यस्तै अन्यायको विरूद्ध म पनि माओवादी आन्दोलनमा होमिएको हुँ । जनयुद्धले जुठो भात दिने गाउँले सामन्तहरूको अन्त्य गऱ्यो । तर यसले अरू थुप्रै जुठो भात खुवाउनेहरूको सङ्ख्या बढायो । यो गम्भीर बिडम्बनाको सवाल हो ।'

०६० सालमा गाउँकै विद्यालयबाट प्रवेशिका परीक्षा पास गरेर जनयुद्धमा लागेका फर्सबहादुरका जनयुद्धका उकाली–ओराली धेरै छन् । '०६० सालभन्दा अगाडि माओवादी कै विद्यार्थी भातृ सङ्गठन अनेरास्ववियु क्रान्तिकारीमा सङ्गठित भएको थिएँ ।' उनले भने, 'त्यहीँबाट आमूल परिवर्तन चाहना बोकेर जनयुद्धमा लामबद्ध बनें ।' माओवादी पूर्णकालिन कार्यकर्ता बनेका फर्सबहादुर ०६१ बाट जनमुक्ति सेनामा भर्ना भएका थिए ।

उदयपुरको पहाडी क्षेत्रमा पर्ने भालुखोलालगायतका ठाउँहरूमा माओवादीको आधार इलाका थियो । त्यही आधार इलाकामा राज्य पक्षको दमन बढ्दै गए पछि फर्सबहादुर जनयुद्धमा होमिएको बताउँछन् । '०६० सालको अन्तिममा नेपाली सेना आएर गाउँभर दमन गऱ्यो,' उनले भने, 'त्यही बेला मलाई पनि राइफलको दबासले हिर्काएर मराणासन्नै बनायो । मलाई एक जना बानियाँ थरका गाउँले बाजेले बचाएका थिए । त्यसपछि शोषक, सामन्त, दलाल र सबैखाले निरङ्कुशताको बिरूद्ध माओवादी जनयुद्धको प्रक्रियामा होमिएको उनी बताउँछन् ।

## जनमुक्ति सेनाको तीन वर्षे यात्रा

०६१ सालबाट निरन्तर रूपमा माओवादीको जनमुक्ति सेनामा आबद्ध भएका फर्सबहादुरले विभिन्न जिम्मेवारी सम्हालेका छन् । तिनै फर्सबहादुर जनमुक्ति सेनाको तीन वर्षे यात्रा यसरी सुनाउँछन् । 'मैले सोलुखम्बु, खोटाङ, भोजपुर, सर्लाही, उदयपुर, सिन्धुलीलगायतका विभिन्न जिल्लामा पुगेर युद्धमोर्चा सम्हालेकोछु । पार्टीको सङ्गठन बिस्तारका काममा जनमुक्ति सेना बनेर पहरा दिएको छु ।'

म ०६१ सालमा फन्ट गार्ड लिडर भएर हिँडेको हो । तिनै मगर भन्छन्, 'फन्ट गार्ड लिडरबाट सेक्सन भिसी, सेक्सन कमाण्डर, प्लाटुन भिसी, प्लाटुन कमाण्डरसम्मको जिम्मेवारी सम्हालेको छु ।' यसरी विभिन्न जिम्मेवारी सम्हालेका मगरले दर्जनौं दोहोरो भिडन्तबाट दुस्मनलाई पाखा लगाएर पार्टी सङ्गठनलाई बचाउने काम गरेका छन् । 'मैले भोजपुरको घोरेटार र सर्लाहीको मलङ्गवाको युद्धमा प्रत्यक्ष सहभागी भएर लडाइँ लडें ।' उनले भने, 'मेरो देब्रे खुट्टा पनि त्यही मलङ्गवाकै युद्धमा गुमेको हो ।'

## नाइटभिजनसँगै खुट्टा गुम्यो

फर्सबहादुर दोहोर भिडन्तमा धेरै दुस्मनलाई हराएको बताउँछन् । फर्सबहादुरका नजरमा घोरेटार र मलङ्गवा नै अविस्मरणीय बने । 'घोरेटारमा दुस्मनको गोलीबाटभन्दा पनि भीरबाट लडेर धेरै कमरेडहरूले सहादत प्राप्त गरे,' उनी भन्छन् । 'मलङ्गवामा म पछाडिबाट आक्रमण गर्ने कमरेडहरूले दुस्मनको नाइटभिजन खसाले । नाइभिजन खसालेको एक घण्टापछि मेरो खुट्टामा जिपिएमजीको गोली लाग्यो । म घटनास्थलमै ढलेर बेहोस भएँ । धेरै पछि होसमा आउँदा निकै टाढा जङ्गलमा रहेछु । त्यहाँ कमरेडहरू लडाइँ जितेको भनेर खुसीयाली मनाइरहनुभएको थियो । मलाई राम्रो यादछ कि, लडाइँ जितेको भन्ने सुन्दा दुखाई पनि कम भएभैं लागेको थियो ।'

## कृत्रिम खुट्टाको साहरा

सर्लाहीको मलङ्गवा पछि सम्भवतः ठूला युद्धहरु कमै भए । माओवादी पार्टीले युद्धविराम घोषणा गरेको थियो । ०६२ साल मङ्सीर ७ गते दिल्ली १२ बुँदे सम्झौता भयो । यो सात राजनीतिक दल र माओवादी बीचको सहमती थियो । मगर भन्छन्, 'नभन्दै माओवादी जनयुद्धको जग र १२ बुँदे सहमती अनुरूप ०६२/०६३ सालको जनआन्दोलन सफल भयो ।

पार्टी शान्ति प्रक्रियामा आयो । पार्टीले खुला राजनीतिक अवतरण गरेपछि उपचार गरेर कृत्रिम खुट्टा लगाएँ । अब कृत्रिम खुट्टाको आयु सकिएको छ । नयाँ लगाउनु पर्ने बेला भएको छ ।' 'आम नेपाली उत्पीडित जनता र मजस्ता हजारौं युवाहरूले माओवादी आन्दोलनमा लामबद्ध नभएको भए, अहिले देशमा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशी नीति संभव थिएन । शक्तिशाली स्थानीय, प्रदेश र सङ्घीय सरकारको सत्ता पनि हुने थिएन ।' उनी सगर्व दावी गर्छन् ।

## मेडिकल शाखाको योगदान

माओवादी जनयुद्ध योजनावद्ध र व्यवस्थित थियो । युद्धमा भैपरि आउने सबै चिजहरूको व्यवस्थापन गरिएको हुन्थ्यो । यसैअन्तरगत युद्धमा घाइते हुनेलाई तत्काल उपचार गर्ने मेडिकल विभाग थियो । 'म मलङ्गवामा जब सशक्त घाइते भएँ । तत्काल मलाई मेडिकल विभागमा लगियो ।'

उनी सम्झन्छन्, 'रगत बग्नबाट जोगाए पछि म बाँचेको थिएँ । मसँगै गोली लागेर अन्य चार जना कमरेडहरु सहिद हुनुभयो । तुरून्तै उपचार नपाउने हो भने त्यहाँ धेरै हताहती अवश्यनै हुने थियो । तर मेडिकल विभागका कारण धेरै कमरेडहरु बाँच्न सफल भए ।' यो जनयुद्धको एउटा सवल पाटो थियो ।

### 'जनयुद्धका हस्तीहरु एक ठाउँमा आएको हेर्न मन छ'

अहिले तत्कालीन माओवादीका उच्चस्तरका नेताहरुको आआफ्नै पार्टी छन् । तत्कालीन नेकपा (माओवादी) नाम गरेको पार्टी इतिहास बनी सकेको छ । जनमुक्ति सेना र हत्तीयार छैन । सेना र हत्तीयार समेत भएको पार्टीका नेताहरु आज भोगविलासमा फसेर विभिन्न समूहमा विभाजित भएका छन् । जनताका सपना देख्ने कमरेडहरू आफ्नो र आफन्तहरूको मात्र सपना देख्न थालेका छन् । यो दुःखद र ऐतिहासिक बिडम्बनाको सवाल हो ।

तिनै नेताहरुले कम्युनिष्ट सिद्धान्त रटाएर युद्धमा लामबद्ध भएका योद्धाहरूको जीवन भने झनै अन्धकारमय हुँदैछ । 'पुष्पकमल दाहाल कमरेड प्रचण्ड, डा. बाबुराम भट्टराई, कमरेड मोहन वैद्य कमरेड किरणहरु एकै ठाउँमा आइदिए हुने थियो', उनले पार्टी र नेताप्रति आशावादी हुँदै भने । 'तर यो मेरो कल्पना मात्र हो । अब जनयुद्धमासँगै काम गरेका नेताहरू एकै ठाउँ हुने वस्तुगत सम्भावना देखिन्न ।'

माओवादी पार्टी टुटफुट हुँदाको पीडा हरेक कार्यकर्ताले महशुस गरेकै विषय हो । 'पार्टी हाम्रो घर, परिवार र समाज भनेर मार्क्सवाद, लेनिनवाद र माओवादको सिद्धान्त घोकाइयो,' फर्सबहादुर भन्छन् । 'त्यही सिद्धान्तको आधारमा जनवादी राज्य सत्ता स्थापना गर्दै न्यापूर्ण समाज निर्माण गर्न जुटेका हामी युवाको समय खेर गएजस्तो पनि लाग्छ । यता अर्कोतिर आजीवन अपाङ्ग भइयो । यद्यपि गणतन्त्र नेपाल स्थापना गर्न भने सफल भएकाछौं । यो भने गर्वले छाती फुल्ने विषय हो ।'

### सेना समायोजन गर्दाको प्रतिवद्धता अधुरो

भोक, निन्द्रा, परिवार, आफन्त, साथीभाइ त्यागेर युद्धमा होमिएका मगरजस्ता अहिले पनि हजारौं जनमुक्ति सेनाहरु भेटिन्छन् । तिनै जनमुक्ति सेनाहरुको आक्रोश र पीडा एउटै रहेको छ । उनीहरू सबैले सेना समायोजन सम्मानजनक नभएको गुनासो गर्दै आएका छन् ।

'निरङ्कुश राजतन्त्र फ्याँक्ने सिपाही हुँ,' मगर आक्रोशित हुँदै भन्छन् । 'जब शान्ति प्रक्रियामा आएपछि तत्कालीन नेपाल आर्मी र जनमुक्ति सेनालाई समायोजन गर्ने कुरा आयो । त्यतिबेला तपाइँहरूलाई जनमुक्ति सेनाको प्रमाण–पत्रमा सेनानी पदले सम्मान गरिने भनिएको थियो । समायोजनमा जान नसक्ने अपाङ्ग योद्धाहरूको पालनपोषण राज्यले लिने भनिएको थियो । अहिले त्यो सबै हावादारी कुरा साबित भएकोछ ।' प्रचण्ड र बाबुराम प्रधानमन्त्री भए । नन्दबहादुर पुन उपराष्ट्रपति बने ।

अन्य धेरै कमरेडहरु मन्त्री, सांसदलगायतका ठूला–ठूला पदमा आसिन भए । तर जनयुद्धको मर्म र उद्देश्य अनुरूप जनताका हकअधिकार सुनिश्चित गर्ने मुद्धा र घाइते योद्धाहरूको समग्र समस्या हल गर्न कुनै नेताले संस्थागत पहल नलिएको उनले बताए । उनी भन्छन्, 'कतिपय नेत्रृत्वहरूले अझै हामीजस्ता अपाङ्ग योद्धाहरूको कमलो भावनालाई भजाउँदै आफ्नो राजनैतिक दुनो सोझ्याई रहेका छन् । जनमुक्ति सेनालाई बजारमा विज्ञापन गरिने मालको बिम्बमा उभ्याइदैछ । तर यो इमानदार र विवेकपूर्ण राजनीतिक हर्कत पटक्कै होइन ।

'सेनानीको सम्मान'

माओवादी युद्ध विसर्जन भएको झण्डै डेढ दशक भई सकेकोछ । त्यही माओवादी जनयुद्धका धेरै नेता कार्याकर्ता राज्यका ठूला–ठूला सार्वजनिक पदमा पुगेका छन् । राज्यको शासक भएर शासन सत्ता पनि सम्हालिसकेका छन् । तर उनीहरू सबैको आ–आफ्नै स्वार्थ र धुन हावी भएको देखिन्छ । सबैकुरा संस्थागत र पद्धतिगत हुन छाडेकोछ । 'अर्थात हाल माओवादी आन्दोलनको अन्त्य गरिएकोछ भन्दा फरक पर्दैन,' उनी प्रश्न गर्छन् ।

उनी थप्छन्, 'हामीले लडेकै जनयुद्धको बलबाट अहिले अन्य संसदवादी पार्टीहरूले पनि मनग्यै राजनीतिक फाइदा लिइरहेका छन् । उल्टै गणतन्त्र हामीले ल्यायौं भनेर चिच्याई रहेका छन् ।' राजनैतिक जोडघटाउको चलखेल भनेको यही होला ।

शान्ति प्रक्रिया टुङ्ग्याउने काम लगभग सकिएकोछ । यता केही जनमुक्ति सेनाका कमरेडहरु विभिन्न संस्था बनाएर पूर्वलडाकु उपनाममा हिँडिरहेका छन् । 'वस्तुतः गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी र समानुपातिक मुद्धाहरू स्थापित गर्ने हामीहरू हौं ।

यसकारण आफूहरूलाई राज्यले सम्मान गर्नुपर्दछ । कमरेड फर्सबहादुर भने, 'राज्यले हामी जनमुक्ति सेनालाई सेनानीको उपाधि दिनुपऱ्यो । यसले समाजमा जनमुक्ति सेनाको छुट्टै पहिचान निर्माण गर्नेछ ।' त्यति मात्र होइन, राज्यले सेनानीको दर्जाले सम्मान गरे गुमेको खुट्टाको पीडा पनि बिर्सन सकिने मगरको भनाइ छ । 'हामीले साहस र इमानदारी साथ नलडेको भए, अहिले गणतन्त्र आउने कुरा कल्पनै गर्न सकिन्न ।

उनी भन्छन्, 'गणतन्त्र ल्याउने सिपाही चाही पूर्वलडाकु अनि गणतन्त्र चाहिदैन भन्ने तत्कालीन नेपाली सेना चाहिँ देशभक्त कसरी हुन्छ ? त्यसकारण राज्यले हामीलाई सेनानीको दर्जाले सम्मान गर्नु जताबाट नापे पनि वस्तुवादी र न्यायसङ्गत हुन्छ ।'

'अहिलेको दुई तिहाइको कम्युनिष्टको सरकार पनि मेरै गुमेको खुट्टाले बनाएको हो, आदिवासी जनजातिका लागि समावेशी, समानुपातिको व्यवस्था मैले लडेको युद्धले ल्याएको हो । साधारण जनतामा आएको राजनैतिक चेत पनि हाम्रै आन्दोलनको उपज संभव भएको हो । उनी भन्छन्, 'तर हामीलाई कहिलेसम्म पूर्वलडाकुको उपनाम झुण्ड्याइ रहने हो । यसमा राज्यले गम्भीर भएर सौँच्नु पर्दछ ।'

## जनयुद्ध जिते पनि राज्यबाट बेवास्ता

मगरको बुझाइमा जनयुद्ध सफल भएको छ । जसरी जनयुद्ध सफल भयो त्यसैगरी माओवादी पार्टीले जनयुद्धका बलमा हासिल गरेका उपलब्धिको अपनत्व लिन सकेन । त्यही भएर माओवादी नेताहरु विभिन्न समूहमा विभाजन भएको उनको भनाइ छ । 'संसारमा जति कुरा लिन खोजे पनि सबै

लिन सकिँदैन,' उनी भन्छन् । 'मुख्य कुरा त, गणतन्त्र ल्याउनु थियो, राजतन्त्र फ्याँक्नु थियो, घरेलु सामन्तवादको अन्त्य गर्नु थियो, त्यो मोटामोटी सम्पन्न भएकोछ । तर त्यो उपलब्धिहरूलाई संस्थागत गर्न नसक्नु पार्टीको कम्जोरी देखिन्छ ।'

वास्तवमा माओवादी जनयुद्धको बलमा समाजमा आएका परिवर्तनकारी मुद्धाहरूलाई हाम्रो भनेर स्थापित गर्न नसक्दा माओवादी आन्दोलन धराशायी बनेको हो । यसले सिङ्गो क्रान्तिकारी आन्दोलनमा सहभागी भएको तमाम जनता र हजारौं माओवादी कार्यकर्ताहरूलाई किनारीकृत गरिरहेकोछ । यही प्रक्रियासँगै जनयुद्ध एकादेशको दन्त्यकथा बन्दै गएको मगरको ठम्याइछ ।

## जीवन जिउनै सकस

धेरै पूर्वलडाकुहरूको जीवन जिउने वातावरणमा असहज देखिन्छ । कटारी नगरपालिकाको भालुखोलामा ४/५ रोपनी जग्गा रहेको बताउने फर्सबहादुर अहिले चौदण्डीगढी नगरपालिका- ३ मा ५ धुर ऐलेनी जग्गामा सानो टिनको छाप्रो बनाएर बसिरहेका छन् । ०६८ सालमा गाउँमै विवाह गरेका फर्सबहादुरका एक छोरा र एक छोरी गरी चार जनाको परिवार छ । 'जीवन जिउने मुख्य आधार भनेको नेपाल सरकारले दिने जीवन निर्वाह भत्ता हो,' उनले भने, 'मासिक रूपमा ६ हजार २ सय भत्ता आउँछ । त्यसैले परिवार पाल्नु परेको छ ।' कल्पना गर्नुस् त कसरी चलेको छ हाम्रो दैनिकी ?

उनले सेना समायोजना हुँदा पाएको पाँच लाखले जग्गा किनेर घर बनाएका हुन् । 'बुबाआमा धेरै सन्तान हामी साथै पूर्ख्यौली सम्पत्तिसमेत थिएन । उनले भने, 'यही आएर ऐलेनी जग्गामा घर बनाएर पूर्वलडाकुको उपाधिले जीवन गुजारा चलाइरहेको छु ।'

नेपाल सरकारले निर्वाह भत्ता वृद्धी गरेर न्युनतम १५ हजार निर्धारण गर्नुपर्ने उनको माग छ । चौदण्डीगढी नगरपालिका- २ को कार्यालयमा करारमा कार्यालय सहयोगीका रूपमा नियुक्त भएका फर्सबहादुर काम भने कम्प्युटर

अपरेटरको गर्छन् । 'पार्टी र सरकारले राम्रो काम गर्ने क्षमताअनुसार काम दिनुपर्ने हो,' उनले भने । 'तर अहिलेसम्म भएको छैन, हामी अपाङ्ग भएका जनमुक्ति सेनाहरूले जुन काममा दक्ष छौं त्यही काम पाए राम्रो हुने थियो ।'

जनयुद्धको मर्म र उद्देश्य अनुरूपनै वर्तमान कम्युनिष्ट पार्टी र सरकारले आफ्नो नीति योजनाहरू विकास गर्नु पर्दछ । समानता र न्यायलाई न्युनतम राजनैतिक बटमलाइन बनाउन ुपर्दछ । यता जीवन जिउन सकस भएकाले दुई तिहाई सरकारको सहयोगको अपेक्षा गरेको मगरको भनाइ छ । 'दुई तिहाइको कम्युनिष्टको सरकार बनाउने पनि हामी हौं । उनले भने, 'घाइतेलगायत सम्पूर्ण जनताका जीवन जिउने आधार सरकारले तय गर्नुपर्दछ । तब मात्रै कम्युनिष्ट आन्दोलनमा खेपेको हैरानी, दुख, कष्ट र बलिदानीको औचित्य पुष्टी हुनेछ ।'

●●●

*–प्रस्तुती विदुर कटुवाल*

# घाऊ अझै चहराई रहन्छ

*'देशमा अहिले आएको गणतन्त्र पनि अपुरो छ । वास्तविक गणतन्त्रले मात्र जनयुद्धमा लागेको घाउ निको हुने छ ।'*

*–कमरेड गणेश*



*रामकुमार जिमी*
*कमरेड गणेश*

निरङ्कुशता र विभेदपूर्ण वर्गीय समाजको अन्त्य गरी समानता र न्यायमा आधारित समाज निर्माण गर्न भनी सङ्घर्षमा होमिएका धनकुटाका राजकुमार जिमी कमरेड गणेश जनयुद्धका घाइतेका एक उदाहरण हुन् । करिब सयभन्दा बढी लडाइँ लडेर धेरै मोर्चा जितेका जिमीलाई युद्धमा लडाउनेहरूका लागि मात्र गणतन्त्र आएको र आफूजस्ता घाइतेको योगदानको कदर नगर्दा निकै दुःख लागेको छ । जनयुद्धका क्रममा धेरै युद्ध जितेका गणेशलाई २०६२ साल बैशाख २६ गते सिरहाको बन्दीपुरमा तत्कालीन नेपाली सेनासँगको भिडन्तमा परी छातीमा गोली लागेर वारपार गऱ्यो । त्यो गोली लागेको ठाउँ गणेशको जनयुद्धको चिनो हो । तर त्यही डोबमा अझै खाटा बस्न सकेको छैन । छातीमा गोली लागे पछि अझैसम्म श्वास-प्रश्वासमा समस्या रहेको उनी बताउँछन् । 'जनयुद्धका बेला टाउकोमा

कात्रो बाँधेर हिँडियो । अहिलेसम्म देशमा गणतन्त्र आएकै छैन', उनले भने, 'किन बाँचियो भन्ने लागेको छ, यो दुर्दशा देख्न त पर्ने थिएन ।'

'जनयुद्धको नेतृत्व गर्ने पार्टी धेरै पटक सरकारमा पुगेको छ तर पनि अहिलेसम्म कुनै पनि राहत दिएको छैन', उनले भने, 'छातीमा लागेको घाउको अहिलेसम्म खाटा बसेको छैन, राहत त परको कुरा उपचार समेत पाएको छुइनँ ।'

'अभाव र दबावमा परेका उत्पीडन वर्ग, जाति, क्षेत्र, लिङ्गका नागरिकहरूलाई माथि उठाउन जनयुद्धमा लागियो, अहिले आफ्नै यो हालत भयो', उनले भने, 'छातीमा लागेको गोलीका कारण संवेदनशील अङ्गमा समस्या छ, जसको कारण खोक्न समेत सकिँदैन, जुन मेरो शरीरमा समस्या छ, त्यसको उपचार पनि भएको छैन ।'

## खेती किसानी गर्दागर्दै जनयुद्धमा

उनी भन्छन्, 'देशमा अहिले आएको गणतन्त्र अपुरो रहेको छ । म यसको सिपाही हुँ । तर हाल जनयुद्धले सिर्जना गरेको घाउलाई वास्तविक गणतन्त्रले मात्र सही उपचार गर्न सक्छ । अर्थात् वास्तविक गणतन्त्रले मात्र घाइतेहरूको नमेटिने घाऊ निको हुनेछ ।'

२०४१ सालमा सङ्खुवासभाको मादीमूलखर्कमा बुबा रामबहादुर जिमी र आमा विष्णुमाया जिमीका जेठा सन्तानका रूपमा जन्मिएका गणेश गाउँमा खेती किसानी गर्दागर्दै माओवादी जनयुद्धमा लागेको बताउँछन् । 'गाउँमा धेरैजसो परिवारमा चरम गरिबी र अभाव थियो', उनले भने, 'त्यसको मुक्तिका लागि आवाज उठाउनु जरूरी थियो । त्यसै क्रममा माओवादीसँग सम्पर्क हुन थाल्यो र ०५८ सालमा पार्टीको भातृ सङ्गठनबाट जोडिएको थिएँ । त्यस पछि जनमुक्ति सेना बनेर हिँडें ।' चरम गरिबी भएकै कारण पढ्न नपाउँदाको पीडा र समाजमा भएको विभेदको अन्त्यका लागि जनयुद्ध लड्नु पर्ने बुझेका उनले आमूल परिवर्तनका लागि बन्दुक बोकेको बताउँछन् ।

तत्कालीन राज्य पक्षकाले घाइते भए उपचार पाएका छन्, भने मृत्यु हुनेले राहत पाएको दाबी गर्ने गणेशले तत्कालीन माओवादीका प्रचण्ड, किरण, बाबुराम र वादलको आदेशमा बन्दुक बोक्नेले केही नपाएको बताए । 'विस्थापित हुनेले पनि राज्य पक्षकाले क्षतिपूर्ति पाएका छन्', उनले भने, 'जनयुद्धमा लागेर मजस्तो गम्भीर घाइते हुनेले भने न राहत पाए, न उपचार नै !' उनी भन्छन्, 'मैले केही पनि पाएको छैन, जनयुद्धको कुरा गर्ने बित्तिकै धेरै युद्ध जिते पनि वास्तविक युद्ध हारेजस्तो लाग्छ ।'

## राहत बारे अनभिज्ञता

माओवादी जनयुद्धले विश्राम लिएपछि पार्टी शान्ति प्रक्रियामा आयो । राज्यले माओवादी र राज्यपक्षबाट द्वन्द्वपीडितको नाममा अर्बौं रूपैयाँ राहत बाँड्यो । जनयुद्धमा वा सशस्त्र युद्धमा घाइते भएका परिवार, मृतकका परिवार, अङ्ग भङ्ग भएकाहरूले धेरथोर राहत पाए । तर, गणेशले अहिलेसम्म द्वन्द्वपीडितको नाममा राज्यले बाँडेको कुनै पनि राहत पाएका छैनन् । 'अपाङ्गता भएको मन्छे, सिधागरी उभिनु पनि हुँदैन,' उनले भने, 'किन मलाई राहत दिएनन्, थाहा भएन । नदिनुको कारण पनि पत्ता लागेको छैन । त्यसैले अब खोज्न पनि छाडिदिएको छु ।'

## गोली लागेको सिरहा मोर्चा

०५८ सालबाट निरन्तर लड्दै २०६२/०६३ को जनआन्दोलनसम्म आउँदासम्म गणेशले झण्डै सयभन्दा बढी मोर्चा लडेको बताउँछन् । गणेशले युद्ध लडेका ठाउँहरु सम्झँदै भने, 'रूकुम, घोरेटार, लिस्ने, अर्घाखाँची, दाङ, पाँचथर, उदयपुर, धनकुटालगायत पूर्वमाभएका सबै युद्ध लडेको छु, मेरो काम युद्ध लड्ने मात्र भयो, सकेसम्म लडिरहें ।'

सिरहाको बन्दीपुरमा २०६२ साल बैशाख २६ गते आक्रमण गर्दा छातीमा गोली लाग्यो । त्यही गोलीले अहिलेसम्म अपाङ्गै बनाएको छ । 'दोहोरो भिडन्त सम्झेर साध्य छैन, 'माओवादी प्रति घृणाको नजर लगाउने गणेशले

भने, 'दुस्मनको अखडा खोज्न नजिक जाँदै गर्दा गोली लागेर छातीमा वारपार गऱ्यो । त्यसपछि जीवनभरि पीडा भोगी रहेको छु ।' बन्दीपुर आक्रमणमा परी सख्त घाइते भएका गणेशलाई पार्टीले विभिन्न ठाउँमा पुऱ्याएर उपचार गरेको बताउँछन् । 'मलाई प्रारम्भमा केही उपचार पार्टीले नै गरेको हो,' उनले भने, 'त्यसपछि आफैँ भारतको लखनउमा उपचार गर्न जाँदा ३ वर्ष जेल परेको हो, त्यसपछि छुटेर फर्कंदा पार्टी शान्ति प्रक्रियामा आइसकेको थियो । राम्रोसँग उपचार नभएकै कारण अहिले जीवनभर अपाङ्ग बनेको छु ।'

## नेताले धोका दिए

अहिले तत्कालीन माओवादीका उच्चस्तरका नेताहरूको विभिन्न पार्टीहरू छन् । तत्कालीन नेकपा (माओवादी) नाम गरेको पार्टी इतिहास भइसकेको छ । सेनासमेत भएको पार्टीका नेताहरू भोगविलासमा फसेर विभिन्न समूहमा विभाजन भएको गणेशको आरोप छ । आफूहरूजस्ता योद्धालाई धोका दिएको उनको भनाइ छ । 'आफू त धेरै पढेलेखेको मान्छे पनि होइन', उनी भन्छन्, 'पार्टीबाट फर्केर गाउँमै आएँ, राहत माग्न धेरै ठाउँ दौडिएँ, तर पाइनँ, त्यसपछि काठमाडौं परें ।' जनयुद्धको उपलब्धिको बारेमा मैले केही बोल्नु छैन, तर मलाई जसले जनयुद्ध लडायो, उसैले मलाई धोका दियो । नेताहरू सम्झदा पनि दिक्क लाग्छ । 'मेरो कमाण्डर बनेर हिँडेका कोही नेता मन्त्री र संसद् बनेका छन्', गणेशले भने, 'देख्दा सिधा नजरले पनि हेर्न मन लाग्दैन ।'

पुष्पकमल दाहाल प्रचण्ड, डाक्टर बाबुराम भट्टराई, मोहन वैद्य किरणहरूबाटै आफूहरूलाई धोका भएको उनको आक्रोश छ । यो गणतन्त्रमा बोर्ड मात्र फेरिएको सारतत्व पूरा नै छ । त्यसैले यो अपुरो भएको उनको भनाइ छ । 'पार्टी हाम्रो घर, परिवार भनेर मार्क्सवाद, लेनिनवाद र माओवादको सिद्धान्त घोकाइयो,' उनी भन्छन्, 'त्यही सिद्धान्तको आधारमा पार्टी सत्ता बनाउन, देश निर्माणमा जुटेका हामी युवाको समय मात्र खेर गयो, अनि जीवनभर अपाङ्ग भइयो, गणतन्त्र आयो भनेर गर्व गर्ने कुनै ठाउँ छैन ।'

### राजधानीमा पेटी ठेकेदारी

जिमीको उमेर अहिले ३३ वर्ष भएको छ । जनयुद्धले अपाङ्ग बनेका जिमीले पार्टी शान्ति प्रक्रियामा आएपछि जनयुद्धकै अर्की घाइते सोममाया जिमीसँग विवाह गरेको बताए । दुई छोरा पनि भइसकेका छन् । श्रीमती पनि अपाङ्ग रहेकाले गाउँमा केही जग्गाजमिन भए पनि काम गर्न नसक्ने भएकाले काठमाडौंमा पसेको उनले बताए । 'त्यो बेला बुर्जुवा शिक्षा भनेर पढाई लेखाई पनि गरिएन, त्यसकारण अहिले जागिर खान त्यही शिक्षा चाहिने भयो', उनले थपे, 'त्यसकारण जीविकोपार्जनका लागि काठमाडौं पसेर पेटी ठेकेदारी गर्दैछु ।' जनयुद्धले उज्यालो बाटो हिडाउँछ भन्ने लागेको उनले बताए । तर, त्यसको ठीक उल्टो भएको उनको भनाइ छ । 'जनयुद्ध लड्नेहरूले छोराछोरी पढाउने विद्यालय पनि खुलेको छ भन्ने सुनेको छु तर आफूजस्ता जनयुद्धमा अपाङ्ग बनेकाहरूका लागि होइन रहेछ' उनले भने, 'राहत त पाइएन झन त्यो त ठूलो कुरा भइगो नि ?'

### युद्ध जितियो मुद्दा हारियो

धेरै पूर्वजनमुक्ति सेनाहरूको जीवन जिउने वातावरण अझै पनि राम्रो छैन । उनी बुबाआमा तीन भाइ तीन बहिनी मध्येका जेठो सन्तान हुन् । जसोतसो बुबाआमाले बनिबुतो गरेर परिवार पाल्दै आएका थिए । हुर्कंदै गएपछि त्यही बनिबुतो गर्ने सिलसिलामा हिंडिरहेको जिमी जनयुद्धमा होमिएका थिए । उनलाई 'लडेका सबै युद्ध जितेको लाग्छ तर आफूहरूले उठाएका मुद्दा भने हारेकोछ । जनयुद्धका सर्वोच्च कमाण्डर प्रचण्ड दुई पटक, अर्का नेता बाबुराम एक पटक देशको प्रधानमन्त्री बने, पासाङ दुई पटक उपराष्ट्रपति बने अरू मन्त्री त कति बने बने,' उनले भने, 'उनीहरूलाई त्यो ठाउँमा पुऱ्याउन मात्र जनयुद्ध गरिएकोजस्तो भएको छ ।' पुरानै परम्परा, कार्यशैली, जीवनशैली, आचरण भएको यो नाम मात्रैको गणतन्त्र आएको छ ।

यस्तो गणतन्त्रले नेतालाई मात्रै फाइदा भएको उनको भनाइ छ । 'हामीले तल्लो तहका जनताले महसुस गर्ने गणतन्त्र ल्याउन खोजेका थियौं', उनले भने, 'त्यो पनि भएन, बेकारमा अपाङ्ग बनियो, नेताहरूले धोका दिंदा यो सबै

भएको हो ।' अहिले त्यो बेलाका नेताहरु रहेको कुनै पार्टीप्रति आशा र भरोसा केही नरहेको उनी बताउँछन् । 'खै कुन पार्टीले देश र जनताका लागि गर्छन् भन्नु,' बोल्नुको कुनै अर्थ नरहेको भन्दै भने, 'माओवादीको बन्दुके भएर आधा जीवन बित्यो, बाँकी रहेको जीवन पनि कष्टका साथ बितिरहेको छ अनि गणतन्त्रको के कुरा गर्नु ?'

नेपालको इतिहासमा २००७, २०३६, २०४६ र १० वर्षे जनयुद्धको ऐतिहासिक महत्व रहेकोछ । यसमध्य १० वर्षे जनयुद्धको जगमा भएको २०६२/६३ सालको जनआन्दोलनले नै राष्ट्रिय राजनीतिमा उथलपुथल ल्याएको छ । यद्यपि अझै पनि धेरै समस्याहरू यथावत छ । यता सयौं योद्धाहरूले दिएको बलिदानीबाट गणतन्त्र प्राप्ति भए पनि यसले अझै समानत र न्याय स्थापित गर्न सकेको छैन । साधरण जनताको अवस्थामा गुणात्मक फेरवदल आएको छैन । क्रान्तिको दौरानमा भएका घाइतेले उचित न्याय पाएका छैनन् ।

## चहराई रहने घाउ

नेपाली राजनीतिमा १० वर्षे जनयुद्धको दूरगामी महत्व रहेकोछ । यसले २ सय ३९ वर्षदेखि जरो गाडेको जहानीयाँ राजतन्त्रको अन्त्य गर्न सफल भयो । नेपालको सन्दर्भमा यो धेरै ठूलो राजनैतिक उपलब्धी हो । तर यति ठूलो परिवर्तन ल्याउन निर्णायक भूमिका खेल्ने जनयुद्धका घाइतेको अवस्था भने अझै दयानीय छ । उनीहरूको घाउमा अहिलेसम्म पनि खाटा पलाउन सकेको छैन । माओवादी १० वर्षे जनयुद्धले देशलाई आमूल परिवर्तन ल्याएको पनि आम सत्य हो । यसमा घाइते योद्धाहरूको योगदान अतुलनीय छ । तर आज तिनै घाइते उपेक्षित भइरहेका छन् । त्यो गम्भीर बिडम्बनाको सवाल हो । यसलाई कम्युनिष्ट पार्टी र सरकारले नजरअन्दाज गर्न मिल्दैन ।

●●●

*-प्रस्तुती ईश्वर थापा*

# गोली लाग्दाको अविस्मरणीय क्षण

*'मजस्तै धेरै द्वन्द्वपीडितहरू यस्तै समस्यामा जुधिरहेका छन् । जनयुद्ध एकाएक शान्ति वार्तामा गएर टुङ्गिएको छ तर द्वन्द्वपीडितहरू भने अझै पनि जीवन–मरणको युद्ध लडिरहेका छन् । हुन त देशमा गणतन्त्र आयो, सङ्घीयता आयो तर जनयुद्धका सहिद, बेपत्ता र घाइते अपाङ्गहरूको घरमा खुसी अझै आएको छैन । उनीहरू आशै आशमा मात्र बाँच्न विवश छन् ।'*

*–कमरेड सञ्जु*



*कल्पना घिमिरे*
*कमरेड सञ्जु*

वीर सहिदहरू अमर रहुन् !

महान् जनयुद्ध लालसलाम !!

नेपाल कम्युनिष्ट पार्टी जिन्दावाद !!!

*'जहाँ क्रान्तिकारीहरूको जीवनमा सङ्गीत नै सङ्गीत बज्ने गर्छ, त्यहाँ तिमी पुग्ने गर,*

*जहाँ भीषण लडाइँमा घाइते योद्धा पानी–पानी भन्दै चिच्याउँछन्, त्यहाँ तिमी पुग्ने गर ।' –कमरेड सञ्जु*

सयौं वर्षदेखि थोपरिएको अन्याय, अत्याचार र उत्पीडनको विरूद्धमा २०५२ साल फागुन १ गते नेकपा (माओवादी) को नेतृत्वमा जनयुद्ध थालनी भएपछि जनताको शक्तिलाई रोक्न तत्कालीन सरकारले अन्तर्राष्ट्रिय सीमा सुरक्षार्थ खटिनु पर्ने सेनालाई पनि माओवादी विरूद्ध परिचालन गरेको थियो । तत्कालीन शाही सेना र सशस्त्र प्रहरीको सेनाबाट अनेक योद्धाहरूले ज्यान गुमाउए । धेरै नेपाली चेलीहरूको अस्मिता खोसिएको थियो । आमाहरूको काख रित्तिँदै गइरहेको थियो । भाइटीका पर्खेर बसेका चेलीहरूको हातमा आँसुका फोहोरा बगिरहेका थिए । घर, समाज अनि सिङ्गो राष्ट्र नै अशान्त बन्दै थियो । हरेक मान्छेको मन पनि विक्षिप्त हुँदै गइरहेको थियो ।

देशका विभिन्न स्थानहरूमा दैनिकजसो दोहोरो भिडन्त, लडाइँ, फायरिङका घटनाहरु भइरहन्थे । गाउँघरतिर पनि सेना पुलिसको गतिविधि निकै अराजक ढङ्गमा बढिरहेको थियो । दैनिक दुई चार जना नमरेको समाचार कमै मात्रामा सुनिन्थे, रेडियो तथा टेलिभिजनमा ।

यसै क्रममा शाहीसेनाको हातबाट आफ्नै छिमेकीका ४ जना दाइहरूलगायत २० जना योद्धाहरूको हत्या भयो । आठराईको 'बगाले हत्याकाण्ड'मा । यो घटनाले मेरो कलिलो मस्तिष्कमा बैरी विरूद्ध तीव्र घृणा जाग्यो । अन्याय, अत्याचार र दमनकारी कदम विरूद्ध लड्ने तागत भित्रैबाट उम्लिएर आयो । जसको परिणाम स्वरूप नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को पूर्णकालीन सदस्य बनेर जनमुक्ति सेनामा आबद्ध भएँ ।

यसै क्रममा १९औं बटालियन 'बी' कम्पनीको आन्तरिक विभागमा मेरो जिम्मेवारी तोकिएको थियो । पार्टीले सुम्पिएको जिम्मेवारीलाई बहन गर्दै अगाडि बढ्ने क्रममा हामी तेह्रथुमको श्रीजुङ पुगेका थियौं । देशका विभिन्न क्षेत्रहरूमा सुरक्षा व्यवस्था कडा पारिएको थियो । त्यही बेला पशुपतिनगर इलाका प्रहरी कार्यालय कब्जा गरी अगाडि बढिरहेका जनसेनालाई चार कोणबाट शाही सेनाले नाकाबन्दी गरेको थियो । यस बखत हाम्रो एउटा टोली भने मेन्छ्यायम पुगेको थियो ।

बैशाख, जेठको समय खेतबारीमा गहुँ लहलह झुलेका थिए, वरपर घाँसको झाडी देखिन्थ्यो । अन्दाजी ५:३० बजेको हुँदो हो, बेलुकाको समय, कम्पनी हेडक्वाटरबाट हामीलाई बाहिरी गतिविधि बुझ्ने निर्देशन भयो । हामी सबै कमरेडहरु आ–आफ्नो कार्यतालिकामा व्यस्त थियौं । बाक्लो कुहिरोको कारण टाढासम्म देख्न सकिएको थिएन । म आफ्नो जिम्मेवारीको काममा टोलीको अगाडि थिएँ । अकस्मात् शाही सेना मेरो अगाडि आइरहेको देखें । '**कमरेडहरूलाई दुस्मन**' भन्न मात्र के भ्याएथैं, बन्दुकको आवाजसँगै म ढलें ।

मदेखि पछाडि रहने कमरेडहरु भाग्न सफल हुनुभएछ । दुस्मनको गोलीले मेरो हातमा लाग्यो । हातबाट रगत बगिरहेको थियो । रगताम्मे हात समाउँदै म तलतिर फाल हानें । मन भारी भएर आयो । दिमागमा एउटा भयानक दृश्य सवार भयो । दुर्भाग्य तल्लो भागबाट बढिरहेको दुस्मनको अगाडि बज्रन पुगेछु । बैरीका सामु म निशस्त्र थिएँ । त्यहीबेला परर गोली बर्सिए । गोलीले मेरा हातखुट्टा, ढाड, टाउकोलगायत सम्पूर्ण शरीर छियाछिया हुने गरी जिउभरि लाग्यो । मलाई अलिअलि याद छ । त्यसपछि त म बेहोस बन्न पुगेछु ।

आँखा खुल्दा झमक्क साँझ परिसकेको थियो । बम गोलीको आवाजसँगै केही टाढा गाउँलेहरु चिच्याइरहेको मधुरो आवाज सुनिन्थ्यो । अब चाहिँ मरी भनेर मलाई फालेर हिँडेका रहेछन्, शाही सेनाको टोली पनि । तर काल नआई नमरिँदो रहेछ अनि बाँचेर यो देशमा विद्यमान विभेदको अन्त्य गर्नका लागि हामीजस्ता कर्मठ योद्धाहरु बाँच्नै पर्ने थियो तसर्थ पनि बाँचिएको होलाजस्तो लाग्छ ।

शरीरका अङ्गहरु क्षतविक्षत भएर जति नै पीडा भए पनि बाँच्ने आशा जीवितै थियो । केही तलसम्म घिसँदै-घिस्रिँदै गएँ । अग्ला कान्ला डिलहरूबाट खसें । शान्त र स्तब्ध भएँ । केही पर कमरेडहरु भएतिरै शाही सेनाले फायरिङ गरिरहेको आवाज सुनिन्थ्यो ।

... ... ...

मनमा एउटा डर उब्जिएर घर बनाइरहेको थियो । कतै ती शत्रुहरू आएर मलाई फेरि मार्ने त होइनन् भनेर । तर मुटु दरो पारेर सुरक्षित भएर आफूलाई सम्हाली रहें । झाडीहरूमा लुकें । बुट्यानहरूमा छेलिएँ । पानीको धारासरी मेरो शरीरबाट रगतको धारा बगिरहेको थियो । नबगोस् पनि कसरी ? सत्र-अठार वटा गोलीले लागेको थियो यो कोमल शरीरमा । आँखामा आँसुको खहरे पनि रोकिएको थिएन । यो दर्दनाक स्थिति कुनै शब्दमार्फत् व्यक्त गर्न असाध्यै कठिन हुन्छ ।

मेरा घाइते आँखा अगाडि एउटा धमिलो दृश्य आयो । मनमा आशा पलायो । केही तल बस्ती देखें । घर गोठहरू देखें । तर त्यहाँ कोही पनि मान्छे देखिँदैनथे । सबै घरका ढोकाहरू बन्द थिए । समय चकमन्न थियो अनि टुलुटुलु हेरिरहेको थिएँ, ती अनौठो र निरिह दृश्यहरू । आफ्नै गतिमा बहिरहेको थियो बतास पनि । त्यहाँका सारा चिजवस्तुहरू मौनमौन देखिन्थे । बन्दुकको आवाज सुनेर होला सायद मानिसहरू त्रासले चुपचाप घर भित्रै उकुसमुकुस थिए । तर म भने रोइरहें, चिच्याइरहें । मेरो लामो र कारूणिक चित्कार सुनेर त्यहाँबाट एकजना दाइ आए । मलाई हेरे, अनि बोलाए तर मेरा ओठहरू चले पनि आवाज निस्कन सकेन । मैले इसारा गरें । मलाई देखेर नै सायद मेरो पीडा बुझे होलान्, उनले मलाई उठाए । घरमा लैजाँदा शाही सेनाबाट खतरा हुने भएर होला सायद उनले मलाई गोठमा लगेर सुताइदिए । म इन्तु न चिन्तु भएर लडिरहें । म जीवन मरणको दोसाँधमा छटपटाइरहें ।

... ... ...

भोलिपल्ट बिहानै सेनाहरू खोजी गर्दै त्यहाँ आइपुगे । त्यहाँ बगेको रगतको टाटाहरू देखेर गाली गर्दै त्यो दाइलाई पिट्न थाले । यति पिटे, यति पिटे जति त भदौमा कोदो पनि कुटिंदैन । मेरो विषयमा सोध्न थाले, माओवादी कहाँ लुकाइस् ? निकाल् भन्दै चरम यातना दिए तर कठोर यातनाका बावजुद पनि ती दाइले कुरा खोलेन छन् । शाही सेना गएपछि दाइले मलाई यी सब कुरा सुनाए । मैले त्यो सहन सकिनँ । म भक्कानिएँ । खै कुन्नी के

सोचे उनले पनि अनि मलाई त्यही भुइँमा सुताइदिएर गए । मलाई यतिबेला यो सहयोग पनि अमूल्य थियो । जुनबेला मेरो जीवन जटिल मोडमा थियो । म मृत्यु भित्र बाँच्न सङ्घर्ष गर्दै थिएँ । **म पुनः बेहोस बन्न पुगेछु ।**

गाउँलेले पार्टीका कमरेडहरूलाई खबर दिएछन् । बेलुका जब चेत खुल्छ, पीडामा चिच्याउँछु, छटपटाउँछु अनि पीडा भित्रबाट आँखा खुल्दा पार्टीका डाक्टरहरू उपचारमा व्यस्त थिए । **त्यहीं म रून्छु, कराउँछु । असह्य वेदनाले मर्दै बाँच्दै गर्छु । फेरि उही अवस्थामा पुग्छु । तर बाँच्ने हिम्मत र मुक्ति आन्दोलनमा लाग्ने आँट भने कत्ति पनि घटेको थिएन ममा ।**

दुस्मनको आँखाबाट सुरक्षित रहनका लागि मलाई सङ्खुवासभा जिल्लाको स्यालधोती भन्ने ठाउँमा लगिन्छ । त्यतातिर लैजाँदाको पीडा र वेदनाको छट्पटी मुटुको काँडाझैं बिझाइरहेछ । बैरीको पञ्जाबाट फुत्किएर बाँच्न सफल जिन्दगीमा केवल श्वास र अलिअलि ढुकढुकीका साथमा हिम्मत बँचेको छ । सोचें, अब आराम र उपचार गरिकन फेरि विद्रोहमा होमिनु छ । सर्बहारा वर्गको मुक्तिका खातिर जीवन समर्पित गर्नु छ ।

यसैगरी छट्पटीमै चारपाँच महिना बित्यो । अनि सहयोद्धाहरूको सहयोगमा उपचार प्रक्रिया अगाडि बढ्यो । भौतिक शरीरमा पीडा भए पनि विचारलाई डगमगाउन दिइँन । बैरीका किल्ला किल्लामा लाल झण्डा गाड्ने साहस कहिल्यै घाइते भएन, अपाङ्ग भएन । बदलाका ज्वारभाटाहरू दन्किरहे मभित्र । जतिबेलासम्म एक थोपा रगत र एक मुठ्ठी प्राण रहन्छ, त्यति बेलासम्म मुक्तिका खातिर डटिरहने प्रतिबद्धता जीवितै रह्यो, मनमा ।

त्यस समयमा सरकार र माओवादीबीच वार्ता हुने कुरा सुनें र मैले भनें, 'अब कसैका शरीरमा गोलीले नदागोस् । यो वार्ताले सकारात्मक अग्रगामी निकास दिओस् । छलछाम कतैबाट हुन्छ र वार्ता बिथोलिन्छ भने विचारको बन्दुक बोकेर युद्ध मैदानमा उत्रन तयार छु अनि हत्याराका छातीमा गोली दाग्नेछु र आवश्यकता परे अझ सयौं गोली थाप्न तयार छु भन्ने साहस बाँचेकै थियो मानसपटलमा ।' वर्गमुक्तिका लागि मैले जीवनभर लडिरहने वाचा गरें ।

... ... ...

जीवनको गति यसरी नै चलिरहेको थियो । देशमा जनयुद्धको जगमा जनआन्दोलन सफल भयो । विस्तृत शान्ति सम्झौता भयो । संविधानसभाको निर्वाचन भई गणतन्त्रको स्थापना पनि भएको छ । संविधानको भावनाअनुसार सङ्घीयता कार्यान्वयनमा छ देशमा । तीन तहमै कम्युनिष्ट पार्टीको बलियो सरकार छ ।

तर यही गणतन्त्र लिन हिँडेका थुप्रै मान्छेहरु फर्केका छैनन् अझैसम्म पनि । हरेक घरमा आएको छैन खुसीयाली । अनि आर्थिक अभावले निकाल्न सकिएको छैन शरीरमा लागेको गोली पनि । कामना गर्छु यो सुन्दर देशमा अब फेरि अर्को युद्ध नहोस् । कसैको घर नउजाडियोस्, कसैका सुन्दर सपनाहरु शिशाझैँ चकनाचुर नहोस् अनि तातो गोलीले कसैको शरीर छियाछिया नबनोस् । बाँचीबाँची कसैले मर्नु नपरोस् अनि मरीमरी कसैले पनि बाँच्न नपरोस् ।

... ... ...

अहिले सुन्दा, पढ्दा कथाजस्तै लाग्ने यो मेरो जीवनको वास्तविक घटना हो । जुन घटना १० वर्षे जनयुद्धमा घटेको हो । वि.सं. २०४४ साल असार २३ गते तेह्रथुमको आठराई गाउँपालिका– ४ इवामा म जन्मिएकी हुँ । सहिदहरुको बलिदान र योद्धाहरुको योगदानबाट निर्माण भएको नयाँ नेपालमा दलित, आदिवासी/जनजाति, महिला, पिछडिएका वर्गलगायत सर्बहाराको मुक्ति भएको हेर्ने अभिलाषा छ । जनयुद्धकी लालसेना म कल्पना घिमिरेको पार्टी नाम भने कमरेड सञ्जु हो ।

बुबा हरिप्रसाद घिमिरे र आमा देवीमाया घिमिरेकी कान्छी छोरीको रुपमा जन्म लिएकी मैले वर्गीय मुक्तिको आन्दोलनलाई नजिकबाट हेरेको, बुझेको र भोगेको छु । मैले जनता निमावि बरबोटेबाट आधारभूत शिक्षा प्रारम्भ गरी कक्षा ७ सम्म अध्ययन गरेपछि उच्च शिक्षाका लागि २०५७ सालतिर जनता उच्च माध्यमिक विद्यालय चुलाचुली– ३ इलामतर्फ लागेकी हुँ ।

... ... ...

आर्थिक स्थिति कमजोर रहेको र कुनै पनि रोजगार अनि व्यवसायमा नरहेकोले परिवारमा दुई छाक टार्न धौ-धौ नै थियो । जेनतेन दुःख गरेर जीवन निर्वाह हुन्थ्यो परिवारको । वर्ग विभाजित समाजमा भएको अन्याय, अत्याचार, धनी, गरिब, ठूलो, सानो, दमन, शोषण, महिलाहरूमा हुने शोषण, समाजमा विद्यमान कुरीति, कुसंस्कार आदिले समाजमा निम्त्याएका समस्याहरूलाई जरैदेखि उखेलेर फाली नेपाली जनताको अधिनायकत्व सहितको जनवादी राज्य व्यवस्था स्थापना गर्ने सोचका साथ म माओवादी राजनीतिमा लागेकी थिएँ ।

मलाई मुख्यतः समाजमा भएका अन्याय, अत्याचार, भेदभाव अनि शोषक सामन्तहरूले गरेको शोषण, दमनका साथै देशमा भएको विभेदकारी नीतिका कारण जातीय भेदभाव, शिक्षा, स्वास्थ्य, रोजगारमा भइरहेको विभेद तथा महिलाहरूलाई समाजमा हेर्ने दृष्टिकोण, धनी र गरिब, शासक र शासित वर्गको अन्तरविरोधको कारण जनयुद्धमा लाग्न प्रेरित गरेको थियो । तर अझै पनि अन्तरविरोधहरूको अन्त्य भइसकेको छैन । यसैले क्रान्ति अझै जारी छ भन्ने मलाई लाग्छ ।

२०५२ सालमा नेकपा (माओवादी) ले सुरू गरेको जनयुद्धको प्रभाव नेपालका विभिन्न ठाउँहरूमा बढ्दै जाँदा २०५९ भदौ १२ मा पूर्णकालीन भई पार्टीको निर्देशनअनुसार तेह्रथुम, सङ्खुवासभा, भोजपुर, सुनसरी, पाँचथर, ताप्लेजुङ, इलाम, झापा, मोरङलगायतका थुप्रै जिल्लाहरूमा काम गरेँ । पार्टीको जिम्मेवारी बहन गर्ने क्रममा तत्कालीन जनमुक्ति सेनामा कार्य विभाजन भयो र २०६० बैशाख ३० मा जनमुक्ति सेनाको सातौं ब्रिगेडमा कार्यरत हुँदै २०६० फागुनमा सेक्सन कमाण्डरको जिम्मेवारीमा बसेँ । पछि २०६२ जेठमा प्लाटुन भिसी र २०६३ भदौमा प्लाटुन कमाण्डर भएँ ।

पार्टीको साधारण सदस्यता भने २०६४ असारमा प्राप्त गरें । कम्पनी सहकमाण्डर र २०६५ असोजमा कम्पनी कमाण्डर भएर पनि मैले काम गरेँ । २०६० फागुन १८ मा भोजपुर रिपिटर टावर सैनिक क्याम्पको लडाइँमा पनि मैंले

भाग लिने मौका पाएको थिएँ । इलाम सदरमुकाममा भएको लडाइँमा सहभागी भएँ । इलामकै फलाटे र मोरङको जाँते भिडन्तमा पनि खटिएँ । धनकुटाको लेउती खोलामा भएको भिडन्त, इलामको पशुपतिनगर स्थित इलाका प्रहरी कार्यालय आक्रमण गर्दा कम चुनौती मोलिएन ।

... ... ...

तेह्रथुमको श्रीजुङमा फायरिङमा परी आफू घाइते भएको घटना अत्यन्तै दर्दनाक छ । घटना सम्झँदा मात्रै पनि आँखा रसाउँछन् । मन भक्कानिन्छ । गला अवरूद्ध बन्छ । अनि आँखाका नानीमा त्यही घटनाको दृश्य झलझली आइरहेको हुन्छ । तर बाँची रहनका लागि हिम्मत र साहस गुमाएकी छैन । म सधैं राष्ट्र र जनता प्रति समर्पित छु अनि वर्गीय मुक्तिका लागि ऊर्जाशील रहिरहने छु ।

... ... ...

पार्टीको निर्णयअनुसार भोजपुरको लडाइँबाट फर्कने क्रममा २०६१ बैशाख ११ गते तेह्रथुमको श्रीजुङ सेखिम्बा भन्ने ठाउँमा आफ्नो कम्पनीमा रहेको फौज बसेको स्थानमा शाही सेनाले आक्रमण गर्दा म घाइते हुन पुगे । घटनामा हात, खुट्टा, छाती, टाउको, शरीरका विभिन्न भागमा गोलीका अनगिन्ती छर्राहरू लागि शरीर पूरै छियाछिया भयो । धेरै दिनपछि मात्रै होस खुल्यो । आन्तरिक उपचारपछि बिराटनगर, धरानको घोपा क्याम्प, सिलिगुडीलगायत थुप्रै ठाउँमा लगेर मलाई बचाइएको हो ।

हाल हातखुट्टा राम्रोसँग नचल्ने अवस्थामा छ भने शरीरमा अझै पनि गोलीहरू बाँकी रहेका छन् । त्यसले शारीरिक रूपमा गम्भीर समस्या पैदा गरेको छ । आर्थिक अवस्था कमजोर भएका कारण उपचारमा समस्या भएको छ । टाउकोमा भएको गोलीले र दुवै हातमा रहेको गोलीले झन्झन् समस्या थपिरहेको छ । जसका कारण जीवनयापनमा कठिनाइ आएको छ ।

सरकारले सामान्य जीवन निर्वाह भत्ताको व्यवस्था गरे पनि उपचारमा भने ध्यान दिएको छैन ।

पछिल्लो समय एक्लो जीवनलाई सहारा दिनका लागि विवाह गरेकी छु । विभिन्न सीपहरू सिकेर आफूलाई बाँच्ने आधार बनाउँदै छु । एउटी महिला जसलाई आमा बन्ने रहर हुन्छ । समयले त्यो इच्छा पनि पूरा गरिदिएको छ । मसँग अहिले श्रीमान् र एक छोरा छन् ।

अहिले पनि टाउको, खुट्टा र जिउमा गोलीका छर्रा बाँकी नै छन् । शरीरमा गोलीका छर्रा बिझाउने समस्या त छँदैछ । बाँकी जीवनको भविष्य सोचेर रातभर निद्रा लाग्दैन । उनी भन्छन्, 'मजस्तै धेरै द्वन्द्वपीडितहरू यस्तै समस्यामा जुधिरहेका छन् । जनयुद्ध एकाएक शान्ति वार्तामा गएर टुङ्गिएको छ तर द्वन्द्वपीडितहरू भने अझै पनि जीवन–मरणको युद्ध लडिरहेका छन् । हुन त देशमा गणतन्त्र आयो, सङ्घीयता आयो तर जनयुद्धका सहिद, बेपत्ता र घाइते अपाङ्गहरूको घरमा खुसी अझै आएको छैन । उनीहरू आशै आशमा मात्र बाँच्न विवश छन् ।'

अबका दिनमा घाइते, अपाङ्गका साथै द्वन्द्वपीडितहरूका लागि राहतका कार्यक्रमहरू ल्याउनु जरूरी छ । सीपमूलक तालिमको व्यवस्था गर्नु आवश्यक छ । उनीहरूलाई परिपुरणको व्यवस्था गरिनु पर्दछ । तिनै योद्धाको योगदानबाट प्राप्त आजको उपलब्धिलाई उपभोग गरिरहँदा तिनीहरूलाई पनि बिर्सन हुन्न । अनि मात्र हरेक मनमा खुसी र हरेक घरमा परिवर्तन आउनेछ जो समृद्धिको आधार बन्न सक्दछ ।

... ... ...

सरकारले अबका दिनमा गणतन्त्रलाई जनताको जीवनस्तर माथि उकास्ने काममा उपयोग गर्न रोजगारीको अवसर सिर्जना गर्ने कार्यक्रम ल्याउनु पर्दछ । आर्थिक उपार्जन वृद्धिमा जोड दिनु आवश्यक छ । द्वन्द्वपीडितहरूका

साथै आमजनताको कष्टप्रद अवस्थाको निराकरण गर्ने दिशामा परिलक्षित विकासका आयोजनाहरू तीव्र गतिमा ल्याउनु आजको आवश्यकता भएको छ । विकासका लागि अबको कदम भनेको सबैलाई खाद्य व्यवस्था, आवास, शिक्षा, स्वास्थ्य एवम् सुरक्षाका साथै क्षमताअनुसारको रोजगारीको व्यवस्था गरिनु हो ।

त्यसकारण गणतन्त्र नाममा मात्र आएर पुग्दैन, यो समग्र सामाजिक रूपान्तरणको व्यवस्था भएका कारण सम्पूर्ण जनताको घरघरमा पुग्नु पर्दछ । यो हामी सबै नेपालीको बलले प्राप्त भएको कारण यसको अपनत्व ग्रहणका साथै संरक्षण गर्ने पनि हाम्रो साझा कर्तव्य बन्नु पर्दछ । सबै नागरिकले गणतन्त्र र सङ्घीयताको प्रत्याभूत गर्न पाउनु पर्दछ । तब मात्र जनताको मुहारमा मुस्कान ल्याउने आधार यसलाई लिन सकिन्छ । जनयुद्धको मर्म र उद्देश्य पनि सार्थक हुनेछ ।

●●●

*-प्रस्तुती दीपक कट्टेल*

# युद्धमोर्चाको काहाली लाग्दो गाथा

*'जनवर्गीय सङ्गठन र जिल्लाका कमरेडहरू उनीहरूको पछि-पछि कोदालो, स्ट्रेचर, बेल्चा बोकेर साथै मेडिकल विभागका कमरेडहरू पनि उनीहरूसँगै यात्रामा लामबद्ध बने । उक्त समयमा पछाडि फर्केर हेर्दा अनि आमा-बाबु, भाइबहिनी सम्झँदा ती स्ट्रेचरमा आफू कुन बेला घाइते भएर बोकिनु पर्ने हो वा कुटोकोदालोले पुरिनु पर्ने हो भन्ने सोचँले बिपिनलाई केही भावुक बनाइरहेको थियो ।'*



*बिपिन राई*
*कमरेड बिपिन*

*-कमरेड बिपिन*

एउटा सानो गाउँ, जो अँध्यारोले र गरिबीले गाँजेको थियो । सोलुखुम्बुको त्यहीँ गाउँ अँधेरीमा गरिब परिवारमा बुवा सौदे राई र आमा सुनमाया राईको कोखबाट बिपिन राईको जन्म भएको थियो । २०४५ साल कातिक ४ गते जन्मिएका उनले सानैदेखि जीवनको कष्टकर यात्रातय गरे । उनको बुवाले साहुको भारी बोकेर परिवारको जीवनधान्ने गर्दथे । केही सक्ने भएपछि बिपिनका दाजुले पनि बुवाको पछिपछि लागेर दोलखाको जीरी बजारबाट साहुको भारी बोक्न थाले । बाबु र दाजुको काँधमा भाइबहिनीलाई शिक्षा दिलाउने जिम्मेवारी

पनि थपिएको थियो । यसकारण दोलखाको जिरीबाट सल्लेरीसम्म साहुको भारी बोक्नु उनका बाबु र दाजुको दिनचर्यानै बनेको थियो ।

बुवा र दाजुले बिपिनलाई जसोतसो पढाए । कक्षा पाँचमा पुग्दासम्म बिपिनलाई पनि आफ्नो परिवारको आर्थिक जटिलता बारे ज्ञान भइसकेको थियो । त्यसैले उनले आफ्नो पढाई खर्चका लागि मात्रै भए पनि कलिलो थाप्लोमा जिरीदेखि नुनथलासम्म साहुको भारी बोक्न थाले । त्यसरी कलिला खुट्टाहरूले उकालीओराली गर्दै लम्जुराका हिउँमाथि कलिला हातले बोकेका तोक्मामा भारी बिसाउँदै कापी, कलम र विद्यालय पोशाक लगायतको खर्च आफैँले जोहो गर्न थाले ।

त्यसबेला उनको गाउँ पनि अन्य गाउँहरूजस्तै अन्धकारमा बाँचेको थियो । त्यहाँ विद्युत पुगेको थिएन । त्यसैले मट्टितेलबाट टुकी बालेर पढ्नु पर्दथ्यो । मट्टितेल खर्च पनि उनले आफैँ जुटाउन थाले । यसरी घरपरिवारको उत्तरदायित्व निभाउनु पर्ने भएकोले पढ्ने वातावरण पाएनन् । उनको दिमाग सानैदेखि तिक्ष्ण भएता पनि अनुकुल वातावरणको अभावमा भनेजस्तो अध्ययन् गर्न सकेन ।

### जनयुद्धको बाटो

साहुको भारी बोकिरहेकै बेला तत्कालीन माओवादी जनमुक्ति सेनाको लामो ताँतीसँग उनको भेट भयो । त्यही मध्येका कोही एक जनाले उनलाई प्रश्न गर्‍यो– "नानी ! तिमी कतिमा पढ्छौ ? ठूलो भएपछि हामीसँग जानुपर्छ है ! अनि तिमीजस्तै यसरी भारी बोक्नु परिरहेका गरिबहरूको उत्थान गर्नुपर्छ ।" यही कुराले बिपिनलाई माओवादीको नेतृत्वमा सञ्चालन भइरहेको जनयुद्धप्रति आकर्षित गर्‍यो ।

त्यसबेला गाउँघरमा जाँड–रक्सी पिउने र समाजमा उपद्रो गर्नेहरूलाई पनि माओवादी कार्यकर्ताहरूले कार्बाही गर्न थालेको थिए । उनले गाउँमा झगडा र दादागीरी गरिहिँड्नेलाई त्यसरी कडा कार्वाही गर्ने गरेको सुने । जुवा–तास खेल्ने र घरमा श्रीमतीलाई दुःख दिनेहरू पनि माओवादी कार्बाहीमा पर्न थालेको उनले थाहा पाए । त्यसपछि उनमा पनि परिर्वतनका लागि आफूलाई पनि त्यही बाटोमा लामवद्ध गराउने योजना बनाए ।

कक्षा ९ मा अध्ययनरत उनको दाजु बलसिं राई कमरेड दिनेश माओवादीमा प्रवेश गरे । उनले माओवादी प्रवेश गर्दा गाउँमा रूवासी नै भयो । उनले केही समयपछि गाउँतिर माओवादी सङ्गठन बिस्तार गर्न थाले । यही क्रममा बिपिन राई पनि उक्त सङ्गठनको सदस्य बने ।

राज्यले दिनप्रतिदिन बढाएको निगरानीले गाउँमा बस्ने अवस्था बिस्तारै कठिन हुन थाल्यो । अन्ततः बिपिन राई पनि कक्षा ८ मा अध्ययन गर्दागर्दै माओवादीमा प्रवेश गर्न बाध्य भए । त्यसपछि उनको जीवनको यात्रा मोडिन पुग्यो ।

वि.सं. २०५९ मा उनले घर परिवार, सँगैका साथीभाइ, गाउँका छरछिमेक सबैसँग टाढिएर माओवादी सङ्गठनमा जोडिए । उनी तत्काल सङ्गठनमा खटे भने केही समयपछि भोजपुर जिल्लाको डिलखर्कमा कमाण्डो ट्रेनिङमा सहभागी भए । सम्भवतः उक्त सैन्य शिविरमा सहभागी हुनेमध्ये सबैभन्दा सानो उमेरको प्रशिक्षार्थी उनी नै थिए । उक्त शिविरमा भाग लिइसके पछि उनलाई सैन्य फर्मेशनमनको जिम्मेवारी दिइयो । पार्टीले दिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्ने प्रतिवद्धतासहित उनी सैन्य फर्मेशनमा खट्न थाले ।

देशको राजनीतिक परिस्थिति अझ जटिल बन्दै गएको थियो । माओवादी आन्दोलनले एकपछि अर्को नयाँ उचाई प्राप्त गरिरहेको थियो । त्यस्तो बेलासँगैका सहयोद्धाहरूलाई गुमाउँदै मोर्चामा अझ अघि बढ्नुको अर्को कुनै विकल्प थिएन । एक छिन अघिसँगै हिँडिरहेको कमरेड कतिखेर घाइते हुने वा ज्यान गुमाउने हो, पत्तै हुन्थेन । ती पलहरूले बिपिनलाई अहिले पनि बेलाबेला भावनामा डुबाउने गर्दछ । तिनै परिस्थितिहरूले अझ भिषण युद्ध मोर्चाहरूमा हाम फाल्न बाध्य बनाउँदै लग्यो । यही सिलसिलामा बिपिनले पनि त्यस्ता कैयौं मोर्चाहरूमा सैन्य अनुभव संगाल्ने अवसर पाए ।

### युद्धमोर्चामा घाइते

बिपिनले पार्टीले दिएको जिम्मेवारीलाई बहन गर्दै विभिन्न मोर्चाहरूमा सहभागी र उल्लेखनीय भूमिका निर्वाह गर्न थाले । त्यसरी उनले प्रतिवद्ध भएर पार्टीको जिम्मेवारी पूरा गर्दै अघि बढे । उनले त्यस्ता धेरै ठाउँहरूमा पार्टीले

दिएको जिम्मेवारीहरूलाई पूरा गरे, जहाँ उनले आफूलाई मृत्युको मुखबाट खोसेर बचाए ।

बि.सं. २०६२ सालमा भोजपुरको घोरेटार ब्यारेकमाथि आक्रमण गर्ने योजना पार्टी बनाएको थियो र उक्त तयारी सुरू भयो । युद्धका विभिन्न तयारीका साथमा जनमुक्ति सेनाहरूलाई पनि भौतिक, प्राविधिक र मानसिक सबै हिसाबले तैनाथ गरियो । विभिन्न युद्धकलाहरू सिकाउँदै भोजपुरको सालेवाबाट ठूलो लडाकु फर्मेशन मैयुँको डाँडैडाँडा अगाडि बढ्यो । मैयुँ उसै पनि प्राकृतिक रूपले अत्यन्तै रमणीय स्थान । त्यहाँ ठूलो भाँडामा बनाइएको जाउलो (बाटोको नास्ता) पनि उत्तिकै मिठो र रमाइलो मानी मानी उनीहरूको फर्मेशनले खाए । उक्त रातको बसाई भने मैयुँडाँडादेखि केही तलको जङ्गलमा भएको थियो ।

त्यो समयमा कमरेड विधान (सहिद) सँगको बसाई र जिस्किदै जङ्गलको पत्करमा सुतेको पल बिपिनलाई अहिले पनि ताजै भएर आउने गर्छ । जिल्ला पार्टीले उक्त सैन्य टुकडिको खाना–नास्ताको व्यवस्थापन जङ्गलमै गरेको थियो । दिनभरी जङ्गलको बसाई पछि रातमा टोली अगाडि बढ्नु पर्ने थियो । अर्को दिन पाचँधारे जङ्गल हुँदै यात्रा अघि बढ्यो र बसाई पनि त्यही नजिकैको जङ्गलमा नै भयो । उक्त जङ्गल घोरेटार मोर्चाका लागि अन्तिम सेल्टर हुँदै थियो । तर, सबै लडाकुहरूलाई 'हामी कुन ठाउँ जाँदैछौं' भन्ने जानकारी नहुनाले उनीहरूलाई पनि त्यो कुरा थाहा थिएन । युद्धमा पार्टीले जहाँ गएर जे गर भन्छ, त्यो नै गर्नुपर्छ भन्ने कुरामा उनीहरू असाध्यै प्रतिवद्ध थिए ।

उक्त टोलीको बसाई फेरि दिनभरी जङ्गलमा नै भयो । खोटाङ र भोजपुर जिल्लाको सीमानामा अर्को ठूलो टोलीसँग उनीहरूको भेट भयो र टाढैबाट "लालसलाम कमरेड !" भन्दै एउटै यात्रा र मिशनमा लाम्बद्ध भए । सबैसँग हात हल्लाउँदै अगाडि बढ्न थालियो । जनवर्गीय सङ्गठन र जिल्लाका कमरेडहरू उनीहरूको पछि–पछि कोदालो, स्ट्रेचर, बेल्चा बोकेर साथै मेडिकल विभागका कमरेडहरू पनि उनीहरूसँगै यात्रामा लामबद्ध बने । उक्त समयमा पछाडि फर्केर हेर्दा अनि आमा–बाबु, भाइबहिनीहरूलाई सम्झँदा ती स्ट्रेचरमा

आफू कुन बेला घाइते भएर बोकिनु पर्ने हो वा कुटोकोदालोले पुरिनुपर्ने हो भन्ने सोचँले बिपिनलाई केही भावुक बनाइरहेको थियो । यही कुराले उनलाई अहिले पनि दुःखी र भावुक तुल्याउँछ ।

उनीहरूको टोली अगाडी बढ्दै गर्दा घोरेटार ब्यारेक नजिकै अन्तिम सेल्टरमा पुग्यो । सबै लडाकुहरूलाई दिनभरि वैचारिक प्रशिक्षणको साथै आ–आफ्नो टोली चुस्तदुरूस्त बनाउन निर्देशन भयो । रात परेपछि डबल फर्मेशनमा लडाकु टोलि बिस्तारै अघि बढ्न थाल्यो । बिपिन राई पनि त्यही टोलीभित्र आफ्नो टीमलाई सम्हाल्दै र निर्देशन गर्दै अघि बढ्न थाले । युद्धमा होमिएको लडाकुको मानस्पटलमा युद्धमोर्चा र दुश्मन बाहेक अरू केही नहुने भएकाले सम्पूर्ण जनमुक्ति सेना केही नसोची दुश्मनको ब्यारेकतर्फ अघि बढ्न थाल्यो । उक्त मोर्चामा दुश्मनको तारघेरा तोड्ने जिम्मेवारी बिपिनको काँधमा आइपरेको थियो ।

सुरूमा डाडाँबाट एटिवानको सेल दुश्मनको व्यारेक भित्र खसालियो । त्यसलगत्तै लडाकु टोली दौडेर ब्यारेक नजिक पुग्यो । मोर्चामा तारघेराबार तोड्ने जिम्मेवारी पाएको टर्पेटो टोलिका सबै जना कमरेडहरू तारघेराबार तोड्न अगाडि बढे । घोरेटार मोर्चा बेलुकी ६ बजे नै शुरू गरिएको थियो, जुन मध्ये रातसम्म पनि जारी नै रह्यो । तर, रातभरको युद्धमा दुश्मनको व्यारेक कब्जा गर्न नसक्ने परिस्थितिको आँकलन गर्दै जनमुक्ति सेनाको फौज बिस्तारै डिफेन्स लिदै पछाडि हट्न थाले ।

कैयौं कमरेड गुमाएर, कैयौं कमरेड घाइते भएर पूर्ण रूपमा युद्ध नजिती फर्कनु पर्दा अन्य लडाकुहरूकोजस्तै बिपिनको पनि मनमा पीडावोध भएको थियो । मन मिल्ने लडाकुहरूले एकअर्काको कम्ब्याट ड्रेस साटेर पनि लगाएका थिए । किनकि एक जना कमरेड शाहदात प्राप्त गरेर गए पनि उसको चिनो रहोस भन्ने भावनामा उनीहरूले पोषक साटासाट गर्दथे । त्यही बेला बिपिनलाई आफ्नो एक जना सहयोद्धा कमरेड गम्भीर घाइते भएका र अचेत छन् भन्ने खबर प्राप्त भयो । उनलाई भेट्ने मन भए पनि त्यहाँ भेट्ने अवस्था भने थिएन ।

टोलि बिस्तारै पछाडि हट्दै गयो र बिस्तारै उज्यालो पनि हुँदै गयो । दर्जनौं योद्धाहरू घाइते भए । डिफेन्स दिँदै फर्कने क्रममा तत्कालिन शाही सेनाको हेलिकप्टर बिपिनहरूको टोली नजिक आएर रिक्की गरी पर्कियो । ४/५ वटा हेलिले उनीहरूको टोली फर्कने बाटोमा सेना उतार्‍यो । त्यहाँ अर्को भिडन्त सुरू भयो । सैन्य टोलीको पछाडि पनि आर्मीको गस्ती आयो र त्यता पनि भिडन्त सुरू भयो । ठूलो टिम रहेकाले परिस्थिति अस्तव्यस्त बन्न पुग्यो । भोजपुरको युँमा आकाशबाट पनि बम खस्न थालेपछि र नजिक आएर हेलीबाट पनि गोली बर्षन थालेपछि टोली झन् अस्तव्यस्त बन्न पुग्यो । जनमुक्ति सेनासँग पर्याप्त साधनस्रोत समेत नहुनाले परिस्थिति एकदम जटिल बन्न पुग्यो । भएका हतियार समेत जाम हुन थालेका थिए । बम गोला पनि सकिइसकेको थियो । खुल्ला भूभाग र स-साना घर थिए, तर सबै जना अट्ने अवस्था नै भएन । कतै-कतै रूख र सानो जङ्गल भए पनि चारैतिर बम र गोली प्रहार हुन थालेपछि कभर लिनका लागि त्यो पर्याप्त हुने कुरै भएन । जमिन र आकाश दुवैतिरबाट बम र गोली प्रहार भइरहेको थियो, जस्ले गर्दा धेरैको हताहती भए ।

त्यसरी भीषण बम बर्षा भइरहेको बेला बिपिनलगायत ९/१० जनाको टोली सानो रूखको आडमा बसिरहेको थियो । कहिँकतै बस्ने र कभर लिने ठाउँ नै थिएन । त्यो टोलीमा कमरेड गोमा, कमरेड सन्देश, कमरेड अरूणा, कमरेड ध्रुव, कमरेड सिलालगायत थिए । एउटा हेली उक्त टोलीको शिरबाट सिधै ल्यायो र एक्कासी उनीहरूको छेउमा बम खसाल्यो । बिपिन राई पनि त्यही बमले गम्भीर घाइते भए । उनी होसमा आउँदासम्म उनका ८ जना कमरेडहरू सहिद भएको खबरले उनलाई भौतिक पीडासँगै थप मर्माहद बनायो ।

सपनाजस्तो बेहोसीबाट बिपिन ब्युँझदा कोही कमरेड खुट्टा चुँडिएको, कसैको हात नभएको, कसैको टाउँको नभएको, कसैको आन्द्राभुँडी निस्केको देख्दा आफूलाई पनि कतै गोली लागेको होला भन्ने अुनमान गरे । तर कता लाग्यो भन्ने कुरा भने ठम्याउन सकेनन् ।

उनी होसमा आउँदा माटो र लासहरूले थिचिएको थियो । उनले निस्कने प्रयास गरे तर सकेनन् । उनीसँग त्यसबखत झोला र एस.एल.आर. साथमै अल्झिएको थियो । जसोतसो उनी बिस्तारै निस्के र प्राप्त सैन्य तालिमअनुसार घिस्रिन थाले । बोल्न र कराउन खोज्दा पनि उनको आवाज बन्द थियो । उठेर हिँड्न खोजे, तर त्यो त झन् सम्भव नै भएन । त्यसपछि फेरि घिस्रिन थाल्दा देब्रे कुमबाट झोला तल झरेपछि मात्रै उनलाई आफ्नो देब्रे हातमा गोली लागेको भान भयो र फर्किएर हेर्दा हात सानो नसाले मात्रै अल्झाएको देखे । तर, त्यहाँ कुनै रगतसमेत आएको थिएन ।

घिस्रिएर थोरै अगाडी मात्र के बढेको थियो, त्यहाँ पनि बमबाडी भयो । बमको धमाकाले उनलाई लास भएको ठाउँमा नै फालिदियो । त्यसपछि उनको मुख, नाक र हातबाट एक्कासी रगत बग्न थाल्यो । त्यो बेला मात्रै उनलाई थाहा भयो, टाउकोमा पनि बमले लागेको रहेछ । रगत धेरै बगिरहेकाले सास फेर्दा आफ्नै रगत उनले धेरै निले । उनको साथमा त्यसबेला कोही कमरेडहरू थिएनन्, सबै लासमा परिणत भइसकेका थिए ।

केही समयपछि कतैबाट कोही कमरेड आएर बम र गोलीको बर्षा भइरहे पनि उनलाई घिसार्दै सानो स्कुलभित्र पुऱ्यायो । यसरी लगिएको उनलाई अलि–अलि मात्रै याद छ । स्कुलको कक्षाकोठा बिपिनजस्तै घाइतेहरूको रगतले पोखरी बन्न पुगेको थियो । एकछिनमा स्कुल छेउमा पनि बम प्रहार भयो । बिपिनको नाक र मुखबाट आएको रगत फोक्सोमा जाम हुन थाल्यो र उनलाई सास फेर्न धेरै गारो हुँदै गयो । उनको चेतना बिस्तारै हराउँदै जान थाल्यो । "दुश्मन आयो" भन्दै कमरेडहरूले बर्की (पछ्यौरा)मा पोको पारेर तान्दै गरेको याद बाहेक उनलाई केही थाहा थिएन । उनको होस राती मात्रै खुलेको थियो ।

त्यो क्षेण उनीसँग रूनलाई न त आँसु थियो, कराउनलाई न त आवाज नै । सिथिल बनेको आफ्नो रक्तमुछेल शरिरले कमरेडहरूको लास र जन्म दिने आमा–बुवा, भाइ–बहिनी, साथी, विद्यालयका शिक्षक, मिल्ने र नमिल्ने साथीहरू सबैलाई एकै पटक सम्झँदै उनले यो दुनियाँमा केही छिन बाँचेर गाउँसम्म पुग्ने अभिलाषा लिए । तर, त्यो सब उनको लागि त्यसबेला

कल्पना मात्रै थिए । यसरी सोच्दा-सोच्दै र आफूले थाहा पाउँदा-पाउँदै उनी फेरि अचेत भए ।

त्यो समयमा आन्तरिक मेडिकल विभागले धेरै ठूलो योग्दान गरिरहेको थियो । आफ्ना घाइते कमरेडहरूको उपचारको लागि ज्यानलाई बाजीमा राखेर उनीहरू घाइते भएको ठाउँसम्म पुग्थे । युद्धमा मेडिकल विभागले गरेको कार्य सदैव सम्मानजनक छ । घाइते भइसकेपछि घरी होस खुल्ने र गुम्ने भएपछि बिपिनलाई उपचारका लागि भारततर्फ लग्ने निर्णय भयो । उनको अवस्था यति गम्भीर थियो कि उनी आफैँलाई पनि बाँच्छु भन्ने आशा साह्रै झिनो मात्र थियो ।

## मेडिकल विभागसँग भेट्दा

खोटाङ जिल्लाको बोखिम भन्ने ठाउँमा कमरेड प्रतिभा, कमरेड सुस्मालगायतको मेडिकल टिमसँग पहिलो चोटी भेट एउटा पुरानो घरमा भएको थियो । उक्त घरभरि घाइते विरामीहरू र त्यही बीचमा बिपिनलाई ढिकीको छेउमा गम्भीर अवस्थामा राखिएको थियो । र, बिपिनको शरीरबाट ब्लिडिङ भइरहेको थियो । उनलाई त्यसबेला स्लिपिङ ब्यागले बेरिएको थियो । त्यो बेला कमरेड बिपिन र जतन एकदम गम्भीर अवस्थामा थिए त्यसमा पनि बिपिनको अवस्था अझ नाजुक रहेको थियो ।

मेडिकल विभागले स्ट्रेचरबाट निकाली स्लिपिङ ब्याग भित्र हेर्दा बिपिनको रगत पूर्ण रूपमा जामिएको थियो । उनको अवस्था यस्तो थियो कि त्यो हेर्न नसकिने खालको थियो, तर मेडिकल विभागका कमरेडहरूले आफूले सक्ने काम गर्नु र बिपिनको ब्लिडिङ रोक्नु अनिवार्य थियो । तर उनको रगत केही गर्दा पनि रोकिएन । रगत यति बगेको थियो कि उनले लगाइराखेको जुत्ता नै राम्रोसँग चिनिएको थिएन । रगतले पूरै लत्पतिएको भिष्टा जुत्ता खोलेर हेर्दा खुट्टाका सबै औंलाहरू रगतले पोतिएका थिए । धेरै लामो प्रयासपछि उनको ब्लिडिङ बल्ल नियन्त्रणमा आयो ।

त्यसपछि मेडिकल विभागका कमरेडहरूले नै रगत लागेको ठाउँमा तातो पानीमा कपडा भिजाएर शरिर सफा गरे । त्यसबेला उनेले मान्छे अलि–अलि चिन्नेजस्तो गर्नथाले । तर, फेरि अचेत भए । त्योबेला खोटाङ जिल्लाका कमरेड दर्शनले घाइतेहरूको व्यवस्थापन गरिरहेका थिए । र, बिपिनको देब्रे पाखुराको सबै मासु पाकेको थियो र त्यो दुर्गन्धित भएको थियो । त्यसरी ड्यामेज भएको मासु काटेर मेडिकल विभागकका कमरेड प्रतिभा र कमरेड सुस्माले एक कचौरा (सानो प्लेट) नै फालिदिए ।

मेडिकल विभागले सकेको उपचार गर्‍यो, तर विभागबाट मात्रै सम्भव नहुने भएपछि कमरेड बिपिन र भोजपुरका अर्का कमरेड कपिललाई थप उपचारका लागि भारततर्फ लाने निर्णय पार्टीले गर्‍यो । तब उनीहरूलाई उपचारको लागि भारततर्फ लगियो । उनको अवस्था यस्तो थियो, धेरै कमरेडहरूले बिपिन कमरेडका बारेमा सोचेका थिएनन् कि "कमरेड बिपिन ठीक भएर आउनेछन् ।"

खोटाङ जिल्लाकै कालापानीमा सबै जनमुक्ति सेना र मेडिकल विभागमा यस्तो खबर पुग्यो– "कमरेड बिपिन धेरै सिकिस्त छ । सायद सहिद हुन्छ होला ।" यस्तो खबरले उनका मिल्ने कमरेडहरू र समग्र पार्टीलाई नै मर्माहत बनायो । मेडिकल विभागमा जस्ले उनलाई उपचार गरेका थिए, उनीहरू स्वयम्लाई नचिन्ने अवस्थामा थिए बिपिन । उपचारमा संलग्न कमरेहरूले "कमरेड ! राम्रोसँग उपचार गरेर फर्किनु है !" भनेर बाइबाइ ! गर्दा पनि बिपिन आँखा मात्र टुलुटुलु हेरी रहन्थ्यो, केही बोल्न सक्ने अवस्थामा थिएन । पछिसम्म मेडिकल विभागका कमरेडहरूले उनी बारे कुनै खबर नपाउँदा उनीहरूलाई लागेको पनि थियो– "सायद यो संसारबाट विदा भए होलान । सहिद भए होलान ।" तर संयोग भनौं, बिपीन बाँचेर फर्किए । २०६४ सालमा जनमुक्ति सेनालाई ब्यारेकीकरण गरिने भएपछि ब्योरेकमा बिपीन कमरेड पनि पुगेकाथिए । त्यही बेला तत्कालीन अवस्थामा आफ्नो उपचारमा संलग्न मेडिकल विभागका कमरेड सुस्मा राईसँग उनको भेट भयो । त्यसबेला बाँचेर आउँछ भन्ने दश मनमा एक मन पनि नसोचेको

कमरेडसँग भेटेका सुस्मा राईले उनको घाइते अवस्थाबारे विस्तृत जानकारी गराइन् । त्यसबेला आफूलाई मृत्युको सैयामा जीवन दिलाउने डक्टरलाई बिपिनले चिन्ने अवसर पनि पाए ।

## भारतमा उपचार

कमरेड बिपिनलाई दुश्मनको विभिन्न इलाकाहरू छल्दै भारतको पट्ना हुँदै रेलबाट पन्जाव पुऱ्याइयो । रेलभित्र सामान झैँ प्याक गरेर उनलाई भोजपुर जिल्लाका कमरेड सन्दीपको साथमा लगिएको थियो । पन्जावको डि.एम.सि. अस्पतालमा तत्काल भर्ना गरी उनको उपचार सुरू भयो । त्यसबेला भारतमा रहेर पार्टी र घाइते योद्धाहरूको उपचारको लागि अहोरात्र खट्नुहुने कमरेहरू बिपिनको मानस्पटलमा धन्यवादका पात्र बनेर आजसम्म पनि सल्बलाई रहेका छन् । उनीहरूले नै बिपिनको उपचारको लागि सम्पूर्ण खर्च र व्यवस्थापन गरेका थिए ।

उनी आफूलाई समेत त्यसबेला लागेको थिएन कि "अब म बाँच्छु र आफ्नै देश फर्किन्छु ।" दिनमा उनी धेरै पटक मरेर बाँच्ने गर्दथे । त्यसबेला उनको पटक-पटकको अप्रेसनदेखि सबै उपचार खर्च त्यहीँको पार्टीले व्यवस्था गरेको थियो । डि.एम.सि. अस्पतालको एक वर्षको बसाई पछि उनी नेपाल फर्किए । फर्कंदा पन्जावदेखि लखनौसम्मको लोकल रेलको कठिन यात्रामा उनीहरू ३ जना थिए । त्यसपछि नेपालगन्जसम्म रात्रिबसमा आएपछि पश्चिमका एक जना कमरेडसँग छुटिएर खोटाङका अर्का कमरेडसहित बिपिन काठमाडौं आइपुगे । गाडीको यात्रामा हल्लिएर उनको घाउ फेरि बल्भिने र रगत बग्ने पीडाले सताई रह्यो ।

## आफ्नै टिम खोज्दै

उनी नेपाल फर्किए पछि आफ्नो टोली खोज्दै भोजपुर जिल्ला पुगे । त्यहाँ दिङ्लामा केही टिमसँग उनको भेट भयो र उनले आफ्ना कमरेडहरूसँग केही सुख-दुख साटासाट गरे । तर, टिममा भने उनी सहिद भइसकेको खबर

पुगेको रहेछ । तर, उनी बाँचेर फर्कंदा सबै कमरेडहरूमा खुसी छायो । केही टिम भने पूर्वतिर थियो, र त्यही टोलीसँग भेट्नको लागि उनीहरूको टोली पनि पाचँथरको यसोकतिर लाग्यो । त्यसबेला बिपिन आफैँ खाना खान सक्ने अवस्थामा थिएन । त्यसबेला उनलाई कमरेड अपेक्षालगायतको टोलीले सहयोग गरिरहेको थियो । उनको झोला बोकी दिने र समयमा औषधी, खाना–खाजालगायत सम्पूर्ण हिसाबले हेरचाह उनीहरूले नै गरिरहेका थिए ।

ओखलढुङ्गा जिल्लाका कमरेड अडिग उनीहरूको तत्कालिन कम्पनीको कमिसार थिए । कमरेड अडिगले उनलाई अभिभावकजस्तै भएर ब्यवहार गर्दथे । त्यसलगतै उनलाई फेरि काठमाडौंको वीर अस्पतालमा उपचारका लागि पठाइयो । तर, अस्पतालले "थप अरू सुधार गर्न सकिंदैन, जे छ त्यसैमा खुसी हुनुपर्छ" भनेर पठायो ।

त्यसपछि उनी सर्लाहीको मलंगवा पुगे, उनको टोली त्यहीँ रहेको थियो । त्यसपछि भने उनलाई पार्टीले सोलुखुम्बु जिल्ला पठाउने निर्णय गर्‍यो । उनी पत्र बोकेर आफ्नै जिल्ला आइपुगे । सोलुखुम्बु पुग्दा उनीजस्तै केही अरू घाइते कमरेडहरू पनि उनले भेटे । उनीहरू कमरेड अजित, कमरेड प्रज्वल, कमरेड घनश्यामलगायत थिए । त्यसबेला कमरेड अजित कार्यालय सचिवको जिम्मेवारी सम्हाली रहेका थिए । बिपिन पनि कार्यालय टीममा नै रहेर काम गर्नथाले । नैराश्यताले घर गर्न थालेको समयमा उनको हौसला बढाउने काम अजितले गरेका थिए । करिब एक वर्षपछि भने जिल्ला पार्टीले कार्यालय सचिवको जिम्मेवारी बिपिनलाई दियो र केही समय कार्यालय सचिवको रूपमा आफ्नो कार्य सम्पादन गरे ।

बिस्तारै पार्टीमा घाइतेहरूलाई हेर्ने दृष्टिकोण साँघुरो बन्दै गएको र पार्टीले बेवास्ता गर्न थाले पछि पार्टीमा उठाइएका गम्भीर विषयहरूको सुनुवाई पनि हुन छोड्यो । त्यससँगै पार्टीमा आएको विभाजनले उनको मनमा तुसारापात भयो र अन्ततः उनले पार्टीको सम्पूर्ण जिम्मेवारी र पार्टी सदस्य समेत नरहने गरी राजिनामा दिए ।

## हालको अवस्था

हाल उनी सोलुदूधकुण्ड नगरपालिका वडा नं. ५ मा 'स्मारिका कम्प्युटर सेन्टर' सञ्चालन गरिरहेका छन् । सोलुखुम्बुको सल्लेरीजस्तो चिसो ठाउँमा उनलाई काम गर्न निकै नै गाह्रो हुने गर्छ । घाउले गर्दा राम्रोसँग हातले काम गर्न सक्दैन र चिसोमा अति नै दुखाई बढ्ने गर्छ । गर्मीमा पनि घाउ उस्तैगरी पोल्ने पीडाले उनी मर्माहत छन् । टाउकोमा छर्रा लागेको कारण चिसोमा नाक बन्द हुने गरेको छ । यस प्रकारका स्वास्थ्यमा समस्या झेलिरहेका कमरेड बिपिनले २०६७ सालमा सोलुखुम्बु जिल्ला पार्टीमा रहँदै भोजपुरकी सम्झना राई कमरेड विरंगनासँग विवाह गरेका थिए । उनीहरूको २०६८ सालमा एक छोरीको जन्म भएको छ । हाल तीन जनाको परिवारसहित जसोतसो जिन्दगी चलेको छ ।

## नेतृत्वलाई भन्नै पर्ने कुरा

अग्रगामी राजनैतिक मुद्धा र चेतना वृद्धीको आयामबाट हेर्ने हो भने नेपालको राष्ट्रिय राजनीति पूर्णरूपमा जनयुद्धको विरासतद्वारा निर्देशित छ । यसैको बलमा धेरै राजनीतिक मुद्धाहरू संस्थागत भइरहेका छन् । तर शान्ति प्रक्रिया पछिको कतिपय कार्यनीतिक कदम सही नभएको कमरेड बिपिनको दावी छ । पार्टी भित्रका पुराना कमरेडहरू शान्तिकालमा फिट हुन नसकेको उनको बुझाई छ । उनीहरू जो युद्धमा फिट थिए । शान्तिकालमा खराब चरित्रका नयाँ अवसरवादीहरूलाई मौका दिँदा पुराना कमरेडहरू पाखा लाग्नु परेको उनको ठम्याई छ । पार्टीले तमाम मुक्तिकामी जनता, सहिद, बेपत्ताहरूको चाहना र उद्देश्यलाई सम्वोधन गर्न पनि यो सवालमा गम्भीर ध्यान दिनुपर्नेमा उनको विशेष आग्रह छ । परिवर्तन, न्याय र समानताको लागि ज्यान फालेर लड्ने इतिहासका जिउँदो सहिदहरूलाई बिर्सन नहुने उनको सुझाव रहेको छ ।

●●●

*-प्रस्तुती गणेशकुमार राई*

# छर्रासँगै बाँचिरहेका पेम्बा

*'बहुसङ्ख्यक श्रमजीवि जनताका अवस्था कस्तोछ, घाइतेहरू कहाँ छन्, के गर्दै छन् ? उनीहरूको दैनिकी कसरी चलिरहेको छ, शरीरका घाउ कस्तो अवस्थामा छन्जस्ता विषयमा यसका सरोकारवाला पक्षले गम्भीर ध्यान दिन जरूरीछ ।'*

*–कमरेड पेम्बा*



*पेम्बा शेर्पा*
*कमरेड सुरेश*

ताप्लेजुङको मिक्वाखोला गाउँपालिका वडा नं. २ ओभ्mा गाउँका ३१ वर्षीय पेम्बा शेर्पाले शरीरमा गोलीको छर्रा लिएर बाँचेको करिब १४ वर्ष भयो । अलि बढी जाडो वा गर्मी हुने बित्तिकै शरीरमा भएको गोलीको छर्राले भतभती पोल्ने गर्दछ । काम गर्न कठिनाइ हुने, उठबस र सुताइमा समस्या हुने र धेरैबेर उभिन नसक्नेजस्ता दिक्दारी झेल्दै आएका पेम्बाको उपचार भने जारी छ । तर यसले पूर्णता पाएको छैन । आर्थिक अभाव छ । चिकित्सकले भने जति रकम तत्काल निकाल्न सक्ने अवस्था छैन । एकै पटकमा उपचार सकेर घर फर्कन लाग्ने मोटो रकम आफूसँग तत्कालै निकाल्न संभव छैन । त्यसैले उनी जब दुखाई बढ्छ तब

मात्र चिकित्सकको सल्लाह, परामर्श र निगरानीका लागि अस्पताल धाउने गरिरहेका छन् । उनी भन्छन्, 'शरीरमा भएको गोली एकै पटक निकालेर बोझ फाल्न पाए कति राम्रो हुने थियो ।'

१० वर्षे जनयुद्धको क्रममा पेम्बाको शरीरमा गोलीको छर्रा लागेको हो । २०६२ फागुन २१ गते इलाम सदरमुकाममा तत्कालीन शाही नेपाली सेनासँगको दोहोरो भिडन्तको निसानी हो, पेम्बाको शरीरमा भएको गोलीको छर्रा । उक्त दिनको भिडन्तमा पेम्बा प्लाटुन सहायक कमाण्डर (पिएल भिसी) थिए । साँझ रिमझिम पर्न लागेको बेला दोहोरो भिडन्त सुरू भयो । उनको प्लाटुनका कमाण्डर सकुन्त सोही घटनामा मारिए । सकुन्तलाई हानेको गोलीको छर्रा पेम्बाको ढाड हुँदै बाहिरियो । 'गोली लागेर रगताम्य हुँदासम्म कमाण्डरले काशन दिइरहनु भएको थियो । आफ्ना कमाण्डर सकुन्तलाई सम्झँदै पेम्बाले भने, 'उहाँसँग भएको ऊर्जा र आँटले नै सायद हामीलाई बचाएको हुनुपर्छ ।'

उनको विचारमा कमाण्डर सकुन्तलाई बचाउन सकेको भए पछिल्लो प्रक्रियामा उहाँको सिर्जनशील विचार र आँटले थुप्रै महत्व राख्ने थियो । उनी थप्छन्, 'कमरेड सकुन्त फौजी आन्दोलनका लागि आँटी, अनुभवी, ऊर्जाशील र आफ्ना सहकर्मीलाई बढी माया तथा सम्मान दिने खालको हुनुहुन्थ्यो ।' सकुन्तकोजस्तो आँट र मनोबल अहिलेसम्म कायम रहने हो भने नेपाली कम्युनिष्ट आन्दोलनमा ठूलो महत्व रहने पेम्बाको विश्लेषण छ ।

२०५९ मा पार्टी सम्पर्कमा आएर तत्कालीन नेकपा माओवादीको पूर्णकालीन कार्यकर्ता बनेका पेम्बा विशेषतः फौजी लाइनमा क्रियाशील भए । उनको आबद्धता १ नं. डिभिजनअन्तरगत विप्लव–सृजन स्मृति बिग्रेडमा रहेको थियो । सेल कमिटीमा आबद्ध हुँदै पार्टी सम्पर्कमा आएका उनी सङ्गठित सदस्य हुँदै २०५९ मा भएको ९ महिने युद्ध बिरामका बेला पूर्णकालीन कार्यकर्ता बनेका थिए । इलाम सदरमुकाम बाहेक सिरहाको बन्दीपुर, भोजपुरको घोरेटार,

धरानको भानुचोक, इलामको मलातेलगायतका स्थानमा भएका फौजी आक्रमणमा उनको प्रत्यक्ष संलग्नता रहेको थियो ।

जनमिलिसिया हुँदै कम्पनीमा आबद्ध भएका उनले युद्धका बेला साहसी जनसेनाको भूमिका निभाएका थिए । फौजी आक्रमणका बेला तत्कालीन नेकपा माओवादीले शाही नेपाली सेनाकै स्वरूपमा कम्पनी, बटालियन, बिग्रेड र डिभिजनअन्तर्गत रहनेगरी सेनाको साङ्गठनिक संरचना तयार पारेको थियो ।

बुबा दिलकुमार शेर्पा र आमा मिङ्माडिकी शेर्पाका ५ दाजुभाइ र ३ दिदीबहिनीमध्ये माइला छोरा पेम्बाको जन्म २०४५ बैशाख १५ गते भएको थियो । पेम्बाको भूमिगत नाम कमरेड सुरेश थियो । आधारभूत तहसम्मको अध्ययन गरेका उनलाई वर्गीय मुक्तिको लडाइँले आकर्षित गऱ्यो । अशिक्षा, गरिबी, पछौटेपन र सामाजिक असमानताजस्ता कारणबाट माओवादी लडाइँमा सामेल हुन पुगेका उनी १४ वर्षमै पार्टी सम्पर्कमा गएका थिए । उनी भन्छन्, 'मुक्तिका निम्ति बन्दुक बोक्नुनै उपयुक्त ठानियो र लडाइँको मोर्चामा सहभागी भइयो ।'

उनले लडाइँका क्रममा बगेको रगतलाई पनि मुक्ति र परिवर्तनका लागि दिएको योगदानको रूपमा लिएका छन् । उनको परिभाषामा जनयुद्ध नेपाली समाजको आमूल परिवर्तन गर्दै समनता र न्याय स्थापित गर्नका लागि एउटा महत्वपूर्ण राजनैतिक कडी थियो । यही कडीको आधारमा अहिले मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको उनको ठम्याई छ ।

एक अर्थमा उनी अपाङ्ग छन् । तर अपाङ्ताको प्रतिशत भने निर्धारण भएको छैन । हालसम्म द्वन्द्वपीडितका नाममा कुनै सहयोग नपाएको बताउने उनी मन्त्रालयबाट प्रमाणीकरण भएको द्वन्द्वपीडितको सूचीमा पनि छैनन् । राज्यबाट घाइते तथा अपाङ्गताका लागि प्रदान भएको सुविधासमेत अहिलेसम्म नपाएका

उनले शान्ति समितिमा समेत द्वन्द्वपीडितका लागि निवेदन दर्ता गर्न भ्याएनन् । 'धेरै कुरा बुझ्न् पनि पाइएनन्' पेम्बाले भने । त्यही भएर कता के गर्नुपर्थ्यो भन्ने बारेमा स्पष्ट जानकारी पनि भएन ।'

उनले आमउत्पीडित जनता एवम् द्वन्द्वपीडितहरूको मर्म र भावना अनुरूप कम्युनिष्ट पार्टी र सरकारले नीति तथा कार्यक्रमहरू विकास गर्न सुझाव दिएका छन् । समाजवादी कार्यक्रमहरू अघि बढाउनु पर्दछ । बहुसङ्ख्यक श्रमजीवि जनताका अवस्था कस्तो छ, द्वन्द्वपीडित कहाँ छन्, के गर्दै छन्, उनीहरूको दैनिकी कसरी चलिरहेको छ, शरीरका घाउ कस्तो अवस्थामा छन्जस्ता विषयमा यसका सरोकारवाला पक्षले ध्यान दिन जरूरी छ । प्राविधिक तालिमसम्बन्धी दीर्घकालीन सीप हासिल गरी त्यसको उपयोग गरेर जीविकोपार्जन गर्न सकिने उनको विश्वास छ । यसका लागि सरकारले विशेष राष्ट्रिय नीति निर्माण गरेर समग्रमा समस्याको समाधन गर्नुपर्दछ ।

●●●

*-प्रस्तुती चन्द्र पन्दाक (प्रयास)*

# भिमानबाट उड्यो पीडाको विमान

*'रिना गेलालले प्रहरीहरूसँग सम्बन्ध बनाइन् । कुराकानी राम्रोसँग हुन थाल्यो । उनले घाइते र महिलाहरू जटिल अवस्थामा रहेको कुरा पत्रकारसम्म पुऱ्याउन प्रहरीलाई नै लगाइन् । प्रहरीले पनि सहयोग गऱ्यो । तर, मानवअधिकारवादी जेलमा आउँदा बङ्करमा लुकाइन्थ्यो । जेल र हिरासत खालि देखाइन्थ्यो ।'*

*–कमरेड रवीन*



*डील्लीप्रसाद मुखिया*
*कमरेड रवीन*

निकै मोटो र हट्टाकट्टा परेको ज्यान । दैनिकजसो ब्याडमिन्टन खेल्न फिदिम बजारको सिरानबाट पुछारसम्म पुग्ने । राम्रोसँग चलेको व्यवसाय । स्वच्छ, सफा र आकर्षक पसल । झट्ट बाहिरबाट हेर्नेहरूले फिदिममा व्यवसाय गर्ने डिल्लीप्रसाद मुखिया 'रविन'लाई राम्रो नै देख्छन् । कतिपयले त मोजमस्ती र आनन्दसमेत देख्लान् । तर उनको आन्तरिक जीवनमा आनन्द छैन । आफ्नो शरीर छियाछिया परेको छ । नियमित औषधी सेवन र स्वास्थ्य परीक्षण गराउनुपर्छ ।

पेशा व्यवसायले जीवन चल्दै जाला । धनसम्पत्ति पनि कमिएला । तर कहिल्यै आनन्द अनुभूति हुन नसक्ने पीडा मुखिया दम्पत्तिको छ । उनीहरूको जीवनमा औषधी र उपचारसँग स्थायी साइनो रहेकोछ । घाइतेकै कारण उनीहरूको सन्तान पनि नहुने भएका छन् । अरूले हेर्दा आनन्द देखे पनि मुखियाको जीवन आँसु, पीडा र दुःखले भरिएको छ । विगत चाहिँ चलचित्रको कथाजस्तो छ । अहिले उनी विगतलाई राम्रोसँग नियाल्न पनि सक्दैनन् । सम्झन खोज्छन्, तर मन भक्कानिएर आउँछ ।

पाँचथरको मिक्लाजुङ गाउँपालिका वडा नं. ४ रवि घर भएका केन्द्रमान सुनुवार र दलमाया सुनुवारका जेठा छोरा डिल्लीप्रसाद मुखिया कमरेड रविन अध्ययनका लागि काठमाडौं पुगे । सशस्त्र जनयुद्ध उत्कर्षमा पुग्दै थियो । उनी तत्कालीन विद्रोही माओवादीतर्फ आकर्षित भए । काठमाडौंमै माओवादीसँग सम्पर्क भयो । पार्टीमा पूर्णकालीन कार्यकर्ता भए । त्यसपछि रामेछाप, काभ्रेमा स्क्वाएड सदस्य भएर काम गरे । पछि २०५८ वैशाखमा जनमुक्ति सेनामा खटिए । उनले २०५८ मङ्सिरमा सोलुको सल्लेरीमा पहिलो युद्धमोर्चा सम्हाले ।

### भिमानबाट उड्यो पीडाको विमान

२०५९ भदौ २२ तत्कालीन विद्रोही माओवादीले सिन्धुलीको भिमानमा रहेको प्रहरी चौकीमा आक्रमण गऱ्यो । आक्रमणमा २२ जना प्रहरी मारिए । यो भीषण भिमान लडाइँबाट मुखियाको जीवन पीडाको विमान तर्फ चढ्यो । उनका दुवै तिघ्राबाट गोली वारपार भए । खुट्टा छियाछिया भयो । हलचल गर्न सक्ने स्थिति भएन । उनी मरिसकेको भनेर सहयोद्धाले पुर्न खोज्थे । तर जहाँ पुर्ने तयारी गरियो सेना त्यहीँ आइपुगेको जानकारी हुन्थ्यो । यही संयोगले उनी बाँचे । भदौ २२ देखि २९ गतेसम्म उनी अचेत अवस्थामै रहे । सुरक्षा चुनौतीका कारण एकै ठाउँ राखेर उनको उपचार हुने अवस्था थिए । माओवादीका साथमा विज्ञ डाक्टरहरू पनि थिएनन् ।

नेपालमा उपचार सम्भव नभएपछि पार्टीले भारत लैजाने निष्कर्ष निकाल्यो । उनी सहित अर्का घाइते टीकाराम विश्वकर्मा र अन्य ६ जना असोज १ गते

भारतको सीतामणि पुगे । तर, आधा घण्टामै पक्राउ परे । रविन आफ्नो विगत सम्झन्छन्, 'हामीलाई लैजाने तरिका नै वस्तुवादी थिएन । घाइतेहरूको उपचारको व्यवस्था भएन । दिनभर कोठामा खाँद्ने, राति मात्रै निकाल्ने गरिन्थ्यो । छिटो कसरी लैजाने भन्ने योजना थिएन । तर म होसमा आएपछि आफैँ भन्न थालें । अनि दिउँसै जिपमा लैजाँदा हल्ला फैलियो । पुगेको १ घण्टामा पक्राउ पऱ्यौं ।' उनीहरूले आफूहरू हामी माओवादी नभएको दलिल पेश गरे । डाकाले प्रतिकार गर्दा यसो भयो भनेर बाँच्ने प्रयत्न गरे । तर, संयोग राम्रै जुऱ्यो । रविनको सिरानीमा नेपाल प्रहरीको ज्याकेट रहेछ । भारतीय प्रहरीले तान्दा नेपाल प्रहरी लेखेको ज्याकेट निस्कियो । 'हामी माओवादी हो भन्दा अत्यधिक पीडा र तनाव दिने अवस्था थियो । त्यसैले ढाँट्नु अनिवार्य थियो । पछि त्यहाँको प्रहरीले अदालतमा मुद्दा हाल्यो । तर अदालतले हामी माओवादी नभएको ठहर गर्दै जेलमुक्त गर्ने आदेश दियो', रविनले विगत सम्झे ।

अदालतले सफाई दिए पनि माओवादी कार्यकर्ताहरूकै कारण उनीहरू पुनः पक्राउ परे । केही भने भागे । रविनकाअनुसार फैसला भएको दिन जेलरले निवेदन गऱ्यो अदालतमा, 'यिनीहरू विदेशी हुन् । यहाँ यिनीहरूको कोही मान्छे छैनन् । आजको रात यहीं जेलमा राख्ने आदेश पाऊँ ।' रविनकाअनुसार उसले आदेश पनि पायो । मानवीय हिसाबले न्याय गर्न अपिल गऱ्यो । उनीहरू जेलमै बसे । तर, जेलबाट अदालत जाने भारतीय कर्मचारीको अर्कै कालो धन्दा हुदोरहेछ ।

## सविता पाण्डे र रिना गेलाललाई बिक्री

कर्मचारीकै डिजाइनमा एउटा आश्चर्यजनक घटना भयो । रविनकाअनुसार घाइतेहरूको उपचारमा खटिएका थिए कुन्दकुमारी पाण्डे 'सविता' र रिना गेलाल । पछि सविता र रविनको विवाह भयो । रविनले यसरी सम्झिए त्यो कालरात्री 'त्यहाँ जेलभित्रै एकदमै खतरा गिरोह हुँदो रहेछ । दुवै जना महिलालाई २५/२५ हजार भारूमा बिक्री गरेका रहेछन् । त्यो कुरा जेलमै रहेको मधेसी मूलको एक नेपालीबाट थाहा भयो । उनी तस्करीको मुद्दामा

पक्राउ परेर जेल परेको रहेछ । ऊ बाहिर पनि घुम्थ्यो ।' उसले रविन र टीकाराममलाई ५/५ सय रूपैयाँ दिएर 'तिमीहरूले जसरी पनि यी दुई महिलाहरूलाई बचाएर लैजानू ! यिनीहरूलाई बेचिसकिएको छ' भन्ने जानकारी दियो । उसले भनेको थियो, 'यिनीहरू जेलबाट निस्केपछि मेरो गाडी छ भनेर महिलाहरू नै तान्न आउँछन् । त्यो गाडीमा नचढ्नू, सुरक्षा गरेर लैजानू ।'

तर रविन र टीकाराममलाई बेलुकी ५ बजे नै प्रहरीले गेटमा ल्यायो । रातभर उनीहरू तनावमा बसे । आफ्नै कमरेडहरूले त्यहाँ ढाँट्न खोजे । प्रहरीले उनीहरूलाई जान सक्छौ भन्थ्यो । तर, उनीहरू दुई जना महिलाहरूलाई लिएर मात्रै जान्छौं भन्थे । उनीहरूलाई निःशुल्क नेपालसम्म आइपुग्ने व्यवस्था गरिएको थियो । हातमा सरकारी छाप लगाइएको थियो । 'म लठ्ठी टेकेर बसेको थिएँ । बिहान ८ बजे मात्रै दुई जना महिलाहरूलाई बाहिर निकाल्यो । निकाल्ने बित्तिकै साडी लगाएका महिलाहरू चिल्लो चिल्लो गाडी लिएर आए । हाम्रा कमरेडहरू सुरेश र रामकैलाशलाई सहयोग गरभन्दा पनि मानेनन्' रविनले भक्कानिँदै विगत सम्झिए ।

यसपछि उनीहरू दुई जना पुरूषले दुवै महिलाहरूलाई सुनाए, 'तिमीहरूलाई बिक्री गरिसकिएको छ' भनेर । हामीले यसो भनेपछि त्यहाँ उनीहरू डाँको छोडेर रून लागे । 'जेलको मुख्य मानिसले पनि रूवाबासी र बिक्रीको कुरा सुन्यो । बाहिर अरू महिलाहरू हाम्रा कमरेडहरूलाई लैजान तान्न आउँछन्, हामी रोक्छौँ । ठूलो जात्रा भयो त्यहाँ', रविनले भने । रूवाबासी भएको जेलरले देखेपछि उसले प्रहरीलाई आदेश दियो । प्रहरीले चारै जनालाई पुनः पक्राउ गऱ्यो । 'प्रहरी चौकी पुऱ्याएर छ/छ वटा कागजमा ल्याप्चे हान्न लगायो । यो के का लागि भन्दा 'सुरक्षितसाथ नेपाल लैजाने खोजेको भन्यो' रविनले भने ।

जेलमा एकदमै निक्रिष्ट जीवन बिताए उनीहरूले । 'कीरा च्यापिएको, देखेर पनि पन्छाउँदै खानु पर्थ्यो', रविनले भने, 'प्रहरी चौकीमा पुगेपछि लिटी भन्ने खान पाइयो । त्यो खान पाउँदा त मातेछु । मातेको बेला प्रहरीले नेपालका आतङ्ककारी भेटिएको कागज बनाएको रहेछ ।' बिहान ११ बजे मुजफरपुरबाट

उनीहरूलाई हिँडायो । सर्लाहीको मलङ्गवा छेऊ ल्याएर नेपाली र भारतीय प्रहरीले हात मिलाएर, फोटो खिचे । नेपाली सुरक्षाकर्मीले भेट्ने बित्तिकै उनीहरूका आँखामा पट्टी बाँधिदिए ।

## उपचार नपाउँदा बाङ्गियो खुट्टा

भिमान आक्रमणमा घाइते भएपछि भारत पुगे पनि उनीहरू पक्राउ परे । त्यहाँ उपचार हुन सकेन । उपचार नभएपछि रविनको खुट्टा आफैँ बाङ्गो भएर जोडियो । 'म उठ्नै नसक्ने । दुई महिनापछि अस्पतालमा पुऱ्याइयो । अस्पतालमा एक्स-रे गर्दा देखियो खुट्टा जोडिइसकेछ ।' पछि पुनः शल्यक्रिया गर्न मिल्ला कि भनेर डाक्टरहरूले हेरे । तर, सम्भव थिएन । अहिले रविनको देब्रे खुट्टा चार इन्च छोटो भएको छ भने दाहिनेमा छर्राको टुक्राहरू बाँकी छन् । उनीहरू अस्पतालमै छ महिना बसे पनि राम्रो उपचार भएन ।

पट्टी बाँधिएका उनीहरूलाई कहाँ पुऱ्याइयो भन्ने पत्तो नै भएन । पछि अरू बन्दीलाई सोध्दा थाहा भयो उनीहरू सर्लाहीको मलङ्गवामा जिल्ला कारागारमा रहेछन् । तर त्यहाँ पनि अनौठो संयोग भयो । रविन र टीकारामको कोठा सानो थियो । बाध्यताले अरू कैदीबन्दी मिसाउन त्यहीं ल्याउनु पर्थ्यो । रविनले उपचार र सहज जीवनका लागि नयाँ जुक्ति निकाले । त्यहाँ रहेका अरू कैदीलाई भेट्न आउनेहरू मार्फत पत्रिकाको कुनामा आफ्नो विवरण लेखेर बाहिर पठाउँथे । पत्रकार, मानवअधिकारकर्मी र माओवादी कार्यकर्तासम्म पुऱ्याइदिन आग्रह गर्थे ।

उनले जसरी पनि सार्वजनिक गर्ने प्रयत्न गरिदिन आग्रह गर्थे । तर त्यो मिसनमा उनीहरू सफल भएनन् । त्यसपछि नयाँ रणनीति तय गरियो । रिना गेलालले प्रहरीहरूसँग सम्बन्ध बनाइन् । राम्रोसँग कुराकानी हुन थाल्यो । उनले घाइतेहरू र महिलाहरू जटिल अवस्थामा रहेको कुरा पत्रकारसम्म पुऱ्याउन प्रहरीलाई नै लगाइन् । प्रहरीले सहयोग गरिदियो । तर, मानवअधिकारवादी जेलमा आउँदा उनीलाई बङ्करमा कोचिन्थ्यो । जेल र हिरासत खाली देखाइन्थ्यो । उनीहरू त्यहाँ १८ दिनसम्म बसे ।

**लावतीका मित छोरा भनेपछि...**

रविनको स्वास्थ्य अवस्था साह्रै कमजोर थियो । उनीहरूबारे धेरै हल्ला भएपछि सेनाले उनीहरूलाई सिन्धुली सरूवा गर्ने निधो गऱ्यो । क्याप्टेन चाहिँ तेह्रथुम घर भएका लिम्बू समुदायका थिए । क्याप्टेनले रविनलाई मार्न गोली खेर फाल्नुभन्दा कुहिएर मर्न दिनुपर्छ भन्थे । उनलाई क्यान्सर भएको ठान्थे । खुट्टा कुहिएर गन्हाउने हुँदा छेउमा आउन पनि सक्दैनथे ।

'सेनाले सिन्धुली लैजाने भयो । गोली ठोक्ने पनि निश्चित भयो । अब साह्रै तनाव भयो । माऱ्यो भने त सकियो', रविनले सम्झिए । 'नभन्दै बाँच्न लेखेको रहेछ । त्यहाँ पनि एउटा संयोग भयो ।' क्याप्टेनले रविनको घर सोधे । उनले पाँचथर हो भने । क्याप्टेनले पुनः सोधे 'पद्मसुन्दर लावती चिन्छस् ?' रविनले फ्याट्टै भने, 'चिन्छु नि सर ! ऊ मेरो मित बाउ हो ।' बाँच्नु थियो हामीले । पद्मसुन्दर लावती राजाको मन्त्रिमण्डलमा मन्त्री भएका जल्दाबल्दा पाँचथरे नेता थिए । हुन त लावतीसँग रविनको सम्बन्ध पनि थियो नै । 'खासमा लावतीले नै मेरो बुबालाई हुलाकमा जागिर लगाइदिएका थिए ।' क्याप्टेनले रविनलाई भन्यो, 'थुइक्क अर्कैले लडायो तँलाई तर के पाइस् ?'

'परिवर्तनका निम्ति लडेको हुँ सर' मैले भने ।

'अब के गर्छस् ? घर जान्छस् कि जेल' क्याप्टेनले सोधे ।

'घर जान्छु नि सर' मैले भने ।

'त्यति सजिलै घर जालास् । भिमानमा २२ जना प्रहरी मरेका छन् । तिनलाई फिर्ता गर्छस् ?' उसले भन्यो ।

'त्यो त प्रचण्डलाई सोध्नुपर्छ,' उनले भने ।

क्यान्सर भइसकेकाले रविनलाई रोडमै छोड्ने उसको भनाइ थियो । तर रविनलाई डर थियो उही पद्मसुन्दर लावती पो हो कि ! तर क्याप्टेनले सबै

कुरा बताएका रहेछन् । 'उनी लावतीकै आफन्त रहेछन् । उसको नाम चाहिँ बिर्सिएँ', रविन भन्छन् । यसपछि सिन्धुली हुँदै उनीहरूलाई काठमाडौं लगियो । 'अनि हामीलाई प्रहरी हिरासतमा तीन महिना नारकीयरूपमा राखियो । कहिले काहीं खुट्टा सुन्निएर निकै गाह्रो हुन्थ्यो । तीन महिनापछि मुद्दा चलाएर जेलमा हाल्यो । उनीहरू चार वर्ष जेल परे । अहिले उनीहरू सबै कुरा भन्न सक्ने अवस्थामा छैनन् । उनीहरू २०६३ असार १ गते नख्खु जेलबाट छुटे । सुरूमा सर्लाहीमा पार्टीमा जोडिए अनि पाँचथर आएका थिए । २०६४ मा उनी पाँचथर आए । हाल उनी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पाँचथरको जिल्ला कमिटी सचिवालय सदस्य छन् ।

### 'सविताले मलाई जीवन दिइन्'

भिमान आक्रमणमा घाइते भएपछि सवितालाई रविनको हेरचाहको सम्पूर्ण जिम्मा दिएर पठाइएको थियो । सविता माओवादीमा सक्रिय भएको भर्खर चार महिना भएको थियो । सविता मेडिकल विभागमा थिइन् । 'म लडेको लडै हुने । मेरो छेउमा आउने कोही थिएन । गन्हाउने, मान्छे छेउमै बस्न नसक्ने,' रविन सम्झन्छन् । सविताको माइती सर्लाही हो । 'उनले मेरा लागि कति सहयोग गरिन् म भन्नै सक्दिनँ । मेरी श्रीमती हुन् तर म कुनै उपमा दिएर पनि सक्दिनँ', यति भनेपछि रविन एकाएक भावुक हुन्छन् । गला अबरूद्ध हुन्छ । बोल्नै सक्दैनन् ।

उनीहरू उपचारका लागि भारत पुग्दा सविता पक्राउ परेकी थिइनन् । सवितालाई भारतीय प्रहरीले माओवादी भनेर चिनेन । रविनलाई पक्राउ गरी अस्पताल पुऱ्याइएपछि सविता रिक्सामा आइन् । रविनले 'भाग' भन्दा पनि मानिनन् । आफ्नो ज्यानको सुरक्षा गरभन्दा पनि सविताले रविन नै रोजिन् । सविताले पनि गिरफ्तारी दिइन् । 'अस्पतालमा मैले धेरै आग्रह' गरे पनि उनले भनिन् 'अब सँगै मर्ने, सँगै बाँच्ने ।' त्यसपछि उनीहरू सधैं–सधैं सँगै भए । उनीहरू अहिले फिदिममा व्यवसाय गरिरहेका छन् ।

## व्यवसायमा खिसिट्युरी

घाइते रविन फिदिम आएपछि पार्टी कार्यालयको सचिव भए । सामूहिक आवासबाट एक घण्टाको बाटो हिँडेर कार्यालय आइपुग्नु पर्ने अवस्था थियो । आफैँ कोठामा बस्नलाई कुनै आयस्रोत थिएन । उनले बिहानै कार्यालय खोल्नु पर्ने । आम्दानीको स्रोत शून्य थियो । 'केवल लाइन जोड्छु भन्दा पनि नेताहरू नमान्ने,' उनी सम्झन्छन् । 'सिटामोल किनेर खाने पैसा पनि थिएन ।' यसपछि रविन र सविताले केही व्यवसाय गर्ने योजना बनाए । सुरूमा फलफूल पसल गर्ने सोच बनाए ।

तर उपर्युक्त ठाउँ भेटेनन् । केही दिन पछि ब्रोइलरको मासु खरिदका लागि मानिसहरू सधैं लाइन लागेको देखे । त्यसबेला ब्रोइलर कुखुराको मासु बिक्री गर्ने पसल फिदिममा एउटा मात्रै थियो । ठाउँ खोज्दा–खोज्दै एउटा घुम्ती भेटे । पार्टीकै नेता लक्ष्मीप्रसाद न्यौपाने कमरेड प्रकाश (हाल अमेरिका)सँग रविनले १० हजार ब्याजमा मागे । तर, उनीहरूलाई कुखुरा कहाँ खोज्ने भन्ने पनि थाहा थिएन ।

'मासु पसलसम्बन्धी केही ज्ञान पनि थिएन । झापामा ब्रोइलर प्रतिकेजी १८० मा पाइन्छ । यहाँ २०० मा ल्याउन सकिन्छ । त्यसपछि मासु २५० को दरले बिक्री गर्दा प्रतिकेजी ५० रूपैया नाफा हुन्छ भन्ने सतही ज्ञान मात्र थियो । आफ्नो व्यवसायको सुरूआतबारे कच्चा ज्ञान सम्झँदै रविन भन्छन्, 'शुरूमा ८ वटा कुखुरा बेच्न हप्ता दिन लागेको थियो । त्यसपछि उनले होटलसँग सम्पर्क बढाउन थाले । आफ्नै चिनजान भएका होटलहरूले खरिद गर्न थाले । यसपछि हामी हौसियौं । फाइदा कमाउन थालियो । कुखुरासम्बन्धी डिलरसँग जोडियौं ।'

तत्कालीन माओवादीभित्र व्यवसायप्रति एकदमै नकारात्मक चिन्तन थियो । पार्टीभित्रै पनि वर्ग विभेद थियो । रविन नै माओवादीभित्र पहिलो पटक व्यवसाय गर्नुपर्छ भन्ने मान्यता राख्दथे । 'यिनीहरू सुधारवादी भए, सक्किए भन्नेहरू पनि थिए', रविनले भने, 'उनीहरू अर्कै वर्गका थिए हामी अर्कै । तर,

आज त्यही कुखुरा र पोल्ट्री व्यवसायले जीवन चलेको छ ।' तीन वर्षअघि पाँचथरकै माओवादी नेता श्रीप्रसाद जवेगू पशुपंक्षी विकास राज्यमन्त्री भएका बेला स्वच्छ व्यवसाय सञ्चालन गरेको भन्दै सरकारले रविनको 'काका पोल्ट्री हाउस'लाई १० लाख प्रोत्साहन पुरस्कारसमेत दिएको थियो ।

### भत्तामा हाँसोको पात्र

अहिले रविनले जीवन निर्वाह भत्ताको रूपमा मासिक ६ हजार २ सय रूपैयाँ प्राप्त गर्दै आएका छन् । 'अहिलेको महँगीमा त्यसले के गर्नु ? त्यो दातृ निकायबाट प्राप्त सहयोग भन्ने सुनिन्छ । त्यसलाई सामाजिक सुरक्षा भत्ता बनाइदिएको भए हुन्थ्यो', उनी भन्छन्, 'अहिले मासिक पाउनुपर्ने भत्ता ४ महिना, ६ महिनामा मात्रै दिन्छ । प्रत्येक पटक निवेदन दिनुपर्ने, अपडेट गर्नुपर्ने अवस्था छ ।

म घाइते हो भनेर एक पटक पूरा डकुमेण्ट दिएपछि कति पटक दिइराख्नु पर्ने ? हामी घाइतेलाई त चरम तिरस्कार र दुःख दिने काम भइरहेकोछ । हामीलाई हाँसोको पात्र बनाइयो ।' उनी थप्छन् 'राज्य घाइते योद्धाप्रति एकदमै कठोर रहेको उनको ठम्याइ छ । 'पार्टीले कति पहल गरिदियो भन्ने पनि गम्भीर सवालछ ।

सम्झँदा पनि साह्रै पीडादायी अवस्था छ ।' मन्त्रीहरू नै आफूहरूप्रति नकारात्मक छन् भन्ने सुनेको उनी बताउँछन् । हजारौं सहिद र घाइतेको बलिदानबाट राज्यसत्तामा पुगेका नेताले तिरस्कार गर्दा उनीहरूको मन दुखेकोछ । सविता भन्छिन्, 'कति दिन भोकै बसियो । अरूले खाएको जुठो भए पनि खाऊँ लाथ्यो । तर, आज हाम्रा नेता ठाउँमा पुगे, हामीलाई बिर्सिए ।'

### तिखो व्यङ्ग्यले ठहर

उनीहरूको सन्तान हुँदैन । उनीहरूका लागि यो सर्वाधिक ठूलो चिन्ताको विषय छ । 'हुन त वृद्धाश्रममा बसौं भन्दा पनि चित्त त बुझ्छ । तर समाजले तिखो व्यङ्ग्य प्रहार गर्छ । तिरस्कार र पीडा पनि छँदै छ' रविन सम्हालिन

खोज्छन्, 'देशका निमित्त यति गर्‍यौं भनेर चित्त बुझाए पनि हेला र व्यङ्ग्यले ठहरै पार्छ । अहिले त केही गरेर खाइएला । बुढेसकालमा कसले हेर्ला साह्रै पीडा महशुस हुन्छ ।' रविनले पाँचथरबाट विगतमा प्रकाशन हुने पाँचथर सन्देश साप्ताहिकमा संस्मरण लेखेका थिए । तर प्रकाशित सबै सामग्री हराए । 'मेरो संस्मरण पढेर कोहीकोही मान्छे धुरूधुरू रून्थे रे ! कमरेडहरूले मलाई भन्नुहुन्थ्यो', रविन भन्छन् ।

अहिले रविनलाई पार्टी जिम्मेवारी कसरी सम्हाल्ने भन्ने समस्या छ । उनी उकालो ओरालो हिँड्न सक्दैनन् । विशेषतः खुट्किला उक्लनु ओर्लनु हुँदैन । 'समानताका लागि लडेका हामी पार्टी भित्रै विभेदमा पर्‍यौं,' रविन भन्छन्, 'अब पनि सङ्घर्षकै बीचबाट राजनीति अघि बढाउनुछ । सबै त्यागेर हिँडेका हामी, पछि हट्ने भन्ने कुरै भएन ।' पार्टी र सरकारले पनि जनयुद्धको मर्म र उद्देश्य अनुरूपनै आफ्नो राष्ट्रिय राजनीतिक नीति तथा कार्यक्रमहरू लागू गर्नुपर्दछ । समाजवादी यात्रा अघि बढाउनु पर्दछ । अनि मात्र आमउत्पीडित जनता, घाइते योद्धालगायत सबै-सबै उन्मुक्त हुनेछन् ।

●●●

*-प्रस्तुती रवीन्द्र काफ्ले*

# ग्रिनेड हातमै पड्केपछि...

*'दाहिने हात नबिग्रेको भए अर्थात् दुई वटै हात सग्लो भइदिएको भए दैनिकीमा कुनै समस्या र जटिलता हुने थिएन । हात गुमेकै कारण आइपर्ने जटिलता सहनु बाध्य हुनुपरेको यथार्थ सबैलाई बताउनु पर्ने अवस्था छ ।'*

*–कमरेड काजी*




*तेजशम्सेर भट्टराई*
*कमरेड काजी*

ताप्लेजुङ सिरिजङ्घा गाउँपालिका- ४ तेल्लोकका तेजशमशेर भट्टराई कमरेड काजीले जनयुद्धमा आफ्नो दाहिने हात गुमाए । दाहिने हातको बुढी औंला नहुँदा र अन्य औंलाहरू पनि सहजगरी नचल्दा धेरै समस्याको शिकार भएर बाँच्नुपरेको भट्टराईले पीडा पोखे ।

४० वर्षीय भट्टराईले अहिले घाइते हातकै कारण दैनिकी नै कष्टकर भएको बताए । कुनै वस्तु समाउनदेखि हरेक काम गर्न देब्रे हातको भर पर्नुपर्ने हुँदा समस्या छ । हातले भर कर नपाउँदा सजिलो कार्य पनि अप्ठ्यारो र

असजिलो भइदिने गरेको उनको भनाइ छ । भट्टराईले हाल भोग्दै आएको पीडा सम्झँदै भने, 'दाहिने हात नबिग्रेको भए अर्थात् दुई वटै हात सग्लो भइदिएको भए दैनिकीमा कुनै समस्या र जटिलता हुने थिएन ।' हात गुमेकै कारण आइपर्ने जटिलता सहनु बाध्य हुनुपरेको उनले बताए ।

२०५४ सालमा महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा अध्ययनरत रहेका बेला भट्टराई अखिल क्रान्तिकारीको सदस्यता लिएर राजनीतिमा संलग्न भए । अखिल क्रान्तिकारीको सदस्यता लिएपछि क्याम्पस एकाइ कमिटी सचिव हुँदै २०५७ सालमा अध्यक्षको जिम्मेवारी सम्हाले ।

अखिल क्रान्तिकारी एकाइ कमिटी अध्यक्ष रहेकै बेला २०५८ साल जेठ १९ गते पूर्णकालीन सदस्य भई पार्टीको इलाका कमिटी सदस्य, २०६० सालमा जिल्ला कमिटी सदस्य, जिल्ला कमिटी सचिवालय सदस्य हुँदै आफ्नो जिम्मेवारी अनुसारको कुशल र सक्रिय भूमिका निर्वाह गरे ।

सोही समय पार्टीले अवलम्बन गरेको तत्कालीन शाही सेना विरूद्ध आक्रमण गर्ने क्रममा ग्रिनेट बम प्रहार गर्दा थोरै प्राविधिक त्रुटी भई बम हातमै पड्किँदा भट्टराईको दायाँ हात गुम्न पुगेको हो । उनी बमले हात विक्षत बनाएर पनि कठिन माओवादी राजनीतिमा विचलित नभई सक्रिय रहे ।

स्नातक तहसम्मको शिक्षा हासिल गर्नुभएका भट्टराईले जिल्ला कमिटी सचिवालय सदस्य हुँदै २०६२ सालमा तत्कालीन जनमुक्ति सेनाको सातौं ब्रिगेडअन्तर्गत लेखा विभागको जिम्मेवारी सम्हाले थियो । पछि पार्टी शान्ति प्रक्रियामा आइसकेपछि पुनः ताप्लेजुङ जिल्ला कमिटीको सचिवालय सदस्यकै जिम्मेवारीमा आएर २०६४ सालमा तत्कालीन नेकपा माओवादीको संरचनाअनुसार लिम्बुवान राज्य कमिटी सदस्य (आरबिएम) हुँदै २०७० सालमा सम्पन्न ताप्लेजुङको अधिवेशनबाट जिल्ला कमिटी सचिवको जिम्मेवारीमा आए ।

त्यसपछि पार्टीको केन्द्रीय महाधिवेशन आयोजक सदस्य हुँदै सक्रिय पार्टीको जिम्मेवारी बहन गर्दै आएको र गत स्थानीय तहको निर्वाचनमा सिरिजङ्गा गाउँपालिकामा माओवादी केन्द्रका तर्फबाट अध्यक्षमा उम्मेदवार बनेका थिए । स्थानीय तहको निर्वाचनमा काङ्ग्रेसका प्रतिस्पर्धीसँग झिनो मतले उनी पराजित भए । अहिले तत्कालीन नेकपा माओवादी केन्द्र र एमालेबीच एकता भई बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को जिल्ला कमिटी सचिवालय सदस्य र सिरिजङ्गा गाउँपालिकाको पार्टी कमिटी अध्यक्षको जिम्मेवारी सम्हाले ।

पिता हर्कजङ भट्टराई र आमा गङ्गादेवी भट्टराईको कोखबाट २०३५ साल असोज १६ गते जन्मिएका भट्टराईको श्रीमती र एक छोरासहित उनका परिवारमा हाल १२ जना छन् । जसमा दुई दाजुभाइ र दुई जना दिदीबहिनी छन् । खेती किसानीसँगै व्यवसायमा समेत उनको परिवार हाल आबद्ध रहेको पाइएको छ ।

देशको बेथिति, गरिबीका साथै असमानताको अन्त्य गरी परिवर्तनका खातिर माओवादी आन्दोलनमा सहभागी भएको उनी बताउँछन् । माओवादी जनयुद्धको बलमा निरङ्कुश राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भएको अवस्थामा अझै देश र जनताको मुक्तिका लागि राजनीतिमै समर्पित रहने उनको अठोट छ । समाजमा सुधार ल्याउन साथै उच्च चेतनाको विकास हुन जरूरी रहेकोले यसका लागि सदैव सामाजिक सेवाभावमा आफ्नो समय लगानी गर्ने पनि उहाँले बताउए ।

अन्त्यमा काजी भन्छन्, 'महान जनयुद्ध नेपाली समाजमा रहेको वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीयलगायतका अन्तरविरोधहरूको अन्त्य गर्नु हो । विभेद, अन्याय, अत्याचार, शोषण र उत्पीडनहरू विरूद्धको राजनैतिक आन्दोलन थियो ।'

उनी भन्छन्, 'समानता र सामाजिक न्याय सुनिश्चितताको महाअभियान थियो । अधिकार र अवसर नपाउनेहरूलाई राष्ट्रिय राजनीतिको मुल पर्वाहमा ल्याउने आन्दोलन थियो । यसकारण जनयुद्धको यो राजनैतिक स्पिरीटलाई आत्मसात गर्दै कम्युनिष्ट नेत्रृत्वहरूले भावी कार्यक्रम र कार्यदिशाहरू तय गर्नुपर्दछ । अन्यथा मुलुक पुनः द्वन्दतर्फ भड्किनेछ, जुन आमजनताको चाहना हुँदै होइन ।'

●●●

*-प्रस्तुती चन्द्र पन्दाक (प्रयास)*

# मोर्चामै चुँडियो हात

*'त्यसबेला जुनिसा पनि माओवादी जनमुक्तिसेना नै थिइन् । उनीहरूको विवाह पार्टीले नै गरिदियो । 'हामी सैन्य संरचनाअन्तर्गत सक्रिय थियौँ । त्यसबेला पार्टीले १९ जोडीको विवाह एकैपटक गरिदियो,' कमरेड सञ्जयले भने । 'हाम्रो बिहेमा ४ हजारभन्दा बढी जनमुक्तिसेना सहभागी थिए ।'*

*–कमरेड सञ्जय*



*प्रदीप राई*
*कमरेड सञ्जय*

बिर्तामोडदेखि नजिकै पर्छ बुट्टाबारी । बुट्टाबारीनेर रहेको ऐलानी जग्गामा सानो घर बनाएर बसेका छन्, प्रदीप राई कमरेड सञ्जय । घरमा प्रदीप र उनकी जीवनसाथी जुनिसा राई (तामाङ) कमरेड कुसुम मात्र बस्छन् । १२ वर्षको छोरा इटहरीको सहिद स्मृती स्कूलमा ६ कक्षामा पढ्छन् । प्रदीप र जुनिसा दुबैको नामको पछाडि उपनाम छ । यसैले सजिलै अनुमान लगाउन सकिन्छ कि, उनीहरू जनयुद्धका सहयोद्धा तत्कालीन माओवादीका पूर्णकालिन कार्यकर्ताहरू हुन् ।

पढाई लेखाई छाडेर माओवादीमा प्रवेश गरेका प्रदीपले जीवनमा अनेकौं दुःख भोलेका छन् । जनयुद्धमा सहभागी उनले दर्जनौं युद्ध पनि लडे । उनको शरीरभरि युद्धका चोटैचोट छन् । टाउकोदेखि पैतालासम्मै प्रदीपले छर्रा बोकेका छन् । मुलुक परिवर्तनका लागि माओवादी आन्दोलनमा वर्षौं बिताएका उनी यतिबेला राजनीतिबाट टाढा छन् । बरू कहिले काहीँ श्रीमती जुनिसासँग ती पुराना दिन सम्झिँदै गफिन्छन् । उनको दिमागमा युद्धका ती दिन झल्झली आउँछ । गोली, बम, बारूद्ध बोकेर लडाइँ गर्दा थुप्रै पटक आफ्नै अगाडि सहयोद्धा कमरेडहरू ढलेको सम्झँदा एकादेशको कथाझैँ लाग्छ उनलाई अचेल ।

## माओवादी प्रवेशको समय

२०३८ सालमा तेह्रथुममा जन्मिएका प्रदीप ५ कक्षासम्म मात्र स्कूल गए । १२ वर्षको उमेरमै पढाई छाडेर उनी केही वर्ष घरै बसे । त्यसबेला मुलुकको परिस्थिति फरक थियो । गाउँकै एकजना 'सन्देश' नामले चिनिएका युवा माओवादीमा लागेर पश्चिमतिर घुम्थे । २०५४ सालमा उनै सन्देश गाउँमा आएर सङ्गठन बनाउन थाले । स्कूल छाडेर घरै बसेका नाबालक प्रदीप पनि सङ्गठनमा आवद्ध भए । सङ्गठनमा लागे पछि उनले कमरेड सन्देशसँग सम्पर्क बढाए । 'त्यसपछि त सरकारले जहाँ भेटे पनि गोली हान्नेजस्तो गर्न थाल्यो,' सुरूवाती दिन सम्झिँदै कमरेड सञ्जय भन्छन्, 'अनि पसियो जङ्गलतिर, त्यसबेला सेना परिचालन भएकै थिएन, प्रहरीले नै हामीलाई पिछा गर्ने गर्दथ्यो ।'

घर छाडेर भूमिगत हुँदा प्रदीप कमरेड सञ्जय सङ्खुवासभा गए । केही महिनासम्म ताप्लेजुङ, तेह्रथुमलगायतका जिल्लाहरू घुमिरहे । त्यसपछि पार्टीले उनलाई सिन्धुपाल्चोक, दोलखा, ओखलढुङ्गा, सिन्धुलीतिर जिम्मेवारी दिएर पठायो । सुरूमा पार्टी सदस्य मात्र रहेका प्रदीपले केही महिनामै फरक जिम्मेवारी पाए । जनमुक्ति सेनाको जिम्मेवारी सम्हाल्दै उनले 'कम्ब्याट' ड्रेस लगाएर काँधमा बन्दुक बोके ।

### बिर्सिनै नसकिने युद्ध

आफू सहभागी सबै युद्ध प्रदीपलाई याद छ । तेह्रथुममा पोक्लावोङमा ६ साउन २०५८ मा प्रहरी चौकी आक्रमण गरे । पछि सोलुखुम्बु, सङ्खुवासभा, चैनपुर हुँदै सिन्धुलीतिर बढी समय बित्यो । 'झण्डै तीन दर्जन युद्ध लडेको छु,' प्रदीप भन्छन्, 'मोर्चाबद्ध लडाइँ २३ वटा लडेँ, शहरी भिडन्त दुई दर्जनभन्दा बढी छ ।'

प्रदीप सहभागी जनसेनाले थुप्रै चौकी र क्याम्प आक्रमण गऱ्यो । जनसेना भित्र १ नम्बर, २ नम्बर, ३ नम्बर गरेर ग्रुपहरू हुन्थे । प्रदीपले सधै पहिलो नम्बरमै रहेर काम गरे । युद्धका क्रममा उनी ९ पटक घाइते भए । 'युद्धको नियम नै हो, कुनै ठाउँ जितिन्थ्यो त कुनै ठाउँ हारिन्थ्यो,' उनी भन्छन्, 'आफ्नै अगाडि कमरेडहरू भक्लक् भक्लक् ढल्थे, घाइतेलाई उद्धार र उपचार गर्थ्यौं, मेडिकलको छुट्टै ग्रुप हुन्थ्यो ।'

### लडाइँमा हात चुँडिदा

सिन्धुलीको भीमान, ओखलढुङ्गाको रूम्झाटार, भोजपुर सदरमुकाम, घोरेटार, सिराहाको बन्दीपुर, सर्लाहीको मलङ्गवालगायत युद्धमोर्चाहरूमा प्रदीप सहभागी भएका थिए । उनले लडेको अन्तिम युद्ध सर्लाही सदरमुकाम मलङ्गवा हो, जहाँ उनको हात चुँडियो । हेलिकप्टर खसालेको त्यो अन्तिम लडाइँमा उनको दाहिने हातमा गोली लागेको थियो । यो लडाइँ शान्ति प्रक्रिया शुरू हुनुभन्दा केही समय अघि भएको हो । 'युद्धका क्रममा विजय र पराजय त हुन्छ नै साथै मारिने र मर्ने दुवै हुन्छ । त्यो युद्धको सार्वभौम नियममै पर्दछ ।' अन्तिम युद्ध सम्झिँदै प्रदीपले भने, 'घाइते भइयो, कमरेडहरूले उद्धार गरे र बाँच्न सफल भएँ ।'

त्यो युद्धको केही समयपछि नै वार्ताको प्रक्रिया सुरू भयो । वार्ता प्रक्रिया सुरू भएसँगै पार्टीले उनलाई उपचार गर्न राजधानी पठायो । काठमाडौं गएर टिचिङ हस्पिटलमा उनले हातको शल्यक्रिया गराए । हातमा गाडिएको गोली

झिकियो । चुँडिएको हातमा देब्रे खुट्टाको नशा ल्याएर हालियो । उनको हात चल्ने भयो । युद्धका क्रममा प्रदीपको हात, खुट्टा, तिघ्रा र टाउकोमा गोली लागेको थियो । देब्रे हातको बुढी औंला चुँडिएको छ । ओखलढुङ्गाको रूम्जाटारमा युद्ध लड्दा टाउकोमा गोली लागेको हो । गोली टाउको भित्र पस्न पाएन । तालुमा लागेर चिप्लिएर गयो । सिलाएर टाउकोको चोट निको पारियो । उनको शरीरभरि अहिले पनि देखिने गरी दर्जनौँ चोट छन् । दैनिक जीवन यापन गर्न असजिलो छ । वास्तवमा उनलाई अझै राम्रो उपचारको खाँचो छ ।

## छर्राले दिएको पीडा

टाउकोदेखि पैतालासम्मै शरीरका विभिन्न भागमा छर्रा रहेकाले उनलाई बाह्रैमास पीडा भइरहन्छ । 'छर्रा स-सानो हुन्छ, सबैतिर चिरेर निकाल्दा झनै समस्या हुन्छ भनेका छन् डाक्टरले,' प्रदीपले सुनाए, 'बरू शल्यक्रिया नगरेर पीडा नै सहने सल्लाह पाएपछि चुपचाप बसेको हुँ ।' शरीरभर १० वटा जति छर्रा रहेको उनी बताउँछन् । छर्रा शरीरको एकैठाउँ बसिरहँदैन, सरिरहन्छ । गर्मी मौसममा छर्रा भएको ठाउँमा असाध्यै पोल्छ । चिसोमा कटकटी खाने समस्या हुन्छ । साइकलको ब्यारिङजस्तो गोलो-गोलो छर्रा शरीरभर सर्ने गरेको उनले सुनाए ।

## अवकास पछिको जीवन

समग्रमा प्रदीपको जीवन पीडादायक छ । पेट पाल्नका लागि अहिले पेशा केही छैन । विदेश जान सक्ने शरीर छैन । विदेश जान खोजे पनि शरीरका दर्जनौँ स्थानमा चोट र छर्रा भएकाले मेडिकलमा फेल हुने उनलाई थाहा छ । 'राज्यले उचित व्यवस्थापन गरेन, पार्टीले पनि त्यसै गऱ्यो,' लामो सास फेर्दै उनले भने ।

वार्तापछि सेना समायोजन गर्ने सहमति भयो । जनमुक्ति सेना पनि नेपाली सेनासँगै समायोजन भयो । राष्ट्र सङ्घको टोली आइसकेपछि प्रदीपले

जनमुक्ति सेनाको तर्फबाट विशेष समितिमा रहेर काम गर्ने मौका पाए । चार जनाको टोलीमा नेपाल प्रहरी, नेपाली सेना, शसस्त्र प्रहरी र जनमुक्ति सेनाबाट एक/एक जना सदस्य रहन्थे, प्रत्येक ब्यारेकमा । युद्धमा छँदा पढ्न नपाएको प्रदीपले ब्यारेकमा रहँदा सिन्धुलीबाट एसएलसी पनि पास गरे ।

सेना समायोजन हुँदा घाइते जनमुक्ति सेनाहरू स्वतः बाहिरिनु पर्ने भयो । प्रदीप मापदण्डमा परेनन् । शरीरभर युद्धका डामहरू बोकेका उनी सेना समायोजनका बेला 'अयोग्य लडाकु' ठहरिए । श्रीमती जुनिसाले पनि त्यही बेला अवकास लिइन् । अवकासका क्रममा उनीहरूले सरकारबाट केही रकम पाए । तर, त्यो पैसा जोगिएन । अवकास पछि २०६८ मा झापाको बुट्टाबारीनेर बस्न थालेका उनीहरूले झण्डै २० लाख रूपैया खर्च गरेर ट्र्याक्टर किने । उनलाई त्यसले पनि साथ दिएन । दुर्घटना भएर उल्टै १०/१२ लाख रूपैयाँ ऋण लाग्यो ।

## सामुहिक जनवादी विवाह

युद्धकै क्रममा २०६२ सालमा कमरेड प्रदिपको कमरेड कुसुमसँग विवाह भयो । उनको ससुराली खोटाङ हो । त्यसबेला जुनिसा पनि माओवादी लडाकु नै थिइन् । उनीहरूको विवाह पार्टीले नै गरिदियो । 'हामी सैन्य संरचनाअन्तर्गत हुन्थ्यौँ । त्यसबेला १९ जोडीको विवाह एकैपटक गरिदियो पार्टीले,' प्रदीपले भने, 'हाम्रो बिहेमा ४ हजारभन्दा बढी जनमुक्ति सेना सहभागी थिए ।'

## सँगैका कमरेड अहिले मन्त्री

प्रदीपसँगै काम गरेका थुप्रै माओवादी कार्यकर्ता अहिले केन्द्रीय राजनीतिमा पुगेका छन् । कोही मन्त्री भइसके । एक नम्बर प्रदेशका अर्थमन्त्री इन्द्र आङ्बो 'मौसम' उनका घनिष्ठ मित्र हुन् । त्यसबेलाका नजिकका कमरेडहरूसँग यतिबेला विरलै मात्र भेट हुन्छ उनको ।

'नेपालमा परिवर्तनको आवश्यकता चाहिँ रहेछ, म सानो छँदा राजा वा मन्त्री गाउँ आउँदा ठाडो शीर पारेर हेर्नुहुन्न भन्थे,' प्रदीप भन्छन्, 'सबै बुझेर माओवादीमा लागेको भने होइन ।'

'त्यतिका वर्ष योगदान गरेँ, त्यसको अर्थ भएन, उनीहरूको व्यक्तिगत स्वार्थका लागि पो प्रयोग भइयो किजस्तो पनि लाग्छ,' उनी भन्छन्, 'म पार्टीको विरोध त गर्दिनँ, किनभने समग्रमा हेर्दा मुलुकमा परिवर्तन चाहिँ भएको छ । तर, पार्टीले हाम्रो योगदान बिर्सियो, यो कुरा घामजस्तै छर्लङ्ग छ ।'

अहिले एमाले र माओवादीबीच पार्टी एकता भएर 'नेपाल कम्युनिष्ट पार्टी' बनेको समाचार सुन्न पाउँदा उनी औधी खुशी छन् । शाहवंशीय शासन ढल्नुमा १७ हजारको बलिदान रहेको उनी सम्झन्छन् । यो लगानी र बलिदानीको रणनैतिक मर्म र उद्देश्यबाट भाग्ने छुट कसैलाई छैन । सहिद, बेपत्ता परिवार र घाइतेहरूलाई आम नीति निर्माण गरेर राज्यले खोजीखोजी उचित सम्मान र व्यवस्थापन गर्नु पर्ने उनको मत रहेकोछ । 'तर पार्टी र सरकारले त्यसो गर्न सकेको छैन । आम उत्पीडित जनता, घाइते, अपाङ्ग र कार्यकर्ताहरूको मुख्य चाहना के छ ? उनीहरू हाल कसरी बाँची रहेका छन् भन्ने सन्दर्भमा राज्य गम्भीर बन्नु पर्दछ' उनले भने ।

●●●

*–प्रस्तुती लक्ष्मी काफ्ले*

**घाइते योद्धा प्रतिष्ठान**

कार्यसमिति

अध्यक्ष – मणिकुमार साम्पाङ

उपाध्यक्ष – खड्गबहादुर कन्दङ्वा

सचिव – रामबहादुर कार्की

सह–सचिव – ओमबहादुर गुरूङ

कोषाध्यक्ष – कमला शर्मा

सदस्य – पासाङ चोमु शेर्पा

सदस्य – सविना राई

सदस्य – फडिन्द्र रसाइली

सदस्य – खगेन्द्र अधिकारी